



# आजको दिशाबोध

वर्ष २२, अङ्क १७, २०८३ असार १४

**प्रधान सम्पादक**
डा. महेन्द्र विष्ट

**सम्पादक मण्डल**
डा. टङ्क उप्रेती
माधव नेपाल
नितु पण्डित
लोकेन्द्र के.सी.

**प्रबन्ध सम्पादक**
मीना भण्डारी

**प्रकाशक**
**मदन भण्डारी फाउन्डेसन**
केन्द्रीय कार्यालय
विनायक नगर, काठमाडौँ, नेपाल
फोन नं.: ०१ ५९१३६१५
इमेलः mbfnepal@gmail.com
वेबसाइटः www.mbf.org.np

मूल्य : रु. १९९/-

सर्वाधिकार : मदन भण्डारी फाउन्डेसन

प्रकाशन मिति : २०८३ असार १४

**कभर/लेआउट**
महेन्द्र श्रेष्ठ
किरण माली

**मुद्रण व्यवस्थापन**
एम्ज माउस
बागबजार

फोटो स्रोतः तस्बिरमा मदन भण्डारी

सम्पादकीय

# आन्दोलन र संवादमा जबज दृष्टि

२०८३ असार १४ गते जननेता मदन भण्डारीको ७५औँ जन्मजयन्ती हो। यस वर्ष जननेताको हिरक जन्मजयन्तीसमेत रहेकाले वर्षभरि विविध कार्यक्रमसहित उहाँको विशेष स्मरण गरिँदैछ। उहाँका अग्रज, समवयी, अनुज मात्र होइन, नवपुस्ताका बीचमा पनि यस वर्ष मदन भण्डारी फाउन्डेसन र जननेता मदन भण्डारी ७५औँ जन्मजयन्ती मूल व्यवस्थापन समितिमार्फत विशेष कार्यक्रम सञ्चालन हुनेछन्। आजको दिशाबोधको यो संस्करणमा हामीले त्यस सन्दर्भलाई सम्झँदै आन्दोलन र संवादमा जबज दृष्टिको मूल विषयमा केन्द्रित रहेर जननेता मदन भण्डारीको व्यक्तिगत जीवन, बहुआयामिक व्यक्तित्व एवं उहाँबाट प्रतिपादित नेपाली क्रान्तिको मौलिक कार्यक्रम जनताको बहुदलीय जनवाद (जबज)का विविध पक्षको विश्लेषण गर्ने प्रयास गरेका छौँ।

राजनीतिक विचारको निर्माण अकस्मात् भएको हुँदैन। यसले चिन्तन–मननको लामो शृङ्खला मात्र होइन, स्वीकार्यताको कठिन चरण पनि पार गरेको हुन्छ। विश्वमा कम्युनिस्ट घोषणापत्र जारी भएको एक शताब्दी र महान् अक्टोबर क्रान्ति सम्पन्न भएको तीन दशकपछि निरङ्कुश जहानियाँ राणा शासनको उकुसमुकुसका बीच २००६ सालमा नेपालमा कम्युनिस्ट पार्टीको स्थापना भएको हो। स्थापनाको छोटो समयमै राणा शासनको अन्त्य भई मुलुकमा प्रजातन्त्रको स्थापना भयो। तर, प्रजातन्त्र स्थापनाको छोटो अवधिमै नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाइयो। २००८ सालमा लगाइएको त्यो प्रतिबन्ध २०१३ सालमा हट्यो तर २०१७ सालमा प्रजातन्त्र नै अपहरण गरिएपछि ३० वर्षसम्म दलहरू प्रतिबन्धित भए। अनेक आरोह–अवरोह बेहोर्दै कठिन सङ्घर्षका साथ अघि बढेको नेपालको कम्युनिस्ट आन्दोलनमा नयाँ नयाँ प्रयोग मात्र भएनन्, विचार निर्माणका नयाँ शृङ्खला पनि अघि बढे।

१९९० को दशकमा पूर्वी युरोपमा कम्युनिस्ट सत्ताहरू विघटन भएसँगै विश्व कम्युनिस्ट आन्दोलन प्रतिरक्षा र पुनर्गठनको अवस्थामा पुग्यो। विश्वमा कम्युनिस्ट पार्टीहरूको भविष्यमाथि गम्भीर चुनौती उत्पन्न भएका बेला राष्ट्रिय–अन्तर्राष्ट्रिय परिस्थितिको ठोस विश्लेषणको आधारमा नेपाली क्रान्तिको मौलिक सिद्धान्तका रूपमा जननेता मदन भण्डारीद्वारा जनताको बहुदलीय जनवादको प्रतिपादन भयो। नेकपा (एमाले) को २०४९ माघमा सम्पन्न पाँचौँ महाधिवेशनमा महासचिव भण्डारीद्वारा प्रस्तुत भई पारित भएको जनताको बहुदलीय जनवादलाई त्यसपछि छैटौँ र सातौँ महाधिवेशनले क्रान्तिको विचार तथा कार्यक्रम र सिद्धान्तका रूपमा ग्रहण गऱ्यो भने आठौँ महाधिवेशनले नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्तका रूपमा अङ्गीकार गऱ्यो।

नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्तका रूपमा रहेको जनताको बहुदलीय जनवाद पार्टीको पाँचौँ महाधिवेशनदेखि आधिकारिक दस्ताबेजका रूपमा आए पनि यसका कतिपय आधार भने २०४६ साल भदौमा सम्पन्न चौथो महाधिवेशनमै तयार भएका थिए। आजको दिशाबोधको यो संस्करणमा तत्कालीन नेकपा (माले)को चौथो महाधिवेशनमा मदन भण्डारीले प्रस्तुत गर्नु भई

महाधिवेशनबाट पारित राजनीतिक दस्ताबेज नेपाली क्रान्तिको वर्तमान कार्यक्रमका महत्त्वपूर्ण अंश समावेश गरिएको छ। मदन भण्डारी यही महाधिवेशनबाट पहिलो पटक पार्टी महासचिवमा निर्वाचित हुनुभएको थियो।

निरङ्कुश पञ्चायती शासन व्यवस्था रहेको त्यो समयमा प्रस्तुत दस्ताबेजको क्रान्तिको बाटो खण्डमा मदन भण्डारीले भन्नुभएको छ– 'हामीले किसान आन्दोलनलाई मुख्य महत्त्व दिएर सहरको कामलाई उचित समन्वय गर्ने, गाउँको कामलाई मुख्य महत्त्व दिएर सहरको कामलाई उचित समन्वय गर्ने, गैरसंसदीय सङ्घर्षहरूलाई मुख्य महत्त्व दिएर सम्भव हुने स्तरसम्मको संसदीय सङ्घर्षलाई उचित समन्वय गर्ने, हिंसात्मक प्रतिरक्षा शक्ति निर्माण गर्ने कामलाई मुख्य महत्त्व दिएर आवश्यकताअनुरूप प्रतिरक्षा सङ्घर्ष गर्दै सम्भव भएसम्मको शान्तिपूर्ण आन्दोलनलाई उचित समन्वय गर्नेजस्ता कार्य तरिकाहरू प्रयोग गर्दै क्रान्तिलाई विकसित बनाउने प्रक्रियामा लाग्न आवश्यक छ।' पार्टीको कार्यदिशा, नारा र कार्यनीतिको विस्तृत विश्लेषणसहितको यस दस्ताबेजमा उल्लेखित आन्दोलनको कार्यदिशाअन्तर्गत संयुक्त मोर्चा, वामपन्थी मोर्चा, वर्गीय संयुक्त मोर्चा, राजनीतिक संयुक्त मोर्चा, कार्यगत एकता जस्ता विषयलाई पनि मदन भण्डारीकै शब्दमा यसमा समेटिएको छ।

पूर्वराष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीले सम्झनुभएका मदन भण्डारीसँग बिताएका कतिपय पल यसमा उहाँको संस्मरणमार्फत समेटिएको छ। यस संस्करणमा अग्रलेखका रूपमा द्वन्द्व व्यवस्थापनमा जबज र मदन भण्डारीसम्बन्धी अनुसन्धान तथा विश्लेषणात्मक सामग्री समेटिएको छ भने मदन भण्डारी किन जननेता हो भन्ने प्रश्नको जवाफ पनि खोजिएको छ। यसैगरी, विभिन्न आन्दोलन, तिनका स्वरूप, उपलब्धि, वर्गचरित्र आदिको विश्लेषण पनि यसमा समावेश छ। आर्थिक–सामाजिक रूपान्तरण, सांस्कृतिक दिशा, कूटनीतिक सोच, नेतृत्व शैली, परिवर्तनको यात्रा जस्ता विषयमा विज्ञहरूको मतसँगै मदन भण्डारी र जबजका बारेमा नवयुवाको बुझाइ पनि यस संस्करणमा रहेको छ।

अन्त्यमा, आजको दिशाबोधको यो अङ्कका लागि आफ्ना लेख रचना उपलब्ध गराउनुहुने सम्पूर्ण महानुभाव, सम्पादकीय टिममा रहेर योगदान गर्नुहुने सहकर्मी मित्रहरू एवं यस्तो महत्त्वपूर्ण प्रकाशनका लागि विश्वास गरेर जिम्मेवारी प्रदान गर्नुहुने फाउन्डेसन परिवारसहित यसमा सहयोग गर्ने सम्बद्ध सबैमा आभार तथा धन्यवाद व्यक्त गर्दछु। जननेता मदन भण्डारीजस्तो बहुआयामिक व्यक्तित्व र जबजजस्तो बृहत् सिद्धान्तका सबै पक्षहरू एउटा पत्रिकामा समेट्न सम्भव छैन। यद्यपि, फरक–फरक लेखकले मिहिनेतका साथ लेख्नुभएका भिन्न दृष्टिकोणसहितका सामग्रीहरू समावेश भएकाले हामीलाई विश्वास छ– आजको दिशाबोधको यो अङ्क जननेता मदन भण्डारी र उहाँबाट प्रतिपादित जनताको बहुदलीय जनवादको विषयमा जान्न र बुझ्न खोज्नेका लागि पठनीय, सङ्ग्रहणीय र विश्लेषणयोग्य रहने छ।

**डा. महेन्द्र विष्ट**
प्रधान सम्पादक

# विषयसूची

| | | |
|---|---|---|
| **सम्पादकीय** | आन्दोलन र संवादमा जबज दृष्टि | ३ |
| **दस्तावेज** | नेपाली क्रान्तिको वर्तमान कार्यक्रम – मदन भण्डारी | ७ |
| **संस्मरण** | मदनसँग बिताएका ती पलहरू – विद्यादेवी भण्डारी | २६ |
| **अग्रलेख** | द्वन्द्व व्यवस्थापनमा जबज र मदन भण्डारी – डा. विष्णुराज उप्रेती | २९ |
| **विचार** | मदन जननेता किन ? – सुशील प्याकुरेल | ४२ |
| **समीक्षा** | मदन भण्डारी, जबज र संयुक्त जनआन्दोलनः केही इतिहास, केही अनुभूति – लक्ष्मी कार्की | ४८ |
| **विचार** | नेपालको भूराजनीतिक सन्दर्भमा मदन भण्डारीको कूटनीतिक सोच – डा. नारद भारद्वाज | ५७ |
| **विचार** | आर्थिक–सामाजिक रूपान्तरणमा जबजको सान्दर्भिकता – रामशरण प्याकुरेल | ६२ |
| **समीक्षा** | विद्रोहको वर्ग चरित्रः झापा, छिन्ताङ र पिस्करको विवेचना – सरेश नेपाल | ६९ |
| **संस्मरण** | जनताको बहुदलीय जनवाद र अबको सांस्कृतिक दिशा – प्रा.जगत् उपाध्याय 'प्रेक्षित' | ८० |
| **संस्मरण** | जनगीत, चेतना र परिवर्तनको यात्रा – सोम राई | ९३ |
| **अनुभूति** | मदन भण्डारीको नेतृत्वशैली र नेतृत्व विकास – खगेन्द्र चुँडाल | १०० |
| **युवा मत** | मदन भण्डारीको राजनीतिक दृष्टिकोणः मौलिक जनसेवाको दर्शन – जिना यादव | १०७ |
| **युवा मत** | मदन भण्डारी– नयाँ पुस्ताका लागि प्रेरणाका स्रोत – अभिलाल विश्वकर्मा | ११० |



*सिंहदरबारअगाडि टनकपुरको असमान सन्धिको विरुद्धमा भएको संयुक्त धर्ना कार्यक्रममा सहभागी हुँदै । धर्नाको अग्रस्थानमा दायाँबाट क्रमश: मदन भण्डारी, मनमोहन अधिकारी, भरतमोहन अधिकारी, जीवराज आश्रित र कार्यकर्ताहरू ।*

**दस्ताबेज**

# नेपाली क्रान्तिको वर्तमान कार्यक्रम

**– मदन भण्डारी**



कहिलेकाहीँ क्रान्तिकारी सङ्घर्ष र कामको निम्ति परिस्थिति प्रतिकूल छ भनेर क्रान्तिको लक्ष्यलाई मुल्तवीमा राख्न खोज्ने, कहिलेकाहीँ क्रान्तिकारी लक्ष्य प्रमुख हो भनेर त्यो नपाएसम्म जनताका तात्कालिक समस्याहरूलाई पनि मुल्तवीमा राख्न खोज्नेजस्ता विसङ्गतिहरू देखिने गर्छन्। क्रान्तिकारी लक्ष्यमा दृढतापूर्वक र प्रभावकारी ढङ्गले कायम रहँदै, जनताको बीचमा त्यसको प्रचार व्यापक बनाउँदै र जनतालाई क्रान्तिको पक्षमा आउन आह्वान गर्दै जनताका तात्कालिक समस्याहरूमा समेत राहत, सहयोग पुऱ्याउन पार्टीको कार्यनीतिले ध्यान दिनुपर्छ।

**क्रान्तिको बाटो**

**१.** कान्तिकारी सङ्घर्षको विकास र विजयका निम्ति सङ्गठन र सङ्घर्षका कुन रूपमाथि जोड दिनुपर्छ र कस्तो बाटो लिनुपर्छ भन्ने सम्बन्धमा निकालिएको निष्कर्षले क्रान्तिकारी गतिविधिलाई सङ्गठित र एकीकृत ढङ्गले अघि बढाउन निर्देशित गर्छ। हामीले नेपाली जनवादी क्रान्तिको बाटो र प्रक्रियाका बारेमा आजसम्मका आन्दोलनहरूको समीक्षा गरेर भविष्यका बारेमा सामान्यतः उचित अनुमान लगाउनुपर्छ र त्यही सामान्य दिशामा परिस्थिति अनुसार ठोस ढङ्गले अघि बढ्दै जानुपर्छ।

**२.** मार्क्सवादले देशको आर्थिक विकासक्रमका विभिन्न अवधिहरूमा राजनीतिक, सामाजिक, सांस्कृतिक तथा जीविकोपार्जनको जस्तो स्थिति हुन्छ, त्यसका आधारमा सङ्घर्षका विभिन्न रूपहरू उत्पन्न हुन्छन् र प्रमुख रूप बन्दछन् भन्ने कुरालाई मान्दछ र कुनै पनि रूपलाई एक मात्र भनेर अरूलाई अस्वीकार गर्ने वा एकान्तमा नयाँ रूपहरू परिकल्पना गर्ने कुरालाई मान्दैन।

जनताका आन्दोलनहरू तथा क्रान्तिकारी वर्गसङ्घर्षका क्रममा उत्पन्न भएका सङ्घर्षका त्यस्ता रूपहरूलाई सामान्यीकरण गर्ने, सङ्गठित गर्ने र सचेतन अभिव्यक्ति दिनुपर्ने कुराको पक्ष लिन्छ। हामीहरू पनि यही सामान्य मार्गदर्शनबाट अघि बढ्नुपर्छ।

**३.** हाम्रो क्रान्ति शान्तिपूर्ण उपायबाट मात्र पूरा हुने कुनै सम्भावना छैन। यसले हिंसात्मक स्वरूप लिनु अनिवार्य र अवश्यम्भावी छ। देशको आधुनिक एकीकरण, राजतन्त्रको उदय, २००७ सालको परिवर्तन र ०१७ सालको प्रतिगमन कुनै पनि शान्तिपूर्ण ढङ्गले भएका थिएनन्। देशभित्र भएका सबै सानाठूला राजनीतिक हेरफेर शस्त्रबलबाट हिंसात्मक तरिकाले हुँदै आएको ऐतिहासिक अनुभव छ। अहिले पनि राजतन्त्रले सेना र शस्त्र बलबाट हिंसात्मक दमन गरेर शासन गरिरहेको छ। क्रान्तिकारी विपक्षले जेलनेल, हत्या, आतङ्क र निर्वासन भोग्नुपरिरहेको छ। शस्त्र बलबाट नै जमिन्दार वर्ग र दलाल–नोकरशाही पुँजीपति वर्गको शोषण टिकेको छ, राष्ट्रमाथि एकाधिकार पुँजीवाद र साम्राज्यवादको उत्पीडन कायम रहेको छ। अब हुने क्रान्तिकारी परिवर्तन पनि शान्तिपूर्ण उपायबाट हुन नसक्ने कुरा पक्का छ र जनताले हतियार बोक्न र हिंसात्मक बाटो अँगाल्नु अनिवार्य छ।

४. नेपालमा थोरै मात्र उद्योगहरू छन् र सहरीकरण पनि धेरै भएको छैन। देश गाउँ नै गाउँबाट बनेको छ र गाउँले जीवनशैलीबाट मुक्त भएको एउटा सहर पनि विकसित भएको छैन। औद्योगिक मजदुर वर्गको सङ्ख्या पनि अत्यन्त सानो छ र अन्य मजदुरहरू अधिकांश रूपमा छरिएर रहेका छन्। यस्तो स्थितिमा मजुदर आन्दोलन र सहरी आन्दोलन हाम्रो क्रान्तिको केन्द्रभाग बन्न सक्दैन। त्यसैले पहिले सहर कब्जा गरी गाउँमा क्रान्तिलाई फैलाउने तरिका हाम्रो निम्ति सम्भव र उपयोगी हुन सक्दैन।

**५.** हाम्रो देश तीनतिरबाट भारतद्वारा घेरिएको छ र चीनसँग जोडिएको सीमा दुर्गम छ। भूभाग सीमित, राज्यसत्ता एकीकृत र प्रशासन केन्द्रित छ। प्रशासनिक दृष्टिकोणले यातायात र सञ्चार छिटोछरितो हुँदै गएको छ। शासक वर्गभित्र अन्तरविरोध र फुट सीमित रूपमा भए पनि त्यसले अहिले नै युद्धको स्तरसम्म विकास गरिसकेको छैन। यस्तो स्थितिमा गाउँले इलाकीय सत्ता कब्जा गर्ने, सहरलाई घेर्ने र अन्त्यमा केन्द्र कब्जा गर्ने बाटो र तरिका पनि अहिले नै हाम्रो निम्ति एकमात्र बाटो हो भनेर तोक्न सकिन्न तथा त्यसलाई नै नेपाली क्रान्तिको बाटो निर्धारण गर्ने समस्याको सहज समाधान ठानेर ढुक्क पर्न सकिन्न। तर यसको मतलव गाउँले क्षेत्रमा किसान छापामार युद्ध पनि सञ्चालन गर्न सकिन्न र त्यस्तो सङ्घर्षको तयारी र विकास नगरी हाम्रो क्रान्तिलाई विकास गर्न सकिन्छ भन्ने कुरा पनि होइन। तर हाम्रो क्रान्तिको हिंसात्मक सङ्घर्षको मुख्य स्वरूप र बाटो देशको ठोस परिस्थितिसँग मेल खाने ढङ्गको र अरू मुलुकको भन्दा बेग्लै हुनु नितान्त स्वाभाविक हुन्छ।

**६.** हाम्रो पार्टीले गाउँले क्षेत्र र मुख्य रूपमा किसानहरूबीचको कामलाई प्राथमिकता नदिएको भए राजतन्त्रले गरेका हिंसात्मक दमनहरूका सामु यो टिक्न सक्ने थिएन। गाउँमा क्रान्तिकारी कामलाई केन्द्रित गर्नुपर्ने हाम्रो आफ्नै पनि सकारात्मक अनुभव रहेको छ। अर्कोतिर जनआन्दोलनमा जोड नदिएको भए हाम्रो पार्टीले फैलिन र विकास गर्न सक्ने थिएन। त्यसरी नै सबै वर्ग र तहका आन्दोलनहरूलाई समन्वित र एकीकृत गर्ने प्रयत्न नगरेको भए आन्दोलनलाई माथि उठाउन सकिने थिएन। त्यसकारण, हामीले किसान आन्दोलनलाई मुख्य महत्त्व दिएर सहरको कामलाई उचित समन्वय गर्ने, गाउँको कामलाई मुख्य महत्त्व दिएर सहरको कामलाई उचित समन्वय गर्ने, गैरसंसदीय सङ्घर्षहरूलाई मुख्य महत्त्व दिएर सम्भव हुने स्तरसम्मको संसदीय सङ्घर्षलाई उचित समन्वय गर्ने, हिंसात्मक प्रतिरक्षा शक्ति निर्माण गर्ने कामलाई मुख्य महत्त्व दिएर आवश्यकता अनुरूप प्रतिरक्षा सङ्घर्ष गर्दै सम्भव भएसम्मको शान्तिपूर्ण आन्दोलनलाई उचित समन्वय गर्नेजस्ता कार्य तरिकाहरू प्रयोग गर्दै क्रान्तिलाई विकसित बनाउने प्रक्रियामा लाग्न आवश्यक छ।

छानिएका गाउँले इलाकाहरूलाई योजनाबद्ध ढङ्गले किसान छापामार सङ्घर्षको क्षेत्रका रूपमा विकास गर्ने, किसान आन्दोलनद्वारा गाउँले सामन्ती हैकम तोड्दै क्रान्तिकारी गतिविधिका आधारका रूपमा

स्थापना गर्ने, किसान आन्दोलनद्वारा ऐलानी, पर्ति र जमिन्दारहरूको जमिनमाथि कब्जा गर्ने प्रक्रियाद्वारा त्यसलाई विद्रोहको बाटोमा अघि बढाउने तथा सहरी जनवर्गका आन्दोलनहरू र राजनीतिक आन्दोलनहरूका क्रममा राष्ट्रव्यापी जनउभार पैदा गर्ने र देशव्यापी रूपमा सङ्घर्षका सबै सम्भावित रूपहरू र विद्रोहहरूको उचित संयोजनद्वारा राजतन्त्रलाई खत्तम गरी केन्द्रीय राज्यसत्ता कब्जा गर्ने क्रान्तिकारी बाटोमा लाग्नु जरुरी छ। हाम्रा विगत सङ्घर्षका अनुभवहरूले सीमित मात्रामा भए पनि यस दिशामा सङ्केत गर्दछन् र ठोस योजनाको साथ काम गर्न आग्रह गर्दछन्।

**७.** के कुरा प्रस्ट छ भने उक्त बाटोमा अघि बढ्दा सबभन्दा पहिले पार्टी सक्षम हुनैपर्छ। आन्दोलनहरूको संयोजन गर्ने नेतृत्व केन्द्र पार्टी नै हो। यदि आन्दोलनहरूको तालमेल, समय, मागहरू, आन्दोलनका रूपहरू र विकासक्रमको उचित संयोजन, सन्तुलन र परिचालन भएन भने क्रान्तिकारी आन्दोलनले गम्भीर क्षति व्यहोर्नुपर्छ। अझ हिंसात्मक सङ्घर्षको स्तरमा त यस्तो संयोजन अझ निर्णायक हुन्छ र त्यसमा हुने गल्ती आत्मघाती पनि हुन सक्छ। यस्तो बाटो अँगाल्नका निम्ति पार्टीले जनआन्दोलन र प्रतिरक्षा सङ्घर्ष, जनसङ्गठन र सशस्त्र सङ्गठन, जनताभित्रको काम र शत्रु पङ्क्तिभित्र गरिने कामजस्ता सबै विषयमा यथोचित ध्यान पुऱ्याउन, नेतृत्व गर्न र संयोजन गर्न सक्नुपर्छ।

८. हाम्रो क्रान्ति, सैनिक विद्रोह, संसदीय निर्वाचन वा अन्तर्राष्ट्रिय सैनिक सहायताजस्ता कुनै पनि ढङ्गले माथिबाट मात्र सत्ता कब्जा गर्ने उपायहरूद्वारा पूरा हुन सक्दैन। प्रमुख रूपमा तलैबाट जनताको चेतना, सङ्गठन र आन्दोलनका माध्यमबाट जनताको सक्रिय पहलकदमी र निर्णायक भूमिकाको माध्यमबाट, क्रान्तिकारी जनशक्तिकै पकड र निगरानीमा प्रतिक्रियावादी सेनाभित्रको विरोध र विद्रोहका सम्भावनाहरू, शत्रुपङ्क्तिभित्र पैदा हुने विरोध तथा सङ्कटहरू र माथिबाट सत्ता कब्जा गर्ने सङ्घर्षका तरिकासमेतलाई प्रेरित र उपयोग गर्दै अघि बढाउनुपर्छ र पूरा गर्ने प्रयत्न गर्नुपर्छ। हाम्रो पार्टीले अब सामान्यतया यही बाटो लिएर प्रत्येक परिस्थितिको ठोस र विशिष्ट सबै सवाल हल गर्दै जानुपर्छ। क्रान्तिकारी व्यवहारको भविष्यका गर्भमा रहेका सबै रूप र तरिकाहरूका बारेमा अड्कलको भरमा पहिले नै विस्तारका साथ घोषणा र व्याख्या गर्नु मार्क्सवादी तरिका होइन। क्रान्तिकारी संघर्षहरूको सूक्ष्म निरीक्षण गर्ने, अग्रगामी र प्रभावी नयाँ सङ्केतहरूलाई चिन्ने र तिनीहरूलाई सामान्यीकृत रूपमा ठोस रूप दिन सक्ने योग्यताको भने निरन्तर विकास गर्दै जानुपर्छ।

**पार्टीको राजनीतिक रणनीति**

**१.** पार्टीको राजनीतिक रणनीति भनेको क्रान्तिमा विभिन्न वर्गहरूको भूमिका निर्धारण गर्ने र क्रान्तिलाई विजयसम्म पुऱ्याउनका निम्ति राजनीतिक शक्ति विन्यास गर्ने सामग्रिक कार्ययोजना हो। यसलाई क्रान्तिको निर्धारित लक्ष्य र ठोस रूपमा अघि सारिएको कार्यक्रमका आधारमा निर्धारित गर्नुपर्छ। क्रान्तिको नेतृत्व, मुख्य भरोसा गर्ने शक्ति, सहयोगी शक्ति, शत्रुशक्ति र बाटोजस्ता विषयमा आधारभूत र निर्णायक कार्ययोजना प्रस्ट बनाउनुपर्छ।

**२.** क्रान्तिको निर्धारित ऐतिहासिक लक्ष्य अर्धसामन्ती, अर्धउपनिवेशी उत्पादन सम्बन्धलाई तोड्नु र नयाँ जनवादी उत्पादन सम्बन्धको स्थापना गर्नु हो। यसका निम्ति जमिन्दार वर्ग र दलाल–नोकरशाही पुँजीपति वर्गको उन्मूलन र साम्राज्यवादको शोषणलाई समाप्त पार्नु अनिवार्य हुन्छ। यसरी सामन्तवाद र अन्तर्राष्ट्रिय पुँजीवाद दुवैलाई पराजित गर्नुपर्छ। यसै वास्तविकताले नेतृत्वको समस्यालाई निर्धारण गर्छ। यस क्रान्तिको नेतृत्व गर्ने क्षमता मजदुर वर्गमा मात्र हुन्छ। तर, यसको केबल सैद्धान्तिक घोषणा गरेर मात्र हुँदैन। यस सवालमा गम्भीरतापूर्वक ध्यान दिन जरुरी हुन्छ।

**३.** मुख्य शक्ति निर्धारण गर्ने भनेको क्रान्तिलाई सर्वहारा वर्गले प्रमुख रूपमा कोसँग एकता गरेर पूरा गर्न सकिन्छ भन्ने निश्चित गर्नु हो। नयाँ जनवादी क्रान्तिका कतिपय विषय आधारभूत रूपमा नै भिन्न भए पनि सारतत्त्वमा यो पुँजीवादी जनवादी क्रान्ति नै हो। त्यसकारण यस्तो क्रान्तिमा मध्यम पुँजीपति वर्गमाथि भरोसा गरेर

मुख्य रूपमा त्यो वर्गसँग एकता गर्दै क्रान्ति गर्न सकिन्छ अथवा किसान शक्तिमाथि भरोसा गरेर पूरा गर्न सकिन्छ भन्ने विषयमा मतभेद देखापर्ने गर्छ। हाम्रो क्रान्तिमा पनि बेग्लै स्वरूपहरूमा यो विवाद चलिरहेकै छ। हाम्रो पार्टीले प्रमुख रूपमा किसानमाथि भरोसा गरेर मजदुर किसान एकताको आधारबाट क्रान्ति पूरा गर्ने दिशा अँगालेको छ। किसानलाई मुख्य भरोसा गर्ने शक्तिका रूपमा लिएको छ। यो निर्णय मार्क्सवादी सिद्धान्त र वस्तुगत परिस्थिति अनुरूप छ।

४. जनवादी क्रान्तिमा निम्न पुँजीपति वर्ग मजदुर वर्गको सहयोगी शक्ति हो। किसानहरू पनि मूलतः ग्रामीण क्षेत्रका निम्न पुँजीपति वर्गभित्रै पर्छन्। तर क्रान्तिको मूल समस्या–जनशक्ति उत्पादन कार्यमा रहेको संलग्नता र जीवनशैलीमा हुने भिन्नताले किसान र अन्य सहरिया निम्नपुँजीपति वर्गको भूमिका जनवादी क्रान्तिको सन्दर्भमा तुलनात्मक रूपमा भिन्नाभिन्नै हुन्छ। यो भेदलाई चिन्न नसक्दा र सहरिया पुँजीपति वर्गमाथि मुख्य भरोसा गर्दा रणनीतिक रूपमा एउटा गम्भीर गल्ती गर्न पुगिन्छ। त्यसरी नै मध्यम पुँजीपति वर्ग पनि सहयोगी शक्तिभित्रै पर्छ तर यसको चरित्र ढुलमुलु, अस्थिर र दोहोरो भूमिका खेल्ने खालको हुन्छ। त्यसकारण यो वर्गसँग सर्वहारा वर्गले एकता र सङ्घर्षको दोहोरो नीति लिनुपर्ने हुन्छ। यो वर्गसङ्घर्षको सम्बन्धलाई देखापर्न नसक्ने जटिलताले कहिले एकताको पक्ष मात्रै र कहिले सङ्घर्षको पक्ष मात्रै देख्ने र सरल तर एकपक्षीय र गलत समाधानतिर तान्न सक्छ। यसरी जनवादी क्रान्तिमा वर्गहरूको राजनीतिक भूमिका निक्र्योल गर्नु रणनीतिको कार्यक्षेत्रको विषय हुन्छ। वर्गहरूको भूमिकासम्बन्धी यो रणनीतिक निर्धारण नयाँ जनवादी क्रान्तिकालभरि बदलिँदैन। किनभने यो वस्तुगत लक्ष्यले निर्धारित गरेको निष्कर्ष हो।

५. विभिन्न भूमिका भएका विभिन्न वर्गहरूसँग मिलेर नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नुपर्ने वास्तविकताले सर्वहारा वर्गले अनिवार्य रूपमा संयुक्त मोर्चाको कार्यविधि अपनाउनु आवश्यक हुन्छ। हाम्रो पार्टीले संयुक्त मोर्चाको सवाललाई यही सैद्धान्तिक समझदारीको आधारमा महत्त्व दिएर उठाएको छ।

६. देशका विभिन्न राष्ट्रिय विशिष्टताहरूलाई ध्यान दिँदै सङ्घर्षलाई कुन बाटोद्वारा अघि बढाउन र विजयी बनाउन सकिन्छ भन्ने निष्कर्ष निकाल्नु पनि रणनीतिक महत्त्वको विषय हो। हाम्रो पार्टीले जनआन्दोलनलाई व्यापक बनाउँदै हिंसात्मक प्रतिरक्षाको तहमा विकास गर्ने सङ्घर्षका शान्तिपूर्ण र हिंसात्मक, संसदीय र गैरसंसदीय जनआन्दोलन र सशस्त्र सङ्घर्षजस्ता सबै सम्भव रूपहरूलाई विशिष्ट रूपमा संयोजन गर्दै प्रमुख रूपमा हिंसात्मक सङ्घर्षको बाटोद्वारा मात्र क्रान्ति पूरा गर्न सकिन्छ भन्ने निष्कर्ष निकालेको छ।

७. पार्टीको यस्तो रणनीति र कार्ययोजनालाई व्यावहारिक रूप दिनका निम्ति प्रत्येक विशिष्ट स्थितिमा त्यसबेलाको ठोस कामका आधारमा मुख्य शत्रुलाई एक्लो बनाउन र त्यसमाथि प्रभावकारी प्रहार गर्नका निम्ति अस्थायी र अस्थिर मित्रहरू पनि खोज्नु र कति सोझो वा घुमाउरो बाटो हिँड्नुपर्छ भन्ने तय गर्ने कुराले महत्त्वपूर्ण प्रभाव पार्छ।

**पार्टीको मूल नारा**

१. राज्यसत्ता कब्जा गर्नु प्रत्येक सामाजिक क्रान्तिको केन्द्रीय कार्यभार हो। प्रतिक्रियावादी वर्गले सामाजिक मूल्य, मान्यता, परम्परा, कानुन र शान्ति सुरक्षा तथा अमनचैनका खोक्रा शब्दावली प्रयोग गरेर आमजनतालाई धोका दिइरहेका बेला वास्तविक राज्यसत्ता कसको हातमा छ र कसले सञ्चालन गरिरहेको छ भन्ने निक्र्योल गर्नु सम्पूर्ण क्रान्तिकारी गतिविधिलाई निर्देशित गर्ने मुख्य कडी हुन्छ। राज्यसत्ता कब्जा नगरी राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक कुनै पनि क्षेत्रमा वास्तविक सुधार गर्न र जनता र राष्ट्रका समस्याहरू क्रान्तिकारी ढङ्गले समाधान गर्न सकिन्न। यस कुरालाई ठीक ढङ्गले चिन्न नसक्दा वा चिनेर पनि बलियो गरी समाउन नसक्दा बितेका दिनमा हाम्रो क्रान्तिले धेरै धोका पाएको छ। आफ्नै इतिहास र अनुभवबाट पनि शिक्षा लिन नसक्ने हो भने बारम्बार धोका खानु र पराजित हुनुबाहेक अर्को विकल्प बाँकी रहँदैन।

२. प्रतिगामी पुरानो उत्पादन सम्बन्धलाई तोडेर प्रगतिशील नयाँ उत्पादन सम्बन्ध कायम गर्नु सामाजिक क्रान्तिको आधारभूत सारतत्त्व हो । यो काम जसरी घनिष्ट र अभिन्न रूपमा राज्यसत्ताको विषयसँग गाँसिएको हुन्छ, त्यसरी नै उत्पादन सम्बन्ध फेर्नुभन्दा पहिले नै राज्यसत्ताको समस्या समाधान गरिसक्नु पनि अनिवार्य हुन्छ। यसरी क्रान्तिको सामान्य मूल लक्ष्य उत्पादन सम्बन्ध फेर्नु र त्यसका निम्ति पहिलो मूल काम राज्यसत्ता कब्जा गर्नु हो भन्ने कुरा प्रस्ट हुन्छ। क्रान्तिको सिङ्गो चरणभरि यिनै आधारभूत कुराहरूले क्रान्तिकारी पार्टीलाई निर्देशित गरिरहेका हुन्छन् ।

३. हामी नयाँ जनवादी व्यवस्था र राज्यसत्ताको पक्षमा छौँ । यो सर्वहारा वर्गको नेतृत्वमा जनताको जनवादी अधिनायकत्व भएको राजनीतिक व्यवस्था हो । निरङ्कुश राजतन्त्र, सैनिक तानाशाही, फासीवाद वा संसदीय पुँजीवाद जुनसुकै प्रकारको भए पनि प्रतिक्रियावादी राज्यसत्ताको निषेध नगरी नयाँ जनवादी सत्ताको स्थापना हुन सक्दैन। यो सैद्धान्तिक मान्यताले नयाँ जनवादी क्रान्तिको चरणमा हाम्रा सबै क्रान्तिकारी चिन्तन तथा कार्यहरूलाई सामान्य रूपमा दिशा दिने र निर्देशन गर्ने काम गरिरहेको छ ।

४. क्रान्ति पूरा नभएसम्म सामान्य मूल लक्ष्य, सामान्य मूल काम र आधारभूत शत्रु तथा मित्रहरू उनै भए पनि प्रत्येक विशिष्ट स्थितिमा मुख्य शत्रु र त्यसको आधारमा मित्र शक्तिमा समेत आउने फेरबदल अनुसार क्रान्तिका विशिष्ट लक्ष्य र कामहरू निर्धारित हुन्छन्। राजसत्ताको कुनै निश्चित एउटा स्वरूप हुन्छ र त्यसलाई सञ्चालन गर्ने पनि कुनै निश्चित शक्ति हुन्छ। यसलाई ध्यानमा राखेर क्रान्तिको लक्ष्यलाई विशिष्ट रूपमा निर्धारण गरिन्छ, ठोस रूपमा मूल काम तोकिन्छ र प्रहारको निशाना निश्चित गरिन्छ। पार्टीको मूल नारा वा केन्द्रीय नारा भनेको यही विशिष्ट लक्ष्य, मूल काम र प्रहारको निशानालाई संक्षिप्त रूपमा स्पष्ट पार्ने राजनीतिक नारा हो । यी कुराहरूले पार्टीको केन्द्रीय मूल नारा सामाजिक क्रान्तिको समयमा सधैँभरि क्रान्तिकारी नै हुन्छ र हुनुपर्छ भन्ने कुरा प्रस्ट पार्छन् ।

५. 'प्रतिक्रियावादी सत्तालाई ध्वस्त गरौँ र नयाँ जनवादी राज्य व्यवस्थाको निर्माण गरौँ' भन्ने नारा हाम्रो पार्टीको सामान्य नारा हो। यसले पार्टीको सामान्य कार्यदिशा के हो भन्ने कुरा प्रस्ट पार्छ र सबै कामलाई सामान्य रूपमा मार्गदर्शन गर्छ। हामी कुनै पनि प्रतिक्रियावादी व्यवस्थालाई अस्वीकार गर्छौँ र वर्तमान नेपाली क्रान्तिका आधारभूत शत्रुहरूलाई समाप्त पार्न चाहन्छौँ भन्ने कुरा प्रस्ट पार्छ। नयाँ जनवादी क्रान्तिको सिङ्गो चरणभरिको रणनीतिक योजनालाई यही नाराले निर्देशित गर्दछ। नयाँ जनवादी क्रान्तिमा विभिन्न वर्ग र सामाजिक तहहरूको के भूमिकामा रहनेछ भन्ने निष्कर्ष पनि यसैबाट निकालिन्छ ।

६. देशको वर्तमान विशिष्ट परिस्थितिमा पञ्चायतका शब्दजाल र प्रपञ्चहरूका बाबजुद यथार्थतामा विद्यमान राज्यसत्ता जमिन्दारवर्ग र दलाल नोकरशाही पुँजीपति वर्गको हातमा छ। त्यसको स्वरूप निरङ्कुश नोकरशाही राजतन्त्रात्मक छ र सञ्चालन शाही राजपरिवारले गरिरहेको छ। यस्तो विशिष्ट स्थिति भएको हुनाले निरङ्कुश राजतन्त्रलाई उन्मूलन गरेर जनवादी गणतन्त्र कायम गर्नुपर्छ र सामन्त वर्ग र दलाल नोकरशाही पुँजीपति वर्गलाई ध्वस्त पारी वैदेशिक एकाधिकार पुँजीवाद र साम्राज्यवादको शोषण–उत्पीडन समाप्त पार्नुपर्छ भन्ने निक्र्योल र नाराले अहिलेको विशिष्ट स्थितिमा हाम्रो सम्पूर्ण कार्यनीतिक क्रियाकलापलाई बाटो देखाइरहेको छ। यसैले ठोस रूपमा निर्देशन गरेको छ। आज प्रतिक्रियावादी सत्तालाई ध्वस्त गरी नयाँ जनवादी राज्य व्यवस्थाको स्थापना गर्नुपर्ने क्रान्तिकारी अभिभारालाई हामी राजतन्त्रलाई अन्त्य गरी जनवादी गणतन्त्र कायम गर्ने ठोस व्यवहारमा जुट्दै त्यसको अन्त्यपछि पनि अरू कुनै खाले प्रतिक्रियावादी व्यवस्थाले ठाउँ लिन नपाओस् भन्ने कुरालाई पनि राजनीतिक रूपमा यथासम्भव सुनिश्चित पार्न चाहन्छौँ। यसरी 'निरङ्कुश राजतन्त्रको अन्त्य गरौँ र जनवादी गणतन्त्रको स्थापना गरौँ !' भन्ने पार्टीको विशिष्ट केन्द्रीय नारा निर्धारित भएको छ । यसले पार्टीको विशिष्ट कार्यदिशा र वर्तमान स्थितिका सम्पूर्ण व्यावहारिक कामलाई मार्गदर्शन गरिरहेको छ।

आजको क्रान्तिकारी राजनीतिको ठोस स्वरूप के हो र प्रहारको मुख्य निशाना कुन हो भन्ने कुरा प्रस्ट पारेको छ। यही नै आजको विशिष्ट केन्द्रीय र प्रमुख राजनीतिक नारा भएको हुनाले हाम्रा वर्तमान सम्पूर्ण कार्यनीतिक योजना र नीतिहरू तथा चिन्तन र कामहरू यही मूल कार्यनीतिका आधारमा निर्माण गर्नु र ठोस रूपमा केन्द्रित गर्नुपर्छ।

**७.** पार्टीको सामान्य नाराले नयाँ जनवादी क्रान्तिको सिङ्गो चरणभरिको रणनीतिक योजनालाई प्रभावित र निर्देशित गर्छ, राजतन्त्रविरोधी जनक्रान्तिको परिणामलाई नयाँ जनवादसँग शत्रुता राख्ने अर्को कुनै पनि वर्गीय वा राष्ट्रिय शत्रुले उछिट्याउन नपाओस् र नयाँ जनवादको यथासम्भव ग्यारेण्टी होस् भन्ने कुरामा ध्यान दिन्छ। पार्टीको विशिष्ट केन्द्रीय राजनीतिक नाराले वर्तमान विशिष्ट स्थितिको प्रमुख शत्रु राजतन्त्र र उसको निर्दलीय पञ्चायती व्यवस्थालाई उन्मुलन गर्न र जनवादी गणतन्त्रको स्थापना गर्नका निम्ति आवश्यक पर्ने, पार्टीले हाल गरिरहेका वा गर्नुपर्ने प्रचार, सङ्गठन र संघर्षका सबै रूप, तरिका र कामहरूलाई तथा कार्ययोजनाहरूलाई प्रभावित र निर्देशित गर्छ। राजतन्त्रका विरुद्ध वर्गीय मित्रहरू मात्र होइन, राजनीतिक मित्रहरूसमेत खोज्ने, तिनीहरूलाई एकतावद्ध पार्ने र संयुक्त रूपमा संघर्ष गर्ने कुरालाई निर्देशित गर्छ। पार्टीको सामान्य नारा नहुने हो भने राजतन्त्रको अन्त्य गर्नु नै हाम्रो वर्तमान क्रान्तिको आधारभूत उद्देश्य हो भन्ने भ्रम पर्नसक्छ र राजतन्त्रविरोधी क्रान्तिको परिणामलाई नयाँ जनवादी बनाउने पक्षमा जोड शिथिल हुन सक्छ। यसो गर्नु रणनीतिक रूपमा एउटा गम्भीर गल्ती हुन्छ। अर्कोतिर विशिष्ट केन्द्रीय राजनीतिक नारा नहुने हो भने राजतन्त्रको अन्त्यपछि नयाँ जनवाद आउने पूर्ण ग्यारेन्टी नहुन्जेल राजतन्त्रलाई अन्त्य गर्ने आन्दोलन संचालन गर्नु हुँदैन भन्ने भ्रम पर्न सक्छ र अहिलेका सम्पूर्ण पार्टी क्रियाकलापहरू पथभ्रष्ट हुने तथा दिशाविहीन भई गति र लक्ष्यविहीन प्रहारको अवस्थामा पुग्ने खतरा उत्पन्न हुन्छ। यसो गर्नु पनि एउटा उत्तिकै गम्भीर गल्ती हुन्छ। कुनै कुरालाई सामान्य र विशेषमा विभाजित गर्नुको तात्पर्य त्यो सामान्यका एकभन्दा बढी विशेष रूप हुन्छन् भन्ने स्वीकार गर्नु हो। त्यसकारण कुनै निश्चित विशिष्ट रूप समाधान भए पनि त्यसको ठाउँ लिन अर्को आउन सक्छ भन्ने स्वीकार गर्नैपर्छ। अर्कोतिर कुनै विशिष्ट पक्षलाई समाधान गर्दा सकेसम्म त्यसबाट सामान्य पक्षलाई पनि समाधान गर्न सकियोस् भन्ने कुरामा ध्यान दिनुपर्छ। यसरी सामान्य नारा र विशिष्ट नाराबीचको द्वन्द्वात्मक अन्तरसम्बन्ध र फरक थाहा पाउन सकिन्छ, तिनीहरूको निर्णायक महत्त्व प्रस्ट हुन्छ र हाम्रा सबै कामलाई मार्गदर्शन र नेतृत्व गर्ने तिनीहरूको सामान्य र विशिष्ट भूमिका बुझ्न सकिन्छ।

## जनवादी आन्दोलनमा कार्यदिशा र नेतृत्वको सवाल

**१.** नेपालको प्रजातान्त्रिक सङ्घर्ष तात्कालिक र विशिष्ट अर्थमा राजतन्त्रविरोधी सङ्घर्ष हो। यसमा सुरुदेखि नै सुधारवादी–सम्झौतावादी र आमूल परिवर्तनवादी दुई कार्यदिशा रहेका छन्। एउटाले राजतन्त्रलाई राष्ट्रियताको प्रतीक, राष्ट्रिय स्वतन्त्रताको संरक्षक ठान्छ र त्यसको रक्षा गर्दै राजासँग प्रजातान्त्रिक अधिकारहरूको माग गर्छ भने अर्कोले राजतन्त्रलाई उन्मूलन गरेर जनताको जनवाद कायम गर्न चाहन्छ। पहिलो कार्यदिशाको नेता नेपाली कांग्रेस हो भने दोस्रोको नेता नेपाल कम्युनिस्ट पार्टी हो। आज कुन कार्यदिशा लिने हो? त्यसैले आन्दोलनको भाग्य र भविष्यको फैसला गर्छ।

**२.** नेपाली कांग्रेसको सुधारवादी–सम्झौतावादी कार्यदिशा त्यसका निम्न कामहरूबाट प्रस्ट हुन्छ : ००७ सालको सङ्घर्षको प्रमुख नेताको हैसियतले राजतन्त्र र राणाशाहीसँग समेत सम्झौता गर्नु, दिल्ली सम्झौताविरोधी आन्दोलन दबाउन भारतीय फौज देशभित्र हुल्न दिनु, नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाउनु, राजाले राज्यको सर्वाधिकार आफ्नो हातमा केन्द्रित गर्दै जाँदा मौन सहमति दिनु, संविधानसभाको निर्वाचन गर्ने अधिकार खोसेर राजाले दिएको संविधान अनुसार संसदको निर्वाचन गर्ने राजाको निर्णयलाई समर्थन गर्नु, कम्युनिस्ट पार्टीसँग मिलेर संयुक्त रूपमा प्रजातान्त्रिक सङ्घर्षलाई अघि बढाउन अस्वीकार गर्नु र प्रमुख रूपमा कम्युनिस्ट पार्टीको विरोध गर्नु, धम्की दिने र सम्झौतामा पुग्ने कार्यनीति अनुरूप ०१८ सालमा सङ्घर्ष र ०२५ सालमा 'सहयोग

समर्थन' ०२८–३१ मा सङ्घर्ष र ०३३ सालमा 'राष्ट्रिय मेलमिलाप' को नीति लिनु, 'जनमतसङ्ग्रह'मा बहुदलका विरुद्ध राजाका षड्यन्त्रहरूलाई प्रत्यक्ष वा परोक्ष रूपमा बल पुऱ्याउनु, कम्युनिस्ट पार्टी र क्रान्तिकारी जनवादी शक्तिलाई मुख्य शत्रुका रूपमा विरोध गरेर राजालाई खुसी पार्ने र सम्झौतामा पुग्ने कार्यविधि अपनाउनुजस्ता कुराहरू नेपाली कांग्रेसको कार्यदिशाका प्रतिनिधि अभिव्यक्ति हुन्। यो कार्यदिशाले आन्दोलनलाई सुधारवाद, सम्झौतावाद र आत्मसमर्पणवादको बाटोमा लगिरहेको छ।

**३.** नेपाल कम्युनिस्ट पार्टीले जन्मकालमा राणातन्त्र तथा सामन्तवाद–साम्राज्यवादको उन्मूलन गरी जनवाद स्थापना गर्ने क्रान्तिकारी कार्यदिशा लिएको थियो। तर सुरुमै शाही राजतन्त्र र नेपाली कांग्रेसका बारेमा अपेक्षित मात्रामा सही दृष्टिकोण लिन नसक्नु र सुधारवाद र अवसरवादविरोधी विचारधारात्मक सङ्घर्षलाई आवश्यकता अनुरूप सञ्चालन गर्न नसक्नुले गर्दा कम्युनिस्ट पार्टी पनि सधैँभरि क्रान्तिकारी कार्यदिशामा अडिइरहन सकेन। प्रतिगामी दिल्ली सम्झौता, राजाको बढ्दो निरङ्कुशता, किसानहरूमाथिको सामन्ती शोषण र राष्ट्रमाथि वैदेशिक हस्तक्षेपका विरुद्ध जनआन्दोलनमा नेतृत्व दिने ठीकै प्रयत्न गरेको भए पनि र 'जातीय जनतान्त्रिक मोर्चा'का नाममा संयुक्त मोर्चा बनाएर प्रजातान्त्रिक आन्दोलनलाई अघि बढाउने महत्त्वपूर्ण प्रयास गरेको भए पनि पहिलो पार्टी महाधिवेशनले दक्षिणपन्थी, सुधारवादी, वैधानिक राजतन्त्रवादी कार्यदिशा स्वीकार गऱ्यो। राजतन्त्रको अन्त्य गर्ने, सामन्ती भूस्वामित्व समाप्त पार्ने र जनवादी गणतन्त्र स्थापना गर्ने नारा र कार्यदिशा छाड्यो। संविधानसभाको चुनाव गराउने कार्यनीतिक मागलाई समेत छोडेर 'स्वस्थ प्रजातन्त्र', 'संसदलाई सर्वशक्तिमान बनाउँदै जाने', 'प्रतिनिधि परिषदको निर्वाचन गर्ने' जस्ता कुराहरू अघि सार्दै पार्टीलाई राजावादी भासमा फसाइयो। यस दक्षिणपन्थी सधारवादी कार्यदिशाबाट तत्कालीन पार्टी महासचिव केशरजङ्ग रायमाझीको नेतृत्वमा दोस्रो केन्द्रीय कमिटीको बहुमत आत्मसमर्पणवादमा पतीत भयो। तर पार्टी नेतृत्वमा दक्षिणपन्थी हावी भए पनि कार्यकर्ताहरूको बहुमत हमेसा क्रान्तिकारी कार्यदिशाको पक्षमा उभिएको थियो। दक्षिणपन्थी नीति र नेतृत्वका विरुद्ध कतिपय स्थानीय पार्टी कमिटीहरूले विद्रोहसमेत गरेका थिए। यसरी कम्युनिस्ट पार्टीभित्र नै दुई कार्यदिशाबीचको सङ्घर्ष चर्किंदै गयो।

कम्युनिस्ट पार्टीको नेतृत्वमा दक्षिणपन्थ हावी भएको, पार्टी महासचिवको राजासँग गुप्त साँठगाँठसमेत रहेको र प्रजातान्त्रिक आन्दोलन शिथिल हुँदै गएको समेत मौका छोपेर ०१७ सालमा राजाद्वारा चालिएको प्रतिगामी कदम सफल हुन सक्यो। यसरी निरङ्कुश राजतन्त्रलाई बलियो बनाउने काममा नेपाली कांग्रेसको सुधारवाद सम्झौतावादले मात्र होइन, स्वयम् कम्युनिस्ट पार्टीको नेतृत्व गुटमा रहेको दक्षिणपन्थी अवसरवाद र आत्मसमर्पणवादले पनि सहयोग पुऱ्याएको छ। तेस्रो पार्टी महाधिवेशनले पनि पार्टीलाई त्यो गल्तीबाट आधारभूत रूपमा मुक्त पार्न सकेन। त्यसले आत्मसमर्पणवादको निन्दा गरे पनि दक्षिणपन्थलाई जारी नै राख्यो। यस्ता कुराले जनवादी आन्दोलनलाई कमजोर पारेको मात्र होइन, पार्टी एकतासमेत भङ्ग गऱ्यो र कम्युनिस्ट आन्दोलन छिन्नभिन्न भयो। ०२५ सालमा पुष्पलालद्वारा पुनः गठित समूहले राजतन्त्रको अन्त्य गर्ने र नयाँ जनवाद स्थापित गर्ने क्रान्तिकारी कार्यदिशाको पुनःस्थापना गर्ने महत्त्वपूर्ण प्रयत्न गरेको भए पनि त्यो समूहका सङ्गठन, सङ्घर्ष र संयुक्तमोर्चासम्बन्धी गलत कार्यनीतिहरू र त्यही समूहभित्रको दक्षिणपन्थी अवसरवादले गर्दा सफल हुन सकेन। अर्कोतिर ठीक त्यही बेला राजतन्त्रको ठाउँमा 'नेपाली कांग्रेस' र 'भारतीय विस्तारवाद' आजको मुख्य शत्रु हो भन्ने मनमोहनले नेतृत्व गरेको पूर्व कोशी समूह र 'राजतन्त्र, नेपाली कांग्रेस र भारतीय विस्तारवाद सबै समान रूपमा मुख्य शत्रु हुन्' भन्ने मोहनविक्रम सिंहद्वारा नेतृत्व गरिएको समूहका विचार र क्रियाकलापहरूले पनि प्रजातान्त्रिक आन्दोलनको विकास र क्रान्तिकारी कार्यदिशाको पुनःस्थापनामा बाधा पुऱ्याए। हाम्रो पार्टी नेकपा (माले)को स्थापना भएपछि कतिपय सवालमा पार्टीभित्र उग्रवामपन्थी सङ्कीर्णतावाद रहनुका बाबजुद आधारभूत रूपमा क्रान्तिकारी कार्यदिशा पुनःस्थापित हुँदै गएको छ। हाम्रो पार्टीभित्र पनि यो कार्यदिशा आफैँ–आफ

र सहज ढङ्गले होइन, उग्रवामपन्थी र दक्षिणपन्थी विचार प्रवृत्तिहरूका विरुद्ध तथा गलत कार्यदिशाका विरुद्ध विचारधारात्मक सङ्घर्ष र निरङ्कुश राजतन्त्रविरोधी जनवादी सङ्घर्षकै क्रममा क्रमशः स्थापित र विकसित हुँदै गएको छ। यद्यपि, अहिले पनि देशको सिङ्गो कम्युनिस्ट आन्दोलनभित्र भारतीय विस्तारवाद नै आजको प्रमुख शत्रु हो भन्ने शम्भुराम प्रवृत्ति र त्यस्तै विचारलाई सहयोग पुऱ्याउने अन्य कतिपय समूहहरूका क्रियाकलापसमेतले पनि वर्तमान स्थितिमा सही कार्यदिशा स्थापित हुन बाधा दिइरहेकै छन्।

४. आज क्रान्तिकारी शक्ति र कार्यदिशाका विरुद्ध यथास्थितिवादहरूको हिंसा र षड्यन्त्र तीव्र भएको छ। सुधारवादी, दक्षिणपन्थी अवसरवादी तथा आत्मसमर्पणवादी तत्त्वहरूद्वारा त्यसका विरुद्ध जनतामा भ्रम र अन्योल सिर्जना गर्ने प्रयत्न लगातार बढिरहेको छ। यस्तो बेलामा क्रान्तिकारी शक्तिले क्रान्तिकारी कार्यदिशाको महत्त्वलाई बुझ्नु र त्यसको रक्षा तथा विकास गर्न प्रभावकारी र दृढ भूमिका खेल्न नसक्ने हो भने हाम्रो आन्दोलन फेरि दिशाविहीन हुन सक्नेछ। निरङ्कुश राजतन्त्रले कायम गरेको श्वेत–आतङ्क र हिंसात्मक–दमनका बावजुद कम्युनिस्ट पार्टी र अरू क्रान्तिकारी जनसङ्गठनहरू क्रान्तिकारी कार्यदिशाको आधारमा सङ्गठित भएका हुनाले नै आज गुप्त वा खुला ढङ्गले आफ्ना गतिविधिलाई बढाउँदै विकसित हुँदैछन्। अर्कोतिर दक्षिणपन्थी, सुधारवादी कार्यदिशा लिनेहरू जनताबाट अलगिँदै छन् र आत्मसमर्पण, विसर्जन तथा विलोपको खतरा झेल्दैछन्। यसले पनि कस्तो कार्यदिशा लिँदा प्रजातान्त्रिक आन्दोलनलाई ठीक बाटोमा अघि बढाउन सकिन्छ भन्ने कुरा बुझ्न मद्दत गर्दछ।

५. कार्यदिशाको विषयजस्तै क्रान्तिमा नेतृत्वको विषय पनि त्यत्तिकै गम्भीर सवाल हो। तर नेपालको कम्युनिस्ट आन्दोलनमा यसबारे अपेक्षित गम्भीरताका साथ ध्यान दिएको पाइँदैन। निरङ्कुश राजतन्त्रविरोधी वर्तमान जनवादी क्रान्तिमा सर्वहारा वर्गको राजनीतिक पार्टीले नेतृत्वको क्षेत्रमा कोसँग प्रतिस्पर्धा गर्नुपर्छ र कसलाई पराजित गर्नुपर्छ ? ध्यान दिनुपर्ने प्रश्न यही हो। राणातन्त्रविरोधी आन्दोलनमा नेतृत्व गरेको, पहिलो आमनिर्वाचनमा ठूलो बहुमत ल्याएर जितेको र अहिलेसम्म पनि यथास्थितिवादविरोधी राजनीतिक शक्तिहरूमा एउटा खास हैसियत राखिरहेको हुनाले प्रजातान्त्रिक आन्दोलनमा नेतृत्वका निम्ति कम्युनिस्ट पार्टीसँग प्रतिद्वन्द्विता गर्ने राजनीतिक शक्ति नेपाली कांग्रेस नै हो। तर यसलाई कम्युनिस्ट आन्दोलनमा ठीक ढङ्गले ग्रहण गरिएको छैन। केही कम्युनिस्टहरू नेपाली कांग्रेसलाई वर्गीय र राजनीतिक दुवै हिसाबले शत्रु शक्ति हो भन्ने सैद्धान्तिक घोषणा गरेर ढुक्क पर्छन् र नेतृत्वका निम्ति कम्युनिस्ट पार्टीको कुनै प्रतिद्वन्द्वी नभएको ठान्छन्। यस्तो दृष्टिकोणले मुख्य शत्रुविरुद्ध यथासम्भव बढी राजनीतिक मित्रहरू खोज्ने लेनिनवादी कार्यनीतिमा बाधा पुऱ्याएको छ। अर्कोतिर केही कम्युनिस्टहरू त्यसलाई वर्गीय र राजनीतिक दुवै हिसाबले मित्रशक्ति हो भन्ने घोषणा गर्छन् र त्यसको सङ्ख्या, शक्ति र प्रभावको समेत अति मूल्याङ्कन गरेर कांग्रेसलाई नेतृत्व सुम्पिन तयार हुन्छन्। यस्ता दृष्टिकोणहरू जनवादी क्रान्तिमा सर्वहारा वर्गको नेतत्वको विषयमा बेवास्ता र उपेक्षाभावका परिणाम हुन्। कम्युनिस्ट आन्दोलनभित्र रहेको यो कमजोरीले अहिले पनि जनताको एउटा महत्त्वपूर्ण भागलाई नेपाली कांग्रेसले नै वास्तविक प्रजातन्त्र ल्याउने आन्दोलनमा नेतृत्व गरिरहेको छ र गर्न सक्छ भन्ने भ्रम पालिराख्न मद्दत पुऱ्याएको छ।

६. कुनै पनि राजनीतिक शक्तिले जनताको वास्तविक हित गर्छ कि गर्दैन, त्यसले क्रान्तिको नेतृत्व गर्न सक्छ कि सक्दैन भन्ने कुरा त्यसले लिएका नीतिहरू र उसले गरेका व्यवहारहरूले उत्पादक शक्तिको विकास गर्न मद्दत गर्छन् कि गर्दैनन् ? कति मद्दत गर्छन् वा झन् बाधा पुर्याउँछन् ? अथवा पूर्ण रूपमा मुक्त नै पो बनाउँछन् कि भन्ने कुरा नै त्यसको निक्र्योल गर्ने निर्णायक तत्त्व हो। नेपाली कांग्रेसले लिएका कार्यक्रम, कार्यदिशा, नीतिहरू र आजसम्मका व्यवहारबाट त्यसले उत्पादक शक्तिलाई मुक्त पार्दैन र क्रान्तिको नेतृत्व गर्न सक्दैन भन्ने कुरा सैद्धान्तिक तथा व्यावहारिक दुवै पक्षबाट प्रकट भइसकेको छ र त्यसरी नै कम्युनिस्ट पार्टीले मात्र नेतृत्व गर्न सक्छ

भन्ने कुरा पनि घटनाक्रमले पुष्टि गर्दै ल्याएको छ। सर्वहारा वर्गको नेतृत्वबिना जनवादी क्रान्ति विजयी हुन सक्दैन भन्ने कुराले नेतृत्वको सवाललाई क्रान्तिको विजय वा पराजयको सवालसँग प्रत्यक्ष रूपमा गाँसेको छ भन्ने कुरा प्रस्ट हुन्छ।

**संयुक्त मोर्चा**

१. निरङ्कुश राजतन्त्रले जनताका सबै मौलिक राजनीतिक अधिकारहरू खोसेको छ र जनतालाई कुनै पनि आधारभूत अधिकार दिने पक्षमा छैन। अर्कोतिर त्यसले साम्राज्यवादसँग गठबन्धन गरी राष्ट्रलाई अर्धपराधीन बनाएको छ र त्यसको समेत समर्थन सहयोग लिएर आफ्नो स्वेच्छाचारी शासन टिकाएको छ। यस्तो स्थितिलाई समाप्त पार्न र जनता र राष्ट्रलाई मुक्त बनाउन एक्लै हाम्रो क्रान्तिकारी शक्ति कमजोर छ। यसले हामीलाई आन्दोलनको पक्षमा सम्भव भएसम्म अधिकतम रूपमा बढी मित्रहरू खोज्नु अनिवार्य बनाएको छ।

२. संयुक्त मोर्चा भनेको प्रमुख शत्रुलाई सकेसम्म बढी एक्लो पार्न तथा विभिन्न वर्ग, तह, पेसा र परिवेश भएका जनताहरू, तिनीहरूलाई प्रतिनिधित्व गर्ने सङ्गठनहरू र राजनीतिक शक्तिहरूलाई मूल शत्रुविरोधी आन्दोलनमा अधिकतम रूपमा एकताबद्ध पार्ने सवाल हो। संयुक्त मोर्चा क्रान्तिकारी आन्दोलनलाई सञ्चालन गर्ने र अघि बढाउने महत्त्वपूर्ण कला पनि हो। यसलाई आमरूपमा वर्गीय संयुक्त मोर्चा र राजनीतिक संयुक्त मोर्चाका रूपमा विश्लेषण गर्न सकिन्छ र विशेष स्थितिमा तिनीहरूभित्र पनि अनेक तह हुन सक्छन्।

**वामपन्थी मोर्चा**

१. नेपालको कम्युनिस्ट आन्दोलन विभाजित छ। यसलाई अधिकत एकीकृत बनाउन दृढ प्रयत्न गर्नु प्रत्येक इमान्दार कम्युनिस्टको महत्त्वपूर्ण कर्तव्य हो। तर कम्युनिस्ट समूहहरूको बीचमा सिद्धान्त, राजनीति कार्यनीतिका सम्बन्धमा अनेकौँ मतभेद र विवादहरू छन्। यो विवाद र वैचारिक सङ्घर्ष आजसम्म धेरैजसो अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन र अमूर्त सैद्धान्तिक विषयहरूमा केन्द्रित हुँदै आएको छ तर अब त्यस्तो हुन दिनुहुँदैन। आफ्नो देशको क्रान्ति र निर्माणसँग तथा त्यसोसँग प्रत्यक्ष सरोकार राख्ने अन्तर्राष्ट्रिय विषयहरूमा ठोस ढङ्गले केन्द्रित गर्नुपर्छ। आफ्ना मान्यता, कार्यक्रम र नीतिहरूका आधारमा स्वतन्त्रतापूर्वक व्यवहारमा जाँदै वैचारिक सङ्घर्षलाई पनि स्वस्थ ढङ्गले संचालित गर्नुपर्छ। यसबाट नै एकातिर सैद्धान्तिक मान्यता र नीतिहरूको सत्यताको परीक्षण हुन्छ भने अर्कोतिर सच्चा कम्युनिस्टहरू को हुन् र को होइनन् भन्ने कुरा पनि छुट्टिन्छ। ठोस ढङ्गले सैद्धान्तिक विचारधारात्मक एकता पनि प्राप्त गर्न सकिन्छ। मार्क्सवाद–लेनिनवादका आधारमा सिद्धान्न र व्यवहारनिष्ठ एकताबिना कम्युनिस्ट आन्दोलन एकीकृत हुन सक्दैन।

२. एउटा देशमा एउटा मात्र कम्युनिस्ट पार्टी हुनसक्छ भन्ने मान्यतालाई कठमुल्लावादी ढङ्गले बुझ्दै तथा त्यसको आधारमा आफूलाई मात्र कम्युनिस्ट देख्ने र अरूलाई बलपूर्वक निषेध गर्ने दृष्टिकोणका कारणले गर्दा पनि आपसी सम्बन्धमा बढी शत्रुता, दूरता र तीतोपन रहँदै आएको हुनसक्छ। तर हाम्रो देशमा परिस्थितिले हामीलाई दशकौँअघिदेखि अनेक बनाएको छ। यो यथार्थलाई स्वीकार गर्न सक्नुपर्छ। यदि यसलाई स्वीकार गर्ने, अनेक कम्युनिस्ट समूहहरूको अस्तित्वप्रति सहिष्णु हुने, आपसको असैद्धान्तिक सङ्घर्षलाई हटाउने र शत्रुवत् व्यवहारलाई बन्द गर्ने हो भने त्यसले कम्युनिस्ट आन्दोलनको एकीकरणमा बल पुऱ्याउँछ तथा कम्युनिस्टहरूको मात्र होइन, आमजनताको मनोविज्ञानमा पनि बेग्लै असर पार्न सक्छ। आपसमा निकटता र सहकार्यको वातावरण बन्दै जान सक्छ। एकातिर फुट र विभाजनवादी प्रवृत्तिको निन्दा गर्दै त्यसलाई हतोत्साहित गर्नुपर्छ, एकता र एकीकरणको पक्षमा बल दिनुपर्छ भने अर्कोतिर एकता र एकीकरणका निम्ति सङ्कीर्णता, असहिष्णुता, शत्रुता र बलपूर्वक निषेध गर्न खोज्ने कार्यविधिको तीखो आलोचना पनि गर्नुपर्छ। एक अर्काको अस्तित्व स्वीकार गर्ने, सहिष्णु हने र सैद्धान्तिक विचारधारात्मक सङ्घर्षलाई स्वस्थ ढङ्गले व्यापक र गहिरो बनाउँदै सिद्धान्तनिष्ठ एकतामा पुगेर पार्टी र आन्दोलनलाई एकीकृत बनाउने प्रयत्न गर्नुपर्छ।

एकता र एकीकरण नभई आन्दोलनमा जान नचाहने वा आन्दोलनमा एक्लै उत्रिन परेपछि एकताको पक्षलाई बेवास्ता गर्दै दुवै प्रवृत्तिको खण्डन गर्नुपर्छ।

**३.** जबसम्म सङ्गठनात्मक रूपमा त्यस्तो एकता वा एकीकरण हन सक्दैन, तबसम्म क्रान्ति र निर्माणका कुन–कुन सवालमा कुन तहसम्म मिलेर काम गर्न सकिन्छ, त्यसका निम्ति मिलेर, मोर्चा बनाएर एकताबद्ध ढङ्गले आन्दोलन गर्ने कार्यविधि अँगाल्नुपर्छ। यसरी वामपन्थी मोर्चा कम्युनिस्ट आन्दोलनलाई एकीकृत गर्ने महत्त्वपूर्ण प्रक्रिया सिद्ध हुन सक्छ।

**वर्गीय संयुक्त मोर्चा**

**१.** सामन्तवाद, दलाल नोकरशाही पुँजीवाद, विस्तारवाद र साम्राज्यवादलाई नेपालबाट समूल नष्ट गर्दै नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने कार्यक्रमको आधारमा प्रतिक्रियावादी राज्यसत्ताका कुनै पनि खाले रूपहरूलाई अन्त्य गरी सर्वहारा वर्गको नेतृत्वमा जनताको जनवादी अधिनायकत्व भएको राज्यसत्ता स्थापना गर्नको निम्ति बनाइने मोर्चा वर्गीय मुक्ति मोर्चा हो। यस्तो मोर्चामा मजदुर, किसान एकताको आधारमा मजदुर, किसान तथा अन्य निम्नपुँजीपति वर्ग, मध्यम पुँजीपति वर्ग, देशभक्त र जनवादी तत्त्वहरूसमेत सामेल हुन सक्छन्। नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नका निम्ति यस्तो वर्गीय मोर्चा रणनीतिक महत्त्व राख्ने संयुक्त मोर्चा हुन्छ। यस्तो वर्गीय मोर्चा मजदुर वर्ग र किसानबीचको सुदृढ एकतामा आधारित भएर मात्र टिक्न र बलियो हुनसक्छ भने अरू सबैखाले राजनीतिक मोर्चाहरूमा यस्तो वर्गीय मोर्चा सुदृढ भएको खण्डमा तथा त्यसको आधारमा मात्र कम्युनिस्ट पार्टीले प्रभावकारी निर्णायक भूमिका पनि खेल्न सक्छ। त्यसकारण वर्गीय संयुक्त मोर्चा निर्माण गर्नु संयुक्त मोर्चाको सवालमा हाम्रो कामको केन्द्रीय कडी हुन पुग्छ।

**२.** हाम्रो पार्टीले देशभित्र र प्रवासमा समेत छरिएर रहेका नेपाली जनसमुदायभित्र स्वतन्त्र रूपमा क्रान्तिकारी काम गर्ने र त्यहाँ विभिन्न वर्ग, पेसा, तह र जातिका सङ्गठनहरू तथा राजनीतिक र नागरिक अधिकारसम्बन्धी मोर्चा सङ्गठनहरू बनाउने दौरानमा पार्टीको पहल र नेतृत्वमा यस्तो मोर्चा विचारधारात्मक तहबाट निर्माण हुँदै आएको छ। यस कामलाई दृढतापूर्वक जारी राख्नुपर्छ र अझै व्यापक रूपमा विकास गर्दै जानुपर्छ। यी सबै फाँटमा फैलिएको कामलाई अहिलेसम्म स्वयम् पार्टीले नै संयोजित गर्दै आएको छ। तर त्यो केवल राजनीतिक विचारधारात्मक तहसम्म मात्र संयोजित हुन सकेको छ र औपचारिक रूपमा कुनै संयुक्त मोर्चा सङ्गठन बनाइएको छैन। वर्गसङ्घर्ष र राजनीतिक आन्दोलनलाई अघि बढाउनका निम्ति त्यस्ता जनसङ्गठन तथा मोर्चा सङ्गठनलाई अझै व्यवस्थित, सुदृढ, सक्षम र सम्बन्धित जनसमुदायभित्र व्यापक जनआधारित बनाउन विशेष प्रयत्न गरिरहनुपर्छ। त्यस्ता सङ्गठनहरू र आमजनसमुदायका क्रान्तिकारी गतिविधिलाई एकीकृत र संयोजित गर्नको निम्ति ती जनसङ्गठनहरू र मोर्चा सङ्गठनहरूको एउटा संयुक्त मोर्चा सङ्गठन पनि निर्माण गर्नुपर्छ। यस्तो संयुक्त मोर्चा सङ्गठनलाई हाम्रो पार्टीले जति व्यापक र सुदृढ बनाउन सक्छ, त्यति नै त्यसले क्रान्तिकारी सङ्घर्षमा प्रभावकारी भमिका खेल्नसक्छ र त्यस सङ्घर्षमा अन्य शक्तिहरूलाई पनि गोलवन्द गर्न र अघि बढाउन सक्छ। यसै प्रक्रियामा नै व्यापक संयुक्त मोर्चामा पार्टीको भूमिका अरू प्रभावकारी रूपमा स्थापित गर्न सकिनेछ।

**३.** हाम्रो पार्टीले निर्माण गरेको त्यस्तो वर्गीय संयुक्त मोर्चाले एकातिर स्वतन्त्रतापूर्वक जनताको संयुक्त जनवादी आन्दोलनलाई नेतृत्व प्रदान गर्ने र अघि बढाउने काम गर्छ भने अर्कोतिर नयाँ जनवादी क्रान्तिलाई नै आफ्नो लक्ष्य बनाएर सङ्घर्षमा लागिरहेका अरू राजनीतिक, सामाजिक र वर्गीय शक्तिहरू वा तिनीहरूले निर्माण गरेका संयुक्त मोर्चा सङ्गठनहरूसँग एकताबद्ध भएर जनवादी आन्दोलनलाई अझ व्यापकता दिने तथा नयाँ जनवाद प्राप्तिका निम्ति काम गर्ने मोर्चालाई अझ विस्तारित रूप प्रदान गर्ने प्रयत्न पनि गर्छ। नयाँ जनवादका निम्ति आन्दोलन गर्ने सम्पूर्ण क्रान्तिकारी जनवादी शक्तिलाई एकीकृत पार्नु र संयुक्त बनाउनु पनि अहिले उत्तिकै जरुरी ठानिने विषय नै हो। यस विषयमा पनि हाम्रो तर्फबाट पार्टी, मोर्चा र जनसङ्गठनहरूसँग पार्टी, मोर्चा र जनसङ्गठनहरूद्वारा नै पहलकदमी लिनुपर्छ।

## राजनीतिक संयुक्त मोर्चा

**१.** देशमा अहिले निरङ्कुश राजतन्त्र कायम छ। यस्तो राजनीतिक स्थितिमा जनता र राष्ट्रको आजको प्रमुख साझा राजनीतिक शत्रु पनि त्यही नै हो। राजतन्त्रलाई अन्त्य नगरी न त जनताले जनवाद पाउन सक्छन्, न साम्राज्यवादी शोषण नियन्त्रणलाई समाप्त पारेर राष्ट्रले पूर्ण स्वाधीनता नै हासिल गर्न सक्छ। राजतन्त्रलाई अन्त्य गर्नु अहिलेको तात्कालिक राजनीतिको केन्द्रीय कडी बनेको छ। त्यसकारण अहिलेको राजनीतिक आन्दोलनमा अस्थायी, अस्थिर र ढुलमुल नै भए पनि त्यस्ता राजतन्त्रविरोधी राजनीतिक मित्रहरू खोज्नु र तिनीहरूसँग न्यूनतम राजनीतिक समझदारी कायम गरेर राजनीतिक मोर्चा निर्माण गर्ने प्रयत्न गर्नु पनि संयुक्त मोर्चाको सवालमा एउटा ज्वलन्त महत्त्वको विषय हो। अन्तिम निष्कर्षमा संयुक्त मोर्चा, भिन्न स्वार्थ भएका शक्तिबीचमा खास कामको निम्ति सापेक्ष रूपमा हुने अस्थायी मिलन भएको हुनाले त्यहाँ एकता र सङ्घर्ष दुवै पक्ष कायम रहेको हुन्छ। राजतन्त्रको अन्त्य गर्ने खास कामको निम्ति कम्युनिस्ट पार्टीको विरोध गर्ने र नयाँ जनवादसँग असहमत हुने नै भए पनि राजतन्त्रको विरोध गर्ने राजनीतिक शक्तिसँग पनि राजनीतिक एकता कायम गर्नुपर्छ र मोर्चा बनाउनुपर्छ। किनभने यस बेलाको राजनीतिक आन्दोलनको सबभन्दा मूल र पहिलो काम राजतन्त्रको अन्त्य गर्नु नै हो। त्यस्ता शक्तिहरूसँग अहिले राजतन्त्रको विरोध गर्ने कुरामा हाम्रो पार्टीको एकता हुन्छ तर त्यसपछि स्थापित गर्ने व्यवस्थाका बारेमा मतभेद हुनसक्छ। त्यसकारण एकता र अन्तरसङ्घर्षलाई पनि सँगसँगै जारी राख्नुपर्ने हुन्छ।

**२.** सुधारवादी र दक्षिणपन्थी अवसरवादीहरू राजतन्त्रलाई उन्मूलन गर्ने क्रान्तिकारी अडानको विरोध गर्छन् र केबल सुधारका काम र नाराहरूमा मात्र आधारित भएर मोर्चा बनाउन चाहन्छन्। अर्कोतिर उग्रवामपन्थी सङ्कीर्ण अलगाववादीहरू आफ्नै सङ्कीर्णतावादी राजनीतिमा आधारित भएर केबल वर्गीय संयुक्त मोर्चा मात्र बनाउन चाहन्छन्। दुवैथरिले राजतन्त्रविरोधी राजनीतिक मोर्चा बनाउने कुराको विरोध गर्छन्। यी दुवै दृष्टिकोणहरू गलत छन् र क्रान्तिकारीहरूलाई काम लाग्दैनन्। दुवै गलत दिशाका विरुद्ध विचारधारात्मक सङ्घर्ष चलाएर मात्र त्यस्तो राजनीतिक मोर्चा बनाउन सकिन्छ।

**३.** त्यस्तो राजनीतिक मोर्चा बनाउनका निम्ति राजनीतिक शक्तिहरूको बीचमा न्यूनतम राजनीतिक समझदारी कायम हुनुपर्छ र त्यो निम्न कुरामा आधारित हुनुपर्छः

(क) राजतन्त्रको विरोध गर्ने र प्रजातन्त्रको स्थापना गर्ने,

(ख) प्रजातान्त्रिक आन्दोलनमा कम्युनिस्ट पार्टीसँग एकता गर्न चाहने,

(ग) एकदलीय तानाशाहीको विरोध गर्ने र बहुदलीय प्रजातान्त्रिक शासन प्रणाली अपनाउने।

यी न्यूनतम राजनीतिक आधारहरूप्रति सहमति राख्ने, समर्थन गर्ने र राजनीतिक शक्तिहरू, जनसङ्गठनहरू तथा सामाजिक शक्ति र व्यक्तिहरूसँग राजनीतिक मित्रता, समझदारी र मोर्चा निर्माण गर्न सकिन्छ। राजतन्त्रको विरोध, कम्युनिस्ट पार्टीसँग सङ्घर्षमा एकता र प्रजातान्त्रिक शासन प्रणालीमध्ये कुनै पनि एउटालाई छाडेर त्यस्तो राजनीतिक मोर्चा बन्न सक्दैन। अहिलेको तात्कालिक राजनीतिक समस्यालाई समाधान गर्ने आन्दोलन अघि बढाउन व्यापक तथा संयुक्त राजनीतिक आन्दोलन संचालन गर्न सकिन्छ।

**४.** राजतन्त्रविरोधी राजनीतिक मोर्चा निर्माण गर्ने विषयलाई अघि सार्दा देशका विभिन्न राजनीतिक शक्तिहरूका बारेमा ठोस धारणा बनाउन आवश्यक हुन्छ। यस प्रसँगमा नेपाली कम्युनिस्ट आन्दोलनभित्र नेपाली कांग्रेसको सवाल सबभन्दा बढी विवादास्पद रहँदै आएको छ। एकथरीले त्यसलाई नयाँ जनवादी क्रान्तिकै वर्गीय मित्र ठानेर त्योसँग केबल एकताको पक्षमा जोड दिन्छन् भने अर्कोथरीले प्रमुख राजनीतिक शत्रुकै कोटीमा राखेर त्योसँग केवल सङ्घर्षमात्र गर्ने दृष्टिकोण लिन्छन्। यी दुवै दृष्टिकोणहरू अतिवादी हुन् र यथार्थसङ्गत होइनन्। यिनीहरूले कम्युनिस्ट पार्टीलाई वर्गसमर्पणवाद तथा सङ्कीर्ण अलगवावादमा पुर्याउनेछन् र राजतन्त्रविरोधी राजनीतिक आन्दोलनलाई हानी पुर्याउने छन्। हामीले

कांग्रेसलाई राजतन्त्रविरोधी आन्दोलनको दृष्टिकोणबाट दुईपक्षीय ढङ्गले विश्लेषण गर्न सक्नुपर्छ।

**५.** नेपाली कांग्रेस जमिन्दार वर्ग र दलाल नोकरशाही पुँजीपति वर्गको उदारवादी पक्षको प्रतिनिधित्व गर्ने राजनीतिक पार्टी भएको हुनाले वर्गीय रूपमा त्यो नौलो जनवादी क्रान्तिको शत्रु शक्ति नै हो र त्यसलाई पराजित नगरी नौलो जनवादी क्रान्ति पूरा गर्न सकिन्न। तर अहिले देशमा एकातिर निरङ्कुश राजतन्त्रात्मक निर्दलीय शासन प्रणाली भएको हुनाले र कांग्रेस पार्टी आधारभूत रूपमा वैधानिक राजतन्त्र र बहुदलीय शासन प्रणालीको पक्षमा रहेको हुनाले वर्तमान निरङ्कुश राजतन्त्रविरोधी आन्दोलनको दौरानमा त्यो पार्टी जनताको अस्थायी राजनीतिक मित्र शक्तिमा पर्दछ भने अर्कोतिर सिङ्गो रूपमा सामान्य हिसाबले राजनीतिक मित्र भए पनि त्यसभित्रका दुईखाले राजनीतिक धारणालाई पनि हामीले देख्न र चिन्न सक्नुपर्छ। नेपाली कांग्रेसको नेतृत्व गुटको प्रमुख पक्ष कट्टर राजावादी र घोर कम्युनिस्ट विरोधी तथा लगातार सम्झौता र आत्मसमर्पणवादको बाटोमा अघि बढिरहेको छ। तर यसका सबै कार्यकर्ता उत्तिकै राजावादी र उत्तिकै कम्युनिस्टविरोधी छैनन्। नेपाली कांग्रेसभित्रको दुईखाले राजनीतिक धार र प्रवृत्तिलाई उसका विगत ४० वर्षको इतिहासको विश्लेषणात्मक अध्ययन गरेर बुझ्न सकिन्छ। कांग्रेसभित्रको सङ्घर्ष र सम्झौतावाद, राजतन्त्रको विरोध र राजावाद, बुर्जुवा प्रजातन्त्र र समर्पणवाद, घोर कम्युनिस्ट विरोध र तटस्थतावादका बीच कुनै पनि मतभेद, विरोध, विविधता र अन्तर नदेख्नु राजनीतिक रूपले हानिकारक हुन्छ।

**६.** नेपाली कांग्रेसभित्रको उक्त राजनीतिक स्थितिको परिप्रेक्ष्यमा त्यसभित्रको राजावादी, कम्युनिस्टविरोधी र समर्पणवादी पक्षका विरुद्ध सङ्घर्ष गर्दै अर्को पक्षलाई प्रोत्साहित गर्दै राजनीतिक रूपले राजतन्त्रविरोधी आन्दोलनमा एकताबद्ध पार्ने प्रयत्न गर्नुपर्छ। यसको निम्ति राजनीतिक मोर्चाका न्यूनतम राजनीतिक आधारहरूलाई व्यापक रूपमा प्रचारित गरेर सम्पूर्ण राजतन्त्रविरोधी शक्ति र व्यक्ति तथा समूहहरूलाई एकताबद्ध बनाउने प्रयत्न गर्नुपर्छ। त्यस्ता शक्तिहरूलाई गणतन्त्रको पक्षमा ल्याउन कम्युनिस्ट पार्टीले भूमिका खेल्नुपर्छ।

७. राजनीतिक शक्तिहरूलाई त्यस्तो राजनीतिक मोर्चामा सामेल गर्ने वातावरण र समझदारी बनाउने प्रक्रियाको सम्बन्धमा पनि तिनीहरूको नेतृत्वमाथि र उनीहरूको वार्तामाथि भरोसा गरेर होइन, प्रमुख रूपमा आमजनसमुदायबीच स्वतन्त्र रूपमा व्यापक प्रचार गर्ने ती राजनीतिक शक्तिहरूको प्रभावमा रहेका जनता र त्यसका कार्यकर्ताहरूबीच प्रचार गर्ने र जनस्तरबाट एकताको वातावरणलाई बलियो बनाउने तरिकामाथि जोड दिइनुपर्छ। यो प्रमुख कामको साथमा नै नेतृत्वसँगको वार्ता र सम्बन्धलाई पनि परिचालित गर्नुपर्छ।

**कार्यगत एकता**

**१.** कार्यगत एकता पनि संयुक्त मोर्चाकै एउटा रूप हो। यसभित्र विषयगत मोर्चा पनि पर्दछ। आजको प्रमुख राजनीतिक शत्रु निरङ्कुश राजतन्त्रलाई विरोध गर्ने तहसम्म सोझै जान नसक्ने वा नचाहने राजनीतिक, वर्गीय, पेसागत, सामाजिक, सांस्कृतिक तथा जातीय एवं सङ्गठनहरूसँग मिल्न सकिने विषयमा मिलेर काम गर्दै वर्गसङ्घर्ष तथा राजनीतिक आन्दोलनलाई व्यापक पार्ने र माथि उठाउने प्रयत्न गर्नु आवश्यक छ। मुलुकमा यस्ता पनि शक्ति सङ्गठन र तहहरू छन्, जो डर–त्रास, पेसागत परिवेश वा माथिल्लो वर्गस्वार्थको कारणले राजतन्त्रको विरोध गर्ने तहसम्म सोझै जान सक्दैनन्। यस्ता तत्त्वहरूलाई पनि सङ्घर्षमा संयुक्त बनाउनुपर्ने आवश्यकता हुन्छ। समाज र राजनीतिको यो तहलाई उपेक्षा र विरोध मात्र गरेर वर्गसङ्घर्ष अघि बढ्न सक्दैन। कम्युनिस्ट पार्टी यथास्थितिवाद विरोधी अगुवा तत्त्व हो भने यो तह सबभन्दा पछौटे तत्त्व हो। अगुवा शक्तिले पछौटे तत्त्वलाई आफ्नै तहमा आए आऊन्, नआए जाऊन् भनेर छाड्नु पनि हुँदैन र पछौटे तत्त्व रिसाउलान् कि भनेर खुसी पार्न आफूलाई तल खसाल्नु पनि हुँदैन। मिल्न सकिने विषयमा मिलेर काम गर्दै उनीहरूका कमजोरी र पछौटेपनको आलोचना गर्दै माथि उठाउने प्रयत्न गर्नुपर्छ।

२. यस्तो मोर्चामा मिल्न सकिने एक वा त्यसभन्दा बढी तत्कालिक र ज्वलन्त विषयहरूको आधारमा एकता हुन सक्छ र आवश्यकताअनुसार छोटो वा लामो समयका निम्ति कायम रहन सक्छ। त्यस्ता विषयहरू यथास्थितिवादमाथि चोट पार्ने, मुख्य शत्रुमाथि प्रत्यक्ष वा परोक्ष रूपमा आघात पार्ने, जनतालाई तात्कालिक वा दीर्घकालीन राहत सहयोग पुऱ्याउने, जनतालाई सङ्गठित हुन प्रेरित र सहयोग गर्ने तथा क्रान्तिकारी आत्मगत शक्तिमा प्रत्यक्ष वा परोक्ष ढङ्गले बल थप्ने खालका हुनुपर्छ। यसको उल्टो हुनुहुँदैन। देश, काल र परिस्थिति अनुसार यस्ता विषय अनेक र अनन्त हुन सक्छन्। तिनीहरू राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, राष्ट्रियतासम्बन्धी वा विकास निर्माणसम्बन्धी कुनै पनि फाँटका हुन सक्छन् र ध्वंश वा निर्माण कुनै पनि आशय लिएका हुन सक्छन्।

३. यस्तो मोर्चा एकसाथ अनेक शक्तिसँग अनेक ठाउँमा अनेक विषयमा अनेकपटक हुनसक्छ र बनाउने प्रयत्न पनि गर्नुपर्छ। वर्गसङ्घर्षलाई सबै सम्भव उपायहरूबाट माथि उठाउने र व्यापक पार्ने कार्यनीतिलाई यसरी नै व्यावहारिक रूप दिन सकिन्छ। यस्तो विषयगत मोर्चा निर्माण गर्न महत्त्वपूर्ण सहयोगी सिद्ध हुन सक्छ। माथिल्लोस्तरको मोर्चा बनिसकेपछि पनि यसले आफ्नो महत्त्व गुमाउँदैन। किनभने आन्दोलन अघि बढ्दैमा पछौटे पङ्क्ति समाप्त हुँदैन र सधैँ नै पछौटे पङ्क्तिलाई वर्गसङ्घर्षमा तान्न र माथि उठाउन कम्युनिस्ट पार्टीले लचिलो कार्यनीति लिइरहनुपर्छ।

**तात्कालिक कार्यनीति र कामहरू**

१. पार्टीको तात्कालिक कार्यनीतिले यतिबेला पार्टीले क्रान्तिकारी कामलाई कसरी जारी राख्नुपर्छ र त्यसलाई कसरी अघि बढाउनुपर्छ भन्ने कुरा सुस्पष्ट बनाउनुपर्छ। वर्गसङ्घर्ष उर्लिँदैछ कि सेलाएको छ? माथि उठ्दैछ कि तल खस्दैछ? क्रान्तिकारी सर्वहारा वर्गका सहयोगीहरू सँगसँगै अघि बढ्दैछन् कि रोकिएका छन्? जनता आक्रामक अभियानमा सङ्गठित हुँदैछन् कि अलग उभिएका छन् भन्ने जस्ता सामयिक प्रश्नहरूको ठीक विश्लेषण गरेर मात्र सही कार्यनीति निधो गर्न सकिन्छ। पार्टीको कार्यनीति भनेको उसको दैनिक आचरण या दिनहुँको राजनीतिक क्रियाकलापलाई नियमित र निर्देशित गर्ने नीति हो।

२. नेपालको वर्तमान सामाजिक स्थितिमा नयाँ जनवादी क्रान्ति तुरुन्त चाहिएको छ। यदि यस्तो वस्तुगत आवश्यकता नभएको भए क्रान्तिकारी पार्टी रहनुको कुनै सार्थकता हुने थिएन। तर आवश्यकता आफै पूर्ति हुँदैन। क्रान्तिका कारक तत्त्वहरूलाई मान्छेका प्रयत्नले संचित, सङ्गठित र गतिशील बनाउन सक्नुपर्छ। तबमात्र आवश्यकताको पूर्ति हुनसक्छ। एउटा क्रान्तिकारी पार्टीले जुनसुकै बेला र जस्तोसुकै परिस्थितिमा पनि यही काम गरिरहेको हुनुपर्छ। तर देश काल र परिस्थिति अनुसार काम गर्ने ढङ्ग फरक–फरक हुन्छ। कहिले काहीं वर्गसंघर्षको स्थिति फेरिएको नाममा लक्ष्यलाई नै फेर्न खोज्ने र कहिलेकाहीं लक्ष्यलाई फेर्नुहुदैन भन्ने नाउँमा काम गर्ने ढङ्गलाई पनि फेर्न नचाहने असन्तुलन र गल्तिहरू देखापर्ने गर्छन। यस्तो असन्तुलन पार्टीको अक्षमताको द्योतक हुन्छ। क्रान्तिको लक्ष्य नफेरिएसम्म त्यसलाई प्राप्त गर्न बनाइएको रणनीतिक योजना आधारभूत रूपमा फेरिँदैन। तर नीति र कार्यनीतिहरू परिस्थिति अनुसार फेरिन्छन।

३. क्रान्तिको लक्ष्य नै आफैँमा रणनीति होइन, त्यो त रणनीतिको आधार हो। वर्तमान नेपाली क्रान्तिको लक्ष्य– नयाँ जनवाद देशको वस्तुगत स्थितिको मार्क्सवादी सिद्धान्तअनुसार गरिएको विश्लेषणको क्रान्तिकारी निचोड हो। क्रान्ति पूरा नभएसम्म त्यो बदलिँदैन। त्यसैले त्यसका आधारमा तयार गरिएको रणनीति पनि लक्ष्य प्राप्त नहुन्जेल बदलिनु हुँदैन। कार्यनीति रणनीतिकै एउटा अंश हो र त्यसको सेवा गर्छ। तर क्रान्तिकारी लक्ष्य क्रान्तिकारी रणनीतिको आधार भएजस्तो सुधार कार्यनीतिको आधार हुन सक्दैन। क्रान्ति सम्पन्न गर्नु रणनीतिको लक्ष्य भएजस्तै सुधार सम्पन्न गर्नु कार्यनीतिको लक्ष्य हुन सक्दैन। त्यसकारण क्रान्तिकारी माग र नारा अघि सार्नुलाई कार्यनीति भन्न मिल्दैन।

४. एउटा निश्चित युगभरि जनताको आधारभूत आवश्यकता एउटै हुन्छ, त्यो हो प्रतिगामी पुरानो उत्पादन सम्बन्धलाई ध्वस्त गर्नु र उत्पादक शक्तिको विकासको निम्ति बाधक तत्त्वहरूलाई समाप्त पारी नयाँ प्रगतिशील उत्पादन सम्बन्ध कायम गर्नु। रणनीतिले त्यो काम कसरी सम्पन्न गर्ने भन्ने बाटो देखाउँछ भने कार्यनीतिले विद्यमान राजनीतिक शक्ति सन्तुलन, वर्गसम्बन्ध र सङ्घर्षको ठोस परिस्थितिमा त्यसलाई कसरी छिटो प्राप्त गर्न सकिन्छ ? त्यो प्रक्रिया र कामलाई निर्देशित गर्नुपर्छ। त्यसकारण कार्यनीतिको काम र उद्देश्य जनतासँग पार्टीको सम्बन्ध सुदृढ बनाउनु, सम्भव भएका सबै उपाय र कामहरूद्वारा सम्भव भएसम्म छिटो क्रान्तिको पक्षमा आम जनतालाई गोलबन्द हुन सघाउनु, प्रमुख शत्रुका विरुद्ध सङ्घर्षमा उत्रन प्रेरित गर्नु र त्यसमा क्रान्तिकारी नेतृत्व प्रदान गर्नु हो। त्यसकारण एउटा क्रान्तिकारी पार्टीको कार्यनीति सुधारवादी हुन सक्दैन।

५. कहिलेकाहीँ क्रान्तिकारी सङ्घर्ष र कामको निम्ति परिस्थिति प्रतिकूल छ भनेर क्रान्तिको लक्ष्यलाई मुल्तवीमा राख्न खोज्ने, कहिलेकाहीँ क्रान्तिकारी लक्ष्य प्रमुख हो भनेर त्यो नपाएसम्म जनताका तात्कालिक समस्याहरूलाई पनि मुल्तवीमा राख्न खोज्नेजस्ता विसङ्गतिहरू देखिने गर्छन्। क्रान्तिकारी लक्ष्यमा दृढतापूर्वक र प्रभावकारी ढङ्गले कायम रहँदै, जनताको बीचमा त्यसको प्रचार व्यापक बनाउँदै र जनतालाई क्रान्तिको पक्षमा आउन आह्वान गर्दै जनताका तात्कालिक समस्याहरूमा समेत राहत, सहयोग पुऱ्याउन पार्टीको कार्यनीतिले ध्यान दिनुपर्छ। यसरी वर्गसङ्घर्ष उतारमा छ भनेर पार्टीको नीतिलाई सुधारका सवालहरूमा मात्र केन्द्रित गर्ने र क्रान्तिको प्रचारलाई व्यापक बनाउनुपर्छ भन्ने नाममा जनताका तात्कालिक समस्याप्रति बेवास्ता गर्नु दुवै प्रवृत्तिहरू कार्यनीतिका हिसाबले गलत हुन्।

६. आज पार्टीले 'निरङ्कुश राजतन्त्रको अन्त्य गरौँ र जनवादी गणतन्त्रको स्थापना गरौँ' भन्ने केन्द्रीय राजनीतिक नारा अघि सारेको छ। यो नारा राजतन्त्रका विरुद्ध र जनवादी गणतन्त्रको पक्षमा सामेल हुन व्यापक जनतालाई गरिएको आह्वान हो। त्यसकारण यो आन्दोलनको नारा हो। यो नारा पार्टीको वर्तमान राजनीतिक कार्यनीतिको मूल निर्देशक र अन्तर्वस्तु पनि हो। पार्टीको अहिलेको प्रचार कार्य, सङ्गठनात्मक कार्य र सङ्घर्षसम्बन्धी कार्यहरूले यो मूल कार्यनीतिलाई बोक्नुपर्छ। वर्गसङ्घर्षको विद्यमान स्थितिमा यो मूल कुरालाई कामको फाँट अनुसार कहीं खुला र नाङ्गो ढङ्गले, कहीं आवरणमा राखेर प्रतिकात्मक ढङ्गले लेख्नु, बोल्नु र प्रचार गर्नुपर्ने हुन्छ। तर कसरी भन्नु वा गर्नुपर्छ भन्ने तरिकाको प्रश्नले के भन्नु र गर्नुपर्छ भन्ने मूल कुरालाई विस्थापित गर्न सक्दैन। यी तीनवटै क्षेत्रमा अहिले गरिरहेका वा गर्नुपर्ने विविधता र जटिलताले भरिएका अनेक कामहरूलाई मूल कामको दिशामा ठीक ढङ्गले संयोजन र नेतृत्व प्रदान गर्नु कार्यनीतिको क्षेत्रमा पार्टी नेतृत्वको मुख्य दायित्व हो।

७. माथिका विषयहरूले आज पार्टीको मूल राजनीतिक– कार्यनीति आन्दोलनको कार्यनीति के हो भन्ने कुरा प्रष्ट पार्छन् र आजको पार्टी कार्यनीति र राजतन्त्रलाई अन्त्य गरी जनगणतन्त्रको स्थापना गर्ने सङ्गठित र सशक्त, क्रान्तिकारी जनशक्ति निर्माण गर्ने कार्यनीति हो भन्ने प्रष्ट पार्छन्। यसभित्र पार्टीको प्रचार कार्यसम्बन्धी कार्यनीति, सङ्गठनात्मक कार्यसम्बन्धी कार्यनीति, सङ्घर्षसम्बन्धी कार्यनीति र अरू अनेकौँ कार्यनीतिहरू अन्तरनिहित हुन्छन्। यी सबै कार्यनीतिहरू र तत्सम्बन्धी कामलाई सुधारवादी कार्यनीतिले निर्देशित र नेतृत्व गर्न सक्दैन। त्यसकारण पार्टीको कार्यनीति क्रान्तिकारी हुनुपर्छ।

८. वर्गसङ्घर्ष उभारमा भएको बेलाका र उतारको बेलाका प्रचार, सङ्गठन र सङ्घर्षका रूप र तरिकाहरू एउटै हुन सक्दैनन्। उभारको बेलामा राजनीतिक सङ्घर्ष प्रमुख हुन्छ, सङ्घर्षको राष्ट्रव्यापी स्वरूप मुख्य हुन्छ र जनआन्दोलनले आक्रामक चरित्र लिएको हुन्छ। त्यसबेला आक्रामक सङ्घर्षलाई ठोस रूपमा गति दिनेढङ्गको सबैभन्दा प्रभावशाली रूप र तरिकाहरू अपनाइन्छन्। प्रतिक्रियावादीहरू यथास्थितिमा उभिने कोसिस गर्छन्, सुधारको बहाना गर्छन् र पछि हट्न बाध्य हुन्छन्। तर वर्गसङ्घर्षमा उतार आएको बेला त्यस्तो स्थिति हुँदैन र प्रतिक्रियावादी शक्ति आक्रामक भएको

हुन्छ र जनताप्रति रक्षात्मक अवस्थामा फर्किएका हुन्छन् । यस्तो बेलामा एकलौटी राजनीतिक सङ्घर्ष र आक्रामक स्वरूपको माग गरेर हुँदैन । त्यस्तो बेलामा आन्दोलनको तयारीका लागि क्रान्तिकारीहरू पछि हटेर प्रचार, सङ्गठन र सङ्घर्षका उपयुक्त रूप र तरिकाहरू अपनाउनुपर्छ । जनतालाई उनीहरू बसेको ठाउँदेखि उठाउनुपर्छ । राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक जे सवालमा सम्भव हुन्छ त्यसैबाट वर्गसङ्घर्षमा उतार्ने प्रयत्न गर्नुपर्छ । वर्गसङ्घर्षका स्थानीय पकेटहरूलाई तताउँदै जानुपर्छ । तिनीहरूलाई तलबाट संयोजन गर्दै क्रमशः राष्ट्रव्यापी तहमा उठाउँदै जानुपर्छ । अन्य सङ्घर्षहरूलाई उपयुक्तढङ्गले राजनीतिक सङ्घर्षमा रूपान्तरित गर्दै जानुपर्छ । यी कामहरू गरिरहेको बेलामा पनि राष्ट्रव्यापी सङ्घर्षको सम्भावना देखिन्छ भने त्यसलाई छोड्नु पनि हुँदैन । स्थानीय सङ्घर्षहरूमा प्रमुख रूपले लागिरहेको बेला पनि राष्ट्रिय महत्त्वका सम्भव सवालहरूमा संघर्ष उठाएर त्यसलाई स्थानीय सङ्घर्षहरूसँग समन्वय गर्ने सवाललाई पनि उचित महत्त्व दिइरहनुपर्छ । उभारको बेलामा राज्यसत्ताका विरुद्ध राष्ट्रिय तहको राजनीतिक सङ्घर्षमा शक्तिकेन्द्रित गर्नुपर्छ भने उतारको बेलामा विकेन्द्रित भएर वर्गसङ्घर्षको स्थानीय विविध रूपहरूलाई विकसित गर्नुपर्छ । त्यस्तो बेलामा प्रतिक्रियावादी सङ्घसंस्थाहरूलाई समेत उपयोग गर्नेदेखि लिएर सङ्गठनात्मक रूपमा अल्पकालीन चरित्रका अनेकौँ स्थानीय रूप र तरिकाहरू पनि प्रयोग गर्नुपर्ने हुन्छ । तर क्रान्तिकारी माग र नारामा राष्ट्रव्यापी सङ्घर्ष हुन सकेन र क्रान्तिकारी सङ्गठनबाट हुन सकेन भनेर पार्टीको कार्यनीतिलाई सुधारवादमा कहिल्यै खसाल्नु हुँदैन ।

**९.** क्रान्तिकारी पार्टीले आधारभूत परिवर्तनको माग गर्ने क्रान्तिकारी नाराहरू त उठाउँछ, त्यसको निम्ति प्रचार र सङ्गठन त गर्छ तर जनताका दैनन्दिन सवालहरूसँग सम्बन्धित तत्कालीन विषयहरूलाई छोडिदिन्छ वा बेवास्ता गर्छ भने जनताहरू सुधारवादी सङ्गठनहरूतिर आकर्षित हुन वाध्य हुन्छन् । क्रान्तिकारी पार्टी जनसमुदायबाट अलग हुने खतरा उत्पन्न हुन्छ । अर्कोतिर केबल तात्कालिक विषयहरू र सुधारका सवालहरूलाई पार्टी कार्यनीतिको केन्द्रविन्दु बनाउँछ भने पार्टीले क्रान्तिकारी चरित्र गुमाउँछ र सुधारवादमा पतीत पनि हुन्छ । यी यस्ता विषयहरू हुन्, जसमा पार्टीले कार्यनीतिको हिसाबले ठीक सन्तुलन कायम राख्न सक्नुपर्छ ।

**१०.** कम्युनिस्ट पार्टीले काम गर्ने नीति र तरिकाको बारेमा कमरेड माओ त्सेतुङले उल्लेख गर्नुभएको तथ्यद्वारा सत्य पत्ता लगाउनपर्छ, सिद्धान्तलाई व्यवहारसँग मिलाउनुपर्छ र विद्यमान अवस्थाबाट काम थाल्नुपर्छ भन्ने कुराहरूले पार्टीको कार्यनीति निधो गर्ने विषयमा पनि गम्भीर महत्त्व राख्छन् । विद्यमान अवस्थाबाट वर्गसङ्घर्षलाई कसरी अघि बढाउने र राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रका कस्ता र कुन–कुन मागहरूमा अहिले जनतालाई सङ्घर्षमा उठाउने भन्ने कुरा हामीले तय गर्नुपरेको छ । यो पनि पार्टी कार्यनीतिको एउटा महत्त्वपूर्ण पक्ष हो । अहिले वर्गसङ्घर्ष उतारको स्थितिमा छ, प्रतिक्रियावादी पक्ष हावी रहेको छ र जनता आ–आफ्ना पेसा, व्यवसाय र परिवेशमा फर्किएका छन् । यस्तो बेलामा वर्गसङ्घर्ष एकीकृत ढङ्गले तुरुन्तै राष्ट्रव्यापी रूपमा उठ्न सक्ने सम्भावना कम भएको छ र स्थानीय रूपका वर्गसङ्घर्षमा जोड दिनुपर्ने स्थिति बनेको छ । जनताहरू एकैचोटि आमूल परिवर्तनको मागमा सङ्घर्षमा उत्रिने सम्भावना कम भएको छ, मुख्य शत्रुका बारेमा बढी प्रतिकात्मक भाषामा बोल्न बाध्य हुनुपरेको छ र सुधारका विषयबाट सङ्घर्ष थाल्नुपर्ने स्थिति बनेको छ । वर्गसङ्घर्षको यस्तो विद्यमान स्थितिमा पार्टीले निम्न विषय, माग र नाराहरूमा सङ्घर्ष उठाउन ध्यान दिन्नुपर्छः

राजनीतिक क्षेत्रमा सामन्ती निरङ्कुशतन्त्रको अन्त्य गरी पूर्ण राजनीतिक स्वतन्त्रता प्राप्तिका निम्ति, जनताका प्रतिनिधिहरूले संविधान बनाउन पाउने अधिकारको निम्ति, राजनीतिक दलहरूमाथिको प्रतिवन्ध हटाउनका निम्ति, जनताले स्वतन्त्र रूपमा सभा, सङ्गठन र हड्ताल गर्ने अधिकारका निम्ति, मौलिक अधिकारहरू नागरिक अधिकारहरू र मानव अधिकारको स्थापनाका निम्ति, राजनीतिक बन्दी रिहाइ, काला कानुनहरूको खारेजी, दमन धरपकडको अन्त्य, जनवर्गीय सङ्गठनहरूको

वैधानिक मान्यता र उनीहरूले उठाएका मागहरू पूरा गराउनका निम्ति, न्यायपालिकाको स्वतन्त्र र कानुनी राजको स्थापनाका निम्ति जस्ता साना ठूला राजनीतिक विषयहरू यसबेला राजनीतिक आन्दोलन उठाउनका निम्ति जनताको बीचमा महत्त्वपूर्ण प्रस्थानबिन्दु बन्न सक्छन्।

त्यसरी नै राष्ट्रिय स्वतन्त्रताको सम्बन्धमा सन् १९४७ र १९५० का सन्धिहरूलगायत सम्पूर्ण अपमानजनक र असमान सन्धिहरू रद्द हुनुपर्ने, नेपाल–भारत सीमानाको वैज्ञानिक रेखाङ्कन गरिनुपर्ने, भारतसँग व्यापार र पारवहनका अलग–अलग सन्धिहरू हुनुपर्ने, दुई देशबीचको सम्बन्धलाई पञ्चशीलको सिद्धान्तका आधारमा नवीकरण गरिनुपर्ने, नेपाल भारतबीचको खुला सीमाना बन्द हुनुपर्ने र आवागमनलाई नियन्त्रित र व्यवस्थित बनाइनुपर्ने, बढ्दो आप्रवासको प्रक्रियालाई अविलम्ब रोक्नुपर्ने र विदेशी कामदारहरूलाई कार्य–अनुमति पत्र दिने व्यवस्था देशभरि लागू गर्नुपर्नेजस्ता सवालहरूले राष्ट्रिय स्वतन्त्रता, स्वाधीनता र राष्ट्रिय आत्मनिर्भरता प्राप्त गर्ने क्षेत्रमा तात्कालिक र दीर्घकालिक दुवै हिसाबले महत्त्व राख्दछन्।

त्यसरी नै जनजीविकाको सम्बन्धमा बेरोजगारी अन्त्य हुनुपर्ने र बेरोजगार भत्ताको व्यवस्था हुनुपर्ने, महङ्गी र मूल्यवृद्धिको नियन्त्रण हुनुपर्ने, अनिकालग्रस्त क्षेत्रमा खाद्यान्नको व्यवस्था हुनुपर्ने, असुरक्षित क्षेत्रको बसोबासलाई सुरक्षित क्षेत्रमा सारिनुपर्ने, किसानहरूलाई उन्नत बीउ तथा मल सुपथ मूल्यमा उपलब्ध गराइनुपर्ने, कषि उत्पादनको उचित मूल्य पाउनुपर्ने, कृषि मजदुरहरूको ज्यालादर निर्धारित हुनुपर्ने, किसानहरूलाई सस्तो व्याजदरमा ऋण उपलब्ध गराउनुपर्ने, सुकम्वासीहरूको बसोबासको व्यवस्था हुनुपर्ने, कारखाना ऐनका मजदुर हितविरोधी दफाहरू खारेज हुनुपर्ने अन्तर्राष्ट्रिय श्रम सङ्गठनको मान्यता अनुरूप कारखाना ऐनमा संशोधन हुनुपर्ने, १८० दिन काम गरिसकेका मजुदरहरूलाई अविलम्व स्यायी गर्नुपर्ने, महङ्गी मुद्रास्फीति र निजामती कर्मचारीहरूको तलब वृद्धिको अनुपातमा मजदुरहरूको तलब वृद्धि गरिनुपर्ने, महिलाहरूको सामाजिक सुरक्षाको ग्यारेन्टी हुनुपर्ने, महिलाहरूलाई अपहरण, बलात्कार, हत्या र बेचविखन गर्ने अपराधीहरूमाथि कडा कारवाही हुनुपर्ने, महिला र पुरुषबीच समान कामको समान ज्याला हुनुपर्नेजस्ता वर्ग, तह, पेसा र जातिका अनगिन्ती सवालहरू, जनताको सामाजिक आर्थिक जीवनका अनगिन्ती पक्षहरू ज्वलन्त बनेका छन्। तिनीहरू वर्ग–सङ्घर्षको प्रस्थानबिन्दु बन्न सक्छन्। राजनीतिक अधिकारसम्बन्धी, राष्ट्रिय स्वतन्त्रतासम्बन्धी र जनजीविकासम्बन्धी यस्तै सवालहरूलाई ठाउँ, समय र परिस्थिति अनुरूप वर्गसङ्घर्षका प्रस्थानबिन्दु बनाउनुपर्छ। कुनवेला कुन ठाउँमा कुन सवालमा सङ्घर्ष उठ्छ, जनताहरू कुन विषयमा आन्दोलनमा उत्रिन तयार हुन्छन्, ती विषयमा आन्दोलन उठाउँदै जनतालाई सडकमा उतार्ने प्रयत्न गरिनुपर्छ।

**११.** यस्ता क्रान्तिकारी सारलाई प्रतिकात्मक रूपमा व्यक्त गर्ने नारा र सुधारका नाराहरू अहिले पनि जनताबीच खुलाढङ्गले प्रचार गर्न सकिने र साना ठूला आन्दोलन र विरोध प्रदर्शनहरूमा नाराको रूपमा घन्काउन सकिने हुन्छन्। यिनीहरूमध्ये प्रतिकात्मक रूपमा मात्र भए पनि क्रान्तिकारी सार बोकेका नाराहरूले जनताको चेतनालाई क्रान्तिकारी दिशामा तान्न मद्दत पुऱ्याउँछन् भने अरू तात्कालिक सुधारका नाराहरूले कार्यान्वयन गराउन सफलता पाएको खण्डमा वर्गसङ्घर्ष अघि बढाउन जनतालाई अनुकूलता थपिन्छ भने असफल भएको खण्डमा क्रान्तिको मुख्य शत्रुलाई जनताले आफ्नै अनुभवबाट पनि प्रमुख शत्रुका रूपमा चिन्न मद्दत पुऱ्याउँछ। राजनीतिक स्वतन्त्रताको नाराले जनवादी गणतन्त्रको राजनीतिक सारलाई व्यक्त गर्छ भने जनताले संविधान बनाउन पाउनुपर्ने अधिकारको माग गर्ने नाराले राजतन्त्रको निरङ्कुश राजनीतिक एकाधिकारमाथि प्रहार गर्छ। त्यसरी नै दलमाथिको प्रतिबन्ध हटाउने नाराले पञ्चायती व्यवस्थाको निर्दलीयतामाथि प्रहार गर्छ। यसरी नै अरू पनि प्रत्येक राजनीतिक नारा र विषयहरूले एउटा वा अर्को सवालमा वर्तमान शासन प्रणालीलाई नंग्याउन मद्दत पुऱ्याउँछन्। राष्ट्रिय स्वतन्त्रतासम्बन्धी उपर्युक्त विषय र नाराहरूले घरेलु प्रतिक्रियावादी वर्ग खासगरी

राजतन्त्र र त्यसको निर्दलीय पञ्चायती व्यवस्थाका राष्ट्रघाती काम कारबाही र चरित्रलाई पनि प्रष्ट पार्छन्। राष्ट्रवादको नाराभित्र लुकेको विदेशी एकाधिकार पुँजीवाद र साम्राज्यवादको दलाली गर्ने चरित्रलाई नंग्याउन मद्दत पुऱ्याउँछन् भने अर्कोतिर हाम्रो देशमाथि शोषण उत्पीडन गर्दै आएको वैदेशिक एकाधिकार पुँजीवाद, खासगरी भारतीय क्षेत्रीय प्रभुत्ववादलाई नंग्याउन, जनतामा प्रगतिशील राष्ट्रवादी चेतना तथा देशभक्तिको भावना बढाउन पनि मद्दत पुऱ्याउँछन्। यस्ता सवालहरूमा गरिने आन्दोलनबाट कुनै सानोतिनो तात्कालिक सुधार गराउन सके पनि त्यसले राष्ट्रिय स्वतन्त्रता प्राप्तिको सङ्घर्षमा थप मद्दत नै पुऱ्याउँछ र त्यस्तो हुन सकेन भने पनि राष्ट्रका निश्चित देशी र विदेशी शत्रुहरूलाई जनताको बीचमा उदाङ्गो पार्न मद्दत पुर्याउँछ। त्यसरी नै जनजीविकाका सवालहरूमा गरिने सङ्घर्षले पनि शोषक वर्ग र प्रतिक्रियावादी शासन व्यवस्थालाई जनताको बीचमा व्यवहारिक हिसाबले नै नाङ्गो पार्न मद्दत पुर्याउँछन् र सुधार हासिल गर्न सके जनतालाई सहुलियत हुन्छ भने नसके प्रमुख शत्रुसँगको अन्तरविरोध झन तिखो र चर्को हुँदै जान्छ। त्यसकारण कतिबेला कहाँ कुन राजनीतिक राष्ट्रियतासम्बन्धी वा जनजीविकासम्बन्धी सवालमा आन्दोलन उठाउन सकिन्छ, त्यस आन्दोलनमा कति राजनीतिक शक्तिहरू र आम जनतालाई एकताबद्ध र सङ्गठित बनाउन सकिन्छ, त्यसका निम्ति पार्टीले चनाखो र सक्रिय भएर लागिरहनुपर्छ। सानो वा ठूलो कुनै पनि सवालमा आन्दोलन हुनसक्ने मौकालाई उम्कन दिनुहुँदैन। यसरी नै जनताको चेतनालाई वर्गसङ्घर्षको प्रक्रियाबाट माथि उठाउँदै लैजान सकिन्छ।

**१२.** माथि प्रस्तुत विषयहरू वर्गसङ्घर्षका प्रस्थानबिन्दु ठानिएका कुराहरू हुन्। तर यिनीहरूले सङ्घर्ष र सङ्गठनका कस्ता रूप र तरिकाहरू अपनाउने भन्ने कुराको फैसला गर्दैनन्। आन्दोलनका रूप र तरिकाहरूलाई त्यसका प्रस्तुत विषयवस्तुले धेरैथोर प्रभावित पार्ने भए पनि निर्क्योल नै गर्ने विषय भने होइनन्। तिनीहरू वर्गसङ्घर्षको आम स्थिति, ठाउँविशेष र त्यहाँको स्थानीय परिस्थितिविशेषमाथि पनि निर्भर गर्छन्। सामान्यतया त्यस्ता विषय र मागहरू जनआन्दोलन र शान्तिपूर्ण आन्दोलनका विषय मानिन्छन्। किनभने तिनीहरूले परिस्थितिलाई केही सुधार्नेसम्मको मात्र सारलाई प्रस्तुत गरेका छन्। राज्यसत्ता खोस्ने र उत्पादन सम्बन्ध बदल्ने कुरासँग सोझै नगाँसिएकैले त्यस्ता विषयमा हुने आन्दोलनले सोझै हिंसात्मक सङ्घर्षमा उत्रिनु अनिवार्य हुँदैन भन्ने ठानिन्छ। तर प्रतिक्रियावादीहरू आमूल परिवर्तन गर्न नचाहने मात्र होइन, सुधारसम्म पनि हुन दिन चाहाँदैनन् र जनताको शान्तिपूर्ण सङ्घर्षका विरुद्ध राज्यसत्ताको बल प्रयोग गर्दै दमन गर्छन्। त्यसकारण त्यस्ता मागहरूका निम्ति गरिने सङ्घर्षमा पनि प्रतिक्रियावादी दमनका विरुद्ध प्रतिरक्षात्मक तयारी गर्नु अनिवार्य हुन्छ। त्यसकारण नै आन्दोलनका शान्तिपूर्ण रूपहरूको मात्र होइन, हिंसात्मक रूपहरूका बारेमा पनि पहिलेदेखि नै सचेत हुनु र त्यसअनुसार प्रचार, सङ्गठन र सङ्घर्षको काममा लाग्नु आवश्यक हुन्छ। आन्दोलनका निम्ति राष्ट्रव्यापी सङ्घर्षलाई मात्र पर्खिएर बस्नु हुँदैन। एउटा इकाईदेखि सुरु गर्न र क्रमशः वातावरण तताउँदै राष्ट्रव्यापी स्वरूपमा विकास गर्न ध्यान दिनुपर्छ।

**१३.** उपर्युक्त विषय र नाराहरूमध्ये वर्तमान सङ्घर्षको हिसाबले कुनचाहिँ प्रमुख हुन् र कुन सहायक हुन्? यो विषय वर्तमान सङ्घर्षले प्रहारको निशाना केलाई बनाउनुपर्छ भन्ने पनि हो। अहिले चलाइने सङ्घर्षद्वारा प्रहार कहाँ केन्द्रित गर्ने र निशाना कसलाई बनाउने? सङ्घर्षका प्रत्येक नाराले खास कुरामाथि प्रहार केन्द्रित गरेको हुन्छ र खास कुरालाई निशाना बनाएको हुन्छ। तर त्यसैलाई पार्टी कार्यको केन्द्र र क्रान्तिकारी सङ्घर्षको निशाना भन्नु हुँदैन। प्रहारको मूल केन्द्र कहाँ हो र कुन निशाना के हो भन्ने स्पष्ट भएपछि आजको सङ्घर्षको पनि मूल माग र मूल नारा के हो भन्ने कुरा प्रष्ट हुनसक्छ।

सामान्य रूपमा जतिबेला जुन सवालमा सङ्घर्ष भइरहेको छ, त्यसवेला त्यो सङ्घर्ष अवधिमा त्यही विषय वा नारा नै उक्त सङ्घर्षको निम्ति प्रमुख बनिरहेको हुन्छ तथा एकभन्दा बढी विषय र नाराहरू छन् भने महत्त्वक्रमका हिसाबले तिनीहरूमध्ये कुनै एक प्रमुख बनेको हुन्छ। यसै हिसाबले त्यो सङ्घर्षको प्रहारको तात्कालिक केन्द्र र मूल

निशाना पनि निधो हुन्छ। यसको फैसला वर्गसङ्घर्षको त्यही सम्बद्ध घडीमा ठोस विषयको आधारमा गर्नुपर्छ। तर पार्टी कार्यनीतिको केन्द्रबिन्दु र वर्गसङ्घर्षको खास परिस्थिति विशेषमा चलाइने सबै तात्कालिक सङ्घर्षहरूको शृङ्खलाको माउका रूपमा सङ्घर्षको मूल नारा निधो गर्ने हो भने पार्टी कार्य र प्रहारको मूल निशानाबारे सुस्पष्ट किटान हुनुपर्छ। जनतालाई सुधार पनि चाहिएको छ र आमूल परिवर्तन पनि। त्यसकारण सुधारदेखि आमूल परिवर्तनसम्म जनताका अनेक मागहरू, विषयहरू र नाराहरू छन् र हुन्छन् पनि। तर सुधार होस् वा आमूल परिवर्तन, त्यसलाई हुन दिन नचाहने वर्ग शत्रुहरू छन् र राजनीतिक व्यवस्थामा एकाधिकार कायम गरेर वसेको प्रमुख शत्रु छ। त्यसले जनताका सुधार र प्रगतिका सबै चाहना र प्रयत्नमाथि दमन गर्छ। यो बिन्दुमा पुगेर जनताका स्वार्थ, चाहना र प्रयत्नहरू एकत्रित, केन्द्रित र साझा हुन बाध्य हुन्छन्। यसैबाट सङ्घर्षको प्रहारको मूल केन्द्र वा निशानाको पनि निधो हुन्छ। आन्दोलनका विषय र बुँदाहरू अनेक भए पनि, सङ्घर्षका रूप र विधिहरू विविध भए पनि तिनीहरूलाई खास दिशामा केन्द्रित र एकीकृत गर्नुपर्छ। एउटा निश्चित अवधिमा प्रहारको मूल निशाना निश्चित ठाउँमा हुन्छ। सङ्घर्षका विषय अनेक भए पनि तिनीहरूको शृङ्खलाको मूल कडीका रूपमा प्रहारको मूल निशाना र केन्द्रविन्दु अनेक हुन सक्दैनन्। सङ्घर्षको मूल नाराले पनि प्रहारको मूल निशानालाई केन्द्रित गर्नुपर्छ। त्यसकारण कुनै निश्चित सङ्घर्षको खास घडीमा सम्बन्धित सङ्घर्ष अघि बढाउने कार्यनीतिका हिसाबले कुनै आंशिक पक्ष पनि प्रहारको निशाना बनेको हुनसक्छ। तर तात्कालिक सङ्घर्षका सबै पक्षलाई र पार्टीको सम्पूर्ण कार्यनीतिक कामलाई त्यसैमा आधारित र केन्द्रित बनाउनु हुँदैन।

**१४.** सामन्ती निरङ्कुशतन्त्रको अन्त्य र पूर्ण राजनीतिक स्वतन्त्रता वा पूर्ण प्रजातन्त्र प्राप्तिको नाराले जनवादी गणतन्त्रको राजनीतिक सारलाई सामान्य रूपमा व्यक्त गर्नसक्छ र त्यसले प्रकारान्तरले सबै प्रतिक्रियावादी शक्ति र राज्यसत्ताको विरोध गर्दछ। सामन्ती निरङ्कुशतन्त्रको अन्त्य भन्ने कुराले प्रतिकात्मक रूपमा राजतन्त्रको अन्त्यलाई बुझाउँछ। यसरी सामन्ती निरङ्कुशतन्त्रको अन्त्य र पूर्ण राजनीतिक स्वतन्त्रता प्राप्तिभन्दा प्रतिकात्मक रूपमा र प्रकारान्तरबाट राजतन्त्रको अन्त्य र जनवादी गणतन्त्रको प्राप्ति भन्ने बुझिन्छ। यसले राजतन्त्रको अन्त्य गर्ने कुरामा जोड दिँदै त्यसमाथि प्रहार केन्द्रित गर्छ र राजतन्त्रलाई सङ्घर्षको मूल निशाना बनाउँछ।

संविधानसभाको निर्वाचन गर्ने कुराले राजनीतिक व्यवस्थाभित्र राजतन्त्रले कायम गरेको निरङ्कुश एकाधिकारमाथि ठोस रूपमा प्रहार गर्छ। निरङ्कुश राजतन्त्रले सञ्चालन गरेको वर्तमान शासन प्रणालीको भण्डाफोर गर्न विशेष मद्दत पुर्याउँछ र संविधानको स्रोत राजा होइन, जनता हुनुपर्छ भन्ने कुरालाई स्थापित गर्छ। तर यसले सोझै जनवादी गणतन्त्रको पूर्ण सारलाई भने व्यक्त गर्न सक्दैन। संविधानसभाको नारालाई वैधानिक राजतन्त्रवादीहरू, बुर्जुवा गणतन्त्रवादीहरू र जनगणतन्त्रवादीहरूले आ–आफ्नै दृष्टिकोण र स्वार्थअनुरूप आ–आफ्नै ढङ्गले प्रस्तुत र व्याख्या गर्न सक्छन्। वास्तवमा संविधान कस्तो बन्ने हो भन्ने कुरा त्यसवेलाको शक्ति सन्तुलनको ठोस स्थितिले निर्धारण गर्ने कुरा हो। त्यसकारण शक्ति सन्तुलनको आधारमा संविधानसभाको नारामा एकातिर संक्रमणशीलता रहेको हुन्छ भने अर्कोतिर ठीक त्यही कारणले केही भ्रम र अस्पष्टता पनि कायम रहनसक्छ। हाम्रो पार्टीले त्यस नारालाई राजतन्त्रको अन्त्य गरी जनवादी गणतन्त्रात्मक संविधानसभाको निर्वाचन गर्ने क्रान्तिकारी सारतत्त्वका साथ उठाउनुपर्छ र त्यसै हिसाबले अघि बढाउने प्रयत्न गर्नपर्छ। वैधानिक राजतन्त्रवादी तथा बुर्जुवा गणतन्त्रवादी व्याख्याभित्र रहेको प्रतिक्रियावादी सारतत्त्वको भण्डाफोर गर्नुपर्छ।

निर्दलीयताको अन्त्य र दलहरूमाथिको प्रतिबन्ध हटाउने भन्ने नाराले पञ्चायती व्यवस्थाको निर्दलीयतामाथि प्रहार गर्छ, त्यसको भण्डाफोर गर्ने काम गर्छ र त्यसलाई सङ्घर्षको निशाना बनाउँछ। प्रष्ट छ यो एउटा सुधारको नारा हो र यसले वर्तमान राजनीतिक परिपाटीमा केही राजनीतिक सुधार गर्ने कराहरूलाई

अभिव्यक्त गर्छ। यस्तो सुधारको राजनीतिक नारा र यस्तै अरू नाराहरूमा पनि सम्भव हुने शक्तिहरूसँग मिलेर संयुक्त आन्दोलन उठाउन सकिन्छ, उठाउने प्रयत्न गर्नुपर्छ र त्यस्ता आन्दोलनलाई पनि प्रमुख नारासँग गाँस्दै अघि बढाउन प्रयत्न गर्नुपर्छ।

यी तीनवटा नारा र यिनीहरूको अन्तर्वस्तुबाट राजतन्त्रको अन्त्यका निम्ति, त्यसको एकाधिकारवादी निरङ्कुशताको अन्त्यका निम्ति अथवा पञ्चायती निर्दलीयताको अन्त्यका निम्ति पार्टीको मूल कार्यनीति केमा आधारित बनाउने, तात्कालिक सङ्घर्षहरूलाई कहाँ केन्द्रित गर्ने र प्रहारको निशाना केलाई बनाउने भन्ने कुरा छान्न सकिन्छ। पहिलो क्रान्तिकारी नारा हो, तर यो बढी प्रतिकात्मक रूपमा सूत्रीकृत गरिएको छ। दोस्रो क्रान्तिकारी र सुधारात्मक दुवै व्याख्या हुनसक्ने संक्रमणकालीन नारा हो र राजतन्त्रको अन्त्य गर्ने कुराको साथमा उठाउँदा यो पनि क्रान्तिकारी नारा नै हुन्छ। तेस्रो सुस्पष्ट रूपमा राजनीतिक सुधारको नारा मात्र हो। पहिलो नाराले पार्टीका वर्तमान सम्पूर्ण कार्यनीतिक क्रियाकलापहरूलाई ठीक ढङ्गले राजनीतिक निर्देशन दिन सक्छ र दोस्रो नाराले पनि राजतन्त्रविरोधी संयुक्त राजनीतिक आन्दोलनलाई निर्देशित गर्नसक्छ। तर, सुधारको नाराले भने केवल सम्बन्धित पक्षमा सुधार गर्न चलाइने सङ्घर्षलाई वा त्यसभन्दा तलका सङ्घर्षलाई मात्र निर्देशित गर्नसक्छ। त्यसकारण पार्टी कार्यको समग्रताको हिसाबले तात्कालिक सङ्घर्षको शृङ्खलाभित्रका सुधारका कुनै सहायक नारालाई सङ्घर्षको मुख्य कडी र पार्टी कार्यनीतिलाई निर्देशित गर्ने भूल गर्नुहुँदैन।

---

*(यो आलेख मदन भण्डारीद्वारा राजनीतिक दलहरू प्रतिबन्धित रहेको निरङ्कुश पञ्चायती कालमा नेकपा (माले) को २०४६ भदौ ९ देखि १४ गतेसम्म भूमिगत रूपमा सिरहामा आयोजित चौथो महाधिवेशनमा प्रस्तुत तथा पारित दस्तावेजबाट लिइएको हो। नेपाली क्रान्तिको वर्तमान कार्यक्रमका रूपमा प्रस्तुत यो दस्तावेजको मूल खण्डमा १. देशको स्थिति, २. जनवादी आन्दोलनका निम्ति अनुकूलता र प्रतिकूलताहरू, ३. हाम्रो कर्तव्य, ४. क्रान्तिका शत्रु र मित्रहरू, ५. क्रान्तिको बाटो, ६. पार्टीको राजनीतिक रणनीति, ७. पार्टीको मूल नारा, ८. जनवादी आन्दोलनमा कार्यदिशा र नेतृत्वको सवाल, ९. संयुक्त मोर्चा एवं १०. तात्कालिक कार्यनीति र कामहरू उपशीर्षक अन्तर्गत विस्तृत रूपमा समेटिएको छ। मदन-आश्रित स्मृति प्रतिष्ठानद्वारा प्रकाशित मदन भण्डारी सङ्कलित रचनाहरू भाग-२ मा समेत समावेश रहेको प्रस्तुत दस्तावेज महाधिवेशनबाट पारित दस्तावेजको पूर्ण भाग नभई पाँचौँ उपशीर्षकदेखिको पछिल्लो खण्डको सामान्य सम्पादित अंश हो। पार्टीको चौथो महाधिवेशनबाट यो दस्तावेज पारित भएसँगै जननेता मदन भण्डारी पार्टी महासचिव चुनिनुभएको थियो। र, त्यसको केही महिनामै संयुक्त मोर्चा गठन भई संयुक्त जनआन्दोलन सञ्चालन एवं त्यसको सफलतासँगै प्रजातन्त्रको पुनःस्थापना, अन्तरिम सरकारको गठन, नयाँ संविधान निर्माण र अमनिर्वाचन सम्पन्न भएको थियो।)*



**संस्मरण**

# मदनसँग बिताएका ती पलहरू



**- विद्यादेवी भण्डारी**

मदनको एउटा विशेषता मलाई सधैँ प्रेरणादायी लाग्थ्यो । उहाँ व्यक्तिगत रूपमा अत्यन्त सरल हुनुहुन्थ्यो तर राष्ट्र र राष्ट्रियताको प्रश्नमा अत्यन्त दृढ । उहाँ कहिल्यै पद, प्रतिष्ठा वा व्यक्तिगत लाभको पछि लाग्नुभएन । उहाँको चिन्ता सधैँ देश, जनता र लोकतन्त्रको भविष्यप्रति केन्द्रित हुन्थ्यो ।

समय कहिल्यै रोकिँदैन। मानिसहरू आउँछन्, आफ्नो छाप छोड्छन् र भौतिक रूपमा बिदा हुन्छन् । तर, केही व्यक्तित्व यस्ता हुन्छन्, जो समयभन्दा माथि उठेर स्मृति, विचार र जनताको चेतनामा जीवित रहन्छन्। जननेता मदन भण्डारी त्यस्तै व्यक्तित्व हुनुहुन्छ। उहाँको ७५औँ जन्मजयन्तीका अवसरमा जब म विगतका पानाहरू पल्टाउँछु, तब एकातिर राष्ट्रले आफ्नो दूरदर्शी नेता सम्झिरहेको देख्छु भने अर्कोतिर म आफ्नो जीवनसाथी, आफ्नो सहयात्री र आफ्नो निकटतम् मित्रलाई सम्झिरहेकी हुन्छु ।

नेपालका लाखौँ मानिसका लागि उहाँ एक राजनीतिक नेता हुनुहुन्थ्यो। कार्यकर्ताहरूका लागि प्रेरणाका स्रोत हुनुहुन्थ्यो। तर, मेरा लागि उहाँ त्यसभन्दा पनि बढी हुनुहुन्थ्यो, जीवनका हरेक मोडमा साथ दिने, दुःखमा साहस दिने, सङ्घर्षमा प्रेरणा दिने र भविष्यप्रति आशावादी बनाइरहने एक आत्मीय सहयात्री।

उहाँको ७५औँ जन्मजयन्ती मनाइरहँदा मेरो स्मृतिमा सबैभन्दा पहिले कुनै राजनीतिक सभा, भाषण वा आन्दोलनको दृश्य आउँदैन। मेरो आँखाअघि आउँछ, साधारण जीवन बाँच्न रुचाउने, अनुशासनलाई जीवनको

आधार मान्ने, परिवारप्रति गहिरो माया राख्ने र देशका लागि निरन्तर चिन्तित रहने एक संवेदनशील मानिसको अनुहार।

हाम्रो भेट राजनीति र आन्दोलनको वातावरणमा भएको थियो। त्यो समय देशमा निरङ्कुश पञ्चायती व्यवस्था थियो। लोकतन्त्रका लागि सङ्घर्ष गर्ने युवाहरूको एउटा पुस्ता तयार भइरहेको थियो। त्यही सङ्घर्षको यात्रामा हाम्रो चिनजान भयो। बिस्तारै त्यो चिनजान वैचारिक निकटतामा बदलियो र वैवाहिक सम्बन्धमा परिणत भयो।

हाम्रो विवाह आजका मापदण्डले हेर्दा अत्यन्त सामान्य थियो। न त कुनै भव्य समारोह थियो, न कुनै तडकभडक। पार्टीले तय गरेको सीमित खर्चभित्र भूमिगत रूपमै विवाह सम्पन्न भएको थियो। विवाहमा सहभागी साथीहरू आफैँ व्यवस्थापनमा जुट्नुभएको थियो। विवाहपछि सुन्दा निर्धारित खर्चभन्दा केही बढी खर्च भएकामा मदनले असन्तुष्टिसमेत व्यक्त गर्नुभएको रहेछ। उहाँको दृष्टिमा राजनीतिक कार्यकर्ताको जीवन सादगी, अनुशासन र जिम्मेवारीले भरिएको हुनुपर्थ्यो।

विवाहपछि सुरु भएको हाम्रो जीवन सामान्य दम्पतीको जस्तो थिएन। देश र जनताको भविष्यप्रतिको जिम्मेवारीले हाम्रो व्यक्तिगत जीवनलाई निरन्तर प्रभावित गरिरहन्थ्यो। कहिले भूमिगत बसाइ, कहिले राजनीतिक अभियान, कहिले गिरफ्तारीको डर र कहिले सङ्गठन निर्माणको जिम्मेवारी। निजी सुख–सुविधाका लागि धेरै ठाउँ थिएनन्। तर, ती सबै अभावहरूका बीच पनि हामीमा भविष्यप्रतिको विश्वास कहिल्यै कम भएन।

विराटनगरमा एउटा सामान्य भाडाको घरमा बिताएका दिनहरू आज पनि स्मरणीय छन्। दुईवटा कोठा थिए। एउटामा हामी बस्ने र अर्कोमा विद्यार्थी तथा राजनीतिक साथीहरू। त्यो घर वास्तवमा एउटा परिवारभन्दा बढी आन्दोलनको साझा आश्रयस्थल थियो। त्यहाँ व्यक्तिगत र सार्वजनिक जीवनबीच कुनै स्पष्ट सीमा थिएन। तर, त्यही वातावरणले हामीलाई अझ नजिक बनायो।

मदन भण्डारी अत्यन्त व्यस्त व्यक्ति हुनुहुन्थ्यो। उहाँको अधिकांश समय पार्टी सङ्गठन, अध्ययन, लेखन र आन्दोलनमा बित्थ्यो। तर, उहाँभित्र एउटा अत्यन्त संवेदनशील पारिवारिक मानिस पनि लुकेको थियो। उहाँले आफ्नो प्रेम कहिल्यै शब्दमा व्यक्त गर्नुभएन तर व्यवहारमा सधैँ देखाउनुभयो।

एकपटक म जन्डिसबाट गम्भीर रूपमा बिरामी हुँदा उहाँ मलाई भेट्न डेरामा आउनुभएको थियो। मेरो दुब्लो, कमजोर र जन्डिसले पहेँलिएको शरीर, त्यसमाथि पहेँलो रङकै साडी लगाएकी, मेरो स्वास्थ्य अवस्था देखेर उहाँ अत्यन्त चिन्तित हुनुभएको थियो। बाहिरबाट शान्त देखिए पनि उहाँको आँखामा देखिएको त्यो चिन्ता मैले स्पष्ट महसुस गरेकी थिएँ। पछि उहाँले कुनै प्रसङ्गमा भन्नुभएको थियो, 'त्यो अवस्थामा तिमीलाई देख्दा त धेरै चिन्ता लागेको थियो। मलाई भर्खर जन्मेकी छोरी उषाको विजोग हुन्छ कि क्या हो भन्नेसमेत लागेको थियो।'

हाम्रो जीवनमा सुखका धेरै क्षणहरू आए। छोरीहरूको जन्म त्यसमध्ये सबैभन्दा ठूलो खुसी थियो। उहाँ छोरीहरूलाई असाध्यै माया गर्नुहुन्थ्यो। समय कम भए पनि उहाँले परिवारसँग बिताएका क्षणहरू अत्यन्त आत्मीय हुन्थे। आज पनि छोरीहरूका स्मृतिमा उहाँको स्नेहिल छवि जीवित छ।

तर हाम्रो जीवन केवल सुखका कथाहरूले मात्रै भरिएको थिएन। सङ्घर्ष, अभाव, जोखिम र अनिश्चितताहरू पनि त्यसका अभिन्न अङ्ग थिए। कहिले पक्राउ पर्ने डर, कहिले गोप्य बसाइ, कहिले लामो समयसम्म भेट नहुने अवस्था। तर, ती सबै कठिनाइहरूले हाम्रो सम्बन्धलाई कमजोर बनाएनन्, बरू अझ बलियो बनाए।

मदनको एउटा विशेषता मलाई सधैँ प्रेरणादायी लाग्थ्यो। उहाँ व्यक्तिगत रूपमा अत्यन्त सरल हुनुहुन्थ्यो तर राष्ट्र र राष्ट्रियताको प्रश्नमा अत्यन्त दृढ। उहाँ कहिल्यै पद, प्रतिष्ठा वा व्यक्तिगत लाभको पछि लाग्नुभएन। उहाँको चिन्ता सधैँ देश, जनता र लोकतन्त्रको भविष्यप्रति केन्द्रित हुन्थ्यो।

सायद यही कारणले उहाँको लोकप्रियता नेता र कार्यकर्ताको सीमाभन्दा बाहिर पुग्यो। उहाँलाई मन पराउनेहरू केवल कम्युनिस्ट कार्यकर्ता मात्र थिएनन्– लोकतन्त्र, राष्ट्रिय स्वाभिमान र सामाजिक न्यायको पक्षमा उभिने लाखौँ नेपालीले उहाँलाई आफ्नो नेताका रूपमा स्वीकार गरेका थिए।

तर नियतिले हाम्रो जीवनलाई धेरै लामो समयसम्म सँगै हिँड्न दिएन।

२०५० जेठ ३ गतेको त्यो दिन मेरो जीवनको सबैभन्दा अँध्यारो दिन बन्यो। दासढुङ्गाको रहस्यमय दुर्घटनाले मेरो संसार नै बदलिदियो। एक क्षणमै मैले आफ्नो जीवनसाथी गुमाएँ। छोरीहरू उषा र निशाले आफ्नो पिता गुमाए। देशले आफ्नो आशा र सम्भावनाले भरिएको नेता गुमायो।

त्यो पीडा आज पनि म शब्दमा व्यक्त गर्न सक्दिनँ। समय बितेको छ, दशकहरू बितेका छन्, तथापि केही घाउ पूर्ण रूपमा निको हुँदैनन्। उहाँको अभाव मैले जीवनका हरेक महत्त्वपूर्ण क्षणमा महसुस गरेकी छु।

उहाँको निधनपछि मेरो जीवन नयाँ सङ्घर्षको यात्रामा प्रवेश गऱ्यो। अब म केवल मदन भण्डारीकी पत्नी मात्र थिइनँ। मैले आफैँ राजनीतिक जिम्मेवारी वहन गर्नुपऱ्यो। सङ्गठन, संसद्, सरकार र अन्ततः राष्ट्रको सर्वोच्च जिम्मेवारीसम्म पुग्ने यात्रामा अनेक चुनौतीहरू आए।

त्यो यात्रामा कहिलेकाहीँ मैले मानिसहरूको व्यवहारमा आएको परिवर्तन पनि देखेँ। मदन जीवित हुँदा मलाई गरिएको सम्मान र उहाँको निधनपछि देखिएका केही व्यवहारले समाजमा महिलाप्रति अझै बाँकी रहेका पूर्वाग्रहहरूलाई उजागर गर्थे। तर, त्यस्ता अनुभवहरूले मलाई कमजोर बनाएनन्। बरू उहाँबाट सिकेका मूल्यहरू– साहस, धैर्य, इमानदारी र जनताप्रतिको प्रतिबद्धताले मलाई अघि बढ्न प्रेरित गरिरहे।

जननेता मदन भण्डारीको ७५औँ जन्मजयन्तीको यस अवसरमा म केवल विगत मात्र सम्झिरहेकी छैन, म उहाँका अधुरा सपना, उहाँका विचार र उहाँले देखाउनुभएको राजनीतिक संस्कृतिलाई पनि सम्झिरहेकी छु।

आजको नेपालमा राजनीति धेरै परिवर्तन भएको छ। प्रविधि बदलिएको छ। समाज बदलिएको छ। पुस्ता बदलिएको छ। तर, इमानदारी, वैचारिक स्पष्टता, राष्ट्रिय स्वाभिमान र जनताप्रतिको उत्तरदायित्वजस्ता मूल्यहरूको महत्त्व घटेको छैन। बरू ती मूल्यहरूको आवश्यकता आज झन् बढेको छ।

जननेता मदन भण्डारीको जीवनको सबैभन्दा ठूलो शिक्षा यही थियो कि, राजनीति सत्ता प्राप्तिको माध्यम मात्र होइन, जनताको जीवन बदल्ने साधन हो। नेता हुनु भनेको विशेषाधिकार प्राप्त गर्नु होइन, जिम्मेवारी वहन गर्नु हो। लोकप्रिय हुनु भनेको भीड जम्मा गर्नु होइन, जनताको विश्वास जित्नु हो।

म कहिलेकाहीँ सोच्ने गर्छु, यदि उहाँ आज हुनुहुन्थ्यो भने देशलाई कस्तो देख्न चाहनुहुन्थ्यो होला ? सायद उहाँ समृद्ध, आत्मनिर्भर, लोकतान्त्रिक र सामाजिक न्यायमा आधारित नेपाल हेर्न चाहनुहुन्थ्यो। सायद उहाँ युवाहरूलाई आशावादी, आत्मविश्वासी र राष्ट्रनिर्माणमा सक्रिय देख्न चाहनुहुन्थ्यो।

मेरा लागि उहाँ कुनै मूर्तिमा सीमित इतिहासका पात्र मात्र हुनुहुन्न। उहाँ अझै पनि मेरा स्मृतिमा हाँसिरहनुभएको छ, छोरीहरूलाई माया गरिरहनुभएको छ, देशको भविष्यबारे चिन्ता गरिरहनुभएको छ र प्रत्येक कठिन क्षणमा मलाई साहस र ढाडस दिइरहनुभएको छ।

समयले उहाँलाई हामीबाट टाढा लगेको हुन सक्छ तर उहाँका विचार, मूल्य र सम्झनाहरू अझै पनि हाम्रो साथमा छन्। यही कारणले आज पनि उहाँलाई सम्झँदा मेरो मनमा पीडा र गर्व दुवै एकसाथ जाग्छन्। पीडा, उहाँलाई असामयिक रूपमा गुमाएको र गर्व, उहाँजस्तो असाधारण व्यक्तित्वसँग जीवनको यात्रा साझा गर्न पाएको।

२०८३ असार १४ गते जननेता मदन भण्डारीको ७५औँ जन्मजयन्तीको अवसरमा उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली। उहाँको जीवन केवल इतिहासको विषय होइन, आगामी पुस्ताका लागि प्रेरणाको स्रोत बनेर सधैँ जीवित रहनेछ।

---

*श्रीमती विद्यादेवी भण्डारी पूर्व राष्ट्रपतिसमेत हुनुहुन्छ।*

**अग्रलेख**

# द्वन्द्व व्यवस्थापनमा जबज र मदन भण्डारी





**डा. विष्णुराज उप्रेती**

मदन भण्डारीको नेतृत्व शैली संवाद, सहिष्णुता, वैचारिक स्पष्टता, सामूहिक निर्णय र लोकतान्त्रिक अभ्यासमा आधारित थियो। उहाँले हिंसात्मक टकरावभन्दा राजनीतिक बहस, सङ्गठनात्मक एकता र जनमतलाई प्राथमिकता दिएकै कारण उहाँले व्यवस्थापन गरेका द्वन्द्वका उदाहरण आज पनि नेपालमा राजनीतिक ध्रुवीकरण, गुटीय सङ्घर्ष, सामाजिक तनाव तथा लोकतान्त्रिक सङ्क्रमण व्यवस्थापनका लागि महत्त्वपूर्ण मार्गदर्शन बनेका छन्। जनताको बहुदलीय जनवाद यही लोकतान्त्रिक द्वन्द्व व्यवस्थापनको महत्त्वपूर्ण राजनीतिक दर्शन हो।

*'सधैँ सम्झ जीवनमा कतिपय क्षण अप्ठेरोले भरिपूर्ण हुन सक्छ। हामीले लगाएको जुत्ताले गन्तव्य निश्चित हुन्न, बरु हामीले चालेको कदमले मात्र गन्तव्यमा पुग्न सकिन्छ।'*

*–कृष्ण (महाभारत)*

**परिचय**

नेपालको राजनीतिक इतिहासमा जनताको बहुदलीय जनवाद (जबज) एक महत्त्वपूर्ण वैचारिक अवधारणा हो, जसले नेपाली कम्युनिस्ट आन्दोलनलाई नयाँ दिशा प्रदान गरेको थियो (विष्ट, २०८२)। जबजका प्रमुख व्याख्याता तथा प्रवर्तक मदन भण्डारीले नेपाली समाज, राजनीति, लोकतन्त्र र कम्युनिस्ट आन्दोलनबीचको सम्बन्धलाई नयाँ ढङ्गले व्याख्या गर्नुभएको थियो (भण्डारी, २०५०)। विशेषतः बहुदलीय प्रतिस्पर्धा, जनअधिकार, खुला समाज, संवैधानिक शासन, मानव अधिकार तथा लोकतान्त्रिक अभ्यासलाई समाजवादतर्फको संक्रमणकालीन आधारका रूपमा स्वीकार गर्नु जबजको मूल विशेषता हो (नेकपा एमाले, २०५०)।

द्वन्द्व व्यवस्थापन आजको विश्व परिवेशमा अत्यन्त महत्त्वपूर्ण विषय बनेको छ। व्यक्ति, समुदाय, संस्था, राजनीतिक दल, राष्ट्र तथा अन्तर्राष्ट्रिय सम्बन्धका

क्षेत्रमा द्वन्द्व स्वाभाविक रूपमा उत्पन्न भैरहन्छ (उप्रेती, २०७१, २०७६)। द्वन्द्वलाई हिंसात्मक रूप दिनुभन्दा संवाद, वार्ता, सहमति र लोकतान्त्रिक प्रक्रियामार्फत समाधान गर्नु आधुनिक राजनीतिक संस्कृतिको आधार हो। यही मान्यता जबजको देखिएकाले जबज र द्वन्द्व व्यवस्थापनबीच गहिरो अन्तरसम्बन्ध देखिन्छ।

जबजले समाजमा विचारको बहुलता स्वीकार गर्दछ। यसले राजनीतिक प्रतिस्पर्धा, वैचारिक स्वतन्त्रता, विरोधी विचारको सम्मान तथा लोकतान्त्रिक अभ्यासलाई संस्थागत गर्न जोड दिन्छ (पौडेल, २०६५ क र ख, २०७८ क र ख)। यस अर्थमा जबज आफैँमा द्वन्द्व व्यवस्थापनको लोकतान्त्रिक ढाँचा हो। जबजको केन्द्रमा 'जनता' रहेका छन् र जनताको इच्छा, अधिकार तथा सहभागितालाई सर्वोच्च मानिन्छ। यसले सशस्त्र हिंसा वा अधिनायकवादलाई होइन, सहमति, प्रतिस्पर्धा र जनमतलाई महत्त्व दिन्छ (भण्डारी, २०५०, नेकपा एमाले, २०५०)।

नेपालको राजनीतिक इतिहासमा विभिन्न चरणमा गम्भीर राजनीतिक द्वन्द्वहरू उत्पन्न भएका छन् (उप्रेती, २०७१)। पञ्चायती निरङ्कुशता, लोकतान्त्रिक आन्दोलन, कम्युनिस्ट आन्दोलनभित्रको वैचारिक विभाजन तथा संविधान निर्माणका क्रममा अनेक प्रकारका सङ्घर्ष देखिएका थिए (पौडेल, २०६५ ख)। यस्ता परिस्थितिमा मदन भण्डारीले संवाद, बहस, वार्ता तथा वैचारिक स्पष्टतामार्फत समाधान खोज्ने मान्यतालाई राजनीतिको मूलधारमा स्थापित गराउनु भएको थियो। उहाँले विरोधी विचारलाई शत्रुका रूपमा होइन, बहस र प्रतिस्पर्धाका पक्षका रूपमा हेर्ने लोकतान्त्रिक दृष्टिकोण विकास र अभ्यास गर्नभयो (विष्ट, २०८२, पौडेल २०६५ख, २०७८ ख)।

जबजले स्वीकार गरेको बहुदलीय प्रतिस्पर्धा वास्तवमा राजनीतिक द्वन्द्वलाई व्यवस्थापन गर्ने सशक्त लोकतान्त्रिक माध्यम हो। लोकतन्त्रमा विचार फरक हुनु स्वाभाविक हो, तर त्यसलाई हिंसा वा दमनबाट होइन, चुनाव, संसद्, न्यायालय, वार्ता र संवादबाट व्यवस्थापन गर्नुपर्छ भन्ने मान्यता जबजको मर्म भएको देखिन्छ। यही कारण जबज केवल राजनीतिक सिद्धान्त मात्र नभई द्वन्द्व व्यवस्थापनको व्यावहारिक विधि पनि बनेको हो।

आजको नेपालमा राजनीतिक ध्रुवीकरण, सामाजिक असमानता, जातीय तथा क्षेत्रीय तनाव, वैचारिक विभाजन र संस्थागत अविश्वासजस्ता समस्या विद्यमान छन् (उप्रेती, २०८१)। यस्तो परिस्थितिमा जबजको लोकतान्त्रिक मूल्य–मान्यता तथा मदन भण्डारीको संवादमुखी नेतृत्व शैली अझ बढी सान्दर्भिक बन्दै आएको छ। लोकतन्त्रको सुदृढीकरण, सामाजिक सहअस्तित्व तथा राष्ट्रिय एकताका लागि जबजले प्रस्तुत गरेको दृष्टिकोण उपयोगी मात्र नभइ मूल आधार नै बन्न सक्छ।

यस लेखमा द्वन्द्व, द्वन्द्व व्यवस्थापन, संवाद, वार्ता तथा सहमतिका अवधारणालाई व्याख्या गर्दै जबजसँगको सम्बन्ध स्पष्ट गरिएको छ। साथै सफल द्वन्द्व व्यवस्थापनका लागि आवश्यक सैद्धान्तिक गुण, सीप र ज्ञानलाई मदन भण्डारीको नेतृत्व गुणसँग जोडेर विश्लेषण गरिएको छ। जबजका आधारभूत विशेषताहरू, विशेष गरी शक्ति पृथकीकरण, बहुदलीय प्रतिस्पर्धा, मानव अधिकार, विधिको शासन, आवधिक निर्वाचन तथा बहुमत–अल्पमतको लोकतान्त्रिक सम्बन्धलाई द्वन्द्व व्यवस्थापनको दृष्टिले चर्चा गरिएको छ। अन्ततः मदन भण्डारीले प्रयोग गर्नुभएका सफल वार्ता तथा सहमतिको उदाहरणमार्फत उहाको द्वन्द्व व्यवस्थापनको क्षमता र जबजको व्यावहारिक महत्त्वलाई प्रस्ट्याइएको छ।

विगतमा मदन भण्डारीले प्रयोग गर्नुभएका सफल वार्ता तथा सहमति वर्तमान नेपालको सङ्घीय शासन प्रणालीमा रहेका तीन तहका सरकारबीच अधिकार, स्रोत, दायित्व र कार्यक्षेत्रको विषयमा देखिएका विभिन्न प्रकारका अन्तर–सरकारी द्वन्द्वहरू समाधानमा महत्त्वपूर्ण आधार हुन सक्छन्। नेपालको संविधानले परिकल्पना गरेको समावेशी र उत्तरदायी शासन र मदन भण्डारीले प्रतिपादन गर्नुभएको जबजको मूल मर्म एकै भएकाले नेपालको संविधानको विभिन्न अनुसूचीहरूमा रहेका साझा अधिकारको दोहोरोपनले सिर्जित द्वन्द्व समाधानमा

जबजको सही अभ्यासले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ। त्यसै गरी जबजभित्रका द्वन्द्व समाधानसम्बन्धी अन्तर्वस्तुको सही अभ्यासले विभिन्न राजनीतिक दलहरूभित्र देखिएका मतभिन्नता, तनाव र द्वन्द्व समाधानमा ठोस योगदान पुऱ्याउन सक्छ।

**द्वन्द्व, द्वन्द्व व्यवस्थापन र जबजसँगको सम्बन्ध**

द्वन्द्व भन्नाले दुई वा दुईभन्दा बढी व्यक्ति, समूह, संस्था वा राज्यबीच हित, मूल्य, उद्देश्य, विचार वा स्रोतको विषयमा उत्पन्न हुने असहमति, तनाव वा टकरावलाई जनाउँछ। द्वन्द्व समाजको स्वाभाविक प्रक्रिया हो। जहाँ विविधता हुन्छ, त्यहाँ विचार र हितका भिन्नताहरू पनि हुन्छन् (उप्रेती, २०७१)।

द्वन्द्वलाई नकारात्मक मात्र मान्न सकिँदैन। कतिपय अवस्थामा द्वन्द्वले परिवर्तन, सुधार र नयाँ सम्भावनाको ढोका खोल्छ (उप्रेती, २०७१)। उदाहरणका लागि लोकतान्त्रिक आन्दोलनहरू अन्याय, असमानता र निरङ्कुशताविरुद्धको द्वन्द्वकै रूप हुन् र राजनीतिक परिवर्तनहरू यसैका परिणाम हुन्।

द्वन्द्वका मुख्य प्रकारहरूमा वैचारिक द्वन्द्व, राजनीतिक द्वन्द्व, आर्थिक द्वन्द्व, सामाजिक तथा सांस्कृतिक द्वन्द्व, जातीय, धार्मिक तथा क्षेत्रीय द्वन्द्व, अन्तर्राष्ट्रिय द्वन्द्व, पारिवारिक द्वन्द्व, साङ्गठनिक द्वन्द्व वा संरचनागत द्वन्द्वमा वर्गीकरण गर्न सकिन्छ। नेपालको सन्दर्भमा राजनीतिक संक्रमण, वैचारिक विभाजन तथा सामाजिक असमानताले विभिन्न प्रकारका द्वन्द्व उत्पन्न गरेका छन् (उप्रेती, २०७१)।

द्वन्द्व व्यवस्थापन भन्नाले द्वन्द्वलाई हिंसा वा विनाशतर्फ जान नदिई शान्तिपूर्ण, न्यायपूर्ण र संस्थागत प्रक्रियामार्फत नियन्त्रण, रूपान्तरण वा समाधान गर्ने प्रक्रिया हो। यसको उद्देश्य द्वन्द्वलाई पूर्ण रूपमा समाप्त गर्ने उदेश्यले त्यसलाई रचनात्मक दिशामा लैजानु हो (उप्रेती, २०७१)।

द्वन्द्व व्यवस्थापनका प्रमुख उपायहरूमा संवाद, वार्ता, मध्यस्थता, सहमति निर्माण, लोकतान्त्रिक प्रतिस्पर्धा, कानुनी प्रक्रिया, शक्तिको बाडफाँड, समावेशी सहभागिता प्रयोगमा आउँछन् (उप्रेती, २०८१)। संवाद भन्नाले दुई वा बढी पक्षबीच समझदारी र विश्वास निर्माणका लागि गरिने खुला विचार आदान–प्रदान हो। संवादमा एकअर्काको दृष्टिकोण सुन्ने, बुझ्ने र सम्मान गर्ने संस्कार हुन्छ। वार्ता भनेको विशेष उद्देश्य प्राप्त गर्न वा विवाद समाधान गर्न गरिने औपचारिक वा अनौपचारिक छलफल प्रक्रिया हो। वार्तामा पक्षहरूले आफ्नो हित सुरक्षित गर्दै सहमतिको खोजी गर्छन्। छलफल तुलनात्मक रूपमा खुला र अनौपचारिक प्रक्रिया हो जसमा विचार आदान–प्रदान गरिन्छ। छलफलले वार्ता र संवादका लागि आधार तयार गर्छ।

कार्ल मार्क्सको द्वन्द्वसम्बन्धी सिद्धान्त अनुसार समाज मूलतः वर्गीय विभाजनमा आधारित हुन्छ र मार्क्सवादी द्वन्द्व सिद्धान्तले समाजलाई मूलतः वर्गीय विभाजनमा आधारित मान्दै आर्थिक स्रोत र उत्पादनका साधनमाथिको नियन्त्रणका कारण शासक वर्ग र श्रमिक वर्गबीच निरन्तर द्वन्द्व उत्पन्न हुने बताउँछ। यस सिद्धान्तअनुसार सामाजिक, राजनीतिक तथा वैचारिक संरचना पनि आर्थिक संरचनाबाट निर्देशित हुने भएकाले असमानता, शोषण र अन्यायले समाजमा द्वन्द्व सिर्जना गर्छन्। यसै मान्यतामा आधारित भई नेपाली समाजको यथार्थलाई ध्यानमा राख्दै मदन भण्डारीले प्रतिपादन गर्नुभएको जबजले वर्गीय द्वन्द्वको समाधानको बाटो हिंसात्मक क्रान्ति मात्र हो भन्ने माान्यतालाई चुनौती दिँदै वर्गीय असमानता, सामाजिक न्याय र जनअधिकारको प्रश्नको सम्बोधन र यिनै सवालबाट सिर्जित द्वन्द्वको समाधान लोकतान्त्रिक प्रतिस्पर्धा, बहुदलीय प्रणाली, जनमत र संवैधानिक प्रक्रियामार्फत गर्न सकिने मान्यतामा जोड दियो (भण्डारी, २०५०, नेकपा एमाले, २०५०)। यस अर्थमा जबजले मार्क्सवादी द्वन्द्व सिद्धान्तको संरचनात्मक परिवर्तनको आवश्यकतालाई स्वीकार गर्दै त्यसलाई नेपाली सन्दर्भअनुसार शान्तिपूर्ण, लोकतान्त्रिक र समावेशी बाटोबाट समाधान गर्ने वैकल्पिक राजनीतिक दृष्टिकोणका रूपमा विकास गरेको देखिन्छ। विशेषतः नेपालमा दशकौँदेखि विद्यमान वर्गीय, क्षेत्रीय, जातीय

तथा राजनीतिक द्वन्द्व समाधान गरी दीर्घकालीन शान्ति स्थापना गर्न जबजले लोकतान्त्रिक अभ्यास र सामाजिक रूपान्तरणबीच सन्तुलन कायम गर्ने मान्यता राखेको देखिन्छ।

म्याक्स वेबरका अनुसार समाजमा द्वन्द्व केवल आर्थिक कारणले मात्र उत्पन्न हुँदैन, बरु शक्ति, प्रतिष्ठा (स्टाटस) र राजनीतिक शक्तिको असमान वितरणका कारण पनि द्वन्द्व सिर्जना हुन्छ (वेबर, १९७८)। उनले समाज विभिन्न 'हित समूह' र 'शक्ति समूह'मा विभाजित हुन्छ भन्ने मान्यता राखेका थिए, जहाँ मानिसहरू आर्थिक वर्ग, सामाजिक प्रतिष्ठा र राजनीतिक शक्तिका आधारमा प्रतिस्पर्धा गर्छन्। वेबरका अनुसार द्वन्द्व व्यवस्थापनका लागि वैधानिक अधिकार (लेजिटिमेट अथ्योरिटी), संस्थागत शासन व्यवस्था, कानुनी प्रक्रिया, ब्युरोक्रेसी तथा संवादमुखी प्रशासन आवश्यक हुन्छ। उनले आधुनिक राज्य र कानुनी–वैधानिक शासनलाई सामाजिक स्थायित्व तथा द्वन्द्व नियन्त्रणको प्रमुख माध्यम मानेका छन्। वेबरको दृष्टिकोणले समाजमा विद्यमान बहुआयामिक असमानतालाई स्वीकार गर्दै न्यायपूर्ण प्रशासन, संस्थागत पारदर्शिता र सहभागितामूलक शासनमार्फत द्वन्द्वलाई व्यवस्थापन गर्न सकिने विचार प्रस्तुत गर्दछ (ओएवर, १९७८)। जबजको मान्यताबाट द्वन्द्वलाई व्यवस्थापन गर्ने मान्यतासँग यो वेबरको मान्यता पनि आधारभूत रूपमा मेल खान्छ।

लुईस ए. कोजर (१९५६) का अनुसार सामाजिक द्वन्द्व समाजमा केवल विघटनकारी शक्ति मात्र नभई समूहभित्रको एकता, पहिचान र सामूहिक उद्देश्यलाई सुदृढ गर्ने सकारात्मक माध्यम पनि हुन सक्छ। उनले द्वन्द्वले सामाजिक तनाव र असन्तुष्टिलाई अभिव्यक्त गर्ने अवसर प्रदान गरी सामाजिक परिवर्तन, अनुकूलन तथा संस्थागत सुधारलाई प्रोत्साहन गर्ने तर्क प्रस्तुत गरेका छन् (कोजर, १९५६)।

जबजले बहुदलीय प्रतिस्पर्धालाई स्वीकार गर्छ। त्यसैले बहुदलीय प्रणालीमा विभिन्न विचार र दलबीच प्रतिस्पर्धा हुन्छ। यस्तो प्रतिस्पर्धालाई हिंसात्मक रूप लिन नदिई लोकतान्त्रिक माध्यमबाट व्यवस्थापन गर्नु जबजको विशेषता हो। जबजका विविध पक्षहरू (पौडेल, २०६५क र ख, २०७८क र ख, भण्डारी, २०५०, नेकपा एमाले, २०५०) जस्तै वैचारिक बहुलताको स्वीकार, विरोधी विचारप्रतिको सहिष्णुता, निर्वाचनमार्फत शक्ति हस्तान्तरण, जनमतको सम्मान, संविधान र कानुनको सर्वोच्चता, संवाद र सहमतिमार्फत समस्या समाधान द्वन्द्व व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्धित देखिन्छन्।

### (क) वैचारिक बहुलताको स्वीकार

वैचारिक बहुलताको स्वीकार भनेको समाजमा रहेका फरक–फरक विचार, दर्शन, राजनीतिक दृष्टिकोण, सांस्कृतिक मान्यता तथा हितलाई वैध र सम्मानयोग्य ठान्नु हो। द्वन्द्व व्यवस्थापन र वार्ताको सन्दर्भमा यो अवधारणाले अत्यन्त महत्त्वपूर्ण भूमिका खेल्छ, किनभने अधिकांश द्वन्द्व विचार, स्वार्थ वा पहिचानको भिन्नताबाट उत्पन्न हुन्छन्। यदि कुनै पक्षले आफ्नो विचार मात्रै सही ठानेर अरू विचारलाई अस्वीकार गर्छ भने द्वन्द्व झन् गहिरो बन्छ। तर बहुलताको स्वीकारले सबै पक्षलाई संवादमा सहभागी गराउने वातावरण बनाउँछ, जसले वार्तामा विश्वास, सम्मान र सहकार्यको भावना विकास गर्छ। सहजीकरण (फ्यासिलिटेसन)को प्रक्रियामा पनि बहुलताको स्वीकारले सबै पक्षलाई आफ्नो धारणा खुला रूपमा राख्ने अवसर दिन्छ, जसले साझा समाधान खोज्न सहयोग पुऱ्याउँछ। यसले हिंसात्मक वा दमनात्मक उपायभन्दा संवाद र सहमतिमा आधारित समाधानलाई प्राथमिकता दिन मद्दत गर्छ।

### (ख) विरोधी विचारप्रतिको सहिष्णुता

विरोधी विचारप्रतिको सहिष्णुता भनेको आफूभन्दा फरक मत, आलोचना वा असहमतिको सम्मानपूर्वक स्वीकार गर्ने क्षमता हो। द्वन्द्व व्यवस्थापनमा सहिष्णुताले तनाव कम गर्न र पक्षहरूबीच संवादको वातावरण निर्माण गर्न मद्दत गर्छ (उप्रेती, २०७१)। वार्ताका क्रममा प्रायः पक्षहरूबीच मतभेद हुन्छन्, तर सहिष्णुताको अभ्यासले

ती मतभेदलाई शत्रुताको रूपमा नभई समाधान खोज्ने अवसरका रूपमा हेर्न प्रेरित गर्छ। नेगोसियसन (वार्ता) सफल हुनका लागि प्रत्येक पक्षले अर्को पक्षको कुरा धैर्यपूर्वक सुन्नु, बुझ्नु र प्रतिक्रिया दिनु आवश्यक हुन्छ। सहजीकरणको प्रक्रियामा पनि सहिष्णुताले सहभागीहरूलाई सुरक्षित र सम्मानित महसुस गराउँछ, जसले खुला छलफललाई प्रोत्साहन गर्छ। यसले आक्रोश, अविश्वास र टकराव घटाई सहकार्य र समझदारी बढाउन महत्त्वपूर्ण योगदान पुऱ्याउँछ।

### (ग) निर्वाचनमार्फत शक्ति हस्तान्तरण

निर्वाचनमार्फत शक्ति हस्तान्तरण लोकतान्त्रिक प्रणालीको मूल आधार हो, जसले राजनीतिक द्वन्द्वलाई हिंसा वा बल प्रयोगको सट्टा शान्तिपूर्ण प्रक्रियाबाट समाधान गर्ने अवसर दिन्छ। जब सत्ता परिवर्तन निर्वाचनको माध्यमबाट हुन्छ, तब राजनीतिक प्रतिस्पर्धा संस्थागत र वैधानिक दायराभित्र रहन्छ। यसले द्वन्द्व व्यवस्थापनमा स्थायित्व ल्याउँछ र असन्तुष्ट पक्षलाई पनि वैधानिक माध्यमबाट आफ्नो मत व्यक्त गर्ने अवसर प्रदान गर्छ। नेगोसिएसनको दृष्टिकोणबाट हेर्दा निर्वाचनले शक्ति सन्तुलनको आधार तयार गर्छ, जसपछि विभिन्न दल वा समूहहरूबीच सहकार्य, गठबन्धन वा नीति–सम्झौताका लागि संवाद सम्भव हुन्छ। सहजीकरणको प्रक्रियामा निर्वाचनको स्वीकार्यताले विश्वास निर्माण गर्न मद्दत गर्छ, किनभने सबै पक्षले नियम र प्रक्रियालाई वैध मानेका हुन्छन्। यसले हिंसात्मक सङ्घर्षको सम्भावना घटाई शान्तिपूर्ण राजनीतिक व्यवस्थापनलाई बलियो बनाउँछ।

### (घ) जनमतको सम्मान

जनमतको सम्मान भनेको नागरिकको इच्छा, धारणा र निर्णयलाई मान्यता दिनु हो। द्वन्द्व व्यवस्थापनमा जनमतको सम्मानले निर्णय प्रक्रियालाई वैधता र स्वीकार्यता प्रदान गर्छ। जब जनताको आवाजलाई बेवास्ता गरिन्छ, तब असन्तोष, विरोध र द्वन्द्व उत्पन्न हुन सक्छ। तर जनमतलाई सम्मान गर्दा पक्षहरूबीच विश्वास निर्माण हुन्छ र विवाद समाधानप्रति सकारात्मक वातावरण तयार हुन्छ। नेगोसिएसनमा पनि जनमत महत्त्वपूर्ण आधार बन्छ, किनभने कुनै पनि सम्झौता वा समाधान दीर्घकालीन हुन जनस्वीकृति आवश्यक हुन्छ (उप्रेती, २०७६)। सहजीकरणका क्रममा जनमतलाई समेट्ने प्रयासले सहभागीहरूलाई आफू प्रक्रियाको हिस्सा भएको अनुभूति गराउँछ। यसले निर्णय प्रक्रियालाई समावेशी, उत्तरदायी र लोकतान्त्रिक बनाउँदै द्वन्द्वको दीर्घकालीन समाधानमा सहयोग पुऱ्याउँछ।

### (ङ) संविधान र कानुनको सर्वोच्चता

संविधान र कानुनको सर्वोच्चता भनेको सबै व्यक्ति, संस्था र राज्यसत्ता कानुनी दायराभित्र सञ्चालन हुनु हो। द्वन्द्व व्यवस्थापनमा यसको विशेष महत्त्व हुन्छ, किनभने कानुनी आधारले विवाद समाधानका लागि स्पष्ट नियम, प्रक्रिया र अधिकारको संरचना प्रदान गर्छ। यदि शक्ति वा प्रभावका आधारमा निर्णय गरिन्छ भने अन्यायको भावना बढेर द्वन्द्व चर्किन सक्छ (उप्रेती, २०१०)। तर कानुनको सर्वोच्चताले सबै पक्षलाई समान व्यवहारको प्रत्याभूति दिन्छ, जसले विश्वास र स्थिरता कायम गर्छ। नेगोसिएसनको प्रक्रियामा पनि कानुनी ढाँचाले वार्ताका सीमाना, अधिकार र दायित्व स्पष्ट पार्छ, जसले सम्झौतालाई टिकाउ बनाउँछ। सहजीकरणको सन्दर्भमा संविधान र कानुनको सम्मानले निष्पक्षता र पारदर्शिता सुनिश्चित गर्छ। यसले मनपरी निर्णय वा बल प्रयोगलाई नियन्त्रण गरी शान्तिपूर्ण र न्यायपूर्ण समाधानलाई प्रोत्साहन गर्छ।

### (च) संवाद र सहमतिमार्फत समस्या समाधान

संवाद र सहमतिमार्फत समस्या समाधान गर्नु भनेको बल, दबाब वा हिंसाको सट्टा छलफल, समझदारी र सहकार्यका माध्यमबाट विवाद समाधान गर्नु हो। द्वन्द्व व्यवस्थापनको सबैभन्दा प्रभावकारी विधि नै संवाद हो, किनकि यसले पक्षहरूलाई एकअर्काको आवश्यकता, चासो र चिन्ता बुझ्ने अवसर दिन्छ। नेगोसिएसनकाको

मूल आधार पनि यही हो, जहाँ पक्षहरूले आफ्ना माग र स्वार्थलाई समायोजन गर्दै साझा समाधान खोज्ने प्रयास गर्छन्। नेगोसिएसन प्रक्रियामा सहजीकर्ताले संवादलाई सहज, निष्पक्ष र परिणाममुखी बनाउन भूमिका खेल्छन्, जसले पक्षहरूबीच विश्वास निर्माण गर्न मद्दत गर्छ (उप्रेती, २००९)। सहमतिमा आधारित समाधान दीर्घकालीन र दिगो हुने सम्भावना बढी हुन्छ, किनकि त्यसमा सबै पक्षको सहभागिता र स्वामित्व हुन्छ। यसरी संवाद र सहमतिले द्वन्द्वलाई हिंसाबाट शान्तिपूर्ण सहअस्तित्वतर्फ रूपान्तरण गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउँछ (उप्रेती, २०१०)।

मदन भण्डारीले कम्युनिस्ट आन्दोलनभित्र पनि वैचारिक बहसलाई लोकतान्त्रिक ढङ्गले अघि बढाउन जोड दिएको र जनताको बीचमा गएर जनमत निर्माण गर्ने रणनीतिलाई आत्मसात् गरेकै कारण जबज प्रभावकारी भएको र राजनीतिक विवाद समाधानमा समेत सहयोगी रहेको देखिन्छ।

## मदन भण्डारी र द्वन्द्व व्यवस्थापनका लागि आवश्यक गुण, सीप र ज्ञान

द्वन्द्व व्यवस्थापन सफल बनाउन नेतृत्वकर्तामा केही विशेष गुण, सीप र ज्ञान आवश्यक हुन्छ। जनतासँग राम्रो सम्बन्ध भएको र जनताको विश्वास प्राप्त नेतृत्वले मात्र द्वन्द्वको दीर्घकालीन समाधान दिन सक्छ। मदन भण्डारी जनतामाझ लोकप्रिय भएको र उहाँको भाषा शैली सरल, तर्कपूर्ण र जनमुखी भएकै कारण उहाँ जनतामाझ अति लोकप्रिय हुनुहुन्थ्यो। नेतृत्वकर्ताले तत्कालीन समस्यामा मात्र सीमित नभइ परको भविष्य देख्न सक्नुपर्छ। दूरदृष्टि नभएको नेतृत्वले द्वन्द्वलाई थप जटिल बनाउँछ भने दूरदृष्टि भएको नेतृत्वले दीर्घकालीन समाधान खोज्छ। मदन भण्डारीमा असाधारण राजनीतिक दूरदृष्टि भएकै कारण विश्व कम्युनिस्ट आन्दोलन सङ्कटमा परिरहेका बेला उहाँले बहुदलीय लोकतन्त्रलाई आत्मसात् गर्दै नेपाली कम्युनिस्ट आन्दोलनलाई नयाँ दिशा र उचाइमा पुऱ्याउनु भयो।

द्वन्द्व समाधानका लागि सबै पक्षसँग संवाद गर्न सक्ने क्षमता आवश्यक हुन्छ (उप्रेती, २०७१)। मदन भण्डारीमा असाधारण संवाद क्षमता भएको र वाककलामार्फत उहाँले जोसुकैलाई छिट्टै प्रभाव पार्न सक्ने र फरक विचारधाराका व्यक्तिसँग पनि सहज संवाद गर्न सक्ने नेता भएको र सधँै तर्क, तथ्य र वैचारिक स्पष्टताका आधारमा बहस गर्ने भनाइ उहासँग नजिक रहेर काम गरेका व्यक्तिहरूको अनुभव रहेछ (पौडेल, २०६५क र ख र २०७८ क र ख)।

सहिष्णुता द्वन्द्व व्यवस्थापनको महत्त्वपूर्ण अङ्ग हो (उप्रेती, २०७१)। अझ लोकतन्त्रमा त विरोधी विचारलाई सम्मान गर्नु आवश्यक हुन्छ। मदन भण्डारीले आलोचनालाई स्वीकार गर्ने र बहसबाट समाधान खोज्ने संस्कार विकास गरेकै कारण उहाको लोकप्रियता बढेको देखिन्छ।

निर्णय क्षमता द्वन्द्व व्यवस्थापनको अर्को महत्त्वपूण पक्ष हो (उप्रेती, २०७१)। कठिन परिस्थितिमा सही निर्णय लिन सक्ने क्षमता नेतृत्वको महत्त्वपूर्ण गुण हो। जबजको अवधारणा अघि सार्नु आफैँमा साहसी र जोखिमपूर्ण निर्णय थियो। तर सहमति निर्माण गर्ने क्षमता भएकै कारण मदन आफ्नै दलभित्र बढ्दै गएको द्वन्द्वको व्यवस्थापन गर्न सफल हुनुभयो। द्वन्द्व व्यवस्थापनमा सबै पक्षलाई स्वीकार्य समाधान खोज्नु महत्त्वपूर्ण हुन्छ जुन मदन भण्डारीले सफलतापूर्वक सम्पन्न गर्नु भयो। उदाहरणका लागि नेपाल कम्युनिस्ट पार्टी (एमाले)को निर्माण प्रक्रियामा मदन भण्डारीले विभिन्न धारबीच सफलतापूर्वक सहमति निर्माण गर्नुभएको थियो। उहाँको वैचारिक स्पष्टता र जोखिम लिने क्षमता नै यो सफलताको कारण थियो। नेतृत्व स्पष्ट नभई द्वन्द्व समाधान गर्न सक्दैन। मदन भण्डारीले नेपाली समाजको यथार्थ विश्लेषण गर्दै कम्युनिस्ट आन्दोलनलाई लोकतान्त्रिक बाटोमा अघि बढाउनुको एक प्रमुख कारण यही थियो (पौडेल, २०६५क र ख, २०७८क र ख, भण्डारी, २०५०, नेकपा एमाले, २०५०)।

धैर्यता र संयमबिना द्वन्द्व समाधान सम्भव हुँदैन। मदन भण्डारीले वैचारिक मतभेदलाई धैर्यपूर्वक

छलफलमार्फत समाधान गरेकै कारण चर्चित हुनुभएको बुझिन्छ। शक्ति पृथकीकरणको मान्यता अनुसार नै जबजले राज्यका तीन अङ्ग— कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीच शक्ति पृथकीकरणलाई प्राथमिकता दिएको देखिन्छ। शक्ति केन्द्रित हुँदा निरङ्कुशता बढ्ने भएकाले लोकतन्त्रमा शक्ति सन्तुलन आवश्यक हुन्छ। यो अवधारणा द्वन्द्व व्यवस्थापनका लागि महत्त्वपूर्ण छ किनभने शक्ति दुरुपयोग कम हुँदा राजनीतिक असन्तोष घट्छ।

जबजको मुख्य विशेषता बहुदलीय प्रतिस्पर्धाको स्वीकार हो (पौडेल, २०६५क र ख, भण्डारी, २०५०, नेकपा एमाले, २०५०)। राजनीतिक प्रतिस्पर्धालाई लोकतान्त्रिक प्रक्रियाबाट व्यवस्थापन गर्नु नै द्वन्द्व व्यवस्थापनको आधुनिक तरिका हो। बहुदलीय प्रणालीले हिंसात्मक सङ्घर्षको विकल्प दिन्छ। जबजले मानव अधिकारलाई समाजवादको आधार मान्छ। अभिव्यक्ति स्वतन्त्रता, सङ्गठन स्वतन्त्रता, प्रेस स्वतन्त्रता र नागरिक अधिकार लोकतन्त्रका आधार हुन्। मानव अधिकारको संरक्षणबिना शान्ति सम्भव हुँदैन। त्यसैगरी जबजले खुला समाजलाई स्वीकार गर्छ, जहाँ विचार, सूचना र सङ्गठन स्वतन्त्र हुन्छन्। खुला समाजले संवाद र आलोचनालाई प्रोत्साहन गर्छ, जसले द्वन्द्वलाई हिंसात्मक बन्नबाट रोक्छ।

आवधिक निर्वाचन लोकतान्त्रिक प्रतिस्पर्धाको प्रभावकारी माध्यम हो। यसमा जनताले आफ्नो प्रतिनिधि चयन गर्ने अधिकार पाउँछन्। त्यसैले निर्वाचनमार्फत सत्ता परिवर्तन सम्भव हुँदा हिंसात्मक सङ्घर्षको औचित्य कम हुन्छ।

विधिको शासनको सन्दर्भमा जबजले व्यक्तिको होइन, कानुनको शासनलाई महत्त्व दिने हुँदा कानुनी शासनले न्याय र समानताको अनुभूति गराउँछ, जसले द्वन्द्व कम गर्छ। जबजले विपक्षको अस्तित्वलाई लोकतन्त्रको अनिवार्य पक्ष मान्छ। यसले राजनीतिक द्वन्द्वलाई संस्थागत रूपले व्यवस्थापन गर्छ।

**मदन भण्डारीका सफल वार्ता तथा सहमति निर्माणका उदाहरणहरू**

मदन भण्डारी नेपाली कम्युनिस्ट आन्दोलनका त्यस्ता नेता हुनु भयो, जसले वैचारिक, सङ्गठनात्मक तथा राष्ट्रिय राजनीतिक स्तरका अनेकौँ द्वन्द्व र तनावलाई संवाद, वैचारिक स्पष्टता तथा सहमतिका माध्यमबाट व्यवस्थापन गर्नुभयो। उहाँले प्रत्यक्ष रूपमा समाधान वा व्यवस्थापन गरेका केही महत्त्वपूर्ण द्वन्द्व तथा तनावका उदाहरण यस्ता छन्ः

**(क) कम्युनिस्ट आन्दोलनभित्रको वैचारिक द्वन्द्व व्यवस्थापन**

सन् १९९० पछि नेपालको कम्युनिस्ट आन्दोलनभित्र ‘बहुदलीय लोकतन्त्र स्वीकार गर्ने कि नगर्ने’ भन्ने विषयमा ठूलो वैचारिक विवाद थियो। धेरै कम्युनिस्ट समूहहरूले बहुदलीय व्यवस्थालाई ‘संसदीय विचलन’का रूपमा हेर्थे। यस्तो अवस्थामा मदन भण्डारीले ‘जनताको बहुदलीय जनवाद (जबज)’को अवधारणा प्रस्तुत गर्दै समाजवादतर्फ जाने नेपाली बाटो लोकतान्त्रिक प्रतिस्पर्धाबाट पनि सम्भव छ भन्ने गहन विचार अघि सार्नु भयो। यसले पार्टीभित्र चर्किएको वैचारिक तनावलाई विभाजनतर्फ जानबाट रोकेको थियो। उहाँले बहस, प्रशिक्षण, वैचारिक छलफल तथा पार्टी महाधिवेशनमार्फत सहमति निर्माण गरेर सङ्गठनात्मक एकता कायम गर्न महत्त्वपूर्ण भूमिका खेल्नुभयो (पौडेल, २०६५क र ख, २०७८क र ख, भण्डारी, २०५०, नेकपा एमाले, २०५०)।

**(ख) नेकपा (एमाले)भित्रको गुटगत तनाव व्यवस्थापन**

कम्युनिस्ट आन्दोलनभित्र वैचारिक विवाद सामान्य कुरा हो। सीपी मैनालीलगायतका नेतासँग रणनीति र दृष्टिकोणमा मतभेद हुँदा पनि मदन भण्डारीले संवाद र बहसको बाटो रोजेर समस्या समाधानमा लागिरहनु भयो। नेकपा (एमाले) गठनपछि विभिन्न पृष्ठभूमिबाट आएका

नेताहरूबीच नेतृत्व, विचार तथा सङ्गठन सञ्चालनका विषयमा मतभेद थिए (पौडेल, २०६५क र ख, २०७८क र ख)। तत्कालीन नेकपा (माले) र मार्क्सवादी समूहबीच एकीकरणपछि पनि आपसी अविश्वास र प्रतिस्पर्धा कायम थियो। मदन भण्डारीले 'सामूहिक नेतृत्व' र 'आन्तरिक लोकतन्त्र'को अभ्यासलाई जोड दिँदै पार्टीभित्र संवादको संस्कृति विकास गरेर वैचारिक मतभेदलाई शत्रुताको रूपमा होइन, सङ्गठन विकासको प्रक्रिया मान्दै व्यवस्थापन गरेकै कारण एमालेलाई विभाजनबाट जोगाउन ठूलो योगदान पुऱ्यायो। उहाँको शैली विरोधीलाई निषेध गर्नेभन्दा पनि तर्कद्वारा विश्वास दिलाउने देखियो।

### (ग) बहुदलीय व्यवस्थाप्रति कम्युनिस्ट आन्दोलनको तनाव न्यूनीकरण

नेपालमा पञ्चायत व्यवस्था अन्त्यपछि कम्युनिस्ट शक्तिहरू र संसदीय लोकतन्त्रबीच गहिरो अविश्वास थियो। केही समूह सशस्त्र सङ्घर्षतर्फ झुकाव राख्थे भने अन्य शक्तिहरू कम्युनिस्टहरूलाई लोकतन्त्रविरोधी ठान्थे। मदन भण्डारीले लोकतन्त्र, मानवअधिकार, बहुदलीय प्रतिस्पर्धा र जनमतको सम्मानलाई स्वीकार गर्दै कम्युनिस्ट आन्दोलनलाई मूलधारको लोकतान्त्रिक राजनीतिमा स्थापित गरेपछि यसले राज्य र कम्युनिस्ट आन्दोलनबीचको तनाव कम गरी शान्तिपूर्ण राजनीतिक प्रतिस्पर्धाको वातावरण निर्माण गऱ्यो।

### (घ) संयुक्त जनआन्दोलनपछि राजनीतिक ध्रुवीकरण कम गर्ने प्रयास

सन् १९९० को नेपालको जनआन्दोलनपछि नेपाली राजनीति अत्यधिक ध्रुवीकृत अवस्थामा थियो। राजतन्त्र समर्थक, कांग्रेस, विभिन्न वामपन्थी समूहहरू तथा अन्य शक्तिहरूबीच अविश्वास र प्रतिस्पर्धा चर्किएको थियो। मदन भण्डारीले संवाद, संसदीय अभ्यास तथा सहकार्यलाई प्राथमिकता दिएर प्रतिपक्षको भूमिकामा रहँदा पनि लोकतान्त्रिक संस्थाहरू सुदृढ बनाउने, संसदलाई सङ्घर्ष र सहमतिको साझा थलो बनाउने तथा राजनीतिक स्थायित्व कायम गर्ने पक्षमा भूमिका खेल्नुभयो।

### (ङ) कार्यकर्ता–नेतृत्वबीचको दूरी कम गर्ने अभ्यास

धेरै राजनीतिक दलहरूमा नेतृत्व र कार्यकर्ताबीच दूरी बढ्दा असन्तोष र सङ्गठनात्मक तनाव उत्पन्न हुने गर्दछ। मदन भण्डारी नियमित रूपमा जिल्ला भ्रमण, प्रशिक्षण, जनभेटघाट तथा कार्यकर्ता संवादमा सक्रिय रहन्थे। यसले पार्टीभित्र 'नेतृत्व पहुँचभन्दा बाहिर छ' भन्ने भावना अन्त्य गऱ्यो। कार्यकर्ताको भावना सुन्ने र उनीहरूलाई जिम्मेवारी दिने शैलीले सङ्गठनात्मक असन्तोष व्यवस्थापन गर्न सहयोग पुऱ्यायो।

### (च) हिंसात्मक राजनीतिक संस्कृतिको विकल्प खोज्ने प्रयास

सन् १९८० र १९९० को दशकमा दक्षिण एसियाका धेरै कम्युनिस्ट आन्दोलनहरू हिंसात्मक सङ्घर्षतर्फ उन्मुख थिए। नेपालमा पनि वर्गसङ्घर्ष र क्रान्तिका नाममा हिंसात्मक राजनीति उचित ठान्ने धारहरू निकै बलिया थिए। मदन भण्डारीले जनमत, निर्वाचन, बहुलवाद र शान्तिपूर्ण प्रतिस्पर्धालाई समाजवाद प्राप्त गर्ने माध्यमका रूपमा अघि सारेपछि यसले नेपाली राजनीतिमा हिंसात्मक टकरावको सम्भावना रोक्न वैचारिक आधार तयार गऱ्यो।

### (छ) राष्ट्रियतासम्बन्धी तनावमा सन्तुलित दृष्टिकोण

भारतसँगको सम्बन्ध, राष्ट्रिय स्वाधीनता तथा आर्थिक निर्भरता सम्बन्धी विषयमा नेपाली राजनीतिमा तीव्र भावनात्मक तनाव रहँदै आएको थियो। मदन भण्डारीले राष्ट्रवादलाई उग्र राष्ट्रवाद वा विदेशीविरोधी घृणाको रूपमा होइन, "समानता र स्वाभिमानमा आधारित सम्बन्ध" का रूपमा व्याख्या गरेपछि यसले राष्ट्रियताको मुद्दालाई द्वन्द्व भड्काउने माध्यमभन्दा राष्ट्रिय एकताको आधार बनाउने प्रयास गरेको देखिन्छ।

**(ज) नेकपा (माले) र नेकपा (मार्क्सवादी)को एकीकरण**

नेपालको कम्युनिस्ट आन्दोलन लामो समयसम्म विभाजित थियो। वैचारिक मतभेद, नेतृत्व सङ्घर्ष तथा रणनीतिक असहमतिका कारण विभिन्न समूह बनेका थिए। मदन भण्डारीले पार्टी एकताको आवश्यकता महसुस गरेर वैचारिक बहस, संवाद र सहमतिका आधारमा नेकपा (माले) र नेकपा (मार्क्सवादी)बीच एकीकरणको नेतृत्व गरेकै कारण नेकपा (एमाले) को निर्माण भएको थियो। यो एकीकरण नेपाली कम्युनिस्ट आन्दोलनमा ऐतिहासिक घटना थियो, जसले वैचारिक द्वन्द्वलाई संवादमार्फत समाधान गर्न सकिने उदाहरण प्रस्तुत गर्‍यो (पौडेल, २०६५क र ख, २०७८क र ख)।

**(झ) २०४७ सालको संविधान निर्माण**

२०४६ सालको जनआन्दोलनपछि नयाँ संविधान निर्माणको प्रक्रिया सुरु भयो। संविधान निर्माणका क्रममा राजसंस्था, लोकतन्त्र, नागरिक अधिकार तथा राजनीतिक संरचनाका विषयमा विभिन्न मतभेद थिए। मदन भण्डारीले लोकतान्त्रिक संविधान निर्माणका पक्षमा महत्त्वपूर्ण भूमिका खेल्दै बहुदलीय लोकतन्त्रलाई स्वीकार गरी जनअधिकार र संवैधानिक शासनलाई प्राथमिकता दिएकै कारण २०४७ सालमा संविधान ल्याउन सम्भव भएको थियो। संविधान निर्माणका क्रममा जनआन्दोलनका उपलब्धको रक्षा कम चुनौतीपूर्ण थिएन। अन्ततः संविधान जारी हुने अवस्था बन्दा पनि त्यसमा मदन भण्डारीले अघि सार्नुभएका अवधारण समेटिन सकेका थिएनन्। त्यसबीचमा उहाँले प्राप्त उपलब्धिको रक्षा गर्ने तर त्यसैमा सम्झौता नगर्ने नीति लिई संविधानमाथि आलोचनात्मक समर्थनको नीति लिनुभयो। त्यो संविधान निर्माण प्रक्रिया आफैँमा राजनीतिक द्वन्द्व व्यवस्थापनको एक अनुपम उदाहरण थियो। मदन भण्डारीले विमतिहरूलाई दर्ज गराई थाती राखेर संविधान घोषणा गर्ने सहमति गर्नुभएको थियो। उहाँले उठाएका ती विषय लोकतान्त्रिक आन्दोलनको सफलतापछि संसदीय घोषणामार्फत र तत्पश्चात् नयाँ संविधानमा समेट्ने प्रयास गरिएको थियो।

**(ञ) बहस र छलफलमार्फत समाधान खोज्ने शैली**

मदन भण्डारी खुला बहसका पक्षधर भएकै कारण उहाँले सङ्गठनभित्र लोकतान्त्रिक संस्कार विकास गर्न सफल हुनुभएको थियो। उहाँका केही विशेष शैलीहरू थिए। त्यसमा सबै पक्षको कुरा सुन्ने, बहुविकल्प खोज्ने, तर्क र तथ्य प्रयोग गर्ने, जनमतलाई आधार मान्ने, जोखिम लिन तयार हुने, कार्यकर्तालाई प्रेरित गर्ने (पौडेल, २०६५क र ख, २०७८क र ख) आदि पर्दछन्।

जबजको अवधारणा तत्कालीन अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको परम्परागत धारणाभन्दा फरक थियो। यसलाई स्वीकार गराउनु चुनौतीपूर्ण थियो। तर मदन भण्डारीले जोखिम उठाएर नयाँ विचार अघि सारेकै कारण उहाँलाई दूरदर्शी नेता मानिन्छ। उहाँमा जनतालाई प्रेरित गर्ने असाधारण क्षमता थियो। उहाँको भाषण शैली अत्यन्त प्रभावकारी थियो। उहाँ कठिन वैचारिक विषयलाई पनि सरल भाषामा प्रस्तुत गर्न सक्ने भएकाले जनतालाई सहजै लोकतान्त्रिक समाजवादतर्फ प्रेरित गर्नुभएको थियो।

मदन भण्डारीसम्बन्धी विभिन्न सन्दर्भ सामग्रीहरूको (पौडेल, २०६५ र २०७८) अध्ययनबाट मूलत उहाँका निम्न नेतृत्वदायी गुणहरू पाइन्छ, जुन राजनीतिक र सामाजिक तनावहरूको सफल व्यवस्थापन र रूपान्तरणका लागि अति आवश्यक मानिन्छः (१) इमान्दारी र सदचरित्रता, (२) भविष्यप्रति दूरदृष्टि (भिजन), (३) कामप्रतिको प्रतिबद्धता (कमिटमेन्ट), (४) धैर्य धारण गर्ने क्षमता, (५) अरूलाई आफ्नो विचार र व्यवहारको बाटोमा हिँडाउने क्षमता, (६) सहनशीलता, (७) निर्णय गर्ने र गरेको निर्णयमा अड्ने क्षमता, (८) जवाफदेहिता, (९) पारदर्शिता, (१०) जनपरिचालन र नागरिकको क्षमता पहिचान गरी जिम्मेवारी दिने र परिचालन गर्ने तत्परता र कुशलता, (११) सिर्जनशीलता, (१२) अधिकारको विकेन्द्रीकरण र परिणामको अनुगमन गर्ने तत्परता र (१३)

आलोचना सुन्ने क्षमता र आलोचनाबाट सुधारिने तत्परता आदि।

नेपालको राजनीतिक इतिहासमा मदन भण्डारीले प्रस्तुत गर्नुभएको नेतृत्व शैली केवल पार्टी सञ्चालनमा सीमित थिएन, बरु सामाजिक द्वन्द्व व्यवस्थापन, राजनीतिक तनाव न्यूनीकरण, वैचारिक मतभेदको समन्वय तथा सङ्गठनात्मक एकता कायम गर्ने दिशामा पनि अत्यन्त प्रभावकारी थियो। विशेषतः जबजको अवधारणामार्फत उहाँले नेपाली कम्युनिस्ट आन्दोलनलाई एउटा दलले अर्को दललाई कठोर आरोप लगाउने, ससाना गुट खडा गरी वैचारिक टकराव गर्ने अभ्यासबाट संवाद, सहअस्तित्व र प्रतिस्पर्धात्मक लोकतान्त्रिक अभ्यासतर्फ उन्मुख गराउनु भयो (पौडेल, २०६५क र ख, २०७८क र ख, भण्डारी, २०५०, नेकपा एमाले, २०५०)।

**इमान्दारी र सदाचारिता**ः मदन भण्डारीको नेतृत्वको मुख्य आधार नै व्यक्तिगत इमान्दारी र राजनीतिक नैतिकता थियो। राजनीतिक नेतृत्वमा विश्वासको सङ्कट उत्पन्न हुँदा दलहरूभित्रै र समाजमा पनि असन्तोष, अविश्वास र द्वन्द्व बढ्ने गर्दछ। तर भण्डारीले आफ्नो स्वच्छ छवि, सादगीपूर्ण जीवनशैली र नैतिक आचरणमार्फत कार्यकर्ता तथा जनतामा भरोसा निर्माण गर्नुभएको थियो। यसले पार्टीभित्रको गुटहरूबीचको अविश्वास कम गर्न र राजनीतिक तनावलाई संवादद्वारा समाधान गर्न सहयोग पुऱ्याएको थियो (पौडेल, २०६५क र ख, २०७८क र ख, भण्डारी, २०५०, नेकपा एमाले, २०५०)।

**भविष्यप्रतिको दूरदृष्टि**ः उहाँले तत्कालीन विश्व राजनीतिक परिवर्तन, सोभियत सङ्घको विघटन तथा नेपाली समाजको यथार्थलाई विश्लेषण गर्दै 'जनताको बहुदलीय जनवाद' जस्तो नवीन राजनीतिक दृष्टिकोण अघि सार्नु भयो। यो दूरदृष्टिले गुटगत टकराव र वैचारिक अन्योलको सट्टा लोकतान्त्रिक प्रतिस्पर्धा र सहमतिलाई प्राथमिकता दियो। फलस्वरूप दलभित्र मात्र नभई देशमै राजनीतिक ध्रुवीकरण कम गर्न तथा दीर्घकालीन शान्ति र स्थायित्वतर्फ मार्गनिर्देशन गर्न मद्दत पुग्यो (विष्ट, २०८२)।

**कामप्रतिको प्रतिबद्धता**ः मदन भण्डारी अत्यन्त मिहिनेती, अध्ययनशील र सङ्गठनप्रति समर्पित नेता भएकै कारण उहाँको नेतृत्वप्रति कार्यकर्तामा अनुशासन र विश्वास बढ्दै गयो। पार्टीभित्रको असन्तुष्टि र विवाद समाधान गर्न उहाँले निरन्तर छलफल, प्रशिक्षण र वैचारिक स्पष्टताको माध्यम अपनाउनु भयो (पौडेल, २०६५क र ख, २०७८क र ख)।

**धैर्य गर्ने क्षमता**ः राजनीतिक सङ्घर्षमा उत्तेजना, आरोप–प्रत्यारोप र वैचारिक आक्रमण सामान्य नै हो। तर मदन भण्डारीमा धैर्यपूर्वक विरोधी आवाज सुन्ने र परिस्थितिलाई संयमतापूर्वक सम्हाल्ने क्षमता थियो (पौडेल, २०६५क र ख, २०७८क र ख)। यही गुणले उहाँलाई विशेषतः पार्टीभित्र उत्पन्न वैचारिक मतभेदलाई संवाद र सहमतिमा रूपान्तरण गर्न सहयोग पुऱ्यायो। द्वन्द्व व्यवस्थापनमा धैर्यलाई महत्त्वपूर्ण गुण मानिन्छ।

**अरूलाई आफ्नो विचार र व्यवहारको बाटोमा हिँडाउन सक्ने क्षमता**ः उहाँको भाषणकला, तार्किक प्रस्तुति र वैचारिक स्पष्टता विरोधी धारका मानिसलाई समेत प्रभावित बनाउने थियो। यही क्षमताको कारण उहाँले जबजको अवधारणालाई केवल माथिबाट जारी गरिने अन्तरपार्टी निर्देशन नभई वैचारिक बहस र संवादद्वारा खारिने व्यावहारिक दर्शनका रूपमा स्थापित गर्न सक्नु भयो (पौडेल, २०६५क र ख, २०७८क र ख)। यस प्रकारको प्रेरणादायी नेतृत्वले सामाजिक तनाव कम गर्न र भिन्नभिन्न चिन्तन र अवधारणा राख्ने मानिसहरूलाई पनि साझा उद्देश्यतर्फ उन्मुख गर्न मद्दत गर्दछ।

**सहनशीलता**ः लोकतान्त्रिक अभ्यासमा फरक विचारको सम्मान आवश्यक हुन्छ। मदन भण्डारीले आलोचना र वैचारिक असहमतिलाई शत्रुताका रूपमा होइन, राजनीतिक विकासको आवश्यक अंशका रूपमा लिने गर्नुभएको पाइन्छ (पौडेल, २०६५क र ख र २०७८क र ख)। यही सहनशीलताले पार्टीभित्र वैचारिक बहसको वातावरण सिर्जना गऱ्यो र गुटगत टकरावलाई हिंसात्मक बन्नबाट रोक्यो।

**निर्णय गर्ने र निर्णयमा अडिग रहने क्षमताः** द्वन्द्व व्यवस्थापनको एउटा महत्त्वपूर्ण गुण भनेको ठोस परिस्थितिको गहिरो विश्लेषण गरी तत्काल निर्णय लिने हो। नेतृत्वले समयमा निर्णय लिन सकेन भने द्वन्द्व झन् जटिल बन्दै जान्छ (उप्रेती, २०७१, २०७६)। मदन भण्डारीले आवश्यक समयमा स्पष्ट निर्णय लिन सक्ने क्षमता देखाउनु भएको थियो। विशेषतः बहुदलीय प्रतिस्पर्धालाई स्वीकार गर्ने निर्णय नेपालको तत्कालीन कम्युनिस्ट आन्दोलनभित्र विवादास्पद बनाउन खोजिए पनि उहाँले त्यसमा दृढता देखाई व्याख्या गर्दै जानुभयो। यसले पार्टीलाई स्पष्ट दिशा प्रदान गऱ्यो र देशमा सकारात्मक वैचारिक वातावरण बनायो भने अन्तर्राष्ट्रिय क्षेत्रमा पनि यसले नयाँ बहस सिर्जना गऱ्यो।

**जवाफदेहिताः** उहाँले नेतृत्वलाई जनताप्रति पूर्ण उत्तरदायी बनाउनुपर्छ भन्ने मान्यता स्थापित गर्नुभयो (उप्रेती, २०७१, २०७६)। जब नेतृत्व जवाफदेही हुन्छ, तब राजनीतिक असन्तोष कम हुन्छ र जनविश्वास बढ्छ। पार्टीभित्र पनि नेतृत्वले कार्यकर्ताको भावना र सुझाव सुन्नुपर्छ भन्ने संस्कार विकास गर्न उहाँले जोड दिएकै कारण दलप्रति कार्यकर्ताको स्वामित्व र अपनत्व बढेको थियो।

**पारदर्शिताः** पारदर्शी नेतृत्वले अविश्वास न्यून गर्न र द्वन्द्व समाधानमा सहयोग गर्दछ। मदन भण्डारीले जबजको माध्यमबाट पार्टी नीति, विचार र कार्यक्रमलाई खुला बहसको विषय बनाउनुभएका कारण पहिला माले र पछि एमालेले आफ्नो बर्चस्व कायम गर्न सफलता हासिल गरेको थियो (उप्रेती, २०७१, २०७६)।

**जनपरिचालन तथा नागरिकको क्षमता पहिचान गरी जिम्मेवारी दिने क्षमताः** राजनीतिक द्वन्द्व व्यवस्थापनका लागि यो गुणलाई अति महत्त्वपूर्ण मानिन्छ। उहाँले सङ्गठन विस्तारमा युवाहरू, बुद्धिजीवी, श्रमिक तथा विभिन्न वर्गलाई क्षमता अनुसार जिम्मेवारी र अवसर दिएको तथ्य मदन भण्डारी स्मृति ग्रन्थ (पहिलो र दोस्रो खण्ड) मा विभिन्न लेखकहरूमा उल्लेख गर्नु भएको छ (पौडेल, २०६५क र ख र २०७८क र ख)। मदन भण्डारीको व्यक्तिको क्षमता पहिचान गरी जिम्मेवारी बाँडफाँट गर्ने शैलीले सङ्गठनभित्र सहभागिता र अपनत्वको भावना बढाएकै कारण असन्तुष्टि कम गरी एकता सुदृढ बनायो भन्ने उहाँहरूको निचोड रहेको छ।

**सिर्जनशीलताः** नेपालको कम्युनिस्ट आन्दोलनमा 'जनताको बहुदलीय जनवाद' आफैँमा एक सिर्जनात्मक राजनीतिक अवधारणा थियो (नेकपा एमाले, २०५०)। यसले हिंसात्मक क्रान्ति र कठोर वर्गसङ्घर्षको सट्टा शान्तिपूर्ण प्रतिस्पर्धा र लोकतान्त्रिक प्रक्रियालाई जोड दियो। द्वन्द्व समाधानमा सिर्जनात्मक सोच अत्यन्त महत्त्वपूर्ण हुन्छ किनकि यसले नयाँ विकल्प र साझा आधार खोज्न मद्दत गर्छ। यस अर्थमा मदन भण्डारीको जबज द्वन्द्व व्यवस्थापनको पनि सशक्त माध्यम हो।

**अधिकारको विकेन्द्रीकरण र परिणामको अनुगमन गर्ने तत्परताः** मदन भण्डारीले पार्टी सञ्चालनमा सामूहिक नेतृत्व र सङ्गठनात्मक प्रणालीलाई महत्त्व दिएकै कारण शक्ति केन्द्रित सङ्घर्ष र कार्यगत असन्तोष कम भई पार्टी परिचालन गतिशील भएको हो। साथै, निर्णय कार्यान्वयनको निरन्तर अनुगमनले सङ्गठनभित्र अनुशासन र उत्तरदायित्व कायम गर्न सहयोग पुऱ्याएको तथ्य उहाँबारे विभिन्न व्यक्तिहरूले लेखेका लेखमा देखिन्छ (पौडेल, २०६५क र ख र २०७८ख)।

**आलोचना सुन्ने र त्यसबाट सुधारिने तत्परताः** उहाँले आलोचनालाई नेतृत्वविरुद्धको हमला नभई सुधारको अवसरका रूपमा लिने संस्कार विकास गर्नुभयो, जसले पार्टीभित्र संवादको संस्कृति निर्माण गऱ्यो (नेकपा एमाले, २०५०)। द्वन्द्व व्यवस्थापनमा 'सुनुवाइ' अत्यन्त महत्त्वपूर्ण तत्त्व हो, किनकि धेरै तनाव संवादको अभावका कारण चर्किन्छन्।

## निष्कर्ष

मदन भण्डारीले प्रदर्शन गरेका गुणहरूले नेपालमा राजनीतिक स्थायित्व, वैचारिक सहिष्णुता, सङ्गठनात्मक एकता तथा सामाजिक सद्भाव कायम गर्न महत्त्वपूर्ण भूमिका खेलेका थिए। उहाँका नेतृत्व विशेषताहरू आज पनि

नेपालमा बढ्दो राजनीतिक ध्रुवीकरण, सामाजिक तनाव, गुटीय सङ्घर्ष तथा विश्वास सङ्कट समाधान गर्न अत्यन्त सान्दर्भिक देखिन्छन्। विशेषतः संवाद, सहअस्तित्व, लोकतान्त्रिक अभ्यास र उत्तरदायी नेतृत्वप्रतिको उहाँको दृष्टिकोणले वर्तमान नेपालको द्वन्द्व व्यवस्थापन र शान्ति निर्माण प्रक्रियालाई महत्त्वपूर्ण मार्गदर्शन प्रदान गर्दछ।

मदन भण्डारीको नेतृत्व शैली संवाद, सहिष्णुता, वैचारिक स्पष्टता, सामूहिक निर्णय र लोकतान्त्रिक अभ्यासमा आधारित थियो। उहाँले हिंसात्मक टकरावभन्दा राजनीतिक बहस, सङ्गठनात्मक एकता र जनमतलाई प्राथमिकता दिएकै कारण उहाँले व्यवस्थापन गरेका द्वन्द्वका उदाहरण आज पनि नेपालमा राजनीतिक ध्रुवीकरण, गुटीय सङ्घर्ष, सामाजिक तनाव तथा लोकतान्त्रिक सङ्क्रमण व्यवस्थापनका लागि महत्त्वपूर्ण मार्गदर्शन एवं यससम्बन्धी अध्येताहरूका लागि अध्ययनका विषय बनेका छन्।

द्वन्द्व समाजको स्वाभाविक प्रक्रिया हो। जहाँ विविधता, विचारभिन्नता र प्रतिस्पर्धा हुन्छ, त्यहाँ द्वन्द्व पनि हुन्छ। तर द्वन्द्वलाई हिंसा, दमन र विनाशतर्फ लैजानुभन्दा लोकतान्त्रिक प्रक्रिया, संवाद, वार्ता र सहमतिमार्फत व्यवस्थापन गर्नु सभ्य राजनीतिक संस्कृतिको आधार हो। जनताको बहुदलीय जनवाद यही लोकतान्त्रिक द्वन्द्व व्यवस्थापनको महत्त्वपूर्ण राजनीतिक दर्शन हो। यसले बहुदलीय प्रतिस्पर्धा, मानव अधिकार, विधिको शासन, खुला समाज, आवधिक निर्वाचन तथा जनमतको सर्वोच्चतालाई स्वीकार गरेर राजनीतिक द्वन्द्वलाई संस्थागत ढङ्गले समाधान गर्ने बाटो प्रस्तुत गरेको छ।

मदन भण्डारीले नेपाली कम्युनिस्ट आन्दोलनलाई लोकतान्त्रिक दिशामा रूपान्तरण गर्दै संवाद, सहमति र वैचारिक स्पष्टताको संस्कृति विकास गरेको देखिन्छ। उहाँले विरोधी विचारलाई निषेध गर्ने होइन, बहस र जनमतमार्फत प्रतिस्पर्धा गर्ने लोकतान्त्रिक दृष्टिकोण प्रस्तुत गर्नभयो।

मदन भण्डारीको नेतृत्वमा सम्पन्न पार्टी एकीकरण, संविधान निर्माणमा खेलेको भूमिका तथा आन्तरिक मतभेद समाधानका प्रयासहरू सफल द्वन्द्व व्यवस्थापनका उदाहरण हुन्। उहाँले शक्ति होइन, तर्क; दमन होइन, संवाद; हिंसा होइन, लोकतान्त्रिक प्रतिस्पर्धालाई प्राथमिकता दिनुभएको थियो।

नेपालमा राजनीतिक ध्रुवीकरण, सामाजिक असमानता तथा संस्थागत अविश्वासका बीच जबजको लोकतान्त्रिक मूल्य र मदन भण्डारीको संवादमुखी नेतृत्व शैली अझ सान्दर्भिक देखिन्छ। राष्ट्रिय एकता, लोकतान्त्रिक स्थायित्व तथा शान्तिपूर्ण राजनीतिक संस्कृतिका लागि जबजले प्रस्तुत गरेको मार्गदर्शन उपयोगी आधार बन्न सक्छ। यसर्थ, जबज केवल राजनीतिक सिद्धान्त मात्र होइन, लोकतान्त्रिक द्वन्द्व व्यवस्थापनको व्यावहारिक दर्शन पनि हो। मदन भण्डारीको विचार र नेतृत्वले नेपाली राजनीतिमा सहमति, सहअस्तित्व र लोकतान्त्रिक प्रतिस्पर्धाको नयाँ संस्कार स्थापना गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको निष्कर्ष निकाल्न सकिन्छ।

---

*नेदरल्यान्डको वागेन्हेगेंन विश्वविद्यालयबाट द्वन्द्व व्यवस्थापनमा विद्यावारिधि गर्नुभएका डा. उप्रेती नेपाल सरकारको थिङ्क ट्याङ्क नीति अनुसन्धान प्रतिष्ठानको कार्यकारी अध्यक्षसमेत हुनुहुन्थ्यो।*

**सन्दर्भ सामग्री**

- विष्ट, महेन्द्र (२०८२ वि.सं.), *जबजका तीन दशक*। काठमाडौँः मदन भण्डारी फाउन्डेसन।
- पौडेल आर. (२०६५क वि.सं.), *नेपालको कम्युनिस्ट आन्दोलन र मदन भण्डारी*। काठमाडौँः विद्यार्थी पुस्तक भण्डार।
- पौडेल आर. (२०७८क वि.सं.), *जनताको बहुदलीय जनवादः सिद्धान्त र व्यवहार*। काठमाडौँः जगदम्बा प्रकाशन
- पौडेल ए. (सं.) (२०६५ख वि.सं.), *मदन भण्डारी स्मृति ग्रन्थ* (खण्ड १)। उर्लाबारीः मदन भण्डारी स्मृति प्रतिष्ठान।
- पौडेल ए. (सं.) (२०७८ख वि.सं.), *मदन भण्डारी स्मृति ग्रन्थ* (खण्ड २)। उर्लाबारीः मदन भण्डारी स्मृति प्रतिष्ठान।
- नेपाल कम्युनिस्ट पार्टी (एमाले), (२०५० वि.सं.), *जनताको बहुदलीय जनवादः सिद्धान्त र कार्यक्रम*. काठमाडौँः नेकपा (एमाले) केन्द्रीय प्रकाशन विभाग।

- भण्डारी, मदन (२०५० वि.सं.), *जबजको दिशाबोध*, काठमाडौंः मदन भण्डारी फाउन्डेसन ।
- वेबर, म्याक्स (१९७८), *इकोनोमी एण्ड सोसाइटीः एन आउटलाइन अफ इन्टरप्रेटिभ सोसियोलोजी* (जी. रोथ र सी. विटिच (सं.), ओकल्याण्डः युनिभर्सिटी अफ क्यालीफोर्नीया प्रेस ।
- उप्रेती, विष्णुराज (२०७१), *द्वन्द्व व्यवस्थापन* । काठमाडौँ ः भृकुटी एकेडेमिक पब्लिकेशन्स् ।
- उप्रेती, विष्णुराज (२०७६), *नेपालमा द्वन्द्व रूपान्तरणका सकस* । काठमाडौँ ः नेपाल सेन्टर फर कन्टेम्पररी रिसर्च ।
- उप्रेती, विष्णुराज (२०८१), *नेपालमा स्थानीय सरकारका न्यायिक समितिका भोगाइ र सिकाइ* । काठमाडौँ ः दुर्गा–शान्ता सामाजिक विकास समाज ।
- Coser, L . A . (1956) . *The functions of social conflict* . Free Press .
- Fisher, R, Ury, W . , & Patton, B . (2011), *Getting to yes: Negotiating agreement without giving in (third ed . )* . New York: Penguin Books .
- Galtung, J . (1996), *Peace by peaceful means: Peace and conflict, development and civilization* . London: Sage Publications .
- Marx, K . & Engels, F . (2002), *The communist manifesto* . London: Penguin Books (Original work published in 1848) .
- Upreti, B . R . (2006) . *Armed Conflict and Peace Process in Nepal: The Maoist Insurgency, Past Negotiation and Opportunities for Conflict Transformation* . New Delhi: Adroit Publishers .
- Upreti, B . R . (2009) . *Nepal from War to Peace: Legacies of the past and hopes for future* . New Delhi: Adroit Publishers .
- Upreti, B . R . (2010) . *Political change and challenges of Nepal: Reflection on armed conflict, peace process and state building (Vol . 1 and 2)* . Saarbrucken: Lambert Academic Publishing .
- Weber, M . (1978) . *Economy and society: An outline of interpretive sociology* (G . Roth & C . Wittich, Eds . ) . University of California Press. (Original work published 1922) .



विचार

# मदन जननेता किन ?



सुशील प्याकुरेल

मदन भण्डारीलाई 'जननेता' भनिनुको आधार केवल उहाँको लोकप्रियता वा सङ्गठनात्मक नेतृत्व मात्र होइन। उहाँले नेपाली समाजको वस्तुगत यथार्थको विश्लेषण गर्दै लोकतन्त्र, राजनीतिक स्वतन्त्रता, राष्ट्रिय स्वाधीनता र समाजवादी रूपान्तरणलाई एकीकृत गर्ने वैचारिक तथा राजनीतिक मार्ग प्रस्तुत गर्नुभयो। जनताका आकाङ्क्षा, अधिकार र मुक्तिको प्रश्नलाई राजनीतिक कार्यदिशाको केन्द्रमा राखेका कारण पनि उहाँ जनताको विश्वास, प्रेम र समर्थनले स्थापित हुनुभएका जननेता हो।

मदन भण्डारीलाई उहाँको देहावसानपछि एमाले कार्यकर्ताहरूले 'जननेता मदन भण्डारी' सम्बोधन गर्न थाले। त्यसै बेलादेखि मभित्र खुल्दुली थियो। मदन किन 'जननेता' ? नेता र जननेतामा तात्त्विक भिन्नता छ कि छैन ? कस्ता व्यक्ति नेता हुन्छन् र कस्ता जननेता ? त्यसो त नेपाली कांग्रेसका कार्यकर्ताहरूले विश्वेश्वरप्रसाद कोइरालालाई 'जननायक' भन्ने गरेका छन्। एउटा नेता वा नायकका अगाडि 'जन' शब्द कतिखेर आउँछ ? आज यसैको सेरोफेरोमा रहेर 'नेता' र 'जननेता' बारेमा छलफल गर्नेछु।

सामान्य रूपमा कुनै समूह, संस्था र राजनीतिक दल वा कुनै आन्दोलनको नेतृत्व गर्ने वा दिशा दिने व्यक्तिलाई नेता भनिन्छ। नेताले समग्रमा नेतृत्व दिने काम गर्छ। एउटा नेताले खास लक्ष्य प्राप्तिका लागि आफ्नो समूहलाई सामूहिक लक्ष्यमा पुग्न नेतृत्व गर्छ। नेताले आफ्नो सङ्गठनका नीति निर्माणमा अरू सदस्यहरूको समर्थन प्राप्त गर्छ। विशेष गरी नेताहरूको वैधता अधिकार र सम्पन्न पदबाट निसृत हुन्छ। उनीहरू मूलतः सङ्गठनप्रति उत्तरदायी हुन्छन्। सङ्गठनको लक्ष्य नै नेताको लक्ष्य हुन्छ।

'जननेता' भने जनताको विश्वास र समर्थनमा भर परेका हुन्छन्। उनीहरू सङ्गठनका कार्यकर्ताभन्दा व्यापक जनसमर्थनमा आधारित हुन्छन्। सङ्गठनको दायराभन्दा पर जनता र समाजप्रति दायित्वबोध गर्ने नेता नै जननेताको श्रेणीमा उक्लन्छन्। 'जननेताहरू' सामाजिक परिवर्तनलाई बढी प्रश्रय दिने हुन्छन्।

**नेता र जननेता: अवधारणात्मक तथा सैद्धान्तिक विमर्श**

सामान्य अर्थमा नेता भनेको कुनै सङ्गठन, आन्दोलन वा समुदायलाई निश्चित उद्देश्यतर्फ निर्देशित गर्ने व्यक्ति हो। नेतृत्वको वैधता प्रायः सङ्गठनात्मक संरचना, औपचारिक पद वा संस्थागत अधिकारबाट प्राप्त हुन्छ। यस अर्थमा नेता सङ्गठनप्रति उत्तरदायी हुन्छन् र उनका कार्यहरू सङ्गठनका लक्ष्य तथा नीतिसँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छन्। तर, जननेताको अवधारणा यसभन्दा फराकिलो छ। जननेता सङ्गठनात्मक अधिकारभन्दा बढी जनविश्वास, जनसमर्थन तथा नैतिक वैधतामा आधारित हुन्छन्। उनीहरू आफ्नो सङ्गठनको सीमाभन्दा बाहिर गएर व्यापक समाजका आकाङ्क्षा, अधिकार र आवश्यकताको प्रतिनिधित्व गर्दछन्। जननेताको वैधता कुनै पद वा संरचनाबाट होइन, जनताले प्रदान गरेको स्वीकृतिबाट निर्माण हुन्छ।

रोजा लक्जेम्बर्गका अनुसार वास्तविक जननेता जनआन्दोलनको प्रक्रियाबाट निर्माण हुन्छन्। जनतासँगको प्रत्यक्ष सम्बन्ध, सङ्घर्षमा सहभागिता र सामाजिक परिवर्तनप्रतिको प्रतिबद्धताले उनीहरूको नेतृत्वलाई वैधता प्रदान गर्दछ। त्यसैगरी प्रसिद्ध राजनीतिक वैज्ञानिक रोबर्ट डाहलको पलि–आर्कीसम्बन्धी अवधारणाअनुसार लोकतान्त्रिक सिद्धान्तले राजनीतिक वैधताको स्रोत जनसहमति, सहभागिता र प्रतिस्पर्धात्मक राजनीतिक प्रक्रियालाई मान्दछ। यस दृष्टिकोणबाट हेर्दा जननेता कुनै औपचारिक पदको उपज नभई लोकतान्त्रिक प्रक्रियाबाट निर्माण भएको सामाजिक र राजनीतिक स्वीकृतिको परिणाम हो।

प्रसिद्ध जर्मन दार्शनिक तथा समाजशास्त्री युरगेन हाबरमासको संवादमूलक लोकतन्त्रको सिद्धान्तले पनि जननेताको अवधारणालाई थप स्पष्ट पार्दछ। उनका अनुसार लोकतान्त्रिक वैधता शक्ति वा प्रभुत्वबाट होइन, खुला संवाद, तर्क र सहभागितामार्फत प्राप्त सहमतिबाट निर्माण हुन्छ। यस अर्थमा जननेता त्यो व्यक्ति हो, जसले जनतासँग संवाद गर्दै उनीहरूको आकाङ्क्षालाई राजनीतिक कार्यक्रम र आन्दोलनमा रूपान्तरण गर्न सक्छ।

यसरी हेर्दा नेता र जननेताको मूल भिन्नता वैधताको स्रोतमा निहित छ। नेता सङ्गठनको प्रतिनिधि हुन सक्छन्, तर जननेता समाजको प्रतिनिधि हुन्छन्। नेता सङ्गठनको सीमाभित्र प्रभावशाली हुन सक्छन्, तर जननेता समाजको सामूहिक चेतनाको वाहक हुन्छन्।

**जननेताको लोकतान्त्रिक आधार**

नेताहरू आफ्नो प्रस्ताव अनुमोदन गराउन पार्टीमा आफ्नो प्रभावलाई उपयोग गर्छन्। त्यो प्रभावका लागि पार्टी बाहिरको पनि शक्ति उपयोग भइराखेको हुन्छ। यस्तो शक्तिको स्रोत आर्थिक र अरू भिन्न पनि हुन सक्छन्। लेखक सुजित मैनालीको विचारमा नेताहरू आफ्नो प्रस्तावलाई आफ्नो चाहना वा आवश्यकता अनुसारको निष्कर्षका लागि प्रक्रिया र पात्रहरू पहिल्यै तयार पार्ने प्रयास गर्छन्। आफ्नो चाहना अनुसारको निष्कर्षका लागि पदीय प्रभावको उपयोग समेत गर्छन्। तर मैनालीकै भनाइमा 'जननेता'हरू पदीय प्रभावको बाटो नभई संवाद र सहभागिताको लोकतान्त्रिक विधिबाट निष्कर्षमा पुग्छन्। विख्यात सञ्चार प्राज्ञ हाबरमासले त्जभ त्जभयचथ या ऋयmmगलष्अबतष्खभ ब्अतष्यल मा खुला संवादलाई प्रश्रय दिंदै जीवन जगतका संवादमा स्रोत र शक्तिको प्रभावबिना खुला छलफल र बहसबाट प्राप्त हुने सहमतिलाई नै लोकतान्त्रिक भनेका छन्।

**मदनको राजनीतिक विकासक्रम**

मदन भण्डारी कुनै सङ्गठनको संस्थापक वा नेतृत्वमा रहेर 'नेता' भएको नभई सामान्य कार्यकर्ताबाट वैचारिक निष्कर्षको कार्यान्वयनको नेतृत्व गर्दै नेता हुनुभएको हो। उहाँको सक्रिय राजनीतिक जीवन १५ वर्षभन्दा पनि कमको छ। उहाँ २०३४ सालमा झापा विद्रोहको जगमा सङ्गठित भएको विभिन्न समूहको एकीकरणबाट निर्मित

'को–र्डिनेसन केन्द्र' मा मुक्ति मोर्चा समूहबाट आबद्ध हुनुभयो, कनिष्ठ नेतृत्वको पंक्तिमा। तर २०५० सालमा मृत्यु हुँदा उहाँ नेपाल मात्रै होइन, अन्तर्राष्ट्रिय चर्चा प्राप्त नेताका रूपमा स्थापित भइसक्नुभएको थियो। उहाँले आफू आबद्ध सङ्गठनको नेतृत्व मात्र नगरी, दूरगामी प्रभाव पर्ने र जनताको सङ्घर्षको नेतृत्व गर्दै देशमा राजनीतिक तथा सामाजिक परिवर्तनको अगुवाइ गर्नुभयो।

मार्क्सवादी चिन्तन प्रणालीबाट प्रभावित मदन भण्डारीको राजनीतिक चेतले जनताको समग्र मुक्तिका लागि नेतृत्व गरेको थियो। उहाँले मार्क्सवादको आधारभूत स्तम्भ 'ठोस परिस्थितिको ठोस विश्लेषण' अनुसार राजनीतिक रणनीति र कार्यनीति अवलम्बन गर्नुपर्छ भन्ने मान्यतालाई केन्द्रमा राख्नुभयो। जसरी मार्क्सले आफ्नो ज्ञानको केन्द्रमा श्रमिक वर्गको मुक्तिलाई राखे र पुँजीवादको विश्लेषण गरी समाज विकासमा श्रमिक वर्गको योगदान र नेतृत्वलाई आफ्ना विचारको आधार बनाए, त्यसै बाटोमा हिँड्दै मुक्तिको आधार चेतनाको विकासले अङ्गीकार गरेको अधिकारहरूको प्रत्याभूतिलाई मदनले केन्द्रमा राखेको पाइन्छ।

'सिद्धान्तका लागि जीवन नभएर जीवनका लागि सिद्धान्त' भन्ने आफ्नो उक्तिलाई व्यवहारमा लागू गर्ने मदन भण्डारी राजनीतिक यात्राको प्रारम्भमा पुष्पलाल समूहको सांस्कृतिक 'मुक्ति मोर्चा'मा आबद्ध हुनुभयो। राजा महेन्द्रले २०१७ सालमा बीपी कोइराला नेतृत्वको नेपाली कांग्रेसको सरकारलाई सैन्य बलबाट अपदस्त गरी राजाको प्रत्यक्ष निरङ्कुश शासनको निर्दलीय पञ्चायती व्यवस्था लागू गरेपछिको परिस्थितिमा पुष्पलालको नेपाली कांग्रेस र कम्युनिस्टका लागि राजाको प्रतिगमनविरुद्धको सङ्घर्षलाई प्रमुख कार्यभार मान्ने विषय सही भए पनि आन्दोलनको नेतृत्व आफूले नगर्ने तर कांग्रेसको नेतृत्वदायी सहभागिता खोज्ने प्रवृत्तिका मदन र उहाँका सहकर्मी कमरेडहरूका यो सह्य भएन। 'मुक्ति मोर्चा' पुष्पलाल समूहसित अलग भयो।

राजा महेन्द्रको सत्ता हस्तक्षेपपछि गुट उपगुटमा विभाजित वामपन्थीहरू त्यसबखतको विश्व समाजवादी आन्दोलनमा सोभियत सङ्घ र चीन बीचको सैद्धान्तिक र राजनीतिक विबादका पछि लाग्दै विभाजित भएका थिए। विभाजनकै बीचमा भारतीय नक्सलवादी नेता चारु मजुमदारको 'वर्ग शत्रु खत्तम' को कार्यनीतिबाट प्रेरित भई को–अर्डिनेसन कमिटीको गठन भएको थियो। नेपालको सामाजिक परिवेश वर्गीय चेतना, भौगोलिक अवस्थिति र भूराजनीतिक चापमा रहेको मुलुकमा तत्कालीन आवश्यकता जनआन्दोलनको हो, सशस्त्र सङ्घर्षको होइन भन्ने विचार राख्ने मदन भण्डारी, जीवराज आश्रितहरू सशस्त्र क्रान्तिबाट मात्र नेपालमा राजतन्त्र समाप्त गर्न सकिन्छ भन्ने को–अर्डिनेसन कमिटीसित एकीकरण गर्दै 'को–र्डिनेसन केन्द्र' (कोके)मा आबद्ध भएको पाइन्छ। झापाको उग्र तर त्याग र वलिदानका लागि ऊर्जाशील समूहको सहकार्यवाट सही मार्ग अवलम्बन गर्न सकिन्छ भन्ने सोच मदन र उनका कमरेडहरूमा हुनु पर्छ।

२०३४ सालमा केन्द्रीय कमिटी सदस्य मात्र रहनुभएका मदन भण्डारी ०३५ सालमा विभिन्न समूहको एकीकरणपछि कोकेबाट नेकपा (माले) मा रूपान्तरित पार्टीको माथिल्लो कमिटीमा पुग्नुभयो। त्यसैबेला नै चारु मजुमदारको 'वर्गशत्रु खत्तम' लाई आफ्नो निर्देशक सिद्धान्तबाट पार्टीले हटायो। मदनहरूको प्रवेशको परिणाम थियो यो कदम।

नेकपा (माले) को गठन अगाडि नै सुरु भएको नेपाली क्रान्तिको बाटोको बहसले तीव्रता लिन थाल्यो। जनआन्दोलन वा सशस्त्र सङ्घर्ष, पार्टी स्वतन्त्रता कि राजनीतिक स्वतन्त्रता अनि राजा वीरेन्द्रको नेपाललाई शान्ति क्षेत्र घोषणा गर्ने प्रस्तावको समर्थन वा विरोधमा पार्टीभित्रको बहसमा अग्रणी भूमिका थियो मदनको। उहाँ राजा वीरेन्द्रको नेपाललाई 'शान्ति क्षेत्र घोषणा' गर्ने प्रस्ताव आफ्नो निरङ्कुश शासनको वैधानिकताको लागि थियो, त्यसैले त्यसको समर्थन गर्नु हुँदैन भन्ने पक्षमा हुनुहुन्थ्यो।

## राजनीतिक स्वतन्त्रता र बहुदलीय जनवाद

पार्टीभित्र सुरु भएको पार्टी स्वतन्त्रता कि राजनीतिक स्वतन्त्रता भन्ने बहसमा मदन दृढताका साथ राजनीतिक स्वतन्त्रताको पक्षमा उभिएको पाइन्छ। त्यसो त राजनीतिक स्वतन्त्रता बारेमा मार्क्स, लेनिन, रोजा लगजम्बर्गहरूले आफ्ना विचार दिएका छन्। मार्क्सले वयस्क मताधिकार,

प्रतिनिधिमूलक संस्था र लोकतान्त्रिक सङ्घर्षलाई मजदुर वर्गका लागि राजनीतिक स्वतन्त्रताका लागि आधार भनेका थिए। उनले न्युयोर्क डेलि ट्रिब्युन पत्रिकामा १८५१ मा यस विषयमा विस्तृत विवेचना गरेका छन्। रोजा लगजम्बर्गले समाजवाद निर्माणका लागि वाक स्वतन्त्रता, सङ्गठन स्वतन्त्रता र राजनीतिक प्रतिस्पर्धासहितको राजनीतिक स्वतन्त्रतालाई अनिवार्य सर्त मानेकी छन्। त्यस्तै युरगेन हाबरमासले राजनीतिक स्वतन्त्रतालाई लोकतान्त्रिक वैधताको जग मानेका छन्। यसै सिलसिलामा मदन भण्डारीद्वारा आफ्नो कृति 'राजनीतिक स्वतन्त्रता आजको सन्दर्भमा' मा 'वस्तुतः राजनीतिक स्वतन्त्रताको भावपक्ष राज्य व्यवस्था र सार्वजनिक मामिलाको सम्पूर्ण प्रवर्द्धन गर्न प्रबन्ध गरिने अधिकारको स्वतन्त्रता हो। यो जनताको मौलिक अधिकारको अर्को समुच्चय नाम हो, त्यसको पर्यायवाची सार्थकता हो' भनेको पाइन्छ। (मदन भण्डारीका सङ्कलित रचना, भाग २)।

नेपालको लोकतान्त्रिक आन्दोलनको कम्युनिस्ट धारभित्र रहेको जडता, राजनीतिक तथा कार्यनीतिमा देखिएका अस्पष्टता, लोकतन्त्रकै लागि सङ्घर्षरत गैरकम्युनिस्ट पार्टी र व्यक्तिप्रतिको असहष्णिुता र अविश्वास एवं २०१५ सालमा दुईतिहाइ मतका साथ सरकारमा पुगेको कांग्रेस पार्टीका नेताहरूको कम्युनिस्टहरूप्रतिको गैरराजनीतिक व्यवहारले पनि राजा महेन्द्रको सजिलै सत्ता कब्जा गरे। उनले दलहरूमाथि प्रतिबन्ध लगाए। निर्वाचित प्रधानमन्त्रीलाई जेल, संसद् विघटन र निर्दलीय व्यवस्थाको घोषणा गरे। राजाको सत्ता कब्जापछिको स्थितिमा देशमा दुई ठूला राजनीतिक धार विद्यमान थिए। तर, नेपाली कांग्रेस र विभाजित कम्युनिस्टहरूका यी दुवै धार द्विपक्षीय र बहुपक्षीय राजनीतिक द्वन्द्वमा संलग्न थिए। फलतः लामो समयसम्म पनि त्यसको संयुक्त प्रतिरोध हुन सकेन। राजाको कदमको विरोधमा विभिन्न दलहरूका आ–आफ्नै शक्ति र सक्रियतामा गरिएको सङ्घर्षले डेढ दशक बितिसक्दा पनि कुनै उपलब्धि दिन सकेन।

मदन भण्डारीले को–अर्डिनेसन केन्द्रमा सक्रिय हुनासाथ दुई समानान्तर प्रयत्न सुरु गरेको पाइन्छ। माथि नै चर्चा गरेजस्तै देश र अन्तर्राष्ट्रिय परिवेशको समेत गम्भीर विश्लेषण गर्दै वाम आन्दोलनलाई कुनै पनि मुलुकको राजनीतिक क्रान्ति वा परिवर्तन र कार्यनीतिको नक्कल होइन, आफ्नो परिस्थितिअनुरूप अगाडि बढ्नुपर्ने नीतिगत स्पष्टता तथा नेपालका राजनीतिक क्षेत्रको वस्तुगत विश्लेषण। मदन भण्डारीका अनुसार तत्कालीन नेपालमा प्रमुख तीन राजनीतिक धार रहेको, जसमा पहिलो राजाको नेतृत्वको सामन्तवादी धार, दोस्रो संसदीय प्रजातन्त्रका लागि सङ्घर्षरत प्रजातान्त्रिक धार र तेस्रो समाजवादको स्थापनाका लागि भूमिगत सङ्घर्षमा संलग्न वामपन्थी वा कम्युनिस्ट धार। यी तीनमध्ये दुई एकातर्फ आउनासाथै तेस्रो कमजोर बन्ने निष्कर्ष निकालेरै वाम–कांग्रेसको संयुक्तताले मात्र राजाको नेतृत्वको निर्दलीय पञ्चायती व्यवस्थाविरुद्धको सङ्घर्षले सार्थकता पाउने विश्लेषण वामपन्थीहरूबीच एकीकरण वा कार्यगत एकताको आवश्यकता महसुस गरेरै भएको थियो। र, मदनकै नेतृत्वमा त्यसको पहल पनि सुरु भयो।

यसै क्रममा स–साना वाम समूहहरूको एकीकरणपछि २०३५ सालमा नेकपा (माले) को स्थापना भयो। नेकपा (माले) गठनको समयमा मदन भण्डारीको विचारले पार्टी पङ्क्तिमा प्रभावित पार्न थालिसकेको थियो। यसैबीच नेकपा (माले)ले सशस्त्र सङ्घर्ष नभई जनआन्दोलनको नीति लिनुका साथै अन्य वाम दलहरूसित सैद्धान्तिक र कार्यगत एकताको पहल सुरु भयो।

पहिलो आवश्यकता वाम आन्दोलनलाई सशस्त्र होइन, शान्तिपूर्ण जनआन्दोलनको बाटोमा लैजान वैचारिक स्पष्टताको आवश्यकता थियो। नेपालमा समाजवादका लागि कस्तो बाटो अवलम्बन गर्ने भन्नेबारेमा बहस आवश्यक भयो। समाजवादको निर्माणका लागि कस्तो राजनीतिक आर्थिक प्रणाली चाहिन्छ भन्ने प्रश्न अहम् बन्दै गयो। यसबीचमा राजाको 'शान्ति क्षेत्र' को प्रस्ताव राजनीतिक स्वतन्त्रता र पार्टी स्वतन्त्रता, क्रान्तिको बाटो शान्तिपूर्ण कि सशस्त्र, २०३६ सालको विद्यार्थी युवाहरूको आन्दोलनपछि राजाद्वारा घोषणा गरिएको 'जनमतसङ्ग्रह' को बहिष्कार कि उपयोग इत्यादि विषयका बहसहरूमा मदन भण्डारीको प्रभावकारी नेतृत्व स्थापित हुँदै गयो। यिनै बहसको निष्कर्षमा मदन भण्डारीद्वारा बहुदलीय जनवादको राजनीतिक अवधारणा अगाडि सारिएको पाइन्छ। मदन भण्डारीद्वारा जबजमार्फत

सत्ता प्राप्तिको परम्परागत कम्युनिस्ट मान्यतालाई पुनःपरिभाषित गर्दै दलले निर्वाचनमार्फत जनअनुमोदित भएर शासन चलाउने वैधता प्राप्त गर्दछ मात्र नभनेर त्यो अधिकार सधैँका लागि सुरक्षित हुँदैन पनि भनियो। जनताको सेवा गरेर निरन्तर रूपमा जनविश्वास र आवधिक निर्वाचनमार्फत पटक–पटक अनुमोदित भइरहनु पर्दछ भन्ने मान्यता अघि सारियो। यस सिद्धान्तले तत्कालीन नेकपा माले वा अहिलेको एमाले मात्र होइन, नेपालको कम्युनिस्ट आन्दोलनलाई बहुदलीय प्रतिस्पर्धात्मक प्रणालीमा स्थापित गराउन ऐतिहासिक योगदान पनि पुऱ्यायो।

**जनआन्दोलनमा मदन भण्डारी**

जनआन्दोलन र जनसङ्घर्षका लागि संयुक्त मोर्चा आवश्यक थियो। वाम–वामबीचको एकता, वाम–कांग्रेस कार्यगत समझदारी अनि विभिन्न पेसामा आबद्ध स्वतन्त्र नागरिक अनि मानव अधिकार र अन्य सामाजिक आन्दोलनहरूको संयुक्त प्रयासका लागि शिक्षक सङ्गठन, मजदुर सङ्गठनहरू, मानव अधिकार संरक्षण मञ्च, वाममोर्चा अनि पञ्चायतविरोधी व्यक्तिहरूको संयुक्त मोर्चा, प्रजातान्त्रिक राष्ट्रिय एकता मञ्च आदि गठनमा नेकपा (माले)ले पहल गऱ्यो। २०४३ सालमा वयस्क मताधिकार अनुरूप निर्दलीय राष्ट्रिय पञ्चायतको चुनावमा जनपक्षीय हस्तक्षेपको नीतिअनुसार नेकपा (माले)ले पञ्चायतको विरोध र बहुदलीय व्यवस्थाको मागलाई चुनावको प्रचारको प्रमुख हिस्सा बनायो। यी सबै क्रियाकलापले पञ्चायती दलविहीनताविरुद्ध बहुदलीय व्यवस्थाको पक्षमा जनमत प्रवाहित हुन थाल्यो। पञ्चायती विधायिका राष्ट्रिय पञ्चायतका बैठकभित्रै बहुदलीय प्रजातन्त्रको माग हुन थाल्यो। यसले एकैपटक दुई ठूला राजनीतिक परिणाम ल्यायो। पहिलो विभिन्न घटकमा विभाजित कम्युनिस्ट समूह पनि शान्तिपूर्ण जनआन्दोलनको बाटोमा जानुपर्ने वातावरण बन्यो भने अर्कोतिर वाम र नेपाली कांग्रेसबीचमा पनि बहुदलीय व्यवस्थाको स्थापनाका लागि संयुक्त जनआन्दोलनको वातावरण बन्न थाल्यो। लामो समयसम्म आफ्नो शक्ति र प्रयासमा मात्र बहुदलीय व्यवस्थाको सङ्घर्षले तीन दशक बित्न लाग्दा पनि सफलता नपाएको कांग्रेस पनि वाम समूहसित संयुक्त जनआन्दोलनको बाटो समाउन तयार हुन थाल्यो। २०४६ साल भदौमा सम्पन्न नेकपा (माले) को चौथो महाधिवेशनबाट मदन भण्डारी महासचिव चुनिएपछि उहाँको सोच अनुसार संयुक्त वाममोर्चाको गठन र कांग्रेस वाम संयुक्त सङ्घर्षको परिस्थिति निर्माण हुन थाल्यो। निर्दलीय पञ्चायती व्यवस्थाविरुद्धको जनआन्दोलनको आधार तयार हुन थाल्यो।

मदन भण्डारीको २०३४ सालदेखिको प्रयासले आखिर २०४६ सालको संयुक्त जनआन्दोलन सफल भयो र नेपालमा २०१७ सालमा राजा महेन्द्रले हरण गरेको बहुदलीय व्यवस्था पुनर्स्थापित भयो।

चुनौती त्यसपछि पनि थियो। मूल रूपमा नेपालमा कस्तो राजनीतिक प्रणालीले समाजवादको स्थापना हुन्छ अनि गरिब किसान र श्रमजीवी जनताको आर्थिक, सामाजिक र राजनीतिक मुक्ति यसबाटै सम्भव छ त भन्ने बहस कायमै थियो। मदन भण्डारीको नेतृत्वमा पाएको सफलता र नेपालको विशिष्ट परिस्थितिमा समाजवाद निर्माणको बाटोको रूपमा 'जनताको बहुदलीय जनवाद'लाई नेकपा (एमाले) को २०४८ सालको पाँचौँ महाधिवेशनले क्रान्तिको कार्यक्रमका रूपमा अङ्गीकार गऱ्यो। मार्क्सवादको सिर्जनात्मक प्रयोगका रूपमा यसलाई स्वीकार्य बनाइयो। नेकपा (एमाले)ले पछि यसलाई नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्तका रूपमा अघि बढायो।

**आन्दोलनपछि विशिष्ट नायकका रूपमा मदन भण्डारी**

२०४६ को जनआन्दोलनको सफलतापछि नेपाली समाजमा मदन भण्डारी एक विशिष्ट नायकका रूपमा स्थापित हुनुभयो। प्रजातन्त्र पुनर्स्थापनापछिको जटिल राजनीतिक सङ्क्रमणको समयमा प्राप्त उपलब्धिको संरक्षण गर्दै सङ्क्रमणकाल व्यवस्थापनमा जिम्मेवार भूमिका निर्वाह भयो। जनआन्दोलनबाट हासिल भएका उपलब्धि संविधानमार्फत गुम्न नदिन मदन भण्डारीद्वारा खबरदारी मात्र नगरी सशक्त अडान, कुशल नेतृत्व र बुद्धिमत्तापूर्ण समन्वय भयो। राष्ट्रियता, सार्वभौमिकता

र अखण्डता अनि जनताको पक्षमा खरोसँग उभिने मदन भण्डारीले नेपालको संविधान २०४७ मा तत्कालीन शक्ति सन्तुलनका कारण समावेश हुन नसकेका विषयलाई दर्ज गर्दै असहमतिका २७ बुँदाको घोषणा पनि गर्नुभयो। मदन भण्डारीद्वारा २७ बुँदामा संविधानमा समावेश गरिनुपर्छ भनी २०४७ सालमै उठाइएका ती अधिकांश विषय २०६२/६३ को जनआन्दोलनपछि प्रतिनिधिसभा घोषणामार्फत र २०७२ सालमा संविधान सभाद्वारा जारी संविधानमा समाविष्ट छन्।

प्रजातन्त्रको पुनरुस्थापनापछिको अवस्थामा साङ्गठनिक संरचना, जनाधार र वैचारिकताका आधारमा सबैभन्दा ठूलो कम्युनिस्ट पार्टीको प्रमुख नेता आफू भएको अवस्थामा मदन भण्डारीले आफ्नै पहलकदमीमा मार्क्सवादी समूहसँग पार्टी एकता गरी मनमोहन अधिकारीलाई पार्टी अध्यक्ष बनाएर निर्वाचनमा होमिएको पाइन्छ। राजालाई जनताको अधिकारमा हस्तक्षेप नगर्न खुला चेतावनी दिँदै 'राजनीति गर्ने भए श्रीपेच फुकालेर मैदानमा आउन चुनौती' दिनु चानचुने कुरा थिएन। जनताले खुला रूपमा २०४६ सालमा मात्र देखेका मदन भण्डारी काठमाडौंका दुवै निर्वाचन क्षेत्रबाट विजयी हुनु, एक निर्वाचन क्षेत्रमा त तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई स्वयं पराजित भएको अवस्था थियो। त्यसपछि मदनको कद अन्तर्राष्ट्रिय स्तरमा पुग्यो। न्युजविक पत्रिकाले नेपालमा कार्ल मार्क्स जीवित छन् भन्ने शीर्षकमा मदन भण्डारीको अन्तर्वार्ता नै छाप्यो।

मदन भण्डारी संसदमा पदीय हिसाबमा एक जना सांसद मात्र भए पनि पार्टीबाट संसदीय दलको नेता मनमोहन अधिकारी र उपनेता सीपी मैनाली थिए। तर, मदन भण्डारीलाई सदनको प्रखर वक्ता र अगुवाका रूपमा तत्कालीन सभामुख दमननाथ ढुङ्गानाले चित्रित गरे।

प्रतिनिधि सभामा राष्ट्रियता, शासकीय ढाँचा, राष्ट्रको समृद्धि, सुशासन, जनजीविकालगायतका विषयमा र जनताको बहुदलीय जनवादमार्फत समग्रतामा उहाँले स्पष्ट दृष्टिकोण सार्वजनिक गर्नुभयो। मदन भण्डारीको मृत्युको २२ वर्षपछि संविधान सभाबाट जारी नेपालको संविधानले उहाँले देखाएको बाटो अवलम्बन गरेको छ। यी तथ्यहरूले पनि मदन भण्डारी कुनै एक दलको नेता नभएर नेपाली जनताकै नेता भएको पुष्टि गर्छ। यसले उहाँको वैचारिकता र बहुआयामिक व्यक्तित्व झल्काउँछ र निष्कर्ष निस्कन्छ– मदन भण्डारी जनताको आवाज हो, न्याय, समानता र बराबरीको सङ्घर्षको अगुवा हो अनि तिनको आधार दिने राजनीतिक चेतना र बाटो दिने विचारको प्रवर्तक हो।

**सारांश**

मदन भण्डारीलाई 'जननेता' भनिनुको आधार केवल उहाँको लोकप्रियता वा सङ्गठनात्मक नेतृत्व मात्र होइन। उहाँले नेपाली समाजको वस्तुगत यथार्थको विश्लेषण गर्दै लोकतन्त्र, राजनीतिक स्वतन्त्रता, राष्ट्रिय स्वाधीनता र समाजवादी रूपान्तरणलाई एकीकृत गर्ने वैचारिक तथा राजनीतिक मार्ग प्रस्तुत गर्नुभयो। उहाँले कम्युनिस्ट आन्दोलनलाई शान्तिपूर्ण जनआन्दोलनको बाटोमा उन्मुख गराउनुभयो। लोकतान्त्रिक शक्तिहरूबीच सहकार्यको वातावरण निर्माण गरी जनताको बहुदलीय जनवादमार्फत समाजवादको नेपाली मार्गको प्रस्ताव गर्नुभयो। जनताका आकाङ्क्षा, अधिकार र मुक्तिको प्रश्नलाई राजनीतिक कार्यदिशाको केन्द्रमा राखेका कारण पनि उहाँ जनताको विश्वास, प्रेम र समर्थनले स्थापित हुनुभएका जननेता हो।

---

*सम्माननीय राष्ट्रपतिका सल्लाहकारसमेत रहिसक्नुभएका मानवअधिकारकर्मी सुशील प्याकुरेल राष्ट्रिय मानवअधिकार आयोगका पूर्वसदस्य हुनुहुन्छ। उहाँ हाल मदन भण्डारी फाउन्डेसनको सचिवालय सदस्य पनि हुनुहुन्छ।*





समीक्षा

# मदन भण्डारी, जबज र संयुक्त जनआन्दोलन: केही इतिहास, केही अनुभूति

– लक्ष्मी कार्की

विश्वभर प्रतिरक्षामा पुगेको कम्युनिस्ट आन्दोलनलाई वि.सं. ०४८ को निर्वाचनमा नै शक्तिशाली रूपमा स्थापित गर्न सक्षम भएको नेकपा (एमाले) अहिले यावत् अनुकूलतामा पनि आमनिर्वाचनमा नराम्रो धक्का खानुपर्ने अवस्थामा पुगेको छ । यो स्थिति कसरी आयो ? यस्तो हुनुमा हामीले जबजलाई लागू गर्न कहीँ न कहीँ त्रुटि गरेका छौँ जस्तो लाग्छ ।

**विषय प्रवेश**

नेपालको कम्युनिस्ट तथा प्रजातान्त्रिक आन्दोलनमा कमरेड मदनकुमार भण्डारी (२००८–२०५०) को योगदानको अझै पनि अर्थपूर्ण मूल्याङ्कन हुन बाँकी छ। उहाँका योगदानलाई त्यतिबेलाको नेकपा (माले) र पछिको एमालेको विषय मात्र ठान्ने गरिन्छ। तर उहाँको योगदानले कम्युनिस्ट आन्दोलन बढाउन मात्र नभई समग्र नेपालको प्रजातान्त्रीकरण गर्नमा ठूलो भूमिका खेलेको छ। उहाँले पार्टीभित्र नेपाली कांग्रेससँग संयुक्त रूपमा आन्दोलनमा जाने नीति पारित गराएर कार्यान्वयनमा लान पनि पहल गर्नुभयो। त्यसका लागि वाममोर्चाको गठन गरेर निरङ्कुश पञ्चायती व्यवस्थाका विरुद्ध संयुक्त राजनीतिक मोर्चा बनाउन पहल गर्नुभयो। उहाँको यही नीतिका कारण वामपन्थी दलहरूलाई एक ठाउँमा ल्याउन र कांग्रेस र वाममोर्चाका बीच संयुक्त जनआन्दोलन परिचालन समिति बनाउन सम्भव भएको थियो। यही सहकार्यबाट २०४६ सालको जनआन्दोलन सफल भएको थियो। त्यसैले उहाँलाई कम्युनिस्ट आन्दोलनको सन्दर्भमा मात्र हेर्नु पूर्वाग्रहपूर्ण हुन्छ।

मदन भण्डारीले तत्कालीन नेकपा (माले) र एमालेको महासचिवका रूपमा अत्यन्त छोटो समय आन्दोलनको नेतृत्व गर्न पाउनु भयो। २०४६ भदौमा नेकपा (माले)

ले आयोजना गरेको नेपाल कम्युनिस्ट पार्टीको चौथो महाधिवेशनबाट महासचिव निर्वाचित भई २०५० जेठ ३ गतेसम्म जम्मा ३ वर्ष ९ महिना मात्रै पार्टीको प्रमुख नेताका रूपमा काम गर्न पाउनु भएको थियो। तर ०४६ सालको जनआन्दोलनको नेताका रूपमा, २०४७ को संविधान निर्माणमा, नेकपा (माले) र मार्क्सवादीबीच एकता गरी नेकपा (एमाले) निर्माणमा, ०४८ को संसदीय निर्वाचनमा र पछि संसदमा नेकपा (एमाले)को नेताका रूपमा उहाँले खेल्नु भएको भूमिका ऐतिहासिक रहेको छ।

नेकपा (माले)को स्थापना र विकास नेपाली कम्युनिस्ट आन्दोलनमा नयाँ मोड ल्याउने एउटा ऐतिहासिक घटना थियो। जसले हासिल गरेको जनसमर्थनका आधारमा वि.सं. ०४८ को संसदीय निर्वाचनमा नेपालमा कम्युनिस्टहरू वैकल्पिक सरकारको दाबी गर्ने शक्तिका रूपमा आएका थिए। यसको पछाडि माले निर्माणका समयमा पार्टीका नेता, कार्यकर्ता र जनताले गरेको त्याग र बलिदानको भूमिका त छँदै थियो, सँगै पञ्चायती व्यवस्था ढाल्ने गरी संयुक्त जनआन्दोलनमा जाने नीति तथा बहुदलीय जनवादको कार्यक्रम अघि सार्नुको थप महत्त्वपूर्ण भूमिका थियो। जसको नेतृत्व कमरेड मदनले नै गर्नुभएको थियो।

मदन भण्डारीले संसदमा तत्कालीन गिरिजाप्रसाद कोइराला सरकारको अधिनायकवादी शैलीका विरुद्ध जमेर सङ्घर्ष गर्नुभयो, टनकपुर सन्धिविरुद्धको आन्दोलनको नेतृत्व गर्नुभयो र एक जनवादी तथा देशभक्त नेताको छवि बनाउनु भयो। उहाँले कम्युनिस्ट आन्दोलनमा विद्यमान जडसूत्रवादी विचार र व्यवहारलाई तोड्दै कम्युनिस्ट पार्टीलाई जिताउन खेल्नुभएको भूमिकाका कारण उहाँ विश्वको कम्युनिस्ट आन्दोलनका साथै बुर्जुवा शक्तिहरूका बीच पनि चर्चाको पात्र बन्नु भएको थियो। कांग्रेसका सभापति तथा अन्तरिम सरकारका प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई निर्वाचनमा हराएपछि उहाँ चर्चाको शिखरमा पुग्नु भएको थियो। त्यही बेला 'न्युजविक पत्रिका'ले 'इन नेपाल, कार्ल मार्क्स लाइभ्स' शीर्षकमा उहाँको अन्तर्वार्ता प्रकाशित गरेको थियो।

नेपालको कम्युनिस्ट आन्दोलन, प्रजातान्त्रिक आन्दोलन र देशभक्तिको आन्दोलनमा उहाँले खेल्नुभएको महत्त्वपूर्ण भूमिकाका कारणले नै उहाँलाई समकालीन नेताहरूमा उचो कदको नेता बनाइदियो। प्रस्तुत आलेखमा म आफ्ना भोगाइ र अनुभवका आधारमा नेकपा (माले) को इतिहासका विभिन्न मोडहरू र कमरेड मदन भण्डारीको भूमिकाका विषयमा सङ्क्षेपमा चर्चा गर्ने प्रयास गर्नेछु। मेरो जीवनको किशोर अवस्थादेखि आजसम्म पनि पार्टीले लिएका विचारहरूले मेरो व्यक्तिगत, पारिवारिक र सामाजिक जीवनलाई प्रभावित गरिरहेका छन्।

**आन्दोलनमा सहभागिता**

म सानो उमेरमा भारतमा पढ्दै गर्दा झाँसीकी रानी लक्ष्मीवाईको जीवनीले देशका लागि केही गर्नुपर्छ भन्ने प्रेरणा मिलेको थियो। पछि स्याङ्जा जिल्लाको शीतला मावि, पौवै गौँडैमा अध्ययन गर्दा २०३६ सालको आन्दोलनमा सहभागी हुँदै अनेरास्ववियुमा सङ्गठित भएँ। यसैबीच तत्कालीन नेकपा (माले) आबद्ध युवा लिग र अनेमसङ्घको इलाका तयारी समितिमा रही विद्यार्थी, महिला, दलित र किसानलाई सङ्गठित गर्ने काममा जुटेकी थिएँ।

एकपटक आन्दोलनमा जोडिएपछि जीवनले त्यही गोरेटो समात्यो। निजी जीवन भन्ने कुरा कम महत्त्वको हुँदै गयो। पार्टी र सङ्गठनका जिम्मेवारी पूरा गर्दैमा समय बित्दै गयो। त्यसप्रति माया, मोह र दायित्वबोध हुँदै गयो। २०४१ सालमा पोखरामा पृथ्वीनारायण बहुमुखी क्याम्पसमा पढ्न पुगेकै दिनदेखि पार्टीको सम्पर्कमा पुगेँ। अनेरास्ववियु प्राकको कोषाध्यक्ष, स्ववियुको कोषाध्यक्ष र सचिव, अनेरास्ववियुको केन्द्रीय सचिवालय सदस्य, महिला विभागको संस्थापक अध्यक्ष, अनेमसङ्घको पोखरा नगरको संस्थापक अध्यक्ष, कास्की जिल्ला सदस्य हुँदै केन्द्रीय सदस्य र सचिव, युवा लिगको पोखरा नगरको सचिव (त्यसबेला सचिवले नै अध्यक्षको काम गर्थे) अनि पार्टीको शाखा, नगर हुँदै जिल्ला कमिटीको सचिवालय सदस्य र तत्कालीन प्ररायुसङ्घको केन्द्रीय सचिवालय

सदस्यका रूपमा काम गर्दै आएँ। जनसङ्गठनको केन्द्रीय जिम्मेवारीमा मैले गण्डकी र धौलागिरी हेर्थें।

यही क्रममा पार्टीमा आइरहेका विचारधारात्मक परिवर्तनका कुराले हाम्रो जीवनलाई पनि प्रभावित गर्दै लग्यो। पार्टीले २०४३ को राष्ट्रिय पञ्चायतको चुनाव उपयोग गर्ने नीति लियो। पार्टीको यस नीतिले मलाई सार्वजनिक जीवनमा थप सक्रिय बनायो। विद्यार्थीबाट अब आमजनताबीच आमसभाहरूमा भाषणका माध्यमबाट पार्टीको सन्देश प्रवाह गर्ने जिम्मेवारीमा पुगेँ।।पार्टीले मलाई चुनाव अवधिभर कास्की र स्याङ्जामा प्रमुख वक्ताका रूपमा खटायो। स्थानीय पञ्चायतको चुनावमा पनि पोखरा नगरपालिकामा महत्त्वपूर्ण जिम्मेवारीसहित खटेँ। प्रचारसभाहरूमा गरिने पञ्चायतविरोधी खरो भाषणका कारण मलाई राजकाजविरुद्धको अपराधसम्बन्धी मुद्दा पनि लगाइयो। एक त निरङ्कुश शासन त्यसमाथि राजकाज अपराधको मुद्दा लागेपछि मैले बडो सतर्कतापूर्वक प्रशासनको आँखा छल्दै र बच्दै काम गर्न थालेँ।

२०४६ सालको तिहारको समयको कुरा हो। पार्टी, युवा लिग र अनेमसङ्घको भूमिगत काम र अनेरास्ववियुको नेताका रूपमा खुला राजनीति गरिरहेकै बेला मलाई कमरेडहरू जीवराज आश्रित (कुशल) र मोदनाथ प्रश्रितले भेट्न बोलाउनु भयो। पोखराको रामघाटस्थित प्रगतिशील साहित्यकार तथा प्राध्यापक रविलाल अधिकारीको घरमा उहाँहरूसँग भेट भयो। उहाँहरूले पार्टीको चौथो महाधिवेशनका निर्णयहरूको सङ्क्षेपमा व्याख्या गर्नुभयो। आश्रित र प्रश्रित दुवैले मलाई भन्नुभयोः 'अब पञ्चायतविरोधी खुला जनआन्दोलनको तयारी हुँदै छ। पार्टीले कांग्रेस र वामपन्थीहरूसमेतसँग मिलेर पञ्चायतविरुद्धको आन्दोलन गर्ने निर्णय गरेको छ। तपाईं अब सडक सङ्घर्षको नेतृत्व गर्ने जिम्मेवारी लिने गरी तयारी गर्नूस्। खुला राजनीति गर्दै आउनु भएको छ, समाजले पनि तपाईंलाई चिन्छ। अबको आन्दोलन भनेको भित्रबाट पार्टीले र बाहिरबाट तपाईंहरूले नै हाँक्ने हो।'

उहाँहरूले पार्टीका नीतिहरूमा गम्भीर रूपान्तरण आउँदै गरेको सङ्केत पनि दिनु भएको थियो। मैले पार्टीले अब पञ्चायतविरुद्ध निर्णायक सङ्घर्षको तयारी गर्दैछ भन्ने बुझेँ। यसअगाडि विद्यार्थी, महिला, किसान, मजदुर, शिक्षकहरूका आन्दोलन त भइरहन्थे। हामी त्यसमा सामेल भइरहेकै थियौँ। तर हामीले राजनीति गर्न थालेपछि पञ्चायती व्यवस्थालाई सडकबाटै फाल्ने प्रस्ट घोषणासहित योजनाबद्ध रूपमा थालिएको यो पहिलो आन्दोलन हुनेवाला थियो। यसलाई मैले पार्टीले दिएको ठूलो र महत्त्वपूर्ण जिम्मेवारीका रूपमा लिएकी थिएँ।

फागुन ७ गतेबाट हुने आन्दोलन परिचालनको तयारी माघतिरबाट गर्न थाल्यौँ। ०४६ फागुन १ गते क्याम्पसमा विद्यार्थीहरूको संयुक्त कार्यक्रम थियो। कार्यक्रममा प्रशासन तथा प्रहरीको कडा निगरानीका बाबजुद हामीले बडो कुशलतापूर्वक कार्यक्रम सफल बनायौँ। अन्त्यमा कार्यक्रम स्थलबाट कन्या छात्रावास नपुग्दै मलाई गिरफ्तार गरियो र मरणासन्न हुने गरी यातना दिइयो अनि जेलमा थुनियो। हामीले जेलमा पनि शृङ्खलाबद्ध आन्दोलनका कार्यक्रम गऱ्यौँ। अन्ततोगत्वा जनआन्दोलन सफल भयो।

जनआन्दोलनलगत्तै वैशाखमा पार्टीले राष्ट्रिय रूपमा प्रचार अभियान चलायो। जसमा पार्टीका केन्द्रीय नेताहरू मोहनचन्द्र अधिकारी, मोदनाथ प्रश्रित, राधाकृष्ण मैनालीलगायत मलाई सबै अञ्चलहरूमा आयोजना गरिएका अञ्चलस्तरीय आमसभाहरूमा सम्बोधन गर्न खटाइयो। हामी मेचीदेखि महाकालीसम्म पुग्यौँ।

घर–परिवारमा सङ्घर्ष गर्दै, लुक्दै, कलिलो उमेरमा थालिएको राजनीतिले जनआन्दोलनको सफलतापछि मलाई सम्मान र देशव्यापी परिचय दिलायो। यो मेरो व्यक्तिगत सफलताको कुरा थिएन, बरू पार्टीले लिएको सही नीति, इमान्दार र सक्षम नेतृत्वबाट सञ्चालित आन्दोलनको बलिदानको परिणाम थियो। पार्टीले सही विचार लिई इमान्दारीसाथ देश, जनता र क्रान्तिको पक्षमा काम गर्दा सफल हुन सकिन्छ भन्ने कुराको प्रमाण थियो। त्यसबेला पार्टीको नेतृत्व कमरेड मदन भण्डारीले गर्नुभएको थियो। उहाँको सामूहिकतामा विश्वास गर्ने, देशभक्तिपूर्ण, जनपक्षीय स्पष्ट वैचारिक दृष्टिकोणसहितको इमान्दारीपूर्ण नेतृत्वका कारण नै यो सफलता प्राप्त भएको हो।

### नेकपा (माले)मा भएका शृङ्खलाबद्ध वैचारिक बहस

हामीले पार्टी कमिटी र जनसङ्गठनमा काम गरिरहँदा पार्टीका सिद्धान्त, कार्यक्रम, विचार, रणनीति, कार्यनीति, आन्दोलनको इतिहास र त्यसभित्रका वैचारिक बहसहरू, नीतिगत परिवर्तनहरू र समसामयिक घटनाहरूप्रतिको दृष्टिकोण आदिबारे प्रशिक्षण, अन्तरपार्टी निर्देशन, पार्टीका मुखपत्र वर्ग सङ्घर्ष र मुक्तिमोर्चा तथा पार्टी नेताहरूका लेखबाट थाहा पाइन्थ्यो। यसरी पाएका जानकारी र पार्टी काममा मेरो अनुभव र अध्ययनबाट के बुझेकी छु भने– पार्टीभित्र उत्पन्न विभिन्न सैद्धान्तिक र वैचारिक बहसहरूले नेपाली कम्युनिस्ट आन्दोलनको यो चरणसम्मको सफलता प्राप्तीमा ठूलो योगदान पुऱ्याएको हो।

झापा आन्दोलनको जगमा बनेको को–अर्डिनेसन केन्द्र (कोके) र पुष्पलालसँग विद्रोह गरेर आएको मुक्तिमोर्चा समूहसहित विभिन्न धार मिलेर बनेको पार्टी नेकपा (माले) मा विभिन्न समयमा खासखास मुद्दाहरूमा बहस हुँदै आएको थियो। यी बहसहरूले पार्टीलाई विचारधारात्मक रूपले खार्दै समयानुकूल बनाउँदै लैजान मद्दत पुगेको छ। कमरेड मदन यस्ता बहसहरूमा महत्त्वपूर्ण रूपले सामेल हुँदै आउनु भएको थियो। उहाँ धेरै अध्ययनशील हुनुहुन्थ्यो। यही अध्ययनशीलता र उहाँ सम्मिलित पार्टीभित्रका विविध वैचारिक बहसले उहाँलाई नवीनतम् धारणा बनाउन, वैचारिक रूपले तिखारिन र नवप्रवर्तकका रूपमा उदय हुन ठूलो सहयोग पुगेको हो भन्ने मलाई लाग्छ। तसर्थ यहाँ पार्टीभित्रका केही महत्त्वपूर्ण वैचारिक बहस र सङ्घर्षको कुरा उल्लेख गर्नु उपयुक्त हुनेछ।

### कोके कालको एक्स र वाईका बीचको त्यो विवाद

त्यसबेला पार्टी उग्रवामपन्थी भड्काउमा गएको भन्ने विचार र पार्टीले लिएका नीति दक्षिणपन्थी हुन थालेको भन्ने विचारबीच लामो बहस भएको थियो। नेता मणि राई (वाई)ले उग्रबामपन्थबाट पार्टीलाई सच्याउनु पर्ने र चारु मजुमदारको लाइन छोड्नु पर्ने लगायतका विषय राखेका थिए भने नेता रामचन्द्र यादव (एक्स)ले पार्टीले लिएका नीति दक्षिणपन्थी हुन थालेको विचार राखेका थिए। यी दुवै अतिवादी खालका सोचका विरुद्ध भएको वैचारिक बहसले पार्टीलाई खुला रूपमा शान्तिपूर्ण जनसङ्घर्ष गर्दै भूमिगत रूपमा सशस्त्र विद्रोहको तयारी गर्ने गरी वैचारिक रूपले तयार पारेको थियो।[१]

### जनमत सङ्ग्रहबारे

२०३६ जेठ १० मा राजा वीरेन्द्रले बहुदलीय शासन प्रणली र सुधारिएको पञ्चायती व्यवस्थाबीच २०३७ वैशाख २० गते जनमतसङ्ग्रह गराउने घोषणा गरे। सुरुमा पार्टीले जनमतसङ्ग्रह जनक्रान्तिका विरुद्धको षड्यन्त्र हो भन्दै बहिष्कारको नीति लियो। तर पछि चार वामपन्थी समूहले जनमतसङ्ग्रह निष्पक्ष गर्न भन्दै राखिएको पाँच पूर्वशर्तलाई सकारात्मक रूपमा लिइएको पाइन्छ। तर अन्तिममा गएर बहिष्कारलाई नै जोड दिएको छ।[२]

### प्रधान अन्तरविरोध

नेकपा (माले)को स्थापनापछि पनि सुरुमा नेपाली समाजको प्रधान अन्तरविरोधबारे अलमल थियो। नेपालको घरेलु सत्ता र वैदेशिक शक्तिबीचको साँठगाँठलाई प्रधान शत्रु देख्ने र कहिले घरेलु प्रतिक्रियावादलाई मुख्य दुस्मन मान्ने गर्दै आएको थियो। मदन भण्डारीले यसमा फरक मत राख्दै आउनु भयो। २०३९ मा पुगेपछि वर्गीय रूपमा सामन्तवर्ग तथा दलाल नोकरशाही पुँजीपति वर्ग र आमजनताका बीच तथा राजनीतिक रूपमा निरङ्कुश राजतन्त्र र नेपाली जनताका बीचको अन्तरविरोध नै प्रधान अन्तरविरोध हो भन्ने निष्कर्षमा पार्टी पुगेको थियो।[३] यससम्बन्धी बहसमा माधव नेपाल, वामदेव गौतम र मुकुन्द न्यौपानेहरू मदनका साथमा हुनुहुन्थ्यो। त्यो विषयमा आफू अल्पमतमा परेको कुरा पछि एउटा अन्तर्वार्तामा पनि मदनले बताउनु भएको छ। ०३९ मा पुगेपछि मात्र पार्टीले पुरानो अडान सच्याएर मदनका मतमा सहमत भएको थियो (०३७ सालमा म अल्पमतमा थिएँ, जनता, वर्ष १०, अङ्क १४, २०४७ मङ्सिर २, मिडियामा मदन भण्डारी)।

**शान्तिक्षेत्रको प्रस्तावबारे**

राजा वीरेन्द्रले २०३१ सालमा अगाडि सारेको शान्तिक्षेत्रको प्रस्ताव राष्ट्रवादी हो कि भन्ने भ्रम पहिले रहेको र पछि ०३९ सालतिर गएर यसलाई सच्याएर यसको भण्डाफोर गर्ने निर्णय लिएको पाइन्छ। यो बहसले पार्टीलाई राष्ट्रवादसम्बन्धी पञ्चायती प्रभावबाट मुक्त गर्न सहयोग गरेको थियो।[४]

**पार्टी स्वतन्त्रता र राजनीतिक स्वतन्त्रताको विवाद**

यो विवाद पार्टीमा ०३९ सालमा उत्पन्न भएको थियो। पार्टीको आधिकारिक लाइन राजनीतिक स्वतन्त्रताको पक्षमा र अल्पमत पक्ष पार्टी स्वतन्त्रताको पक्षमा लागेर लामो बहस भएको थियो। यसमा मदन भण्डारीले धेरै विश्लेषण गर्दै विद्यमान व्यवस्थाभित्र हुने पार्टी स्वतन्त्रताले क्रान्तिकारी राजनीतिक लक्ष्यलाई भुत्ते बनाउने र बढीमा सुधारवादी कार्यक्रम मात्र हुन सक्ने भनेर खण्डन गर्नुभएको थियो।[५] ०४१ मा पुगेर यो असामान्य अवस्था हटेको थियो।[६]

**पञ्चायती निर्वाचनमा सहभागिता**

२०३७ सालको जनमतसङ्ग्रह एवं ०३८ र ०३९ सालका पञ्चायती निर्वाचन बहिष्कार गरेको पार्टीले ०४३ को राष्ट्रिय पञ्चायतको निर्वाचन र ०४४ को स्थानीय पञ्चायतका निर्वाचनलाई उपयोग गर्ने नीति लियो। यो पार्टीको वैचारिक जीवनमा आएको महत्त्वपूर्ण परिवर्तन थियो। केही कम्युनिस्ट घटकहरू र कांग्रेससमेतले माले पञ्चायत पस्यो भनेर आलोचना गरे। तर चुनावमा जनताले दिएको समर्थन र पार्टीका तर्फबाट रापंस बनेका सदस्यहरूले राष्ट्रिय पञ्चायतमा खुला रूपमा बहुदलको माग गर्न थालेपछि मालेको राजनीतिक प्रभाव ह्वात्तै बढ्न गयो।

**माओ विचारधाराबारेको बहस**

०३१ जेठ १५ का दिन तत्कालीन झापा जिल्ला कमिटी र क्रान्तिकारी कम्युनिस्ट सङ्गठन मोरङले को–अर्डिनेसन कमिटी बनाएर अघि बढ्न गरिएको अपिलमा 'अध्यक्ष माओलाई विश्व क्रान्तिका प्राधिकार मान्ने र माओत्सेतुङ विचारधारालाई वर्तमान समयको मार्क्सवाद–लेनिनवादको सर्वोच्च रूप मान्ने'[७] भनिएको थियो। पछि मालेले मार्क्सवाद–लेनिनवादसँगै माओ विचारधारालाई आफ्नो मार्गदर्शक सिद्धान्तका रूपमा मान्दै आयो। तर चौथो महाधिवेशनमा पुगेपछि यसलाई औपचारिक रूपमा मार्गदर्शक सिद्धान्तबाट हटाइयो।

**समाजवादी राष्ट्रहरूबारे**

नेपालको कम्युनिस्ट आन्दोलनमा सोभियत सङ्घलाई समाजादी मान्ने कि नमान्ने, माओपछिको चीन समाजवादी हो कि पुँजीवादी हो भन्ने विषयमा गम्भीर बहस भएका थिए। पछि नेकपा (माले)ले चीन समाजवादी नै हो भनेर निक्र्यौल गर्‍यो। त्यसरी नै पहिले रुसलगायत पूर्वी युरोपका देशहरूलाई समाजवाद नमान्ने, रुसलाई सामाजिक साम्राज्यवाद भन्ने गरिएकामा अब ती सबैलाई समाजवादी नै मान्ने र ती देशका पार्टीहरूलाई कम्युनिस्ट पार्टी मान्ने निर्णयमा पुगेको थियो।

**संयुक्त मोर्चा र निर्दलीय पञ्चायती व्यवस्थाविरुद्धको सङ्घर्ष**

चौथो महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदनमा भनिएको छ– 'देशमा हाम्रो पार्टी बाहेक अन्य विभिन्न खाले वामपन्थी र गैरवामपन्थी शक्तिहरू पनि रहेका छन्। जो एक वा अर्को रूपमा निरङ्कुश राजतन्त्र र निर्दलीय पञ्चायती व्यवस्थाका विरुद्ध सङ्घर्ष गरिरहेका छन् र .. केही वामपन्थी समूहहरू नयाँ जनवादकै लक्ष्य प्राप्तिका निम्ति सङ्घर्ष गरिरहेका छन्। कोही प्रजातन्त्र पुनःस्थापनाका निम्ति सङ्घर्ष गरिरहेका छन्।...जुन वामपन्थी समुहहरू नयाँ जनवादको साझा लक्ष्यलाई स्वीकार गर्दछन्, उनीहरूसँग दीर्घकालीन संयुक्त मोर्चा निर्माण गर्ने सम्भावनासमेत रहेका छन्। .... जुन वामपन्थी समूहहरू नयाँ जनवादको क्रान्तिकारी लक्ष्यलाई स्वीकार गर्दैनन् र वामपन्थका नाउँमा आंशिक सुधारका निम्ति मात्र

सङ्घर्ष गर्न चाहन्छन्, तिनीहरूसँग ...दीर्घकालीन संयुक्त मोर्चाको कुनै सम्भावना छैन..तर उनीहरूसँग विभिन्न तात्कालिक सवालमा कार्यगत एकताका सम्भावनाहरू छन्।.....त्यसबाहेक नेपाली कांग्रेससहित अन्य जति बुर्जुवा राजनीतिक शक्तिहरू छन्, उनीहरू पनि पञ्चायती निर्दलीयतालाई तोड्न र बहुदलीय संसद् स्थापना गर्न चाहन्छन्। त्यस उद्देश्यका निम्ति उनीहरूसँग पनि विभिन्न आंशिक सवालमा कार्यगत एकता कायम गर्ने सम्भावना छ। ... उनीहरू नयाँ जनवादका विरुद्ध नै छन्। तर यदि उनीहरू राजतन्त्र र निर्दलीय पञ्चायती शासनलाई उल्टाउने कुरामा सहमत हुन्छन् भने हामीले उनीहरूसँग समेत राजन्तन्त्रविरोधी संयुक्त मोर्चामा एकताबद्ध हुँदै अघि बढ्नुपर्छ।'[८]

यसैगरी महाधिवेशनबाट पारित नेपाली क्रान्तिको वर्तमान कार्यक्रमसम्बन्धी प्रस्तावमा राजनीतिक मोर्चाका बारेमा व्याख्या गर्दै मोर्चाको आधार भनेर तीनवटा बुँदा अघि सारिएको छः

क. राजतन्त्रको विरोध गर्ने र प्रजातन्त्रको स्थापना गर्ने

ख. प्रजातान्त्रिक आन्दोलनमा कम्युनिस्ट पार्टीसँग एकता गर्न चाहने

ग. एकदलीय तानाशाहीको विरोध गर्ने र बहुदलीय प्रजातान्त्रिक शासन प्रणाली अपनाउने।

यी बुँदाहरूमार्फत पार्टीले आफूलाई बहुदलीय प्रणालीका पक्षमा आन्दोलनमा जान, वाममोर्चा निर्माण गर्न र नेपाली कांग्रेससँग संयुक्त मोर्चा बनाउन दिशा निर्देश गरेको थियो। कांग्रेससँग सहकार्य गर्दा राजनीतिक रूपमा संशोधनवादी बनिने हो कि ? भारतीय र दरबारको जालमा परिने हो कि ? क्रान्तिलाई धोका हुने हो कि ? कतै पार्टी पुँजीवादी व्यवस्थाको पुच्छर बन्ने हो कि ? जस्ता प्रश्नहरू थिए। मदन भण्डारीले यी प्रश्नको विश्लेषणात्मक र चित्तबुझ्दो जवाफ दिँदै दृढ निश्चय गरेर कांग्रेससँग सहकार्य गर्ने र वाममोर्चा बनाउने कामको अगुवाइ गर्नुभयो। चौथो महाधिवेशनको दस्ताबेजका अंशले बताउँछन् कि अहिलेको प्रमुख शत्रु राजतन्त्र र यसको पृष्ठपोषक पञ्चायती निरङ्कुशता हो। कांग्रेससँग मिलेर जाँदा पञ्चायत फाल्न सकिन्छ, पञ्चायत फालेपछि राजा स्वतः कमजोर हुन्छन् भन्ने धारणाका आधारमा संयुक्त जनआन्दोलनको पहलकदमी लिइएको थियो। यसमा सहमति जुटाउने अगुवाइ मदन कमरेडले नै लिनु भएको थियो।

कमरेड मदनले कोके कालदेखि नै सबै वैचारिक बहसहरूमा सहभागी हुँदै नयाँ नीति र नयाँ विचारको निर्माण गर्न र पार्टीलाई वैचारिक रूपमा रूपान्तरण गर्दै अगाडि बढाउन महत्त्वपूर्ण भूमिका खेल्नु भएको पाइन्छ।

### २०४७ को संविधानमा मालेको असहमति

२०४६ को जनआन्दोलनलगत्तै राजाले संविधान सुधार सुझाव अयोग गठनको घोषणा गरेर राजनीतिक पहलकदमी आफ्नो हातमा राख्ने प्रयास गरेका थिए। तर राजनीतिक दलहरूको विरोधपछि राजनीतिक दलहरूको वर्चश्व रहने गरी 'संविधान सुझाव आयोग' बनाइयो। यसमा कांग्रेस, वामपन्थी र राजाका प्रतिनिधि रहेका थिए। संविधानका विषयहरूमा यी तीन पक्षबीच तीव्र मतभेदहरू भए। अन्ततः ०४७ कार्तिक २३ गते संविधान जारी भयो। उक्त संविधानमा राज्यशक्तिको स्रोत जनता, बहुदलीय प्रजातन्त्र, संसदीय शासन प्रणाली, वाक तथा प्रेस स्वतन्त्रता, मानव अधिकार, स्वतन्त्र न्यायपालिका र कानुनी राज्य, शक्ति पृथकीकरणका सिद्धान्तहरू लगायतका सहमतिका विषयहरू थिए भने नेकपा (माले) को राजनीतिक कार्यदिशासँग मेल नखाने केही व्यवस्थाहरू थिए। तसर्थ कार्तिक २५ गते पार्टीले काठमाडौँमा आमसभाको आयोजना गरेर आफ्नो असहमतिका २७ बुँदा सर्वजनिक गरेको थियो। जसमा संविधानमा श्री ५ लाई महाभियोग लगाउन पाइनु पर्ने, संविधानको संरक्षक श्री ५ नभई नेपाली जनता हुनुपर्ने, श्री ५ को सरकार नराखी नेपाल सरकार राख्नु पर्ने, सेनालगायत सार्वजनिक संस्थामा रहेको शाही शब्द हटाउनुपर्ने, श्री ५ लाई नेपालको राष्ट्रियता र

एकताको प्रतीक मान्ने व्यवस्था हटाउनु पर्ने, हिन्दु राज्य राख्न नहुने, सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको स्पष्ट खुलाउनु पर्ने, सबै भाषालाई समान व्यवहार गरिनुपर्ने, सेना मन्त्रिपरिषदको मातहत हुनुपर्ने, संविधान लागू भएपछि संविधानसँग बाझिएका कानुन र ऐनहरू स्वतः खारेज हुनुपर्ने, धारा ४० मा उल्लेख गरिएको कार्यकारिणी अधिकारबाट श्री ५ लाई हटाउनु पर्ने, श्री ५ का कामबारे अदालतमा मुद्दा चल्ने हुनुपर्ने, राजपरिवारको आयलाई करमुक्त नराख्ने, सम्पत्तिको हकसम्बन्धी व्यवस्थाले भूमिसुधारको काममा बाधा पुग्ने गरी नराख्ने लगायतका विषयहरू थिए। यी मतहरूको पुष्टि राजा ज्ञानेन्द्रले सत्ता लिएपछि भयो। यो संविधान त्रिपक्षीय शक्ति सन्तुलनको सम्झौताको दस्तावेज भएकाले पार्टीले विभिन्न असहमति भए तापनि यसको आलोचनात्मक समर्थन गरेको थियो।

### भूमिगतबाट सार्वजनिक जीवन

कडा भूमिगत शैलीमा काम गरिरहेको नेकपा (माले) ले ०४६ चैत २६ गते दलहरूमाथिको प्रतिबन्ध हटेपछि चैत २७ मा खुलामञ्चमा पार्टीका पूर्वमहासचिव तथा पोलिटव्युरो सदस्य झलनाथ खनाल भूमिगत जीवनबाट एक्कासि भाषण गर्न पुग्नु भयो र ०४७ वैशाख ६ गते गठित मन्त्रिपरिषदमा पनि मन्त्री बनाइनु भयो। वैशाख ३ देखि ५ गतेसम्म टोखामा अर्धभूमिगत रूपमा बसेको पार्टी केन्द्रीय कमिटीको बैठकले पार्टीका कार्यालयहरू खोल्ने, पार्टीका नेताहरूको पद र कमिटी गोप्य राखी सबैले खुला गतिविधि गर्ने निर्णय गऱ्यो। पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्न पार्टीका महासचिव रहनुभएका मदन भण्डारीलाई प्रवक्ताका रूपमा सार्वजनिक गर्ने निर्णय पनि गरियो। यसरी पार्टी खुला गर्ने कुरामा खासगरी भूमिगत पृष्ठभूमिका कमरेडहरू पछि सत्ताले दमन गर्न सक्छ र जनवादी क्रान्तिको लक्ष्य पुरा गर्न सकिन्न कि भनेर डराइरहेका थिए। तर कमरेड मदनले यसको औचित्यताबारे प्रस्ट पारेर आफूसँगै सिङ्गै पार्टी पङ्क्तिलाई भूमिगत जीवनपद्धतिबाट सार्वजनिक कार्यशैलीमा उतार्नु भयो।[१]

### मदनको व्यक्तित्व उठाएको त्यो आमसभा

कमरेड मदन लामो भूमिगत जीवनबाट ०४७ वैशाख १६ मा पार्टी प्रवक्ताका रूपमा सार्वजनिक हुनुभयो। यसपछि विभिन्न जिल्लामा पार्टी कार्यकर्ताबीच पुग्ने गर्नुभयो। प्रवक्ताका रूपमा उहाँका कुरा सुन्नेहरूले उहाँको तर्कशैलीदेखि निकै प्रभावित भई भरोसायोग्य नेताका रूपमा स्वीकार गर्न थालेका थिए। पछि उहाँले ०४७ कार्तिक २५ गते काठमाडौँको खुलामञ्चमा राखिएको आमसभालाई सम्बोधन गर्नुभयो। यो कम्युनिस्ट पार्टीको नेतृत्वमा भएको त्यतिबेलासम्मको सबैभन्दा ठूलो र सबैभन्दा प्रभावशाली आमसभा थियो। भूमिगतकालमा बैठक, भेला वा प्रशिक्षणमा सानो समूहमा सानो स्वरले बोल्ने बानी परेका नेताहरू एक्कासि ठूलो जनसभामा ठूलो आवाजमा भाषण गर्ने कुरा अति नै असहज थियो। तर उहाँले गर्नुभएको तर्कपूर्ण, धाराप्रवाह तथा कलात्मक भाषणले श्रोताहरूलाई मन्त्रमुग्ध पारेको थियो। उहाँको विशिष्ट क्षमता प्रकट भएको थियो। त्यो सभाबाटै नेकपा (माले)ले देशव्यापी रूपमा एउटा सन्देश दिएको थियो कि आउने संसदीय निर्वाचनमा माले एउटा जबर्जस्त शक्तिका रूपमा उदाउँदै छ। यो सभाको सम्बोधनले कमरेड मदनको व्यक्तित्वलाई धेरै माथि उठाइदियो। भूमिगत अवस्थाबाट एक्कासि खुला सार्वजनिक राजनीतिक जीवनमा प्रवेश गरेर यति छोटो समयमा एउटा शक्तिशाली नेताका रूपमा स्थापित हुनु असामान्य कुरा थियो।

### जनताको बहुदलीय जनवाद र मदन भण्डारी

मदन भण्डारी पार्टीको विचारधारा स्पष्ट हुनुपर्छ भन्ने मान्यता राख्नु हुन्थ्यो। त्यसैले उहाँ अध्ययन, विश्लेषण र विचारधारामा रहेका समस्या समाधान गर्ने काममा सिर्जनात्मक रूपले लाग्नु हुन्थ्यो। अध्ययन तथा बहसमा उहाँको रुचिका बारेमा कमरेड ईश्वर पोखरेलले एक ठाउँमा लेख्नुभएको छ– 'पार्टी सङ्गठनमा अस्तव्यस्तता छाइरहेको थियो। केही अगुवा कार्यकर्ताहरू पार्टीभित्रको विवादका कारण पार्टी छोड्ने मनस्थितिमा पुगेका थिए। त्यस्तो गम्भीर स्थितिका बारेमा ध्यान नदिई एकोहोरो

लेखपढमा मात्र लागिरहेको भन्दै हामीले मदनको आलोचना पनि गर्‍यौँ। उहाँले ...चिन्तनका विचारका पोयाहरू मिलाउनु पर्छ, ती कुरा मिलाउन सकियो भने अहिले विचारबाट विचलित भएकाहरू सबै ट्र्याकमा आउँछन्, नआई धेरै छैन भन्नुहुन्थ्यो।' यसरी मदनले पार्टीलाई विचाराधारात्मक रूपमा सही गोरेटोमा लान आफू महासचिव हुनुभन्दा पहिलेबाटै पहल लिनुभएको देखिन्छ।

पार्टीमा विचारधारात्मक बहस हुने क्रममा पार्टीले पहिले लिएका कतिपय कार्यनीति बदलिँदै आएका थिए। विश्व कम्युनिस्ट आन्दोलनले धक्का खाइरहेको थियो। पूर्वी युरोपका कतिपय समाजवादी व्यवस्था ढल्न थालेका थिए। यस्तो अवस्थामा कसरी कम्युनिस्ट आन्दोलनलाई यसका रणनीतिक लक्ष्यबाट विचलित नगराईकन लोकप्रिय बनाइरहन सकिन्छ भन्ने विषयमा विश्वव्यापी बहस पनि थिए। नेपालमा पनि त्यस्तो बहस तीव्र हुँदै गएको थियो।

चौथो राष्ट्रिय महधिवेशनले 'विद्यमान आर्थिक, राजनीतिक सामाजिक, सांस्कृतिक यथास्थितिको विकल्पका रूपमा जनवादी बहुदलीय व्यवस्थाको स्थापना गर्ने धारणालाई अघि सारेको थियो।'[१०] यो नै कमरेड मदन भण्डारीको अगुवाइमा नेकपा (माले)ले विकास गरेको बहदलीय जनवादसम्बन्धी प्रस्तावनाको प्रारम्भिक रूप थियो। यसले परम्परागत बहुदलीय संसदीय व्यवस्थालाई होइन, जनताको जनवादी अधिनायकत्वअन्तर्गतको बहुदलीय व्यवस्थाको स्थापना गर्ने कुरालाई अभिव्यक्त गर्थ्यो। यसको विस्तारित व्याख्या मदन भण्डारीले पछि आफैँ गर्नुभयो र यसको प्रारम्भिक प्रयोगकर्ता पनि उहाँ नै हुनुहुन्थ्यो। उहाँले ०४८ असोजमा नौलो बिहानी पत्रिकालाई दिएको अन्तर्वार्तामा भन्नुभएको थियो– 'नौलो जनवाद एकदलीय व्यवस्था होइन। हामीले हाम्रो देशको सन्दर्भमा नौलो जनवादलाई नै बहुदलीय व्यवस्था भनिरहेका छौँ। यो व्यवस्थालाई हामीले बहुदलीय प्रतिस्पर्धाका रूपमा लिएका छौँ। .... यसलाई पनि आमनिर्वाचनद्वारा, जनादेशद्वारा सञ्चालन गरिने छ। हामीले यो प्रणालीलाई राजनीतिक विश्वासले तय गरेका हौँ। त्यसैले बुहदलीय जनवाद र नौलो जनवाद एउटै कुरा हो।'[११]

बहुदलीय जनवादबारे उहाँले २०५० वैशाखमा आयोजित कलकत्ताको एउटा सेमिनारमा प्रस्तुत गर्नुभएको कार्यपत्रमा प्रस्ट लेख्नु भएको छ– 'कानुनी राज्यको सिद्धान्तमा आधारित जनताको बहुदलीय जनवादले मात्र हामीलाई आफ्ना गल्तीहरू सुधार्ने, जनताबीच पार्टीको छवि सुन्दर बनाउन प्रेरणा दिन्छ भन्ने कुरामा हामी विश्वास गर्छौं। जनताको बहुदलीय जनवाद संसारभर आज प्रचलित बहुदलीय व्यवस्था होइन। जनताको बहुदलीय जनवादको विशेषण के हो भने यसले त्यस्तो बहुदलीय व्यवस्थाको स्थापना गर्छ, जुन शासनको हिसाबले साम्राज्यवाद तथा सामन्तवादविरोधी हुन्छ।' उहाँले उक्त कार्यपत्रमार्फत नै जबजका १४ विशेषताहरूलाई सूत्रबद्ध गर्नुभएको थियो।

कम्युनिस्ट आन्दोलनलाई परम्परागत मान्यताहरूबाट र खासगरी माओका प्रभावहरू अनुरूप सशस्त्र विद्रोहबाट सत्ताकब्जा गर्ने कट्टरपन्थी मान्यताबाट बहुदलीय प्रणालीमा जाने र प्रतिस्पर्धाका आधारमा जनताको विश्वास जितेर सरकार बनाउने र माथिबाट सुधार गर्ने, नसके तलबाट गरिने वर्गसङ्घर्षका माध्यमबाट सत्ता कब्जा गर्ने दुवै विकल्पसहित उहाँले अघि बढाउनु भयो। पछि उहाँले 'बहुदलीय जनवादबारे' पुस्तिका प्रकाशित गर्नुभयो। यो पुस्तिका नै जबजको पहिलो औपचारिक दस्ताबेज हो। उहाँले बहुदलीय जनवादको कार्यक्रमलाई पाँचौँ महाधिवेशनमा व्यवस्थित रूपमा प्रस्तुत गर्नुभएको थियो र त्यहीँबाट 'जनताको बहुदलीय जनवाद' नामकरण गरिएको हो।

मेरो अनुभवमा जबजले मुख्यतया दुईवटा काम गरेको थियो। पहिलो त, विश्वभर रक्षात्मक बनेको कम्युनिस्ट आन्दोलनलाई नेपालमा लोकप्रिय बनाउन सफल भयो। कम्युनिस्टप्रति त्यसबेलाको विश्वले लगाएको अधिनायकवादी हुन्छन्, एकदलीय शासन हुन्छ, अरू विचार र दलको अधिकार कुण्ठित हुन्छ जस्ता अरोपलाई चिरेको थियो। मदनको तर्कशैली, प्रखर भाषण कला र विशिष्ट क्षमताले पनि मानिसलाई आकर्षित गर्दै गयो र

जबजको विचार स्थापित भयो। दोस्रो, यसले कम्युनिस्ट आन्दोलनलाई पनि लोकतान्त्रीकरण गर्ने दिशा दिएको थियो। पार्टीभित्र पनि प्रतिस्पर्धा गर्नु, हरेक सवालमा खुला बहस हुने वातावरण बनाउनु, विचार निर्माणमा सबै पार्टी सदस्य र आमजनतालाई पनि सामेल गराउनु, नेतृत्वमा जान योग्यता, क्षमता र योगदानका आधारमा पार्टी सदस्यले गर्ने मूल्याङ्कनलाई आधार बनाउनु पर्छ भन्ने यसको मान्यता हो।

यसरी जबजको विचार प्रतिपादन गरेर कमरेड मदनले राजनीतिक स्वतन्त्रता, खुला समाज, प्रतिस्पर्धात्मक प्रणाली र प्रतिस्पर्धामा श्रेष्ठताको राजनीतिलाई अँगाल्नुभयो। उहाँले आफ्नो जीवनकालमा जबजलाई व्यवहारमा लागू गर्न पहल गर्नुका साथै अभ्यास पनि गर्नुभयो।

कमरेड मदनले खेल्नुभएको ऐतिहासिक भूमिकालाई यसरी सूत्रबद्ध गर्न सकिन्छः

- जबजको कार्यक्रम तथा सिद्धान्तमार्फत कम्युनिस्ट आन्दोलनको रक्षा र विकास गर्नु।
- निरङ्कुश तथा निर्दलीय पञ्चायती व्यास्थाका विरुद्ध पार्टी स्वतन्त्रता र बहुदलीय व्यवस्थाको स्थापनाका लागि कांग्रेस र अरू वामपन्थी दलसँग मिलेर संयुक्त जनआन्दोलनको नीति पारित गरी त्यसलाई कार्यान्वयन गर्ने काममा नेकपा (माले)को नेतृत्व गरी सफल बनाउनु।
- संयुक्त वाममोर्चाको गठनको नेतृत्व लिनु।
- कम्युनिस्ट आन्दोलनको प्रजातान्त्रिकरण गर्नु।
- कम्युनिस्ट एकताको उपलब्धिमूलक पहल लिनु।

विश्वभर प्रतिरक्षामा पुगेको कम्युनिस्ट आन्दोलनलाई वि.सं. ०४८ को निर्वाचनमा नै शक्तिशाली रूपमा स्थापित गर्न सक्षम भएको नेकपा (एमाले) अहिले यावत् अनुकूलतामा पनि आमनिर्वाचनमा नराम्रो धक्का खानुपर्ने अवस्थामा पुगेको छ। यो स्थिति कसरी आयो? यसो हुनुमा हामीले जबजलाई लागू गर्न कहीँ न कहीँ त्रुटि गरेका छौँ जस्तो लाग्छ। अब यस विषयमा थप बहस आवश्यक छ। आफ्नो विगतको मूल्याङ्कन गर्दै नयाँ परिस्थिति सापेक्ष जबजको व्यावहारिक कार्यान्वयन गरेर मात्र कम्युनिस्ट आन्दोलनलाई माथि उठाउन सक्छौँ।

---

*२०४६ सालको जनआन्दोलनमा भएको गिरफ्तारीपछि देशव्यापी रूपमा चर्चित लक्ष्मी कार्की २०४८ को संसदीय निर्वाचनमा स्याङ्जाको क्षेत्र नम्बर ४ बाट उम्मेदवारसमेत बन्नु भएको थियो। तत्कालीन राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीको सल्लाहकारसमेत रहिसक्नुभएकी लैङ्गिक समानता तथा समाजिक समावेशीकरणसम्बन्धी विज्ञ कार्की हाल अखिल नेपाल महिला संघको महिला हिंसाविरुद्धको अभियान कमिटीको प्रमुखसमेत हुनुहुन्छ।*

**सन्दर्भ ग्रन्थ**

१. अन्तरपार्टी निर्देशन–९, २०३७–६–२८ /नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास, भाग २, डा. सुरेन्द्र केसी, विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ।
२. अपानि ४, २०३६–६–२२ /अपानि ५, ०३६–११–४।
३. अपानि १३, २०३९–८–२३।
४. अपानि १३, २०३९–८–२३।
५. रमेश रुछेन राई, स्वेतशार्दूल, मदन भण्डारीको जीवन, साङ्ग्रिला बुक्स, काठमाडौँ, २०७८। पृष्ठ १२५, १२६।
६. अपानि १७, २०४१–२–६।
७. डा. सुरेन्द्र केसी, नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास, विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ, २०६०, पृष्ठ ५५।
८. चौथो राष्ट्रिय महाधिवेशनद्वारा पारित दस्ताबेजहरू। राजनीतिक प्रतिवेदन, नेपाली क्रान्तिको वर्तमान कार्यक्रम, केन्द्रीय कमिटी, नेकपा (माले), २०४६। पृष्ठ १०६, १०७, ११६।
९. दृष्टि साप्ताहिक, वर्ष ७, अङ्क २५, वैशाख १९, २०४७, मिडियामा मदन भण्डारी, पृष्ठ १५।
१०. अपानि २, ९ माघ २०४६।
११. मिडियामा मदन भण्डारी, मदन भण्डारी फाउन्डेसन काठमाडौँ २०८१। पृष्ठ ६५।

विचार

# नेपालको भूराजनीतिक सन्दर्भमा मदन भण्डारीको कूटनीतिक सोच



– डा. नारद भारद्वाज



मदन भण्डारी नेपालले स्वतन्त्र, असंलग्न र प्रगतिशील विदेश नीतिको अनुसरण गर्दै निडर भएर राष्ट्रिय हितको पक्षमा उभिनुपर्ने पक्षमा हुनुहुन्थ्यो। उहाँको जोड स्वतन्त्रता, समानता र परस्पर सम्मानमा आधारित भएर दौत्य सम्बन्ध स्थापना गर्नुपर्नेमा थियो। उहाँले 'हामी चीनपरस्त अथवा भारतपरस्त होइनौं, नेपालपरस्त हौं र नेपालको हित र सुरक्षालाई सर्वोपरि राखेर छिमेकीहरूसित सम्बन्ध राख्छौं' भन्नुभएको थियो।

## सङ्क्षिप्त सार

समकालीन नेपालका एक प्रखर मार्क्सवादी नेता एवं चिन्तक मदन भण्डारीले नेपाली समाजको वर्गसंरचना र उत्पादन सम्बन्धको यथार्थ विश्लेषण गरेर जनताको बहुदलीय जनवादको सिद्धान्त मात्र प्रतिपादन गर्नुभएन, उहाँले नेपाली कम्युनिस्ट आन्दोलनलाई संसदीय व्यवस्थाको मूलप्रवाहमा समेत स्थापित गराउनुभयो। यस क्रममा उहाँले समकालीन विश्व कम्युनिस्ट आन्दोलनका जटिलता सुल्झाउने एउटा शास्त्रीय विकल्पसमेत प्रस्तुत गर्नुभयो। प्रस्तुत लेखमा मदन मण्डारीको विचारभित्र रहेका राजनीतिक शास्त्रका विविध विधामध्ये समकालीन भूराजनीतिक परिवेशमा नेपालको परराष्ट्र सम्बन्ध र विदेश नीतिको एतिहासिक विकासक्रममा मदन भण्डारीको वैचारिक योगदानको चर्चा गरिएको छ। यो लेखमा २०४६ सालको राजनीतिक परिवर्तनपछि मदन भण्डारीले प्रस्तुत गर्नुभएको परराष्ट्र नीतिसम्बन्धी दृष्टिकोणले नेपालको राष्ट्रिय स्वाधीनता, भौगोलिक अखण्डता र अन्तर्राष्ट्रिय मञ्चहरूमा मुलुकको स्वतन्त्र पहिचानलाई अझ बढी प्रवर्द्धन र सुदृढ गर्न गरेको योगदानको चर्चा गरिएको छ।

## परिचय

मदन भण्डारी समकालीन नेपालका एक जना प्रखर मार्क्सवादी चिन्तक र राजनीतिक नायक हुनुहुन्छ। उहाँले नेपालको सन्दर्भमा शास्त्रीय मार्क्सवादी सोचलाई बदलिँदो सामाजिक यथार्थसित जोडेर नेपालको कम्युनिस्ट आन्दोलनलाई उदार लोकतान्त्रिक आन्दोलनको मूलप्रवाहका रूपमा स्थापित मात्र गराउनुभएन, बरू सामन्तवादी अवशेष अझै प्रभावशाली रहेको नेपालको जस्तो शैशव पुँजीवादी समाजको सामाजिक परिवर्तनको सैद्धान्तिक सूत्रीकरणसमेत गर्नुभयो। नेपालको वर्तमान वर्ग संरचना र उत्पादन शक्ति सम्बन्धको यथार्थहरूको विश्लेषणमा आधारित भएर उहाँले प्रस्तुत गर्नुभएको जनताको बहुदलीय जनवादको सिद्धान्तलाई समकालीन विश्वको कम्युनिस्ट आन्दोलनका

समस्या र जटिलतालाई हल गर्ने एउटा उज्ज्वल शास्त्रीय विकल्पका रूपमा लिन सकिन्छ। जनताको बहुदलीय जनवादको सैद्धान्तिक विवेचनाभित्र मदन भण्डारीले राजनीतिशास्त्रका विविध विधाको गहन विवेचना गर्नुभएको छ तर यो लेख समकालीन भूराजनीतिक परिवेशमा नेपालको परराष्ट्र सम्बन्ध कस्तो हुनुपर्छ भन्नेबारे उहाँका वैचारिक दृष्टिकोणहरूमा केन्द्रित हुनेछ।

## नेपालको विदेश नीतिको परम्परागत आधार

नेपाल भौगोलिक, पर्यावरणीय, जातीय, सांस्कृतिक र धार्मिक रूपले विविधतायुक्त मुलुक हो। नेपाल संसारकै भौगोलिक जटिलता भएको मुलुकमा पर्छ। एकीकृत नेपाल निर्माण नै यसको भौगोलिक विकटता, सामाजिक विविधता र भूराजनीतिक जटिलताले उत्पन्न गरेका समस्या हल गरी यसलाई एउटा सार्वभौम, स्वतन्त्र, आत्मनिर्भर र समृद्ध राष्ट्र निर्माण गर्ने उद्देश्यले भएको थियो भन्दा अत्युक्ति हुँदैन।

सन् १७६९ मा नेपालको एकीकरण सम्पन्न भएपछि समकालीन भूराजनीतिको जटिलताको प्रकाशमा अस्तित्वको रणनीति तय गर्ने प्रकियामा नै नेपालको विदेश सम्बन्धको सिद्धान्त निर्माण भएको हो। नेपाल एकीकरण हुनुभन्दा पहिले सम्पूर्ण दक्षिण एसिया महाद्वीप उदीयमान भारतीय ब्रिटिस सम्राज्यवादको विस्तारका तरङ्गले कम्पायमान भइरहेको थियो। २३ जुन १७५७ मा रोबर्ट क्लाइबले प्लासीको युद्धमा सिराजुद्दौलालाई हराई बङ्गालमा ब्रिटिस प्रभुत्व स्थापित गरे (राय, १९८७)। यसले नेपालमाथि ब्रिटिस साम्राज्यबाट हुनसक्ने आक्रमणको खतरा सन्निकट भएको महसुस गर्न सकिन्छ। त्यस्तै मध्य चीनबाट दिग्विजय गर्दै दक्षिणतिर राज्य विस्तार गर्दै अगाडि बढेका सम्राट कियानलोङले गोरखा अधिराज्यमाथि आँखा लगाएको थियो। कियानलोङका सेना भर्खरै एकीकरण भएको नेपाल अधिराज्यमाथि तोप ग्रिनेड जस्ता हतियारको प्रयोग गरी १७९२ मा नेपालमाथि आक्रमण गरी बेत्रावतीसम्म आइपुगे। चीनको प्रबल आक्रमणको अघि नेपालले पराजित हुनुपर्‍यो र चीनले नेपाललाई अधीनस्थ राज्यको हैसियत स्वीकार गराई २ अक्टुवर १७९२ मा बेत्रावतीको सन्धिसमेत गर्न बाध्य पारेको परिस्थितिले दक्षिणबाट मात्र होइन, उत्तर चीनबाट समेत यस क्षेत्रको सुरक्षामाथि गम्भीर खतरा पैदा भएको कुरा महसुस गर्न सकिन्छ। यो विकट परिस्थितिमा यस क्षेत्रको सुरक्षाका लागि पूर्वतयारी गर्नुपर्ने आवश्यकता पैदा भएको कुरा तत्कालीन इतिहासको अध्ययनबाट बुझ्न सकिन्छ Mosca, (2013)।

एकीकरणपछि महाराजा पृथ्वीनारायण शाहले पहिलोपल्ट नेपालको भूराजनीतितर्फ नेपाली जनताको ध्यानाकृष्ट गराएका थिए। नेपाल दुई ढुङ्गाबीचको तरुल रहेछ भन्ने स्थिति बोधले नेपालको सुरक्षाका लागि एउटा सशक्त प्रतिरोधी शक्ति र कुशल कूटनीतिको आवश्यकता भएको कुरातर्फ पनि पृथ्वीनारायण शाहले राष्ट्रलाई सजग गराएका थिए।

एकीकरणअघिको नेपालको विदेश नीति भूगोल, जनसङ्ख्या, सैनिक शक्ति र आर्थिक स्रोतको विस्तारबाट सार्वभौमिकता र राष्ट्रिय स्वाधीनताका सम्वर्द्धन गर्ने मनोविज्ञानबाट निर्देशित थियो भन्न सकिन्छ। पृथ्वीनारायण शाहलाई एकीकृत राज्य निर्माणमा लाग्न हुटहुटी लाउने कुरा मुख्य रूपले यही थियो। पृथ्वीनारायण शाहले मकवानपुरबाट फर्किंदा चन्द्रागिरीबाट उपत्यकालाई हेर्दै भानु जोशी, कुलानन्द जोशीहरूसित उपत्यकाभित्रका समृद्ध र विकसित तीन राज्यहरू गोरखामा मिलाउन पाए हुन्थ्यो भन्ने विचार व्यक्त गरेबाट यो कुरा पुष्टि हुन्छ (यादव, २०६४ पृष्ठ ४६)।

एकीकरणकाल र त्यसपछि १८१४—१८१६ को अङ्ग्रेज–नेपाल युद्धसम्म नेपालले स्थानीय रूपमा आक्रामक राष्ट्रवाद र महाशक्ति राष्ट्रहरूप्रति पृथकतावादको विदेशनीति अवलम्बन गरेको देखिन्छ। ब्रिटिसहरूलाई प्रवेश नदिने र उनीहरूसित सम्बन्ध विस्तार गर्न पनि नचाहने नीति नेपालले अख्तियार गरेको देखिन्छ। पृथ्वीनारायण शाहले प्रतिपादन गरेको ‘जाइ कटक नगर्नु झिकी कटक गर्नू’ भन्ने रणनीति त्यसबेलाका सरकारहरूले अवलम्बन गरेको मूल रक्षात्मक नीति थियो। १७६३ को जनवरीमा गुरगीन खाँले मकवानपुरमा गरेको घुसपैठको सफल प्रतिकार गर्नमा र त्यसको चार वर्षपछि १७६७ को सेप्टेम्बरमा विmनलोकको सैनिक अभियानलाई हराउनमा समेत नेपालले यो नीति प्रयोग गरेको थियो।

१८१६ को अङ्ग्रेज–नेपाल युद्धमा नेपाल पराजित भएपछि यसले असमान सुगौली सन्धिमा हस्ताक्षर गर्नुपरेको

थियो। यस सन्धिका कारण नेपालले आफ्नो एक तिहाइ भूभाग गुमाउनु पर्‍यो भने विदेश सम्बन्ध अवलम्बन गर्दा पनि ब्रिटिस भारत साम्राज्यको स्वार्थप्रति होसियार रहनुपर्ने अवस्था पैदा भयो। ब्रिटिस रेजिडेन्टहरूले नेपालको शासक वर्गमा फुट ल्याएर आफ्नो अनुकूल व्यक्तिहरूलाई सत्तामा ल्याई उनीहरूका स्वार्थ पूरा गराउने खेल सुरु गरे। नेपालको राजनीतिलाई त्यसपछिका ३० वर्षसम्म अस्थिरताको भुमरीमा फसाएर अन्त्यमा १८४६ को सेप्टेम्बरमा भयङ्कर नरसंहार मञ्चन गरेर जङ्गबहादुर राणाको नेतृत्वमा ब्रिटिस भारत समर्थक राणा शासनको जग बसाउन सफल भए। जङ्गबहादुर राणाको उदयले नेपाल ब्रिटिस भारत सम्बन्ध एउटा नयाँ युगमा प्रवेश गर्‍यो र एक शताब्दीदेखि ब्रिटिसहरूले नेपाललाई आफ्नो प्रभावमा ल्याउन गरेको प्रयास सफलीभूत भयो (केसी, २०४६ः११२)। यो राजनीतिक घटनापछिका १ सय ३ वर्षसम्म नेपालले ब्रिटिसपरस्त विदेश नीति अवलम्बन गरेको कुरा सबैसामु छर्लङ्ग छ।

**राणाशासन अन्त्यपछिको फरक अवस्था**

२००७ सालको क्रान्तिले राणाशासनको अन्त्य गरेपछि नेपालमा लोकतान्त्रिक शासन व्यवस्थाको अभ्यास सुरु भयो। नेपालमा आएको त्यो ऐतिहासिक परिवर्तनको तीन वर्ष पहिले १९४७ मा ब्रिटिस औपनिवेशिक शासनबाट भारत स्वतन्त्र भएको थियो। यथार्थमा भारत, नेपाल र अरू दक्षिण एसियायी मुलुकहरूमा भएको राजनीतिक परिवर्तन विश्व भूराजनीतिमा आएको परिवर्तनको प्रत्यावर्तन थियो भन्न सकिन्छ। मुलुकमा ठूलो व्यवस्था परिवर्तन हुँदा या मुलुकका प्राथमिकता बदलिँदा परराष्ट्र नीतिका विभिन्न पक्षमा परिवर्तन आउनु स्वाभाविक हुन्छ। त्यसरी नै भूराजनीतिमा उल्लेख्य परिवर्तन आउँदा परराष्ट्र नीतिलाई तदनुरूप अद्यावधिक र विकसित गर्नुपर्ने हुन्छ (ज्ञवाली, २०७८) भन्ने कुरा यसले पुष्टि गर्छ।

२००७ सालदेखि अहिलेसम्म नेपालले आफ्ना परराष्ट्र नीतिका सिद्धान्त र व्यवहारमा विविध अभ्यासहरू गरेको छ। २००७ सालदेखि नै ब्रिटिसहरूसितका एकलौटी सम्बन्धको धार परिवर्तन भई परराष्ट्र सम्बन्धमा विविधिकरण सुरु भयो। तर त्यही वर्ष भारत र नेपालले शान्ति र मैत्री सन्धिमा हस्ताक्षर गरेकाले फेरि नेपालमा भारतीय प्रभाव र आधिपत्य स्थापना हुने स्थिति पैदा भयो। यस सन्धिमा खुला सीमा वारपारको व्यवस्था, दुवै देशका नागरिकको एकअर्काका देशमा सम्पत्ति खरिदबिक्री गर्न पाउने अधिकार, रोजगारी गर्न पाउने अधिकार, यस सन्धिको धारा २ र ५ अनुसार सुरक्षा मामिलामा भारतसित विमर्श गर्नुपर्ने कुरा र तेस्रो देशबाट आयात गरिएका सुरक्षा उपकरण र हतियार भारत भएर जानुपर्ने व्यवस्था आपत्तिजनक थिए (The Treaty of Peace and Friendship, 2050)।

यति मात्र होइन, यो कालखण्डमा भारतीय प्रशासकहरू नेपालका राजाको सचिव नियुक्त हुने र काठमाडौँस्थित भारतीय राजदूतले मन्त्रिपरिषदको बैठकमा पहुँच पाउने व्यवस्थासमेत लागू भएको थियो। १९५२ को अगस्ट महिनामा भारत सरकारले नेपालको प्रशासनको सबलीकरण गर्ने भन्दै गोविन्दनारायण नामका एक जना प्रशासनिक अधिकृतलाई राजाको निजी सचिवका रूपमा काम गर्न नेपाल पठाएको थियो (यादव, २०६४ः३५०)।

२००९ सालदेखि २०११ सालसम्ममा भारतले नेपालको उत्तरी सीमानाका १८ स्थानमा सैनिक चौकीहरू स्थापना गरेको थियो। यो कदमले गर्दा नेपाललाई सोझै भारतको सुरक्षा क्षेत्रभित्र ल्याउने काम भएको थियो (रावल, २०१९)।

यो अवस्था १९६९ सम्म रह्यो र तत्कालीन नेपाल सरकारको निर्णय अनुसार ती चौकीहरू नेपाल–चीनको सीमाबाट हटाइए र त्यस वर्षको अप्रिल २० मा भारतीय सेना स्वदेश फर्के। वास्तवमा १९५६ मा टङ्कप्रसाद आचार्य नेपालको प्रधानमन्त्री नियुक्त भएदेखि नै नेपालले दुई छिमेकी राष्ट्र र अरू मुलुकहरूसितको सम्बन्धलाई सन्तुलनमा ल्याउन प्रयत्नरत थियो। बीपी कोइरालाले पनि आफ्नो प्रधानमन्त्रीत्वकालमा चीनसित शान्ति र मित्रताको सन्धि गरेर दुई छिमेकी देशबीचका असन्तुलित सम्बन्धलाई सच्याउन खोजेका थिए (केसी, २०२४)। तर २०१७ सालमा नेपाली कांग्रेसको निर्वाचित सरकारलाई अपदस्थ गरेर राजा महेन्द्रले सक्रिय राजतन्त्रमुनि पञ्चायती व्यवस्था सुरु गरेपछि नेपालको विदेश नीतिको मौलिक ढाँचामा नै बदलाव आयो।

राजा महेन्द्रले सरदार भीमबहादुर पाण्डे, प्रो.यदुनाथ खनाल, शैलेन्द्र उपाध्याय, हृषीकेश शाहजस्ता दिग्गज विदेश मामिलाविदहरूको सहयोगमा नेपालको परराष्ट्रनीतिको पुनर्संरचना तयार गरे। राजा महेन्द्रले १९५६ को बाङडुङ सम्मेलनमा भाग लिएर असंलग्न परराष्ट्र नीतिको संस्थापक राष्ट्रका रूपमा नेपाललाई परिचित गराए। त्यसबेलादेखि असंलग्न परराष्ट्र नीति नेपालको विदेश सम्बन्धको एउटा अविचलित स्तम्भ रही आएको छ।

असंलग्न परराष्ट्र नीति र पञ्चशील आज पनि नेपालको परराष्ट्र नीतिका मूलभूत सैद्धान्तिक आधार हुन्। सार्वभौमिकता र भौगोलिक अखण्डताको सम्मान, परस्पर अनाक्रमण, एकअर्काको आन्तरिक मामिलामा अहस्तक्षेप, समानता तथा पारस्परिक फाइदा र शान्तिपूर्ण सहअस्तित्व पञ्चशीलका पाँच सिद्धान्त हुन्।

नेपालले यिनै सिद्धान्तलाई आधार मानेर शीतयुद्धकालीन विश्व परिवेशमा अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्न तथा अन्तर्राष्ट्रिय सामरिक गठबन्धनबाट आफूलाई अलग राख्यो र अन्तर्राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय मञ्चहरूमा उल्लेखनीय भूमिका निभायो।

## नेपालको परराष्ट्र नीतिमा मदन भण्डारी र जबजको योगदान

२०४६ सालपछिको लोकतान्त्रिक व्यवस्थाअन्तर्गत नेपालको परम्परागत विदेश सम्बन्धलाई निरन्तरता दिनमा र यसका सिद्धान्त र मूल्यहरूलाई उन्नत र समृद्ध बनाउनमा स्वर्गीय मदन भण्डारीको विशिष्ट योगदान छ। मदन भण्डारीले जनताको बहुदलीय जनवादको सिद्धान्तअन्तर्गत परराष्ट्र नीतिका सिद्धान्त र व्यवहारका बारेमा प्रकाश पार्नुभएको छ। उहाँले प्रस्तुत गरेका परराष्ट्र मामिलासम्बन्धी विचारहररुले २०४६ सालपछिका परराष्ट्र नीतिसम्बन्धी राष्ट्रिय बहस र विमर्शलाई उल्लेख्य प्रभाव पारेको छ।

विश्वव्यापी लोकतान्त्रिक क्रन्तिको तेस्रो लहर (Huntington, 1991) को सिलसिलामा नै नेपालमा २०४६ सालको जनआन्दोलन भएको जनविश्वास रहेको छ। तर त्यसपछि भूमण्डलीकरण र नवउदारवादी आर्थिक मोडलको जुन उभार आयो, त्यो घातक थियो भन्ने कुरा अहिले निस्किरहेका तिनका आर्थिक र राजनीतिक परिणामहरूले देखाइरहेका छन्। तर मदन भण्डारीले त्यतिबेलै एकध्रुवीय विश्व व्यवस्था, भूमण्डलीकरण र नवउदारवादी आर्थिक व्यवस्थाका कमजोरीहरूको आलोचना गर्दै जनताको बहुदलीय जनवाद र समाजवादी अर्थ व्यवस्थाको पक्षमा गम्भीर विमर्श सुरु गर्नुभएको थियो।

मदन भण्डारी नेपालले स्वतन्त्र, असंलग्न र प्रगतिशील विदेश नीतिको अनुसरण गर्दै निडर भएर राष्ट्रिय हितको पक्षमा उभिनुपर्ने पक्षमा हुनुहुन्थ्यो। उहाँको जोड स्वतन्त्रता, समानता र परस्पर सम्मानमा आधारित भएर दौत्य सम्बन्ध स्थापना गर्नुपर्नेमा थियो।

मदन भण्डारीले पञ्चशील र असंलग्नतालाई नेपालको परराष्ट्र नीतिको आधारशिलाका रूपमा अनुमोदन गरेको देखिन्छ। उहाँले जातिवाद, उपनिवेशवाद, प्रभुत्ववाद र आणविक प्रसारको विरोध गर्नुभएको थियो। उहाँ विश्वशान्ति र मानव अधिकारको प्रवर्द्धन, राष्ट्रिय स्वतन्त्रता आन्दोलनका पक्षमा उभिनुभएको थियो। उहाँ संयुक्त राष्ट्रसंघलाई सशक्तिकरण गर्ने, परराष्ट्र सम्बन्धका सिद्धान्तहरूलाई आलङ्कारिक होइन, व्यावहारिक अर्थमा कार्यान्वयन गर्ने तथा निकट छिमेकीहरूसित समान र सम्मानपूर्ण सम्बन्धको पक्षमा हुनुहुन्थ्यो। उहाँले 'हामी चीनपरस्त अथवा भारतपरस्त होइनौं, नेपालपरस्त हौं र नेपालको हित र सुरक्षालाई सर्वोपरि राखेर छिमेकीहरूसित सम्बन्ध राख्छौं' भन्नुभएको थियो।

मदन भण्डारी संयुक्त राष्ट्रसंघलगायत सबै द्विपक्षीय र बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थाहरूमा नेपालको सक्रिय सहभागिताको पक्षमा हुनुहुन्थ्यो। उहाँ दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनलाई पुनः सक्रिय पार्ने र दक्षिण दक्षिण सहयोगको अभिवृद्धिको पक्षमा हुनुहुन्थ्यो (Madan Bhandari Memorial Foundation, 2000: 110)।

## निष्कर्ष

नेपाल दक्षिण एसियाको एउटा जटिल भूगोल र संवेदनशील भूराजनीतिको बीचबाट सार्वभौमिकता, भौगोलिक अखण्डता र सम्मानपूर्ण राष्ट्रको पहिचान स्थापित गर्दै आफ्ना जनताको समृद्धिको निम्ति संघर्ष गरिरहेको मुलुक हो। यो राष्ट्रले आफ्नो एकीकृत अस्तित्वको ३ सय १४

वर्षको इतिहासमा विदेशी औपनिवेशिक शक्तिको आक्रमण, आन्तरिक अस्थिरता, हिंसात्मक शक्ति संघर्ष औपनिवेशिक हेपाइ खप्नु परेको थियो। यिनै ऐतिहासिक उहापोहको बीचमा यो मुलुकका नेताहरूले युगको चेतनाबाट निर्देशित र प्रेरित भएर नेपाल राष्ट्रको अस्तित्वको रणनीति तय गर्न र त्यसको कार्यान्वयन गर्नमा खेलेको भूमिका सराहनीय छ।

नेपालको एकीकरणपछि एकीकृत राज्यको सुरक्षा र समृद्धिको प्रत्याभूति कसरी गर्न सकिन्छ र युद्धका विभीषिकाबाट जनतालाई कसरी बचाउन सकिन्छ भन्ने विषयमा सर्वप्रथम राजा पृथ्वीनारायण शाहले आफ्नो दिव्योपदेशबाट जनतालाई प्रशिक्षित गरेर गएका थिए।

एकीकरणपछि एकतन्त्रीय राणा शासन सुरु नहुँदासम्म बहादुर शाह, रानी राज्यलक्ष्मी शाह, भीमसेन थापाले नेपालको विदेश नीति सूत्रबद्ध गर्ने प्रयत्न गरे। राणाशासनकालमा जङ्गबहादुर राणा र चन्द्रशमशेरले विवादित तरिकाले नै भए पनि भारतीय ब्रिटिस साम्राज्यसितको सम्बन्ध सुमधुर राखेर नेपालको अस्तित्व मेटिन दिएनन्। सन् २०५० को क्रान्तिपछि बीपी कोइराला, टङ्कप्रसाद आचार्य आदिले नेपालको कूटनीतिक सम्बन्ध विस्तार गरी नेपाललाई विश्व समुदायमा चिनाउने काम गरे। २०६० पछि २०४६ सालसम्म राजा महेन्द्र र राजा वीरेन्द्रले नेपालको परराष्ट्र सम्बन्धमा महत्त्वपूर्ण नयाँ आयाम थप्न सफल भए। राजा महेन्द्रले दुई छिमेकी मुलुकसितको सहकार्य र सन्तुलन कायम गरी नेपालको यातायात, स्वास्थ्य, शिक्षा, औद्योगिक विकासको क्षेत्रमा वैदेशिक सहयोग प्राप्त गरी आर्थिक कूटनीतिको क्षेत्रमा महत्त्वपूर्ण सफलता हासिल गरे। त्यसैगरी राजा वीरेन्द्रले १९७५ मा नेपाललाई शान्तिक्षेत्र घोषणा गरियोस् भन्ने प्रस्ताव राखेर नेपालको हित र सुरक्षाका लागि नयाँ पहल लिए। यद्यपि भारतको असहमतिका कारण उनको यो पहल सफल भएन। यसले जटिल भूराजनीतिक चेसबोर्डमा साना र कमजोर राष्ट्रहरूको हितको बलिदान हुन्छ भन्ने प्रस्ट हुन्छ।

२०४६ सालपछिको राजनीतिका रङ्गमञ्चमा मदन भण्डारी एक मेधावी राजनेताका रूपमा देखा पर्नुभयो। जनताको बहुदलीय जनबादको सिद्धान्त प्रतिपादित गरेर कम्युनिस्ट आन्दोलनको लोकतन्त्रीकरण र शान्तिपूर्ण आवधिक निर्वाचनको माध्यमबाट कसरी सुशासन, समानता, समावेशिता र समृद्धि प्राप्त गर्दै समाजवाद प्राप्त गर्न सकिन्छ भन्ने विषयमा मात्र होइन, उहाँले समकालीन विश्वको भूराजनीतिक परिवेशमा नेपालले कस्ता कूटनीतिक सिद्धान्त र व्यवहारहरू अवलम्बन गरेर राष्ट्रिय, सुरक्षा, शान्ति र समृद्धि प्राप्त गर्न सक्छ भन्ने विषयमा समेत गहन विचार र अन्तरदृष्टि प्रदान गर्नुभयो। उहाँका ती विचारले आउने दिनहरूमा नेपालको कूटनीतिक वृत्तका प्राज्ञिक सम्वाद र विमर्शहरूलाई नयाँ आयाम र बौद्धिक उचाइ प्रदान गर्ने छ भन्ने कुरामा विश्वस्त हुन सकिन्छ।

---

*कतारका लागि नेपाली राजदूत, त्रिभुवन विश्वविद्यालयमा इतिहास विषयका सहप्राध्यापक र गोरखापत्र संस्थानको अध्यक्षसमेत रहिसक्नुभएका डा. नारद भारद्वाज पत्रकार, लेखक र कूटनीतिज्ञ हुनुहुन्छ।*

### सन्दर्भ सामग्रीहरू

- Huntington, S. (1991). *The third wave: Democratization in the late Teentieth Century.* Norman: University of Oklahoma Press.
- केसी, सुरेन्द्र (२०४६ पृ.११२)। *नेपालको कूटनीतिक इतिहास*। सविता प्रकाशन।
- K.C. K. (2024). *Foreign policy: From the perspective of people's multiparty memocracy.* State Society and Development. Madan Bhandari Foundation.
- Madan Bhandari Memorial Foundation, (2000). *People's Multiparty Democracy.* Policy Papers. Navayug Cooperative Press.
- राय, लोकेश्वर (१९८७)। विश्व इतिहासका प्रमुख अध्याय। भाग २। किताब महल।
- Mosca, M. W. (2013). *From Frontier Policy to Foreign Policy: The Question of India and Transformation of Geopolitics in Qing China.* Stanford University Press.
- Rawal, P. (2019). *Military diplomacy and its role in the foreign policy of Nepal* (Master's thesis, Naval Postgraduate School). http://calhoun.nps.edu/
- यादव, (२०६४)। *नेपालको राजनीतिक इतिहास*। युनाइटेड ग्राफिक प्रिन्टर्स।
- ज्ञवाली (२०७८)। *बाह्य सम्बन्धमा प्राप्त उपलब्धि र हासिल उचाइ*। नवयुग त्रैमासिक। केन्द्रीय प्रचार तथा प्रकाशन विभाग, एमाले।



**विचार**

# आर्थिक–सामाजिक रूपान्तरणमा जबजको सान्दर्भिकता

– रामशरण प्याकुरेल



सामाजिक रुपान्तरणको मूल आधार शिक्षा हो । जबजले वैज्ञानिक, प्राविधिक र जनमुखी शिक्षालाई महत्त्व दिन्छ । नेपालको शिक्षा प्रणाली अझै बेरोजगार उत्पादन गर्ने र बजारमुखी मात्र बन्दै गएको भनी आलोचना भइरहेका बेला जबजले शिक्षा र चेतनाको विकासका माध्यमबाट जीवनोपयोगी, उत्पादनमुखी र नैतिक शिक्षा प्रणालीको विकास गर्नुपर्ने आवश्यकतामाथि प्रकाश पारेको सन्दर्भ यहाँनिर स्मरणीय छ ।

नेपालको राजनीतिक इतिहासमा केही यस्ता व्यक्तित्वहरू छन्, जसले केवल पार्टी नेतृत्व वा तत्कालीन राजनीतिक सङ्घर्षलाई मात्र दिशा दिएनन्, बरू राष्ट्रिय राजनीति, लोकतन्त्र, सामाजिक रूपान्तरण र आर्थिक विकासको दीर्घकालीन वैचारिक मार्गचित्र पनि निर्माण गरे । जननेता मदन भण्डारी त्यस्ता ऐतिहासिक व्यक्तित्वमध्ये एक अग्रणी नाम हो। नेपाली कम्युनिस्ट आन्दोलनलाई लोकतान्त्रिक पद्धतिसँग जोड्दै राष्ट्रिय यथार्थमा आधारित समाजवादको मौलिक अवधारणा प्रस्तुत गर्ने श्रेय उहाँलाई जान्छ। उहाँले प्रतिपादन गर्नुभएको 'जनताको बहुदलीय जनवाद' (जबज) नेपाली राजनीतिक चिन्तनको एउटा विशिष्ट सिद्धान्तका रूपमा स्थापित भएको छ। यो सङ्क्षिप्त आलेखमा जबजको वैचारिक आधार र पृष्ठभूमि, वर्तमान राजनीतिक चुनौती, आर्थिक–सामाजिक रूपान्तरणलगायत जबजको सान्दर्भिकता पुष्टिका लागि लोकतन्त्र र समाजवादको सम्बन्ध, राष्ट्रियता, व्यावहारिक चुनौती तथा भविष्यको मार्गदर्शनका पक्षहरू समेटिएका छन् ।

## जनताको बहुदलीय जनवादः अवधारणा र ऐतिहासिक पृष्ठभूमि

जननेता स्वर्गीय मदन भण्डारीद्वारा प्रतिपादित जनताको बहुदलीय जनवाद नेपालको कम्युनिस्ट आन्दोलनमा विकसित एक महत्त्वपूर्ण राजनीतिक अवधारणा हो। यसलाई विशेषतः नेपाल कम्युनिस्ट

पार्टी एमालेले आफ्नो मार्गदर्शक सिद्धान्तका रूपमा अपनाएको छ। सारमा, जनताको बहुदलीय जनवादले समाजवादतर्फको यात्रामा बहुदलीय प्रतिस्पर्धा, संसदीय लोकतन्त्र, नागरिक स्वतन्त्रता र जनमतको सम्मान आवश्यक हुन्छ भन्ने मान्यता राख्छ। यस अवधारणाले परम्परागत एकदलीय कम्युनिस्ट शासनभन्दा फरक रूपमा लोकतान्त्रिक अभ्यासलाई स्वीकार गर्छ। २०४६ सालपछि नेपालको संसदीय राजनीतिमा यसको प्रभाव उल्लेखनीय रह्यो।

नेपालको कम्युनिस्ट आन्दोलन लामो समयसम्म वैचारिक विभाजन, सङ्गठनात्मक अस्थिरता र अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको प्रभावमा चलिरहेको थियो। तत्कालीन विश्व कम्युनिस्ट आन्दोलनमा एकदलीय शासन प्रणाली, हिंसात्मक क्रान्ति र वर्गसङ्घर्षलाई प्रमुख साधनका रूपमा लिइन्थ्यो। तर नेपालजस्तो बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र लोकतान्त्रिक चेतनाले प्रभावित समाजमा त्यस्तो यान्त्रिक अवधारणाले दीर्घकालीन समाधान दिन नसक्ने यथार्थलाई मदन भण्डारीले गहिरो रूपमा विश्लेषण गर्नुभयो।

वि.सं. २०४६ को जनआन्दोलनपछि पुनःस्थापित बहुदलीय व्यवस्थाको सन्दर्भमा उहाँले नेपाली समाजको विशिष्टता, जनताको लोकतान्त्रिक आकाङ्क्षा र विश्व परिवेशलाई ध्यानमा राख्दै 'जनताको बहुदलीय जनवाद' को सिद्धान्त प्रस्तुत गर्नुभयो। यो अवधारणाले मार्क्सवाद–लेनिनवादको आधारलाई नेपाली धरातलसँग संयोजन गर्दै लोकतान्त्रिक अभ्यासलाई समाजवादतर्फ अग्रसर हुने माध्यमका रूपमा व्याख्या गर्‍यो।

जबजका मुख्य विशेषताहरूमा शान्तिपूर्ण बहुदलीय प्रतिस्पर्धा प्रणालीमा आधारित राजनीतिक व्यवस्था, संविधानको सर्वोच्चता र जनताको सार्वभौमसत्ताको सम्मान, बहुमतको सरकार र अल्पमतको विपक्ष रहने अभ्याससहितको आवधिक निर्वाचनको सुनिश्चितता, संविधान र कानुनी शासनको पालना, शक्ति पृथकीकरणको सिद्धान्तमा आधारित बहुलवादी खुला समाज, मानव अधिकार र प्रेस स्वतन्त्रताको संरक्षण, विदेशी पुँजी र प्रविधिको उचित प्रयोगमा आधारित आत्मनिर्भर समाजवादउन्मुख आर्थिक नीति, राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको समन्वय, जनसहभागिता, सामाजिक समावेशिता र क्षतिपूर्तिको व्यवस्था, राष्ट्रिय स्वाधीनताको संरक्षण र कुनै सैद्धान्तिक आग्रहबिना पञ्चशीलको सिद्धान्त अनुरूपको वैदेशिक नीति, जनताको जनवादी व्यवस्थाको चरणबद्ध सुदृढीकरण एवं हिंसात्मक क्रान्तिभन्दा लोकतान्त्रिक र शान्तिपूर्ण माध्यमबाट समाजवादी परिवर्तन सम्भव छ भन्ने विश्वास, सेवा, पहलकदमी र प्रतिस्पर्धामा आधारित जनवादी सत्ताको प्रवर्द्धन र नेपाली विशेषताको जनवाद स्थापनाजस्ता रहेका छन्।

जबजले लोकतन्त्रलाई केवल बुर्जुवा प्रणालीका रूपमा नभई जनताको अधिकार विस्तार गर्ने माध्यमका रूपमा ग्रहण गरेको छ। यही बिन्दुमा यसको मौलिकता र विशिष्टता देखिन्छ। यसले नेपाली कम्युनिस्ट आन्दोलनलाई लोकतान्त्रिक मूलधारमा ल्याउन महत्त्वपूर्ण भूमिका खेलिरहेको छ र नेपालमा यसलाई बहुदलीय लोकतन्त्र र वाम राजनीतिबीच समन्वय गर्ने प्रयासका रूपमा हेरिएको छ। जबज नेपाली राजनीतिक सन्दर्भमा विकसित लोकतान्त्रिक समाजवादउन्मुख विचारधारा हो। यसले जनअधिकार, बहुदलीय प्रतिस्पर्धा र समाजवादी लक्ष्यलाई एकसाथ अघि बढाउने प्रयास गरिरहेको छ।

जबज केवल तत्कालीन राजनीतिक सङ्घर्षको रणनीति मात्र होइन, नेपालको दीर्घकालीन राजनीतिक, आर्थिक र सामाजिक रूपान्तरणका लागि मार्गदर्शक सिद्धान्तका रूपमा विकसित भएको विचार हो। समय परिवर्तनसँगै राजनीतिक प्रणाली, अर्थतन्त्र, प्रविधि, विश्व व्यवस्था र सामाजिक चेतनामा व्यापक परिवर्तन आएका छन्। तर परिवर्तनका यी सबै चरणमा पनि जबजको मूल मर्म अझ सान्दर्भिक हुँदै गएको देखिन्छ। यही कारण भविष्यको मार्गदर्शनका रूपमा पनि जबजलाई अत्यन्त उपयुक्त विचार र कार्यक्रमका रूपमा हेर्न सकिन्छ।

**वर्तमान राजनीतिक परिवेश: चुनौती र यथार्थ**

नेपालले अहिले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्यासमा १० वर्ष बिताइसकेको छ। संविधानले समावेशी लोकतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समानुपातिक

प्रतिनिधित्व र मौलिक अधिकार सुनिश्चित गरेको छ। तर संविधानको मर्मअनुसार राज्य सञ्चालन र विकासको प्रतिफल जनतासम्म समान रूपमा पुग्न सकिरहेको थिएन। जेनजी आन्दोलन, हालै सम्पन्न सङ्घीय निर्वाचन तथा राष्ट्रिय स्वतन्त्र पार्टीको करिब दुईतिहाइको सरकार गठनपछि नेपालको वर्तमान राजनीतिक परिवेश अनेक सन्देहका बाबजुद नयाँ आशा, राजनीतिक पुनर्संरचना र जनअपेक्षाको मिश्रित चरणमा प्रवेश गरेको देखिन्छ। युवापुस्ताको सक्रिय सहभागिता, सुशासन, पारदर्शिता र वैकल्पिक राजनीतिक संस्कृतिको मागले परम्परागत राजनीतिक दलहरूलाई चुनौती दिएको छ।

विगतमा सङ्घीयता कार्यान्वयन, भ्रष्टाचार नियन्त्रण, रोजगारी सिर्जना र आर्थिक सुधारमा अपेक्षित उपलब्धि नदेखिएकाले जनतामा निराशा बढेको थियो। यद्यपि, ठूलो जनमतसहितको नयाँ सरकार बने पनि सुशासन, रोजगारी सिर्जना, आर्थिक सुधार, भ्रष्टाचार नियन्त्रण तथा जनविश्वास कायम राख्ने विषय अझै पनि मुख्य चुनौतीकै रूपमा रहेका छन्। वर्तमान परिवेशले परिवर्तनको सम्भावना देखाए पनि त्यसलाई व्यवहारमा रूपान्तरण गर्न राजनीतिक इच्छाशक्ति, उत्तरदायित्व र संस्थागत स्थायित्व अत्यन्त आवश्यक देखिन्छ। समग्रमा नेपालको राजनीति अवसर र चुनौती दुवैको मिश्रण भएको अवस्थामा छ, जहाँ राजनीतिक स्थायित्व, पारदर्शिता र जनमुखी शासनको आवश्यकता अझ बढी महसुस गरिएको छ।

विगतमा नेकपा (एमाले) र नेपाली कांग्रेस लगायतका प्रमुख दलहरूबीच सत्ता समीकरण बारम्बार परिवर्तन भइरहेका कारण सरकारको स्थायित्वप्रति प्रश्न उठ्ने गरेको थियो। साथै युवापुस्तामा परम्परागत दलप्रति असन्तुष्टि बढ्दै जाँदा नयाँ राजनीतिक शक्तिहरूको उदय भयो र अहिले साङ्ख्यिक हिसाबले कमजोर प्रतिपक्ष करिब दुई तिहाइ बहुमतको सरकारसहित हामी नयाँ राजनीतिक अभ्यासमा छौँ। तर, कुनै पनि दलले दुईतिहाइ बहुमत प्राप्त गरी संसदीय परम्परा, लोकतान्त्रिक मूल्य–मान्यता तथा प्रतिपक्षको भूमिकालाई कमजोर बनाउने प्रवृत्ति देखाएमा त्यसले नेपालको संसदीय लोकतन्त्रमा गम्भीर चुनौती सिर्जना गर्न सक्छ। जसको सङ्केत संसदीय अभ्यासमा देखिन थालिसकेको छ।

जबजले आफ्नो कार्यक्रममा विशेष उल्लेख गरेको बहुमतको सरकार र अल्पमतको विपक्षको भावना विपरीत अहिल्यै सरकार सञ्चालन र सार्वभौम संसदमा गरिएका अभ्यासहरूले बहुदलीय पद्धतिको मूल तत्त्व सङ्गठित प्रतिस्पर्धा र असहमत पक्षले सरकारको विपक्षमा अभिव्यक्ति दिन पाउने लोकतान्त्रिक प्रणालीको मर्म र भावना विपरीत बहुमतका नाममा सत्तारुढ पक्षले बहुमतलाई सहमति, संवाद र जवाफदेहिताभन्दा माथि राख्दै निर्णय प्रक्रिया अघि बढाउँछ भने संसदीय लोकतन्त्रको मर्म कमजोर हुन सक्छ। बहुमत लोकतन्त्रको आधार भए पनि लोकतन्त्र केवल सङ्ख्याको खेल होइन; यसमा विधिको शासन, शक्तिको सन्तुलन, प्रतिपक्षको सम्मान र संस्थागत उत्तरदायित्व पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ।

कुनै पनि देशको संसदीय राजनीतिको भविष्य विशेषतः सत्तारुढ दल र अन्य राजनीतिक दलहरूले लोकतान्त्रिक संस्कार, संवैधानिक मूल्य र सहमतिमा आधारित राजनीतिक अभ्यासलाई कति आत्मसात् गर्छन् भन्ने कुरामा निर्भर रहन्छ। नेपाल पनि त्यसभन्दा पृथक् छैन। यदि बहुमतको दम्भभन्दा सहकार्य र उत्तरदायित्वको संस्कृतिलाई प्राथमिकता दिइयो भने संसदीय व्यवस्था थप सुदृढ हुनेछ; अन्यथा राजनीतिक ध्रुवीकरण, संस्थामाथिको अविश्वास र लोकतान्त्रिक असन्तुष्टि बढ्ने जोखिम रहन्छ। निष्कर्षतः नेपालको संसदीय लोकतन्त्रको दीर्घकालीन सफलता कुनै एक दलको बहुमतमा होइन, लोकतान्त्रिक मूल्य–मान्यता, संस्थागत सुदृढता र जनउत्तरदायी शासनमा निर्भर रहने छ।

यसैगरी नेपालको परिप्रेक्ष्यमा स्वीकार गर्नुपर्ने र विद्यमान चुनौतीहरू भनेको हाम्रो भूराजनीतिक विशेषता र त्यसका प्रभावका कारण पुनः आकार लिन खोज्ने सम्भावित राजनीतिक अन्योल र अस्थिरता पनि हो। यो वा त्यो गठबन्धनका आधारमा सरकार असफल पार्ने वा परिवर्तन गर्ने खेल, हाम्रा राजनीतिक दलहरूमा कायम रहेको गुटबन्दी र अवसरवादी राजनीतिले लोकतान्त्रिक

प्रणालीप्रतिको जनविश्वास हिजो पनि कमजोर बनाएको थियो र भोलि पनि नबनाउला भन्न सकिने अवस्था छैन।

नीति निरन्तरताको अभावले हाम्रा दीर्घकालीन विकास योजनाहरू प्रभावकारी बन्न सकेका छैनन्। राज्य संयन्त्रमा भ्रष्टाचार, अनियमितता, नीतिगत स्वार्थ र शक्ति दुरुपयोगले लोकतन्त्रको गुणस्तरमा प्रश्न उठेको छ। भ्रष्टाचार र सुशासनको सङ्कटका कारण पनि जनतामा निराशा र राजनीतिक वितृष्णा बढ्दो क्रममा छ।

नेपालको अर्थतन्त्र अत्यधिक रूपमा वैदेशिक रोजगारी, रेमिट्यान्स र आयातमा निर्भर छ। उत्पादनमूलक उद्योग, कृषि आधुनिकीकरण र निर्यात प्रवर्द्धन अपेक्षित रूपमा अघि बढ्न सकेको छैन। देशभित्र पर्याप्त रोजगारी सिर्जना नहुँदा लाखौँ युवा विदेशिन बाध्य छन्। युवा पलायन र बेरोजगारीको अवस्था डरलाग्दो छ। दक्ष जनशक्तिको पलायनले राष्ट्रिय उत्पादन, नवप्रवर्तन र सामाजिक संरचनामा नकारात्मक प्रभाव परेको छ।

जबजले आत्मसात् गरेको मानवाधिकारको रक्षा र संविधानको सर्वोच्चताको भावना विपरीत विद्यमान सामाजिक असमानता अहिले पनि हाम्रो चुनौतीका रूपमा रहेको छ। यसले सामाजिक रूपान्तरणको क्षेत्रमा थप अवरोध उत्पन्न गरिरहेको छ। संविधानले समावेशिता सुनिश्चित गरे पनि वर्गीय, क्षेत्रीय, लैङ्गिक र जातीय असमानता विद्यमान छ। शिक्षा, स्वास्थ्य, रोजगारी र अवसरमा समान पहुँच स्थापित हुन सकेको छैन। प्रस्टै छ, यस्ता चुनौतीहरूको समाधानका लागि वैचारिक स्पष्टता, जनमुखी राजनीति, सुशासन, उत्पादनमूलक अर्थनीति र सामाजिक न्याय आवश्यक छ। यही सन्दर्भमा जबजको सान्दर्भिकता अझ महत्त्वपूर्ण बन्दै गएको छ।

**आर्थिक रूपान्तरणका लागि जबजको सान्दर्भिकता**

नेपालको आर्थिक विकासको प्रमुख चुनौती भनेको उत्पादनमूलक अर्थतन्त्र निर्माण गर्नु हो। जबजले आर्थिक रूपान्तरणलाई केवल पुँजी सञ्चय वा बजार विस्तारसँग मात्र जोड्दैन, बरू जनताको जीवनस्तर सुधार, समान अवसर, श्रमको सम्मान र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रसँग जोडेर हेर्छ। जबजले आत्मनिर्भर अर्थतन्त्रका लागि राष्ट्रिय स्रोत–साधनको उपयोग राष्ट्रिय हितमा हुनुपर्छ भन्ने मान्यता राख्छ। जलस्रोत, कृषि, पर्यटन, खानी, जडीबुटी र प्राकृतिक सम्पदालाई विदेशी निर्भरताको साधन नभई राष्ट्रिय समृद्धिको आधार बनाइनुपर्छ भन्ने यसको दृष्टिकोण हो। आज नेपालको अर्थतन्त्र आयातमुखी र उपभोगमुखी बन्दै गएको छ। दैनिक उपभोगका बस्तुदेखि कृषि उत्पादनसम्म आयातमा निर्भरता बढेको छ। यस्तो अवस्थामा जबजले जोड दिएको आत्मनिर्भर उत्पादन प्रणाली अझ सान्दर्भिक देखिन्छ।

नेपालको ठूलो जनसङ्ख्या कृषि क्षेत्रमा निर्भर भए पनि कृषि व्यवसाय आधुनिक र प्रतिस्पर्धी बन्न सकेको छैन। जमिनको खण्डीकरण, सिँचाइ अभाव, प्रविधिको कमी, बजार अस्थिरता र युवाको कृषि मोहभङ्गले कृषि क्षेत्र सङ्कटमा छ। जबजले किसानलाई कृषि आधुनिकीकरण कार्यक्रममार्फत राष्ट्रिय अर्थतन्त्रको आधार मानेर कृषि उत्पादन वृद्धि, सहकारी विकास, वैज्ञानिक खेती, कृषि उद्योग र ग्रामीण अर्थतन्त्र सुदृढीकरणमा जोड दिन्छ। यदि यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकियो भने खाद्य सुरक्षा, रोजगारी र ग्रामीण समृद्धिमा ठूलो योगदान पुग्न सक्छ।

जबजले उद्योग र रोजगारीको प्रवर्द्धनका लागि राष्ट्रिय उद्योगको संरक्षण, श्रमिक अधिकार, घरेलु उत्पादन प्रवर्द्धन र रोजगारमूलक विकासलाई प्राथमिकता दिन्छ। नेपालमा उद्योग क्षेत्र कमजोर हुँदा बेरोजगारी र व्यापार घाटा बढिरहेको छ। युवालाई स्वदेशमै रोजगारी सिर्जना गर्न साना तथा मझौला उद्योग प्रवर्द्धन, ऊर्जा विकास, सूचना प्रविधि उद्योग, कृषि प्रशोधन उद्योग, पर्यटन उद्योग, उद्यमशीलता विकास जस्ता क्षेत्रमा राज्यले योजनाबद्ध लगानी गर्नुपर्ने आवश्यकता जबजको दृष्टिकोणसँग मेल खान्छ।

समृद्धिका निम्ति आर्थिक वृद्धि मात्र पर्याप्त हुँदैन; त्यसको प्रतिफल समाजका सबै वर्गमा समान रूपमा पुग्नुपर्छ। जबजले सामाजिक न्यायसहितको आर्थिक विकासलाई जोड दिन्छ। यसले शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र आधारभूत सेवामा राज्यको दायित्वलाई स्वीकार गर्दछ। आज पनि ग्रामीण क्षेत्र, दलित समुदाय, महिला, सीमान्तकृत वर्ग र पिछडिएका क्षेत्र विकासको मूलधारबाट

पूर्ण रूपमा लाभान्वित हुन सकेका छैनन् । त्यसैले समावेशी आर्थिक नीतिको आवश्यकता अझ प्रखर छ। आर्थिक आत्मनिर्भरता र उत्पादनमुखी विकासको आधार नै जबजको मुख्य ध्येय हो ।

**सामाजिक रूपान्तरणमा जबजको भूमिका**

सामाजिक रूपान्तरण भनेको केवल आर्थिक सुधार मात्र होइन, सामाजिक चेतना, समानता, न्याय, समावेशिता र मानवीय गरिमाको विकास पनि हो । जबजले लोकतान्त्रिक समाज निर्माणलाई सामाजिक परिवर्तनको आधार मान्दछ ।

नेपाल लामो समय निरङ्कुश शासन, राजनीतिक अस्थिरता र सङ्घर्षबाट गुज्रिएको देश हो। जबजले लोकतान्त्रिक संस्कृतिको विकासका लागि लोकतान्त्रिक संस्कार, सहिष्णुता, बहुलवाद र शान्तिपूर्ण प्रतिस्पर्धालाई राजनीतिक जीवनको आधार बनाउने प्रयास गरेको छ। लोकतन्त्रलाई केवल चुनावी प्रक्रियामा सीमित नराखी जनसहभागिता, आलोचनात्मक चेतना र उत्तरदायी शासनको संस्कृतिमा रूपान्तरण गर्नु आजको आवश्यकता हो ।

नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देश हो । ऐतिहासिक रूपमा केही समुदाय राज्यसत्ताबाट वञ्चित हुँदै आएका थिए। जबजले समावेशी समाज निर्माणका आधारमा सबै समुदायको समान सहभागिता र सम्मानलाई जोड दिन्छ । महिला, दलित, जनजाति, मधेसी, पिछडिएको क्षेत्र र श्रमिक वर्गलाई राज्य संरचना तथा विकास प्रक्रियामा समान अवसर दिनु सामाजिक न्यायको आधार हो ।

सामाजिक रूपान्तरणको मूल आधार शिक्षा हो। जबजले वैज्ञानिक, प्राविधिक र जनमुखी शिक्षालाई महत्त्व दिन्छ। नेपालको शिक्षा प्रणाली अझै बेरोजगार उत्पादन गर्ने र बजारमुखी मात्र बन्दै गएको भनी आलोचना भइरहेका बेला जबजले शिक्षा र चेतनाको विकासका माध्यमबाट जीवनोपयोगी, उत्पादनमुखी र नैतिक शिक्षा प्रणालीको विकास गर्नुपर्ने आवश्यकतामाथि प्रकाश पारेको सन्दर्भ यहाँनिर स्मरणीय छ ।

जनताको जीवनस्तर सुधारबिना समाजवादउन्मुख समाज निर्माण सम्भव हुँदैन। त्यसैले स्वास्थ्य सेवा, सामाजिक सुरक्षा, श्रमिक संरक्षण, वृद्धभत्ता, बिमा र आधारभूत सेवामा राज्यको पहुँच विस्तार आवश्यक छ। २०७२ सालको महाभूकम्प र त्यसपछि कोभिड–१९ महामारीले प्रतिकार्य, सेवा र सार्वजनिक स्वास्थ्य प्रणालीको कमजोरी उजागर गरेको थियो। बर्सेनि ब्यहोर्नुपर्ने बाढी पहिरो, भूकम्प र स्वास्थ्य महामारी जस्ता अवस्थाहरूमा जनमुखी राज्यको अवधारणा अझ महत्त्वपूर्ण बन्नुपर्नेमा जबजले जोड दिएको छ। यसबाट सामाजिक न्याय र समावेशी विकासको आधार तयार हुने कुरा जबजले व्याख्या गरेको छ ।

भविष्यको कुनै पनि राजनीतिक विचार त्यतिबेला मात्र सफल हुन्छ, जब त्यसले समाजका सबै वर्गलाई न्याय र अवसरको अनुभूति गराउन सक्छ। जबजले समाजका उत्पीडित, श्रमिक, किसान, महिला, दलित, जनजाति, मधेसी र सीमान्तकृत समुदायको अधिकार र सहभागितालाई विशेष महत्त्व दिन्छ। नेपालमा आर्थिक विकासका केही सूचकहरू सुधार भए पनि सामाजिक असमानता अझै विद्यमान छ। शिक्षा, स्वास्थ्य, रोजगारी र अवसरमा समान पहुँच स्थापित गर्न नसकिएसम्म वास्तविक समृद्धि सम्भव हुँदैन । जबजको समावेशी विकासको अवधारणाले भविष्यमा सामाजिक द्वन्द्व कम गर्दै राष्ट्रिय एकता बलियो बनाउन मद्दत गर्न सक्छ ।

**लोकतन्त्र र समाजवादको समन्वयमा जबज**

विश्व कम्युनिस्ट आन्दोलनमा लामो समयसम्म लोकतन्त्र र समाजवादलाई परस्पर विरोधी अवधारणाका रूपमा प्रस्तुत गरियो। तर जनताको बहुदलीय जनवादले लोकतन्त्रलाई समाजवादको शत्रु होइन, बरू त्यसतर्फ जाने राजनीतिक आधारका रूपमा स्वीकार गऱ्यो। आज विश्वका धेरै देशमा लोकतन्त्रबिना समाजवाद र सामाजिक न्याय दिगो हुन नसक्ने निष्कर्ष स्थापित हुँदै गएको छ। सोभियत सङ्घको विघटन, अधिनायकवादी कम्युनिस्ट शासनहरूको सङ्कट र खुला समाजको विकासले पनि यही पाठ सिकाएको छ। नेपालको सन्दर्भमा जबजले

लोकतन्त्रलाई संस्थागत गर्दै समाजवादउन्मुख परिवर्तनको बाटो देखाएको छ । यही कारण यसलाई नेपाली कम्युनिस्ट आन्दोलनको मौलिक विचार र नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्त मानिन्छ ।

जबजको सबैभन्दा ठूलो विशेषता भनेको लोकतन्त्र र समाजवादबीचको सन्तुलित समन्वय हो । विश्व इतिहासले देखाएको छ कि लोकतन्त्रविहीन समाजवाद अन्ततः अधिनायकवादमा रूपान्तरण हुन सक्छ भने अनियन्त्रित पुँजीवादी लोकतन्त्रले चरम आर्थिक असमानता र सामाजिक अन्याय निम्त्याउन सक्छ । जबजले बहुदलीय प्रतिस्पर्धा, जनमतको सम्मान, मानव अधिकार, अभिव्यक्ति स्वतन्त्रता र संवैधानिक शासनलाई स्वीकार गर्दै समाजवादउन्मुख आर्थिक–सामाजिक परिवर्तनको बाटो देखाउँछ ।

नेपालको जस्तो बहुलवादी समाजमा यही दृष्टिकोण दीर्घकालीन रूपमा उपयुक्त र व्यावहारिक देखिन्छ । आजको विश्वमा लोकतान्त्रिक मूल्यको सम्मान गर्दै सामाजिक न्याय र कल्याणकारी राज्य निर्माण गर्नुपर्ने आवश्यकता झन् बढिरहेको छ । यस अर्थमा जबज लोकतन्त्र र समाजवादको व्यावहारिक समन्वय गर्ने भविष्य उन्मुख लोकतान्त्रिक समाजवादको नेपाली मोडेल हो ।

## राष्ट्रियता, स्वाधीनताको पक्षपोषक जबज

नेपाल भूराजनीतिक दृष्टिले संवेदनशील देश हो । दुई विशाल छिमेकी मुलुकबीच अवस्थित नेपालले आफ्नो राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र आत्मनिर्णयको अधिकारलाई सुदृढ बनाइराख्न सन्तुलित कूटनीति र राष्ट्रिय एकता आवश्यक छ। जबजले राष्ट्रियताको प्रश्नलाई अत्यन्त महत्त्व दिएको छ। राष्ट्रिय हित, स्वाधीनता र आत्मसम्मानलाई कमजोर बनाउने कुनै पनि प्रकारको हस्तक्षेपप्रति सचेत रहनुपर्नेमा यसले जोड दिन्छ । आजको विश्वव्यापीकरणको युगमा विदेशी सहायता, वैदेशिक लगानी र अन्तर्राष्ट्रिय सम्बन्ध आवश्यक भए पनि राष्ट्रिय हितलाई केन्द्रमा राख्नुपर्ने आवश्यकता अझ बढी देखिन्छ ।

विश्वव्यापीकरणको वर्तमान युगमा साना राष्ट्रहरू आर्थिक, सांस्कृतिक र राजनीतिक दबाबमा पर्ने खतरा बढेको छ । हाम्रो जस्तो भूराजनीतिक रूपमा संवेदनशील देशका लागि राष्ट्रिय स्वाधीनता र आत्मसम्मानको रक्षा अत्यन्त महत्त्वपूर्ण विषय हो। जबजले राष्ट्रियताको प्रश्नलाई लोकतन्त्र र जनजीविकासँग जोडेर हेर्छ । राष्ट्रिय हित, प्राकृतिक स्रोतको संरक्षण, सन्तुलित कूटनीति र स्वाधीन निर्णय क्षमता भविष्यका लागि अनिवार्य विषय हुन्। नेपालले वैदेशिक सम्बन्धलाई सन्तुलित बनाउँदै राष्ट्रिय हितलाई केन्द्रमा राख्नुपर्ने आवश्यकता आगामी दिनमा अझ बढ्नेछ । जबजले राष्ट्रियता र स्वाधीनताको सुदृढ आधार तयार पार्नुपर्ने चेतना प्रदान गर्दछ ।

## जबजको मर्म र अबको बाटो

मदन भण्डारीद्वारा प्रतिपादित नेपाली क्रान्तिको मार्गदर्शक सिद्धान्तका रूपमा रहेको जबजको मूल मर्म लोकतन्त्र, राष्ट्रियता, सामाजिक न्याय, जनसहभागिता र समाजवादउन्मुख विकाससहित नेपाली जनताको जीवनमा सारभूत परिवर्तन हो। जबज कुनै एक दलको मात्र राजनीतिक दस्ताबेज नभई लोकतन्त्र, सामाजिक न्याय, राष्ट्रियता र समृद्ध नेपालको साझा आकाङ्क्षासँग जोडिएको विचार हो। यसको मर्मलाई व्यवहारमा उतार्न राजनीतिक दलहरूले जनकेन्द्रित, पारदर्शी, समावेशी र विकासमुखी राजनीति अवलम्बन गर्न आवश्यक छ । त्यसो गर्न सकेमा जबजको मूल उद्देश्य– 'समृद्ध राष्ट्र, सुखी जनता र न्यायपूर्ण समाज' साकार पार्ने आधार बलियो बन्न सक्छ । यसका मर्म र विशेषताहरूलाई व्यवहारमा रूपान्तरण गर्न नेपालका राजनीतिक दलहरूले निम्न भूमिकाहरू निर्वाह गर्न सक्छन्:

क. लोकतान्त्रिक संस्कृतिको सुदृढीकरणः आ–आफ्ना दलभित्र आन्तरिक लोकतन्त्रको अभ्यास गर्ने, विचार, बहस र स्वस्थ प्रतिस्पर्धाको संस्कृति विकास गर्ने र निर्वाचन र जनमतको सम्मान गर्दै लोकतान्त्रिक मूल्य–मान्यताको संरक्षण गर्ने ।

ख. जनमुखी र उत्तरदायी शासनः सत्ता प्राप्तिभन्दा जनसेवालाई प्राथमिकता दिने, पारदर्शिता, जवाफदेहिता र सुशासनलाई संस्थागत गर्ने, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अपनाउने ।

ग. उत्पादनमुखी अर्थतन्त्रको निर्माणः कृषि, उद्योग, पर्यटन र ऊर्जा क्षेत्रमा दीर्घकालीन नीति अवलम्बन गर्ने, स्वदेशमै रोजगारी सिर्जना गरी युवा पलायन रोक्ने, आत्मनिर्भर र राष्ट्रिय हित अनुकूल आर्थिक विकासलाई प्राथमिकता दिने।

घ. सामाजिक न्याय र समावेशी विकासः महिला, दलित, जनजाति, मधेसी, पिछडिएका वर्ग र क्षेत्रको समान सहभागिता सुनिश्चित गर्ने, विकासका अवसर र राज्यका सेवामा सबैको पहुँच विस्तार गर्ने, सामाजिक विभेद र असमानता न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्ने।

ङ. राष्ट्रियता र स्वाधीनताको संरक्षणः राष्ट्रिय हितलाई केन्द्रमा राखेर कूटनीतिक सम्बन्ध विस्तार गर्ने, प्राकृतिक स्रोत–साधनको संरक्षण र सदुपयोगमा जोड दिने, राष्ट्रिय एकता, सामाजिक सद्भाव र सहअस्तित्वलाई सुदृढ बनाउने।

च. युवा र नयाँ पुस्तालाई अवसरः शिक्षा, सीप, नवप्रवर्तन र उद्यमशीलतामा लगानी बढाउने, युवालाई नीति निर्माण र नेतृत्व तहमा सहभागी गराउने, डिजिटल अर्थतन्त्र र प्रविधिमैत्री विकासलाई प्रोत्साहन गर्ने।

छ. संविधानको समाजवादउन्मुख लक्ष्य कार्यान्वयनः संविधानमा उल्लेखित सामाजिक न्याय, समानता र समृद्धिको लक्ष्यलाई व्यवहारमा उतार्ने, सार्वजनिक, निजी र सहकारी क्षेत्रबीच सन्तुलित विकासको मोडेल अपनाउने।

ज. वैचारिक राजनीति र नैतिकवान् नेतृत्वः अवसरवाद र व्यक्तिकेन्द्रित राजनीतिभन्दा सिद्धान्त, नीति र कार्यक्रमलाई प्राथमिकता दिने, राजनीतिक नेतृत्वमा नैतिकता, इमान्दारी र जनउत्तरदायित्वको संस्कार विकास गर्ने आदि।

## निष्कर्ष

जबज केवल तत्कालीन राजनीतिक सङ्घर्षको रणनीति मात्र होइन, नेपालको दीर्घकालीन राजनीतिक, आर्थिक र सामाजिक रूपान्तरणका लागि मार्गदर्शक सिद्धान्तका रूपमा विकसित भएको विचार हो। समय परिवर्तनसँगै राजनीतिक प्रणाली, अर्थतन्त्र, प्रविधि, विश्व व्यवस्था र सामाजिक चेतनामा व्यापक परिवर्तन आएका छन्। तर परिवर्तनका यी सबै चरणमा पनि जबजको मूल मर्म अझ सान्दर्भिक हुँदै गएको देखिन्छ। यही कारण भविष्यको मार्गदर्शनका रूपमा पनि जबजलाई अत्यन्त उपयुक्त विचार र कार्यक्रमका रूपमा हेर्न सकिन्छ। यो विगतको राजनीतिक आन्दोलनको दस्तावेज मात्र होइन, भविष्यको नेपाल निर्माणका लागि एक दूरदर्शी मार्गदर्शन पनि हो। यसले लोकतन्त्र, राष्ट्रियता, सामाजिक न्याय, समावेशिता, आत्मनिर्भर अर्थतन्त्र र समाजवादउन्मुख विकासलाई सन्तुलित रूपमा समेटेको छ।

जबज विदेशी सिद्धान्तको यान्त्रिक नक्कल होइन; यो नेपालको सामाजिक संरचना, राजनीतिक चेतना, सांस्कृतिक विविधता र ऐतिहासिक अनुभवबाट विकसित विचार हो। यो नेपालको राष्ट्रिय यथार्थमा आधारित मौलिक विचार हो। नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा भूराजनीतिक रूपमा संवेदनशील देश भएकाले यहाँको राजनीतिक प्रणाली पनि राष्ट्रिय यथार्थ अनुसार हुनुपर्छ भन्ने दृष्टिकोण जबजले प्रस्तुत गर्दछ। भविष्यमा पनि नेपालले आफ्नै राष्ट्रिय स्वार्थ, स्वाधीनता र सामाजिक संरचना अनुसार विकासको बाटो तय गर्नुपर्नेछ। यस सन्दर्भमा जबजको राष्ट्रिय मौलिकता अझ महत्त्वपूर्ण हुन्छ।

यसैले, नेपालको वर्तमान चुनौती– राजनीतिक अस्थिरता, आर्थिक निर्भरता, बेरोजगारी, सामाजिक असमानता र जनविश्वासको सङ्कटको समाधान खोज्ने क्रममा जबजका मूल मूल्यहरू अझ सान्दर्भिक देखिएका छन्। भविष्यको समृद्ध, लोकतान्त्रिक, आत्मनिर्भर र न्यायपूर्ण नेपाल निर्माणका लागि जबजलाई केवल वैचारिक नाराका रूपमा होइन, व्यावहारिक नीति, सुशासन, उत्पादनमुखी अर्थतन्त्र र जनउत्तरदायी राजनीतिक संस्कृतिमा रूपान्तरण गर्न सकियो भने यसले राष्ट्रिय रूपान्तरणको बलियो आधार प्रदान गर्न सक्छ।

---

*नीति विश्लेषण र कार्यक्रम विकासको क्षेत्रमा क्रियाशील रामशरण प्याकुरेल मदन भण्डारी फाउन्डेसनको केन्द्रीय सचिवालय सदस्यसमेत हुनुहुन्छ।*




**समीक्षा**

# विद्रोहको वर्ग चरित्र:
## झापा, छिन्ताङ र पिस्करको विवेचना



– सरेश नेपाल

बीसको दशकको झापा विद्रोह, तीसको दशकको छिन्ताङ विद्रोह र चालीसको दशकको पिस्कर विद्रोह तीन भिन्न समय र फरक प्रकृतिका विद्रोह भए पनि मूलतः सामन्ती वर्ग संरचनाविरुद्ध गरिएको वर्ग सङ्घर्ष थियो । यी विद्रोहको स्वरुपका सन्दर्भमा फरक विश्लेषण रहे पनि आधारभूत रूपमा यी आन्दोलनले हेपिएका, शोषित पीडित वर्ग आफ्नो मुक्तिका निम्ति गोली, जेलनेल र यातनाको कुनै पर्वाह नगरी कसरी साहसपूर्वक सङ्घर्ष गर्न सक्छन् भन्ने उदाहरण प्रस्तुत गरेको थियो ।

विद्रोहलाई सामान्यतया प्रतिरोधको एक स्वरूपका रूपमा बुझिन्छ। जहाँ अन्याय, विभेद, शोषण वा दमन हुन्छ, त्यहाँ त्यसका विरुद्ध प्रतिरोध जन्मिन्छ र यही प्रतिरोधको विकसित रूप विद्रोह बन्न सक्छ। कतिपय अवस्थामा विद्रोहलाई क्रान्तिको पर्यायवाची शब्दका रूपमा पनि प्रयोग गरिन्छ। तर, सबै विद्रोह क्रान्तिमा परिणत हुँदैनन् र सबै क्रान्तिकारी देखिने गतिविधि वास्तवमै जनपक्षीय हुन्छन् भन्ने पनि छैन।

नेपालको वर्तमान राजनीतिक परिस्थितिमा सामाजिक सञ्जाल, सडक आन्दोलन तथा विभिन्न समूहका गतिविधिलाई कतिपयले जनविद्रोहको सङ्केतका रूपमा व्याख्या गर्ने गरेका छन्। तर, कुनै पनि आन्दोलन वा विद्रोहको मूल्याङ्कन गर्दा त्यसको वर्गीय चरित्र, उद्देश्य, नेतृत्व र परिणाम कसको पक्षमा जान्छ भन्ने प्रश्न महत्त्वपूर्ण हुन्छ। इतिहासले देखाएको छ कि जनताको हितका लागि भएका विद्रोहहरू अन्यायपूर्ण संरचना र शोषणकारी सम्बन्धहरूविरुद्ध केन्द्रित हुन्छन्। यस्ता आन्दोलनले समाजमा रहेको असमानता, उत्पीडन र विभेदको अन्त्य गर्ने लक्ष्य राख्छन्। तर केवल आक्रोश, उत्तेजना वा असन्तुष्टिको अभिव्यक्ति मात्र जनविद्रोह हुँदैन। कुनै आन्दोलनले समाजलाई कुन दिशातर्फ लैजान खोजेको छ ? र, त्यसबाट कसलाई लाभ पुग्नेछ भन्ने कुरा निर्णायक हुन्छ।

जनताको पक्षमा हुने विद्रोहले लोकतान्त्रिक अधिकार, सामाजिक न्याय, सुशासन, आर्थिक समानता र राष्ट्रिय स्वाभिमानको पक्षमा उभिनुपर्छ। यदि कुनै

आन्दोलनले केवल संस्थाहरूप्रति घृणा फैलाउने, हिंसा भड्काउने वा समाजलाई थप विभाजित गर्ने काम मात्र गर्छ भने त्यसलाई जनपक्षीय विद्रोह भन्न सकिंदैन। जनताको मुक्तिसँग जोडिएको, सामाजिक न्यायको पक्षमा उभिएको र बहुसङ्ख्यक श्रमजीवी वर्गको हितलाई केन्द्रमा राखेको आन्दोलन मात्र वास्तविक अर्थमा जनपक्षीय विद्रोह हुन सक्छ। विद्रोहको मूल्याङ्कन त्यसको स्वरूपभन्दा पनि त्यसको वर्गीय चरित्र, उद्देश्य र परिणामका आधारमा गरिनुपर्छ। अहिले विश्वका कतिपय मुलुकमा अराजकतावादी प्रवृत्तिका समूहहरूले 'पपुलिस्ट' नाराको आडमा जनताको ध्यान गलत दिशातर्फ मोड्ने प्रयास गरिरहेका छन्। २०८३ भदौ २३ र २४ गते भएको घटनालाई पनि यसै सन्दर्भमा स्मरण गर्न सकिन्छ।

विश्वका विभिन्न ठाउँ र नेपालमा पनि विगतमा भएका आन्दोलन, विद्रोह वा क्रान्तिलाई सही रूपमा बुझ्न त्यसको वर्ग चरित्र, स्वरूप र प्रभावका आधारमा ठोस विश्लेषण गर्न आवश्यक हुन्छ। नेपालमा आधारभूत तहका जनताको सहभागिता, पहलकदमी र नेतृत्वमा यस्ता वर्गीय आन्दोलनहरू भएका छन्, जसले देशको राजनीतिक विकासक्रममा दूरगामी प्रभाव पारेका छन्। विद्रोह के हो ? र यसले समाजको गतिशीलतालाई कसरी प्रभावित गर्छ भन्ने विषयलाई स्पष्ट पार्न यहाँ झापा विद्रोह, छिन्ताङ विद्रोह र पिस्कर आन्दोलनको सङ्क्षिप्त विवेचना गर्ने प्रयास गरिएको छ।

## झापा विद्रोह

वि.सं. २०२० को दशकको उत्तरार्द्धमा पूर्वी नेपालको झापा जिल्लाको मोही किसानबाट सुरु भएको विद्रोहमा जमिन्दार र उनीहरूतर्फ गरी ९ जना मारिएका थिए। विद्रोहीतर्फ ७ जनाको गोली हानी हत्या गरिएको थियो भने करिब ५ सयको सङ्ख्यामा गिरफ्तार गरिएको थियो। तीमध्ये १५ जनालाई जन्मकैद, १० जनालाई ५ वर्षभन्दा बढीको जेल सजाय गरियो। विद्रोहमा महिला, आदिवासी जनजातिहरू पनि उल्लेख्य सहभागी थिए। भूमि अधिकारबाट वञ्चित किसानहरूको सङ्घर्ष अघि बढ्दै जाँदा सीमावर्ती क्षेत्र भारतको नक्सलवादी क्षेत्रको आदिवासी जनताको विद्रोह र चिनियाँ सांस्कृतिक क्रान्तिबाट पनि प्रभावित भएको थियो भन्ने कतिपय अध्येताहरूको भनाइ छ।

## सङ्घर्षको पृष्ठभूमि

राणा शाहीहरूको हुकुमी शासन केन्द्र स्तरमा कमजोर हुँदै गए पनि स्थानीय स्तरमा भूमिको आधिपत्य कायम गर्नेहरूले जोताहा किसानहरूमाथि निर्मम शोषण र दमन गर्न छोडेका थिएनन्। वि.सं. २००७ को परिवर्तनले जोताहा किसानमा झिनो रूपमा भए पनि एक किसिमको अधिकारमुखी चेतनाको विजारोपण गरिदियो। यसै क्रममा झापाका ठूला जमिन्दारले कब्जा गरेको विशाल उर्वर भूमिको स्वामित्वलाई लिएर स्थानीय जोताहा किसानहरू सङ्घर्षमा उत्रिए। जमिन्दारले आफ्ना गुण्डाहरू प्रयोग गरी उक्त जमिन आफ्नो बनाएका थिए। किसानहरूमध्ये अगुवा नेत्र निरौलाको नेतृत्वमा भएको सशस्त्र विद्रोहको प्रभाव विभिन्न ठाउँमा पर्दै गयो। भूमिहीन र मोही किसानहरूलाई सङ्गठित गर्दै अघि बढ्ने क्रममा शनिश्चरेमा पनि ठूलो विद्रोह भयो। तिनताका भ्रमण सिंह राजवंशी, केबी कार्कीजस्ता किसान नेताहरू नेत्र निरौलाका साथमा थिए। २००७ सालमा राणा शासन विरुद्ध क्रान्ति गर्न जम्मा गरेका हतियारहरू जोगाएर जमिन्दार वर्गको शोषण उत्पीडनविरुद्ध किसान आन्दोलनलाई उठाउन उपयोग गरिएको थियो।

तिनताका झापामा धेरै अन्न उत्पादन भए पनि त्यो भारततर्फ बेचिन्थ्यो। त्यही काम गर्ने गरिब किसानहरूले किनेर वा ऋणमा पाउन सक्दैनथे। यसबाट किसानहरूमा ठूलो आक्रोश बढ्दै गयो। आफ्नो क्षेत्रको खाद्यान्न बाहिर नजाओस् भन्ने उद्देश्यले किसानहरू सङ्गठित भई सङ्घर्ष गर्न थाले। भारततर्फ लैजाने नाकामा किसानहरूले गस्ती गरे र खाद्यान्न कब्जा गरे। यसरी कब्जा गरेको खाद्यान्न किसानहरूलाई नै वितरण गरियो। यो आन्दोलनमा गणेश प्रसाईं लगायतका अगुवा किसानहरू पक्राउ परे। वि.सं. २००९÷१० मा खाद्यान्नहरू सीमाबाट विदेश जान

नदिएर धुलाबारीमा ल्याइएको थियो। उक्त आन्दोलनमा दसौं हजार किसान सहभागी भएको कुरा झापाको किसान आन्दोलनबारे अध्ययन गर्नुहुने नरेश खरेल बताउनुहुन्छ। उक्त आन्दोलन प्रहरीले दबाउन नसकी सैनिकको समेत प्रयोग गरिएको थियो। आन्दोलनकारीका तर्फबाट १२÷१३ जना पक्राउ परेका थिए। यही समयतिर कम्युनिस्ट पार्टीमाथि प्रतिकन्ध लाग्यो। अखिल नेपाल किसान सङ्घमार्फत नै ग्रामीण क्षेत्रका सबै खाले सङ्घर्षहरूको नेतृत्व गरियो। केही नेताहरू अब हतियारबिना लड्न सकिन्न भन्दै हतियार खरिद गर्ने नाममा भारततर्फ पलायन भए। किसान नेता नेत्र निरौलालाई भोजपुरमा प्रहरीले पक्राउ गरी हत्या गर्‍यो। पक्राउ परेका अन्य नेताहरू २०१३ सालको कम्युनिस्ट पार्टीमाथिको प्रतिबन्ध फुकुवा भएपछि मात्र छुटे।

**खमार बन्द आन्दोलन**

झापाको किसान आन्दोलनको इतिहासमा खमार बन्द आन्दोलनको छुट्टै पहिचान छ। किसानलाई धेरै काममा जोताएर थोरै ज्याला दिने कुराको विरुद्ध यो आन्दोलन चलेको हो। जमिन्दारहरूको खमार (खलो) नै बन्द गरेर सङ्घर्षमा उत्रने आन्दोलनलाई खमार बन्द आन्दोलनका रूपमा बुझिन्छ। यो आन्दोलनअन्तर्गत जमिन्दारका धेरै खलोहरूमा किसान सङ्घका झन्डाहरू गाडियो। किसानहरूको ठूलो जमातले जमिन्दारलाई घेर्ने र ज्याला बढाउन बाध्य पार्ने काम पनि भयो। वि.सं. २००९ देखि ०१३ सालसम्म तराईका जिल्लाहरूमा चलेको यो आन्दोलन दबाउन प्रशासन र जमिन्दार वर्ग हिंसामा उत्रन थाल्यो भने त्यसको प्रतिरोध गर्दै किसानहरूले पनि हतियार उठाए। राज्य पक्ष झन् सङ्गठित र योजनाबद्ध ढङ्गले दमनमा उत्रियो। किसानहरूमा त्यो क्षमताको विकास भइसकेको थिएन। त्यसैले यो आन्दोलन दमनपछि शिथिल हुँदै गयो।

**जमिन्दार र मोहीबीचको सङ्घर्ष**

जमिन्दार वर्ग प्रायः ०१७ सालको फौजी काण्डको समर्थनमा गए। उनीहरूको पक्षमा नलाग्नेहरूलाई राजाको कदमको विरुद्ध उभिएको भन्दै दमन गर्ने कार्यमा अग्रसर हुन थाले। धेरैलाई पक्राउ गरियो। जो थुनाबाहिर रहे, उनीहरूले आन्दोलनमा सहयोग गर्न सक्ने अवस्था रहेन। उनीहरूमा एक प्रकारको निराशा र असुरक्षाको भावना बढ्दै गएको थियो। कम्युनिस्ट पार्टीको नेतृत्वमा रहेका गोपालकृष्ण प्रसाईं आफैँ जमिन्दार वर्गका थिए। निश्चित क्षेत्रमा निश्चित सामन्तको हालीमुहाली थियो।

वि.सं. २०२१ को नयाँ भूमिसुधार ऐनले मोहीयानी हकको व्यवस्था त गर्‍यो तर ठूला जमिन्दारहरूले आफ्नो जग्गा लुकाउने प्रशस्त ठाउँहरू ऐनबाट दिइयो। झापाका ठूला जमिन्दार धर्मप्रसाद ढकालले हदबन्दीभन्दा बढी जग्गा भुइँकटहरहरू प्याक गर्ने उद्योगका लागि भनेर लुकाए। यो एउटा सानो उदाहरण मात्र हो। कैयौँले आफ्नो घोडा, गाडा तान्ने गोरु आदिका नाममा पनि जग्गा राखेका थिए। अधिकांश मोही निरक्षर थिए। उनीहरू पुस्तौँदेखि अरूको जमिन जोतेर पनि मोहीयानी हकको निम्ति आवश्यक प्रमाणहरू जुटाउन सक्ने सामथ्र्य राख्दैनथे। जसले त्यस्तो हक खोज्यो, त्यसलाई जमिन जोत्न नदिएर बेदखल गर्न थालियो। धेरै जोताहाहरू मोही हक माग्नै डराउँथे।

जमिन नापजाँचका कागजहरू पाउन थालेपछि जमिन्दार र मोही किसानहरूबीचको द्वन्द्व बढ्न गयो। खास गरेर २०२६ सालपछि यस प्रकारको सङ्घर्षहरू सतहमा देखिन थाले।

जमिन्दार र मोहीबीचको विवादलाई लिएर पार्टी सङ्गठनभित्र उठेको विवादले चर्को रूप लिएपछि बहुसङ्ख्यक सदस्य पार्टी नेताको पछि नलागेर जोताहा गरिब मोहीको पक्षमा उभिए। पार्टीको बहुसङ्ख्यक सदस्यहरूको आदेशले किसानहरूले कम्युनिस्ट पार्टीको नेतासमेत रहेका गोपालकृष्ण प्रसाईंको धान खलोबाटै कब्जा गरी जोताहालाई न्याय दिने घोषणा गरे। यो विवादले पूर्वी कोशी प्रान्तीय कमिटी एकातिर र झापा

जिल्ला कमिटी अर्कोतिर भयो। झापा जिल्ला कमिटी आफू उक्त प्रान्तीय कमिटीको अधिनमा नरहेको ठहर गरी अलग बस्ने निर्णय गर्दै विद्रोहमा उत्रियो।

झापाको मोही आन्दोलनले राजनीतिलाई समेत गम्भीर प्रभाव पार्‍यो। झापाको सशस्त्र विद्रोह जसलाई पछि पार्टी नेतृत्वले उग्रवामपन्थी भड्काउ भनेर आत्मालोचना गर्‍यो, त्यो मोही आन्दोलन र त्यसमाथि राज्यले गरेको दमनको विरुद्धको विद्रोह थियो। यो घटना राजनीतिक देखिए पनि त्यसको आधार भनेको मोही आन्दोलन अर्थात् भूमि अधिकारको आन्दोलन नै थियो। झापा विद्रोहको अनुभवको सार खिच्दै २०३२ जेठ २९ मा निस्केको पार्टीको मुखपत्र 'वर्ग सङ्घर्ष'को पहिलो अङ्कमा सम्पादकीयमा लेखिएको थियो– 'झापाका कम्युनिस्ट क्रान्तिकारीहरूले आफूभित्र रहेका काफी कमजोरी र गल्तीहरूले गर्दा त्यस विद्रोहमा भूमिहीन किसानको नेतृत्व र पहलकदमीलाई राम्ररी विकास गर्न सकेको थिएन। उनीहरू राम्ररी वर्गभित्र प्रवेश गर्न सकेका थिएनन्। फलस्वरूप प्रतिक्रियावादीहरूको तीव्र हिंसात्मक दमनका अगाडि झापाले अस्थायी धक्का खानु पर्‍यो।'

यो आन्दोलनमा चारु मजुमदारको नेतृत्वमा रहेको नक्सलवादी विद्रोहको प्रभाव रहेको थियो।

२०२७ सालमा जमिन्दारहरूले गुण्डाहरू प्रयोग गरेर किसानहरूको हत्या गर्न थालेपछि किसानहरूमा आक्रोश बढेको थियो। यस्तो स्थितिमा आफ्नो र परिवारको जीवन रक्षा गर्न प्रतिरोध गर्नुभन्दा उनीहरूसँग अर्को विकल्प थिएन। यसले झापा विद्रोहमा भूमिहीन मोही किसानहरू मात्र नभएर धनी किसान तथा मध्यम किसान वर्गबाट आएकाहरूको पनि सहभागिता बढ्दै गयो। जहाँ जमिन्दार र मोहीबीचको सङ्घर्ष तीव्र ढङ्गले बढ्दै गयो, त्यही ठाउँबाट जमिन्दारको सफाया गर्ने काम सुरु भयो। 'सशस्त्र किसान विद्रोह– जिन्दावाद, जसको जोत उसको पोत' भन्ने नारा लगाउँदै अघि बढेको विद्रोहमा ज्यामिरगढीका स्थानीय सामन्त कर्णबहादुर गौतम २०२८ जेठ ३ गते मारिए। यो २०२८ सालको झापा विद्रोहको पहिलो सशस्त्र आक्रमण थियो। यसको तीन महिना नबित्दै शनिश्चरे सालवाडीका जमिन्दार बुटन चौधरी पनि काटिए। त्यसैगरी असारमा झापा गरामनीका विष्णुप्रसाद विमलीको पनि हत्या भयो। उनीसँगै रहेको उनका ज्वाइँ ईश्वरीप्रसाद चुँडाल पनि बच्न सकेनन्। गरामनीकै रुद्रकान्त राजवंशीलाई विद्रोहीहरूले छोडेनन्। झापाकै ठूला जमिन्दार राष्ट्रिय पञ्चायतका सदस्यसमेत भएका र दरबारसँग मितेरी साइनो जोडिएका शनिश्चरे हात्ती किल्लााका धर्मप्रसाद ढकाल र उनका छोरा ज्ञानेन्द्रमाथि पनि विद्रोहीहरूले पाँचौँ सशस्त्र कारबाही गरे। झापा दुवागढीका उपप्रधानपञ्च ज्ञानबहादुर कार्की र दुर्गा खरेलसमेतको हत्या भयो।

वि.सं. २०२५ देखि झापामा बढ्दै गएको पञ्चायती निरङ्कुशतन्त्रविरोधी राजनीतिक गतिविधिहरू, सुकुम्बासी, गरिब किसान, मोही किसान, सहरिया गरिब, युवा, विद्यार्थी र बुद्धिजीवीहरूको आन्दोलनको जगमा नेपाल कम्युनिस्ट पार्टीको पुरानो झापा जिल्ला कमिटीलाई पुनर्गठित गर्दै उत्साही युवा क्रान्तिकारीहरू अघि बढेका थिए। विद्रोहीहरूको सशस्त्र कारबाहीपछि राजाको प्रत्यक्ष नेतृत्वमा सञ्चालित पञ्चायती सत्ताको जरा खुकुलिन थाल्यो। फलस्वरूप विद्रोहलाई दबाउन सत्ताले धरपकड र दमन गर्न थाल्यो। क्रान्तिकारीहरूलाई आश्रय अर्थात् सेल्टर दिने स्थानीय मुक्तिकामी वर्ग, समुदायलाई पनि पञ्चायती सत्ताले दमनको निसाना बनायो। क्रान्तिकारी विद्रोहीहरूलाई निरङ्कुश सत्ताले जेलमा कोच्यो, यातना दियो र कतिपयलाई निर्मम हत्या गर्‍यो।

यसै क्रममा २०२९ फागुन २१ गते तत्कालीन निरङ्कुश शासकविरुद्ध विद्रोह गर्ने क्रममा बन्दी बनाइनु भएका पाँच जना क्रान्तिकारीहरू रामनाथ दाहाल, नेत्र घिमिरे, वीरेन राजवंशी, कृष्ण कुइँकेल र नारायण श्रेष्ठलाई झापाको चन्द्रगढी जेलबाट इलाम लैजाने निहुँमा झापा र इलाम जिल्लाको सीमा क्षेत्रमा पर्ने सुखानी जङ्गलको यमद्वारमा हत्या गरियो।

झापाको यो किसान विद्रोहलाई 'नक्सलाइट' भनेर पनि प्रचार गरियो। व्यक्ति हत्याको रूपमा कतिपयले यो

विद्रोहको निन्दा गरे। वास्तवमा हत्याको बाटो आफैँमा स्वीकार्य बाटो त हुँदै होइन। यसलाई उक्त घटनाको नेतृत्व गर्नेहरूले पनि यो रहरको निर्णय नभई जोताहा किसानले न्याय पाउने शान्तिपूर्ण उपायका ढोकाहरू बन्द गरिएपछि त्यसले हिंसात्मक रूप लिएको रूपमा व्याख्या गरे।

यद्यपि, तत्कालीन सरकारले आन्दोलनको कारणतर्फ ध्यान दिएन। विद्रोहीहरूलाई पक्राउ गरी अदालत नै पेस नगरी हत्या गर्ने, ज्यानमुद्दा लगाउने, सिङ्गो गाउँमै दमन गरेर सयौँलाई विस्थापित गर्ने काम गऱ्यो। जसले गर्दा झिल्कोका रूपमा यो विद्रोह अन्य जिल्लाहरूमा पनि फैलिँदै गयो। धनुषा र सिरहामा पनि भूमिहीन किसानहरूले गुप्तरूपमा जमिन्दारको अत्याचारविरुद्ध लड्न सङ्गठनहरू निर्माण गरी प्रतिरोधमा उत्रिए। धनुषाको मुढिवामा २०३२ साउन १८ गते एक जमिन्दार काटिए भने सिरहाको घनगढीमा २०३२ पुस ७ गते अर्को जमिन्दारको हत्या भयो। उक्त विद्रोहमा मुढिवाका भूमिहीन किसान रामप्रित यादवको प्रहरीले हत्या गऱ्यो। यादवको हत्या २०३२ भदौ १० गते भएको थियो। त्यसै गरी सुनसरी, सङ्खुवासभा लगायत विभिन्न जिल्लामा जमिन्दार खत्तम अभियान नै सञ्चालन भयो। ती सबै अभियानहरूमा भूमिहीन किसानहरूका पक्षधर, कम्युनिस्ट पार्टीको क्रान्तिकारी धारले नेतृत्व गरिरहेको थियो। विद्रोहको यही धारा पछि नेपाली कम्युनिस्ट आन्दोलनको मूल धार बन्यो।

## छिन्ताङ विद्रोह

धनकुटा जिल्लाको पश्चिमी क्षेत्रका छिन्ताङ, आँखीसल्ला, वेलहरालाई खाल्सा क्षेत्रको नामले चिनिन्छ। यो क्षेत्रमा राई जातिको बाहुल्य छ। खाल्सा क्षेत्रका किसानहरूले २०३५ सालमा अनिकालमा ज्यान जोगाउन जमिन्दारको भकारी कब्जा गरेर सुरु गरेको विद्रोहलाई दबाउन चर्को दमन गरियो, यही दमन र प्रतिरोधले जन्मायो– छिन्ताङ घटना।

त्यस बेला गाउँको मुखियाका रूपमा रहेका स्थानीय मझियाहरू स्थानीय राजा–रजौटा जत्तिकै शक्तिशाली थिए। उब्जनीयोग्य खेतमा उनीहरूको कब्जा थियो। जोताहा किसानले वर्षमा डेढ दुई हप्ता ज्याला नलिई मझियाको जग्गामा काम गरिदिनु पर्दथ्यो। मझियाहरूका घरको अनेक खालका भारी बोक्ने, दाउरा चिर्ने, ढिकी जाँतो, मुस्लो सबै काम गर्न तयार हुनुपर्थ्यो। दसैँमा गाउँका मुखियाको हातको टीका लगाउनैपर्ने चलन थियो। टीका थाप्न जाँदा राम्रो कोसेली लैजानुपर्ने हुन्थ्यो। नगए गोर्खे लौरी लगाउने र जरिवाना तिराउने काम हुन्थ्यो। कुखुराको भाले, शुद्ध रक्सी, दाम, ठेकी आदि भनेर मझियालाई कोसेली चढाइरहनु पर्ने प्रचलन थियो। बढी मालपोत उठाउने जमिन्दारलाई विशेष खान्की पुऱ्याउनु पर्दथ्यो। जोताहा किसान (रैती) को घरधुरी हेरेर मालपोत उठाइन्थ्यो। उब्जनीयोग्य जमिन पनि मझियाकै हुने अनि थोरै पाखो, उब्जनी नहुने बन्जड पाखाको मालपोत पनि उसैलाई तिर्नुपर्ने विडम्बनापूर्ण अत्याचार थियो छिन्ताङमा।

## मझियाहरूको अत्याचार

मझियाहरूमध्ये नै केही अति अत्यन्तै क्रूर सामन्ती स्वभावका थिए। सामान्यतः बाबुपछि छोराहरूले मझियाले गर्ने शासनको जिम्मेवारी सम्हाल्थे। यो राजखलकको वंशज शासनजस्तै थियो। छिन्ताङभन्दा पनि खोकुका मझियाहरू ज्यादा अत्याचारी थिए भनिन्छ। आफ्नो आदेश नमान्नेहरूलाई उनीहरू खुट्टामा काठको 'ठिग्रो' र टाउकोमा 'भुङ्ग्रो' ठोक्दथे। यिनीहरूको यो अत्याचारी शासनको विरुद्ध कतै उजुरी लाग्दैनथ्यो। उनीहरूले दिएको सजाय राज्यकै अन्तिम सजाय सुनाउने निकायले गरेजस्तै हुन्थ्यो। मझियाले चलानी (स्वीकृतिजस्तै) नदिईकन जोताहाले खेती गर्न पाउँदैनथ्यो। अपुताली पर्नेको हकमा पनि मझियाको निर्णय अन्तिम हुन्थ्यो। अपुतालीको सम्पत्ति जिम्मुवाल आफैँले राख्न वा त्यो घर जग्गामा अर्कै ठाउँका मानिस ल्याएर राख्न पनि सक्थे। त्यससम्बन्धी निर्णय गर्दा कसले घुस बढी खुवाउन सक्छ, त्यसैको पक्षमा हुन्थ्यो। ठेकीभेटीको निश्चित दर थिएन। दुहुनो गाई, भैँसी

उनीहरूलाई चाहियो भने किसानको घरमा आएर आफैँले एकतर्फी तोकेको मूल्य दिएर लैजान्थे ।

मझियाहरूले कसैलाई ऋण दिँदा जीवनभर तिरेर पनि नसक्ने चक्रवृद्धि व्याजको दर तोकिन्थ्यो । मझियाका ऋणीहरू भू–दासजस्तै जीवन बिताउन वाध्य हुन्थे। जिम्मवालको ऋण लिएपछि त्यहाँबाट कि त उठीवास हुन्थ्यो कि त जीवनभर उसको दास हुनैपर्ने स्थिति थियो। यसले मझिया एउटा कित्ता र बाँकी रैती अर्को कित्तामा वर्गीय रूपमै धुरवीकरण हुँदै गइरहेको थियो।

**आन्दोलनको प्रारम्भ**

अत्याचारले सीमा नाघ्दै थियो भने किसानहरूमा पनि बिस्तारै आफ्नो अधिकारप्रतिको सचेतता बढ्दै गइरहेको थियो। शोषण र अन्यायका विरुद्ध किसानका मनभित्र आगो बलिरहेको थियो। जमिन धेरै हुने र नहुनेबीचको खाडल बढ्दै गइरहेको थियो। भूमिमाथिको असमान स्वामित्वले वर्गीय असमानता चर्काउँदै लग्यो। यही असमानता, अन्याय, ज्यादतीले विपन्न वर्गलाई विद्रोहतर्फ लाग्न बाध्य बनाइरहेको थियो। यस्तैबीच २०२७ सालमा 'शोषक र जाली फटाहाको अन्त्य गरौँ' भन्ने पर्चा छर्ने काम भयो। यो जमिन्दार वर्गविरुद्ध किसानलाई सङ्घर्ष गर्न आह्वान गरिएको पर्चा थियो। जिल्लाभर छरिएको यो पर्चाले किसानमा नयाँ जोश र जाँगर पैदा गऱ्यो भने जमिन्दार तथा उसको स्वार्थमा काम गर्ने तत्कालीन सरकारी प्रशासनमा हल्लीखल्ली मच्चियो।

तिनताका पूर्वी पहाडका अधिकांश ठाउँमा खडेरी परेको थियो। यसले गाउँमा अनिकाल लागेको थियो। केही जागरुक किसान मिलेर अनिकाल टार्न आवश्यक योजना बनाए। त्यसमध्येको एउटा योजना कसको घरमा के कति अनाज छ हेर्ने र उसलाई खान पुग्ने भन्दा बढी रहेछ भने आउँदो वालीबाट बुझाउने गरी किसानले ऋण लिने र अनिकाल पीडित किसानको भागमा जति आउँछ, त्यतिको कागज गरेर जमिन्दारलाई दिने भन्ने योजना थियो। यो योजना सीमित व्यक्तिमा मात्र नगरी आमरूपमा लागू गर्ने भन्ने नै थियो। तर, जमिन्दारहरू त्यस योजनाको विरुद्ध खनिए। त्यहाँका ठूला जमिन्दार रामलाल मझियाले अन्न देखाउन र बढी अन्न अनिकाल पीडितलाई बाँड्न मानेनन्। विवाद बढ्दै गएपछि गाउँलेले रामलाललाई समातेर सबै सहमत भएपछि तिमी किन मान्दैनौ भन्दै डोरीले बाँधी पाता फर्काएर लडाउन खोजेपछि रामलाल अन्न बाँड्न तयार भए। यसपछि गाउँका जमिन्दारका रूपमा मानिएका रत्नबहादुर, जुद्धबहादुर, चक्रबहादुर, टेकवहादुरको अनाज पनि बाँडियो। सबैलाई रीतपूर्वक तमसुक बनाई दिने काम पनि भयो।

जनताको शक्तिले अन्न बाँड्न तयार भए पनि रामलाल मझियाले पटक्कै चित्त बुझाएका थिएनन्। उनले गाउँलेलाई सार्वजनिक मुद्दा लगाए। मुद्दा लागेपछि कोही फरार भए, कोही थुनामा परे। थुनिनेलाई कडा यातना दिइयो। अरू जमिन्दारले तमसुक अनुसार अन्न फिर्ता पाए तर रामलालसँग कानुनी लडाइँ भयो, जुन रामलालकै पक्षमा टुंगियो। किसानले पुनरावेदन अदालतबाट सफाइ त पाए तर लिएको अन्नभन्दा बढी दुःख भोग्नु पऱ्यो। यद्यपि, यो सङ्घर्षले जमिन्दार वर्गमा भने खैलाबैला मच्चियो।

**छिन्ताङ हत्याकाण्डको सुरुवात**

२०३५ सालबाट किसानहरूले सुरु गरेको छिटफुट विरोधका कार्य बढ्दै गई ०३६ सालमा सङ्घर्षको रूप लिन पुग्यो। सङ्घर्षको योजना बनाउने काममा जनजाति दलित महिलाहरूको भूमिका निर्णायक थियो। त्यतिखेरको सङ्घर्ष मूलतः व्याजदर घटाइयोस्, रैतीमाथिको यातना बन्द गरियोस्, घरजग्गा बेदखल गर्ने काम गर्न पाइँदैन, अनिकाल पीडितलाई खान पुग्ने अन्न दिइयोस् जस्ता चारवटा मागमा बढी केन्द्रित थियो। मागहरू जोताहा किसानको हितमा केन्द्रित थिए। यसर्थ छिन्ताङ आन्दोलनको मूल चरित्र भनेको किसान आन्दोलन हो। किसान आन्दोलनभित्रको पनि भूमि कम भएका वा हुँदै नभएकाहरू ज्यादा गोलबन्द थिए। र, आन्दोलनको तत्कालीन कारण भोकमरी नै थियो।

०३६ सालको अनिकालबाट सबैभन्दा पीडित परिवारहरू कृषि श्रमिक, भूमिहीन, गरिब किसान नै बढी थिए। मध्यम किसानसमेत अनिकालबाट पीडित भएको पाइन्छ। एकातिर सामन्त मझियाहरूको भकारीमा अन्न प्रशस्त जगेडा रहने अर्कोतिर गरिब किसान भोकभोकै मर्नुपर्ने भनेर अनिकाल पीडितहरू आक्रोशित थिए। यो समस्याको समाधान गरिदिने कुनै निकाय नै थिएन। अनिकालमा भोकै मरिने चिन्ताले सबैलाई सताउन थाल्यो। उनीहरू एकापसमा छलफल गर्दै गाउँमा क–कससँग के–कति अनाज होला भनेर हिसाब गर्न थाले। यही क्रममा ज्यानमारा अनिकालबाट बच्न भन्दै आँखीसल्ला वडा नं. ७ का चिन्ताबहादुर खत्रीको भकारी फोरियो। यो घटना छिन्ताङ काण्डको श्रीगणेश थियो। यो सङ्घर्षको प्रभाव यसरी फैलियो कि अनिकालबाट भागेर भोकै मर्नुभन्दा सामन्तका भकारी नै फोर्नु वेस भनी किसानहरू कम्मर कसेर उत्रिए। भकारी फोरेर जे–जति अनाज थियो, त्यो बाँडचुँड गरेपछि किसानमा नयाँ जोश र जाँगर त बढेकै थियो। तर, यो पनि समाधानको दिगो तरिका थिएन। सधैँ अरूको घरभित्र पसेर भकारी फोरेर अनिकाल टार्न सम्भव थिएन। फेरि मझियाहरूले उजुरी गरेपछि प्रशासनले मुद्दा चलाई दुःख दिन छोड्दैनथे। अब के गर्ने भन्ने चिन्ता त सबै किसानमा परेकै थियो। तत्कालको भोक टार्न पाए हुन्थ्यो भन्ने हिसाबले किसान भकारी फोर्ने आन्दोलनमा उत्रिएका थिए।

खोकुका अनिकाल पीडितहरूले जमिन्दार खत्रन सिंहसँग प्रस्ट शब्दमा ‘अन्न चाहियो, हामी भोकै मर्ने भयौँ’ भनेर प्रस्ताव राखे। उनले आफूलाई खान पुग्ने अन्न राखेर अरू बाँडचुँड गरिदिए। यो ठाउँमा ३०÷३२ जनाले अनाज पाए। खत्रन सिंहले २०÷२० रुपैयाँ पैसा पनि बाँडी दिए। यो घटनापछि किसान झन् उत्साहित बने। यो क्रम बढ्दै गयो। अन्न बाँड्न सहमत नहुनेसँग जबर्जस्ती हुन थाल्यो। केही सामन्तले ऋण असुल गरी थैली मागेर बन्धकी बुझेर पनि तमसुक नच्यातेकाले सार्वजनिक कारबाहीसमेत भयो। वनका कर्मचारीले हलो काट्दा, गोल पोल्दा दिएको दुःखको विरुद्ध पनि जनता सङ्घर्षमा उत्रिए। गाउँ–गाउँमा ‘जमिन कसको जोत्नेको, सामन्ती शोषण मुर्दावाद’ आदि नारा लाग्न थालिसकेको थियो। गाउँका जमिन्दारले निरक्षर जोताहा किसानले दिएको दुःखको विवरण भएको ‘पचास रुपैयाँको तमसुक’ नाटकको प्रदर्शन गरेका थिए। जुन त्यसताका किसानहरूमाझ धेरै लोकप्रिय बनेको थियो।

## दमन र प्रतिरोध

किसानको आन्दोलनले असुरक्षित महसुस गरेका स्थानीय सामन्तहरू प्रहरी प्रशासनको सहारा लिन पुगे। उनीहरूकै अगुवाइमा सरकारी फौज दमनको योजनासहित गाउँ पस्यो। त्यतिखेर त्यहाँ कुनै कार्यक्रम थिएन। स्थानीय मझिया लगायतका सामन्त वर्गका मानिसले नाम टिपाएकै भरमा प्रहरी र सेनाले खोजी खोजी मान्छे मार्न थाले। कसैलाई घरभित्रै परिवारसँग बसिरहेको अवस्थामा मारे। कसैलाई हिँड्दा हिँड्दै बाटोमा मारे। वन गएकालाई वनमै मारे। खेतीबारीमा काम गरिरहेकालाई खेतका गरामै हत्या गरियो। कसैले गाउँबाट समातेर जङ्गलमा पुऱ्याउने अनि भाग भन्दै गोली हान्नेजस्ता अपराधहरू भए। हत्या गरिएकाहरू सिधासाधा गरिब तथा मध्यम वर्गका किसान थिए।

छिन्ताङ काण्डको रूपमा सम्झिइने यो घटना २०३६ कार्तिक २५ देखि २९ गतेसम्म पहिलेका तीनवटा गाउँहरू छिन्ताङ, खोकु र आँखीसल्ला मिलाएर बनाएको अहिलेको सहिदभूमि गाउँपालिकामा भएको थियो। यस अवधिमा पञ्चायती सत्ताले बर्बर दमन गरी गोली हानी हत्या गरिएका क्रान्तिकारी योद्धाहरूमा गोपाल आनन्द राई, भैरबबहादुर खालिङ राई, बलबहादुर खत्री, गम्भीरमान दर्जी, चन्द्रबहादुर दमाई, लाखमान साधु राई, टङ्कबहादुर विश्वकर्मा, गङ्गाबहादुर तुप्रिहाङ राई, धनबीर दर्जी, गणेशबहादुर विश्वकर्मा, रणध्वज पुमा राई र केशरमान राई हुनुहुन्छ।

यसै गरी दुई जना महिला क्रान्तिकारी योद्धाहरू श्रीमाया राई अर्थात् हाङ्खिमा साइँली र रामकुमारी

राईलाई प्रहरी र स्थानीय गुण्डाहरूले चरम यातना दिई हत्या गरेका थिए।

अर्का योद्धा पुत्रमान राईको भने दमनकै चक्रबाट जोगिन खोज्ने क्रममा तमोर नदीमा बगेर मृत्यु भएको थियो।

तत्कालीन नेकपा मालेका धनकुटा इलाका कमिटी सदस्य क्रान्तिकारी योद्धा झगेन्द्र राईको प्रहरी यातना र गम्भीर बिरामीका कारण मोरङको बेलबारीमा २०३६ माघमा मृत्यु भएको थियो।



आधुनिक हातहतियार बोकेका प्रहरी र निशस्त्र किसानबीचको मुठभेड साँच्चै नै किसान आन्दोलनको इतिहासमा विशेष महत्त्व राख्ने थियो। मण्डले, सेना र प्रहरी बन्दुक खुकुरी सहित ६ सयभन्दा बढीको सङ्ख्यामा खाल्सा क्षेत्र पसेका थिए। ठूलो सङ्ख्यामा एकीकृत भएका किसानहरूमा एकता र प्रतिरोधको भावना भए पनि हतियारले सुसज्जित फौजसँग रित्तो हात लड्ने अवस्था नभएपछि उनहरूबीच सल्लाह भएर प्रतिरोध आन्दोलन स्थगित गरियो तर दमनको शृङ्खला रोकिएन।

प्रहरी र मण्डलेका जत्थाले घरको थाम काट्ने, खाट भाँचेर काम नलाग्ने बनाइदिने, सन्दुक फोर्ने, भान्साका भाँडाहरू तोडफोड गर्नेजस्ता ज्यादती भयो। घरमा रहेका सुन र चाँदी लैजाने मात्र हैन ठेकी र जाँतोसमेत फोरी काम नलाग्ने बनाइयो। यसैगरी बालीनाली, सागपात, फलफूल सबै काटेर काम नलाग्ने बनाएका थिए। घरपालुवा पशुपन्छी खाइदिए। उनीहरूले महिलामाथि बलात्कारको शङ्ृखला नै चलाएका थिए। महिलाहरूलाई बिनाकारण खेतबारीबाट कमाण्डिङ पोस्टमा लैजाने र सामूहिक बलात्कार गर्ने काम भयो। प्रहरी र मण्डलेहरूले घर, कटेरा र गोठहरूमा आगो लगाई खरानी बनाउने काम गरे। खास गरेर किसान अगुवाको घरगोठ छानीछानी आगो लगाइएको थियो। समातिएका वृद्ध, निर्दोष केटाकेटी, युवकयुवतीलाई अत्यन्तै पासविक किसिमको यातना दिइन्थ्यो।

'गाउँमा चलेको शोषणको अन्त्य गर्ने, जोताहा मोहीलाई मोहियानी प्रमाणपुर्जा दिलाउने, ब्याजदर सस्तो बनाउने, सामन्ती भू–स्वामित्वको अन्त्य गर्ने' अभिप्रायले गरिब किसानहरूले गरेको यो विद्रोहका क्रममा तत्कालीन सरकारले किसान नेता गोपाल आनन्द राई, भैरवबहादुर राई, वलबहादुर खत्री, धनवीर दर्जी, गम्भीरमान दर्जी, टङ्कबहादुर विश्वकर्मा, चन्द्रबहादुर दमाई, एमकुमारी राई लगायत १७ जनाको हत्या गरेको थियो। ८५ जनालाई जेल र विभिन्न झुट्टा मुद्दा लगाई दुःख दिइएको थियो। कुटपिट बलात्कार लगायतका आतङ्कबाट सयौँ गाउँले विस्थापित हुनुपरेको थियो। २०३६ कार्तिक महिनाभरि चलाइएको दमनको यो शृङ्खला तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाको राजनीतिक संरक्षणमा भएको थियो।

**पिस्कर आन्दोलनः थामी समुदायको ऐतिहासिक विद्रोह**

झापा, छिन्ताङजस्तै आन्दोलनहरूको शृङ्खलामा पर्ने, ग्रामीण किसान र आदिवासी समुदायको अधिकारसँग

प्रत्यक्ष जोडिएको अर्को महत्त्वपूर्ण आन्दोलन हो– सिन्धुपाल्चोकको पिस्कर आन्दोलन।

पिस्कर आन्दोलन कुनै स्थानीय विरोध वा सामान्य किसान आन्दोलन थिएन। यो सामन्ती भूमि व्यवस्थाविरुद्ध, आर्थिक शोषणविरुद्ध, सामाजिक विभेदविरुद्ध र राजनीतिक दमनविरुद्ध उठेको सङ्गठित प्रतिरोध थियो। विशेषगरी थामी समुदायको जीवन, अस्तित्व, भूमि अधिकार र सम्मानसँग जोडिएको यो आन्दोलनले नेपालको वामपन्थी किसान आन्दोलनलाई नयाँ ऊर्जा दिएको थियो।

पिस्कर गाउँ अधिकांश थामी समुदायको बसोबास भएको दुर्गम पहाडी क्षेत्र हो। कृषि नै जीवनको आधार भए पनि अधिकांश किसानसँग आफ्नै खेतीयोग्य जमिन थिएन। पुस्तौँदेखि आफ्नै हातले जङ्गल फाँडेर खेतीयोग्य बनाएको जमिनसमेत स्थानीय जमिन्दार र गुठी व्यवस्थाको नियन्त्रणमा पुगिसकेको थियो। त्यसकारण थामी समुदाय आफ्नै गाउँमा मोही, खेताला र कृषि मजदुरका रूपमा जीवन बिताउन बाध्य थिए।

त्यसबेला भूमिको वितरण अत्यन्तै असमान थियो। गाउँका सीमित जमिन्दारहरूले अधिकांश उब्जाउ जमिन आफ्नो नियन्त्रणमा राखेका थिए भने बहुसङ्ख्यक किसान भूमिहीन वा अत्यन्त सानो जमिनमा निर्भर थिए। भूमिमा असमान स्वामित्व नै आर्थिक शोषण, सामाजिक विभेद र राजनीतिक प्रभुत्वको मुख्य आधार बनेको थियो।

पिस्करका अधिकांश किसान वर्षभरि खान पुग्ने अन्न उत्पादन गर्न सक्दैनथे। धेरै परिवारको अन्न चार–पाँच महिनाभन्दा बढी टिक्दैनथ्यो। बाँकी समय उनीहरू अरूको खेतमा मजदुरी, बाँस–निगालोका सामग्री बनाउने, डोको, नाम्लो, भकारी बुन्ने वा टाढाटाढा गएर डकर्मी काम गरेर जीवन धान्थे।

घरभित्रको अवस्था झन् दयनीय थियो। एउटै झुप्रोमा मानिस, बाख्रा र कुखुरा बस्ने, ओढ्ने–ओछ्याउने पर्याप्त कपडा नहुने, औषधोपचारको सुविधा नहुने र अधिकांश बालबालिका विद्यालय जान नपाउने अवस्था सामान्य मानिन्थ्यो। कुपोषण, बालमृत्यु र मातृमृत्यु व्यापक थिए। गरिबी केवल आर्थिक समस्या थिएन, यसले शिक्षा, स्वास्थ्य र सम्मानजनक जीवनको अधिकारसमेत खोसेको थियो।

पिस्करमा हुने शोषण भूमिमा सीमित थिएन। कृषिमजदुरले दिनभरि काम गर्दा पाउने ज्याला अत्यन्त न्यून थियो। दिइने अन्नमा माटो, भुस वा ढुङ्गा मिसाइने, नाप्ने मानो सानो हुने र बेठी, गुहार, टिका तथा फुर्का जस्ता नाममा निःशुल्क श्रम गराइने चलन व्यापक थियो। ऋणको अवस्था झन् पीडादायी थियो। साहुमहाजनबाट लिइने सानो ऋणले किसानलाई जीवनभर बन्धक बनाइदिने अवस्था थियो। ऋणमा अस्वाभाविक ब्याज, ठेकी, कोसेली र अन्य विभिन्न शीर्षकमा थप असुली गरिन्थ्यो। ऋण तिर्न नसके घरका भाँडाकुँडा, पशुचौपाया वा जग्गासमेत कब्जा गरिन्थ्यो। कतिपय अवस्थामा कुटपिट र सामाजिक अपमान पनि सहनुपर्थ्यो।

थामी समुदायमाथि आर्थिक मात्र होइन, सामाजिक विभेद पनि चर्को थियो। उनीहरूलाई अपमानजनक शब्द प्रयोग गरेर हेप्ने, निर्णय प्रक्रियाबाट टाढा राख्ने तथा राजनीतिक नेतृत्व गर्न अयोग्य ठान्ने मानसिकता व्यापक थियो। महिलाको अवस्था झन् कमजोर थियो। महिलाका नाममा सम्पत्ति हुँदैनथ्यो, शिक्षा लगभग शून्य थियो र बालविवाह, बहुविवाह तथा अन्धविश्वासले समाजलाई जकडेर राखेको थियो।

यही अन्यायपूर्ण अवस्थाबीच केही युवाहरूले परिवर्तनको आवश्यकता महसुस गर्न थाले। उनीहरूले देशका अन्य किसान आन्दोलन, विशेष गरी झापा आन्दोलनबाट प्रेरणा लिए। गाउँमा गोप्य रूपमा छलफल, अध्ययन र सङ्गठन निर्माणका काम सुरु भए। अन्यायविरुद्ध सङ्गठित सङ्घर्ष गर्नुपर्छ भन्ने चेतना बिस्तारै फैलिन थाल्यो।

पहिले–पहिले धेरै किसानले आफ्नो गरिबीलाई भाग्यको खेल ठान्थे। कसैले देवदेवीको पूजा गरेर समस्या समाधान हुने विश्वास गर्थे भने कसैले सरकारले न्याय दिने आशा राख्थे। तर, क्रमशः उनीहरूले आफ्नो पीडाको मूल कारण सामन्ती भूमि व्यवस्था र शोषणकारी

संरचना भएको बुझ्न थाले। यही चेतनाले पछि पिस्कर आन्दोलनको आधार तयार गर्‍यो।

**वत्याहा प्रथाविरुद्ध पहिलो सङ्गठित प्रतिरोध**

त्यसबेला गाउँमा 'वत्याहा' प्रथा अत्यन्त क्रूर रूपमा लागू थियो। साहु–महाजनले खाद्यान्न ऋण दिएर अत्यधिक ब्याज असुल्ने र किसानलाई पुस्तौँदेखि ऋणी बनाइराख्ने प्रणाली थियो। अन्न सकिएपछि किसानसँग विकल्प थिएन। उनीहरू ऋण लिन बाध्य हुन्थे र त्यसको बदलामा वर्षौंदेखि श्रम र उत्पादन गुमाइरहन्थे।

यसै अन्यायविरुद्ध स्थानीय अगुवाहरूको नेतृत्वमा किसानहरू सङ्गठित भए। उनीहरूले साहुको भकारी कब्जा गरी भोकमरीमा परेका किसानबीच अन्न वितरण गरे। यो घटना पिस्कर आन्दोलनको पहिलो सङ्गठित किसान प्रतिरोधका रूपमा स्थापित भयो। यसले गाउँका गरिब किसानमा आत्मविश्वास जगायो भने स्थानीय सामन्तहरूमा ठूलो त्रास सिर्जना गर्‍यो। यही आन्दोलनले पिस्करमा अझ व्यापक किसान सङ्घर्ष र अन्ततः २०४० सालको ऐतिहासिक घटनाको आधार तयार गरिदियो।

वत्याहा प्रथाविरुद्ध भएको सङ्घर्षले पिस्करका किसानहरूमा आत्मविश्वास बढायो। उनीहरूले सङ्गठित प्रतिरोधबाट अन्यायको सामना गर्न सकिने अनुभव गरे। तर, यसले स्थानीय सामन्त वर्गलाई झन् असहज बनायो। उनीहरूले किसान आन्दोलनलाई केवल आर्थिक चुनौतीका रूपमा मात्र होइन, आफ्नो सामाजिक र राजनीतिक वर्चस्वमाथिको खतरा ठान्न थाले। यही अवस्थाबाट पिस्कर आन्दोलन दोस्रो चरणमा प्रवेश गर्‍यो, जसलाई इतिहासले 'धान काण्ड' का रूपमा सम्झन्छ।

पिस्करका किसानहरूले स्थानीय सामन्तले अन्यायपूर्वक सङ्कलन गरेको धान वास्तविक रूपमा किसानकै पसिनाको उपज भएको निष्कर्ष निकाले। उनीहरूका अनुसार वर्षौंसम्म न्यून ज्याला, अत्यधिक कुत, बेठी, वत्याहा र शोषणमार्फत जम्मा गरिएको धानमाथि किसानकै नैतिक अधिकार थियो। यही विश्वासका आधारमा रातको समयमा किसानहरूले योजनाबद्ध रूपमा सामन्तको खलाबाट धान निकाली गरिब परिवारहरूमा वितरण गरे। यसले अन्यायपूर्ण सम्पत्ति वितरणविरुद्ध ग्रामीण किसानको सङ्गठित प्रतिरोधलाई प्रतीकात्मक रूपमा स्थापित गर्‍यो। धान गाउँका भोकमरीमा परेका परिवारमा बाँडिएपछि किसानहरूमा नयाँ आत्मबल पैदा भयो भने स्थानीय सामन्तहरू झन् आक्रोशित बने।

**राज्य संयन्त्रको दमन**

धान काण्डपछि स्थानीय सामन्तहरूले तत्कालीन पञ्चायती प्रशासनसँग मिलेर आन्दोलन दबाउने प्रयास गरे। गाउँमा ठूलो सङ्ख्यामा प्रहरी परिचालन गरियो। घरघरमा खानतलासी, पक्राउ, कुटपिट र आतङ्क मच्चाइयो। धेरै किसान जङ्गलमा भाग्न बाध्य भए भने केहीलाई पक्राउ गरेर चोरी तथा सार्वजनिक अपराधका मुद्दा लगाइयो।

यस घटनाले एउटा महत्त्वपूर्ण आन्दोलनको आधार बन्दै गयो। त्यसबेलाको प्रशासनिक संयन्त्र सामान्य किसानको संरक्षणभन्दा पनि स्थानीय शक्ति केन्द्रहरूको हितमा परिचालित थियो। किसानहरूले आफ्नो सङ्घर्ष कुनै व्यक्तिविरुद्ध नभई राज्यद्वारा संरक्षित सामन्ती व्यवस्थाविरुद्ध थियो भन्ने बुझे।

दमनसँगै आन्दोलन रोकिएन, बरू अझ राजनीतिक हुँदै गयो। गाउँमा किसान, युवा र महिलाबीच गोप्य बैठक, अध्ययन र सांस्कृतिक कार्यक्रमहरू सञ्चालन हुन थाले। समानता, भूमि अधिकार, श्रमिक अधिकार र सामाजिक न्यायका विषयमा छलफल हुन थाल्यो। थामी समुदायका युवाहरूले पहिलोपटक आफ्नो गरिबीलाई भाग्य वा कर्मको परिणाम नभई अन्यायपूर्ण सामाजिक संरचनाको परिणामका रूपमा बुझ्न थाले। यही चेतनाले आन्दोलनलाई स्थानीय सीमाभन्दा बाहिर लैजान मद्दत गर्‍यो।

**पिस्कर हत्याकाण्ड**

पिस्कर आन्दोलनको सबैभन्दा पीडादायी अध्याय २०४० माघ १ गते लेखियो। माघे सङ्क्रान्तिको

अवसरमा पिस्करको महादेवस्थानमा परम्परागत मेला लागेको थियो। सोही अवसरमा स्थानीय स्तरमा जनचेतनामूलक सांस्कृतिक कार्यक्रम सञ्चालन भइरहेको थियो। आन्दोलनकारीहरूका अनुसार त्यस कार्यक्रममा किसान र सर्वसाधारण जनतालाई सङ्गठित गर्ने प्रयास भइरहेको थियो।

यही क्रममा सुरक्षा बल परिचालन गरियो। भीडमाथि अन्धाधुन्ध गोली चलाइयो। त्यस घटनामा इली थामी र वीरबहादुर थामी मारिए भने दर्जनौँ घाइते भए। त्यहाँ सयौँ राउन्ड गोली प्रहार गरिएको थियो।

पिस्कर हत्याकाण्ड दुई व्यक्तिको हत्या मात्र थिएन। यसले पञ्चायती शासनको दमनकारी चरित्रलाई राष्ट्रिय बहसको विषय बनायो। देशभर विरोध प्रदर्शन भए, पर्चा वितरण गरिए, आमसभा आयोजना भए र धेरै जिल्लामा पक्राउसमेत परे। यस घटनाले पिस्करलाई राष्ट्रिय राजनीतिक आन्दोलनको मानचित्रमा स्थापित गरिदियो।

पिस्कर आन्दोलनले नेपालको किसान आन्दोलनलाई महत्त्वपूर्ण योगदान दियो। यसले भूमि अधिकारलाई किसान आन्दोलनको केन्द्रीय एजेन्डाका रूपमा स्थापित गऱ्यो। यसले आदिवासी थामी समुदायको सामाजिक, आर्थिक र राजनीतिक प्रश्नलाई राष्ट्रिय बहसमा ल्यायो। यसले ग्रामीण क्षेत्रमा राजनीतिक चेतना विस्तार गर्दै सङ्गठन निर्माणको आधार तयार गऱ्यो।

**तीन विद्रोहको सन्देश**

बीसको दशकको झापा विद्रोह, तीसको दशकको छिन्ताङ विद्रोह र चालीसको दशकको पिस्कर विद्रोह तीन भिन्न समय र फरक प्रकृतिका विद्रोह भए पनि मूलतः सामन्ती वर्ग संरचनाविरुद्ध गरिएको वर्ग सङ्घर्ष थियो। यी विद्रोहको स्वरूपका सन्दर्भमा फरक विश्लेषण रहे पनि आधारभूत रूपमा यी आन्दोलनले हेपिएका, शोषित पीडित वर्ग आफ्नो मुक्तिका निम्ति गोली, जेलनेल र यातनाको कुनै पर्बाह नगरी कसरी साहसपूर्वक सङ्घर्ष गर्न सक्छन् भन्ने उदाहरण प्रस्तुत गरेको थियो। नेपालका गरिब र विपन्न वर्गले सामाजिक आर्थिक रूपान्तरण तथा न्यायपूर्ण समाज निर्माणको निम्ति गरिएको विद्रोहले नेपाली राजनीतिमा तत्कालीन सामन्ती राजतन्त्रविरुद्ध जनउभार सिर्जना गर्नमा ठूलो महत्त्व राख्दछ। र, तत्कालीन नेकपा (माले) र अहिलेको नेकपा (एमाले) मात्र होइन, नेपालमा कम्युनिस्ट आन्दोलनको विकासमा यी विद्रोहको विशेष महत्त्व र सन्देश छ।

नेपालमा आज पञ्चायती व्यवस्था छैन, यस्तै आन्दोलन, विद्रोह र क्रान्तिको जगमा मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापित छ।। संविधानले मौलिक अधिकार, समावेशी लोकतन्त्र र सामाजिक न्यायको प्रत्याभूति गरेको छ। तर, भूमिहीनता, गरिबी, बेरोजगारी, आदिवासी समुदायको पछौटेपन र विकासको असमान पहुँचजस्ता समस्या अझै पूर्ण रूपमा समाधान भएका छैनन्। यी विद्रोह र आन्दोलनले उठाएका धेरै प्रश्न आज पनि उत्तिकै सान्दर्भिक छन् र अनुत्तरित पनि।

---

*पिस्कर आन्दोलनको क्रममा राज्यको दमनमा समेत पर्नुभएका सरेश नेपाल प्रतिनिधिसभाका पूर्व सांसद तथा बागमती प्रदेश सरकारका पूर्व मन्त्रीसमेत हुनुहुन्छ। भूमि आन्दोलन र वामपन्थी आन्दोलनमा संलग्न नेपालका साहित्यिक रचनाहरूसमेत प्रकाशित छन्।*



संस्मरण

# जनताको बहुदलीय जनवाद र अबको सांस्कृतिक दिशा



– प्रा.जगत् उपाध्याय 'प्रेक्षित'

कुनै पनि समाजमा सत्तावर्गीय संस्कृति वर्चस्वशाली संस्कृतिका रूपमा जरा गाडेर रहेको हुन्छ र त्यसका बाछिटाहरू कालान्तरसम्म समाजमा विद्यमान रहिरहन्छन्। पुरानो सामन्ती राज्यसत्ता परिवर्तन गरेर नयाँ लोकतान्त्रिक, गणतान्त्रिक या समाजवादी राज्यसत्ताको स्थापना गर्दा सांस्कृतिक सत्ता पुरानै रह्यो भने त्यसले परिवर्तित र नवस्थापित राज्यसत्तालाई सबल र सुदृढ हुन दिँदैन।

## पृष्ठभूमि

मदन भण्डारी (२००९–२०५०) आधुनिक नेपाली राजनीतिका सर्वाधिक चर्चित, प्रभावशाली र लोकप्रिय नेता हुनुहुन्छ। उहाँ नेपालको राजनीतिक इतिहासमा कम उमेरमै चुम्बकीय शैलीमा दुनियाँको ध्यान आफूतिर आकर्षित गर्न सफल आजसम्मका एकमात्र विलक्षण कम्युनिस्ट नेता हुनुहुन्छ। इसाको बिसौँ शताब्दीको अन्त्यतिर अर्थात् नब्बेको दशक आरम्भ हुँदा नहुँदै सोभियत महासङ्घ ढलेको र पूर्वी युरोपेली देशहरूमा पनि एक–एक गरेर साम्यवादी सत्ता ढलिरहेको अवस्था

थियो भने अर्को विश्व साम्यवादी केन्द्र चीनसमेत धर्मराउँछ कि जस्तो भइरहेको थियो। त्यसको दुष्प्रभावको छाया नेपालमा पनि पर्न थालेको अवस्था थियो।

ठीक यही समयमा साम्यवादी दलहरू पनि बहुदलीय लोकतान्त्रिक प्रतिस्पर्धाका माध्यमबाट जनताको विश्वास जित्न सक्छन् र श्रेष्ठता हासिल गर्न सक्छन् भनेर उहाँले नै नेपालमा सर्वप्रथम कम्युनिस्ट पार्टीको सिद्धान्तमा 'जनताको बहुदलीय जनवाद'को कार्यक्रम समावेश गरेर कीर्तिमान राख्नुभएको थियो। तात्कालिक नेपाल कम्युनिस्ट पार्टी (माले) र पछि नेकपा (एमाले) का महासचिवका रूपमा रहेर लोकप्रियताको शिखर चुम्नुभएका मदन भण्डारी एकचालिस वर्ष पनि नपुग्दै राष्ट्रिय/अन्तर्राष्ट्रिय राजनीतिको केन्द्रमा छाउनुभएको थियो र सानो देशमा जन्मे पनि विश्व हाँक्ने नेताको स्वर्णिम सम्भावनाबाट भयभीत शक्तिहरूको षड्यन्त्रमा परी मोटर दुर्घटनाका नाममा कालकवलित गराइनुभएको थियो। उहाँले प्रतिपादन गरेको 'जनताको बहुदलीय जनवाद' को सिद्धान्त र कार्यक्रमबाट आज नेपालका सबै वामपन्थी दलहरू कुनै न कुनै रूपमा प्रेरित/प्रभावित छन्।

नेपालमा लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको प्राप्तिमा मदन भण्डारीद्वारा प्रतिपादित 'जनताको बहुदलीय जनवाद'को सशक्त भूमिका छ। राजनीतिक प्रणालीमध्येको उत्तम प्रणाली हुँदा हुँदै पनि यसलाई मदन भण्डारीले परिकल्पना गरेजस्तो जनप्रिय राज्यव्यवस्थाका रूपमा सञ्चालन गर्न सकिएको स्थिति भने देखिँदैन। हाम्रा सिद्धान्त, नीति, योजना र कार्यक्रमहरू किन निर्धारण गरेबमोजिम कार्यान्वयन हुन सकिरहेका छैनन्? हाम्रा चिन्तनहरू किन चरित्रमा रूपान्तरण हुन सकिरहेका छैनन्? हामीले प्राप्त गरेको राजनीतिक उपलब्धिलाई संस्कृतिबेगरको बोक्रोका रूपमा मात्रै लिँदाखेरि आएका समस्या त होइनन् यी कतै? यिनै प्रश्नको सेरोफेरामा रहेर यस आलेखमा नयाँ पुस्ताले पनि थाहा पाउन् भन्ने उद्देश्यले जननेता मदन भण्डारीले नेपालको राजनीतिमा पुऱ्याउनुएको योगदान, उहाँले प्रतिपादन गरेको जनताको बहुदलीय जनवाद र तदनुरूप अबको सांस्कृतिक दिशाका विषयमा विमर्श गर्न खोजिएको छ।

**जननेता मदन भण्डारीको सङ्क्षिप्त राजनीतिक यात्रा**

नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलालका माध्यमबाट वि.सं.२०२९ देखि साङ्गठनिक रूपमा वामपन्थी राजनीतिमा जोडिनुभएका र छोटो अवधिमै नेपालको साम्यवादी र लोकतान्त्रिक आन्दोलनमा बिहानको जग्मगाउँदो सूर्यझैँ उदाएर सबैतिर उज्यालो छर्न लाग्दा लाग्दै अकल्पनीय ढङ्गले अस्ताइनुभएका मदन भण्डारी समय र अवस्थाअनुसार राजनीतिमा जीवन, भीष्म, सागर, लोकेश, श्वेतशार्दूल, सङ्ग्राम सिंह, एसएस, राजमोती, बीबीआर, बर्बरीक र भीम अधिकारी अनि साहित्यमा मोती, हली दाइ, बाटुलीका बा, मखुभ पखेली, काँल्दाइ आदि छद्म नामबाट समेत महान् उद्देश्यको यात्रामा निष्ठापूर्ण रूपमा समर्पित अविचल योद्धा हुनुहुन्थ्यो र युगपुरुष हुनुहुन्थ्यो। उहाँको राजनीतिक यात्रालाई निम्नानुसार तीन कालखण्डमा बाँडेर सूत्रबद्ध गर्न सकिन्छः

**(क) प्रारम्भकाल (२०२९–२०३४):** पुष्पलाल समूहको राष्ट्रिय जनवादी सांस्कृतिक सङ्घको केन्द्रीय सदस्य, पूर्वाञ्चलको पार्टी जिम्मेवारीदेखि मुक्तिमोर्चा समूहका नाममा विद्रोह, को–अर्डिनेसन केन्द्रसँगको एकता र त्यसको केन्द्रीय सदस्य भई सक्रिय भूमिका खेलेको अवधि।

**(ख) विकासकाल (२०३५–२०४५):** २०३५ मा नेकपा (माले)को गठन, त्यसको संस्थापक केन्द्रीय सदस्य र २०४१ मा पोलिट्ब्युरो सदस्य भएर पूर्वाञ्चल क्षेत्रमा पार्टी सङ्गठन विकास र विस्तारमा सशक्त ढङ्गले लागेको र नेता, कार्यकर्ता तथा जनताका बीचमा लोकप्रिय बन्दै गएको अवधि।

**(ग) उत्कर्षकाल (२०४६–२०५०):** २०४६ सालमा सम्पन्न चौथो महाधिवेशनबाट महासचिवमा निर्वाचित भएर बहुदलीय जनवादको कार्यक्रम प्रस्ताव गरेको, २०४६ सालको प्रजातान्त्रिक आन्दोलनलाई संयोजन गर्दै हाँकेर सफलतामा पुऱ्याएको, आन्दोलनको सफलतासँगै भूमिगत अवस्थाबाट प्रवक्ताका रूपमा सार्वजनिक भएर आफू र पार्टी दुवैलाई छोटो समयमै जनमानसमा स्थापित गराएको, नेकपा मालेको

महासचिवको जिम्मेवारीमा रहेर पार्टीको नेतृत्व गरेको, नेकपा (मार्क्सवादी) सँग एकता गराएर नेकपा (एमाले) को गठन गरेको र एकीकृत पार्टीको समेत महासचिव भएर सशक्त नेतृत्व गरेको, २०४८ सालको आमचुनावमा आफू उठेका दुवै ठाउँबाट विजयी हुँदै पार्टीलाई पनि प्रमुख प्रतिपक्षका रूपमा स्थापित गरेको र २०४९ सालमा सम्पन्न पाँचौँ महाधिवेशनमा जनताको बहुदलीय जनवादलाई नीति र सिद्धान्तसहितको कार्यक्रमका रूपमा प्रस्तुत गर्दै अत्यधिक मतबाट पारित गराई महासचिवमा पुनः निर्वाचित भएको एवं आफू र पार्टी दुवैलाई नेपाली जनताका सपना साकार पार्न सक्ने नेता र दलका रूपमा आशा र विश्वास जागृत गराउँदै राष्ट्रिय/अन्तर्राष्ट्रिय लोकप्रियता र ख्याति प्राप्त गरेको अवधि।

**व्यक्तित्व, विशेषता र योगदान**

मदन भण्डारीको व्यक्तित्व, विशेषता र योगदानलाई निम्नलिखित बुँदाहरूमा सूत्रबद्ध गरेर देखाउन सकिन्छः

(क) मदन भण्डारीले विश्व कम्युनिस्ट आन्दोलन विघटनको दिशातिर गएर रक्षात्मक बनिरहेको, कुनै बेलाको विश्व महाशक्ति सोभियत सङ्घको पतन भएको, पूर्वी युरोपमा एकपछि अर्को गर्दै कम्युनिस्ट सत्ता ढल्दै गरेको अनि कम्युनिस्ट राजनीतिलाई निरङ्कुश, तानाशाही र एकदलीय भन्दै बन्दुकको नालबाट मात्र सत्ता कब्जा गर्ने क्रूर प्रणालीको पक्षपोषकको लाञ्छना लागिरहेका समयमा एसियाको सानो र भूपरिवेष्टित देश नेपालमा कम्युनिस्ट आन्दोलनलाई लोकप्रिय बनाउने चिन्तन 'जनताको बहुदलीय जनवाद'को प्रवर्तन गरेर कम्युनिस्ट आन्दोलनलाई लोकतन्त्रीकरणको व्यावहारिक प्रयोक्ताका रूपमा आफूलाई स्थापित गर्नुभएको छ।

(ख) उहाँले आवधिक निर्वाचन र बहुदलीय प्रतिस्पर्धाको शान्तिपूर्ण सङ्घर्षका माध्यमबाट पनि काममा श्रेष्ठता हासिल गरेर विरोधीका षड्यन्त्रलाई चिर्दै समाज रूपान्तरणका दिशामा काम गर्न सकिन्छ भनेर विश्व कम्युनिस्ट आन्दोलनलाई मार्गदर्शन गर्नुभएको छ।

(ग) कम्युनिस्ट आन्दोलनलाई नयाँ दिशा प्रदान गरेकैले उहाँप्रति विश्वको ध्यान आकृष्ट भएको, अमेरिकाको 'न्युज विक' पत्रिकाले 'कार्ल मार्क्स नेपालमा जीवित छन्' भनेर लेखेको र उहाँ अन्तर्राष्ट्रिय नेताका रूपमा स्थापित हुनुभएको देखिन्छ।

(घ) उहाँ सशक्त गणतन्त्रवादी नेता हुनुहुन्थ्यो। बनारसमा अध्ययनरत रहँदादेखि नै उहाँले सिर्जना गरेका विभिन्न कविता रचनादेखि लिएर उहाँले गरेका अनेकौँ विचारोत्तेजक भाषणहरूमा वंश र जन्मगत आधारमा राजा छनोट हुने परम्परा र प्रवृत्तिमाथि गम्भीर प्रश्न उठाइएको छ र राजनीति गर्ने नै भए राजाले श्रीपेच खोलेर मैदानमा नेता बनेर आउनुपर्ने चुनौतीसमेत दिइएको छ। नेपालमा राजतन्त्रको विरोध र गणतन्त्रप्राप्तिको आन्दोलनमा उहाँको योगदान विशिष्ट रहेको छ। २०४७ सालको संविधान जारी हुँदा उहाँले उल्लेख गर्नुभएका आलोचनात्मक समर्थनका २७ वटा बुँदामा प्रस्तुत विचारहरूमध्येका धेरै कुरा २०६२/६३ को लोकतान्त्रिक गणतन्त्रात्मक आन्दोलन र त्यसको सफलतापश्चात् पुनःस्थापित संसद्ले घोषणा गरेका बुँदाहरूमा अनि संविधान सभाबाट निर्मित वर्तमान संविधानमा पर्नुले समेत उहाँको गणतन्त्र र लोकतन्त्रप्रतिको दूरदृष्टिपूर्ण निष्ठालाई पुष्टि गर्दछन्।

(ङ) मदन भण्डारी नेपालका एक जना महान् देशभक्त र प्रखर राष्ट्रवादी नेतासमेत हुनुहुन्थ्यो। उहाँ नेपालको सार्वभौमसत्ता, भौगालिक सिमाना, अखण्डता, राष्ट्रिय स्वाधीनता र स्वाभिमानमाथि कतैबाट पनि हस्तक्षेप हुनु हुँदैन र साना–ठूला प्रत्येक राष्ट्र पञ्चशीलको सिद्धान्तका आधारमा चल्नुपर्दछ भन्ने मान्यता राख्नुहुन्थ्यो। उहाँले कोसी सम्झौता, गण्डकी सम्झौतालगायत नेपालको राष्ट्रिय हितविपरीत गरिएको टनकपुर सम्झौताको पनि सदन र सडक सबैतिर सशक्त विरोध गर्दै आउनुभएको थियो। यस्ता राष्ट्रिय महत्वका विषयमा अडान लिँदा आउने गरेका धम्कीहरूबाट समेत नडराउने र चट्टानझैँ दृढ रहने निर्भीक राष्ट्रनेता हुनुहुन्थ्यो उहाँ।

(च) मदन भण्डारी समाजबोध, राष्ट्रबोध र विश्वबोध भएका नेता हुनुहुन्थ्यो। उहाँ धरातलीय यथार्थलाई आत्मसात् गरेर तदनुरूप विचार, नीति, योजना र कार्यक्रम निर्धारण गरेर चल्न सक्ने गतिशील नेता पनि हुनुहुन्थ्यो।

(छ) मदन भण्डारी गम्भीर अध्येता, विश्लेषक र सिर्नशील हुनुका साथै कुशल सङ्गठकसमेत हुनुहुन्थ्यो। यो उहाँको बहुआयामिकताको परिचायक गुण हो।

(ज) मदन भण्डारी सादा जीवन र उच्च विचारका पक्षपोषक हुनुहुन्थ्यो, निर्लोभी हुनुहुन्थ्यो, त्यागी हुनुहुन्थ्यो र निष्कपट हुनुहुन्थ्यो। त्यत्रो ठूलो र प्रमुख प्रतिपक्षी दलको महासचिव, लोकप्रिय नेता र समकालिक राजनीतिको शिखर व्यक्तित्व भएकाले उहाँसमक्ष अनेकौँ प्रकारका आर्थिकलगायतका प्रलोभनसँग सम्बद्ध प्रस्तावहरू निश्चय नै आए होलान् तर उहाँ त्यस्ता कुनै पनि प्रलोभनमा परेको र विचलित बन्नुभएको पाइँदैन।

(झ) मदन भण्डारीमा राष्ट्रिय र जनमुक्ति आन्दोलनमा समर्पित अग्रज पुस्तालाई सम्मान, अनुज पुस्तालाई माया र उत्प्रेरणा तथा दौँतरीलाई सहअस्तित्वपूर्ण इज्जत गर्ने र सबैको विश्वास जित्न सक्ने विलक्षण क्षमता थियो र उहाँ व्यवहारकुशल नेता हुनुहुन्थ्यो।

(ञ) मदन भण्डारी प्रखर वक्ता हुनुहुन्थ्यो। आफूले पढेर, सुनेर, देखेर अनि अनुभव गरेर आर्जन गरेको ज्ञानसँग जोडेर आफ्ना विचारलाई आकाशबाट मुसलधारे पानी बर्सेझैँ धाराप्रवाह प्रस्तुत गरी श्रोताहरूको मन–मस्तिष्कलाई तरङ्गित, झङ्कृत, प्रभावित र आफूतिर आकर्षित गर्न सक्ने विलक्षण र चुम्बकीय व्यक्तित्व भएको नेता हुनुहुन्थ्यो।

(ट) पञ्चायती निरङ्कुशकालमा मदन भण्डारी आन्दोलनमा लागेका आफ्ना सहयोद्धाहरू पक्राउ पर्दा पनि अर्धभूमिगत रहेर तात्कालिक प्रशासन, प्रहरी, गुप्तचर आदिको आँखा छल्दै जनताका बीचमा अनवरत काम गर्न सक्ने कौशल भएको नेता हुनुहुन्थ्यो र ठोस परिस्थितिको ठोस विश्लेषण गर्न सक्ने सामथ्र्य उहाँमा थियो।

(ठ) मदन भण्डारी साँच्चिकै जननेता हुनुहुन्थ्यो। सधैँ जनताका बीचमा रहने र उनीहरूसँग गहिरो सम्बन्ध बनाउने, उनीहरूका समस्या बुझ्ने र समाधानमा अग्रसर हुने, सादा जीवन र उच्च विचारको जीवनशैली अपनाउने, आर्थिक, नैतिक दृष्टिले शुद्ध आचरणमा बस्ने, न्याय र समानताको पक्षपोषण गर्ने, जनता र राष्ट्रको हित र सेवामा आफूलाई समर्पित गर्ने अनि जनताका हक र अधिकारका लागि साहसपूर्वक आवाज उठाउने एवं सङ्घर्ष गर्ने, जनतालाई सङ्गठित गर्दै उनीहरूलाई सचेत र जागरूक बनाएर सामाजिक रूपान्तरण अभियानमा जोड्दै तिनको अगुवाइ गर्ने क्षमता भएको तथा उच्चस्तरको त्याग र सेवामुखी चरित्र भएको नेता नै वास्तविक जननेता हो। यी सबै गुण भनौँ या विशेषता मदन भण्डारीमा थिए। यसरी जनमनलाई जित्न सफल भएकैले उहाँ जननेता हुनुहुन्थ्यो।

(ड) मदन भण्डारी चिन्तन र चरित्रमा तादात्म्य भएको, असल र कम्युनिस्ट नैतिकता भएको आदर्शवान् नेता हुनुहुन्थ्यो। 'राजनीतिमा थकाइ भन्ने शब्दावली हुँदैन', 'राजनीतिमा स्थायी शत्रु र मित्र हुँदैनन्', 'सिद्धान्तका लागि जीवन होइन, जीवनका लागि सिद्धान्त हो', 'सिद्धान्तलाई व्यवहारमा लागू गरिँदैन, वचनअनुसार काम गरिँदैन र तिनीहरूलाई कार्यरूप प्रदान गरिँदैन भने तिनको दुई कौडीको मोल हुँदैन', 'समाजको चासो र व्यवहारको विषय नबनाई समाजवाद आउन र कायम हुन सक्दैन', 'पूर्वाग्रह र प्रतिशोध प्रजातान्त्रिक गुण होइन' जस्ता मदन भण्डारीका यी केही मननीय प्रतिनिधि कथनहरू पढ्दा र यिनको सारको विश्लेषण गर्दा समेत के निष्कर्षमा पुग्न सकिन्छ भने उहाँमा 'मनस्येकं वचस्येकं कर्मण्येकं महात्मनाम्' अर्थात् महान् आत्मा या व्यक्तिहरू जे चिन्तन गर्छन्, त्यही बोल्छन् र जे बोल्छन्, त्यही गर्छन्' भनेझैँ मदन भण्डारीका मन, वचन र कर्ममा तालमेल थियो। उहाँलाई महान् भन्न सकिने यस्ता अनेकौँ आधारहरू छन्।

(ढ) मदन भण्डारी युगपुरुष हुनुहुन्थ्यो। यस्ता युगपुरुषहरू एक युगमा एक–दुई जनामात्र जन्मिन्छन् र तिनले आगामी अनेकौँ युगका लागि मार्गदर्शनसमेत गरेर जान्छन्। उहाँले पनि नेपालको कम्युनिस्ट आन्दोलनलाई र समग्र नेपाली लोकतान्त्रिक राजनीतिलाई मार्गदर्शन गरेर जानुभएको छ।

मदन भण्डारीलाई लामो आयुसहित राष्ट्रको कार्यकारी प्रमुखका रूपमा देख्ने जनताको चाहना थियो। तर, दासढुङ्गा दुर्घटनाका नाममा उहाँसँगै नेपाली जनताको त्यो चाहनाको हत्या भयो। त्यसपछि उहाँका सपना साकार पार्ने दायित्व उहाँका वैचारिक र साङ्गठनिक

उत्तराधिकारीहरूको काँधमा आएको हो। त्यो कति पूरा हुन सक्यो वा पूरा हुन सकेको छैन, समीक्षाको विषय हो।

### जनताको बहुदलीय जनवाद र यसका सैद्धान्तिक प्रस्थापनाहरू

परिवर्तित विश्वपरिवेश र नेपालको विशिष्ट सन्दर्भलाई आत्मसात् गरेर जननेता मदन भण्डारीद्वारा प्रतिपादित र २०४९ सालमा आयोजित नेकपा (एमाले)को पाँचौँ महाधिवेशनबाट पारित 'जनताको बहुदलीय जनवाद' चुनावी प्रतिस्पर्धाका माध्यमबाट पनि श्रेष्ठता हासिल गर्दै सत्तामा जान सकिन्छ र सत्तामा पुगेपछि बढीभन्दा बढी जनपक्षीय काम गर्दै समाजवादमा पुग्न सकिन्छ भन्ने मान्यतामा आधारित वैचारिक मार्गदर्शक सिद्धान्त हो। यो नेकपा (एमाले)को मात्र होइन, आजको नेपालको संसदीय निर्वाचनमा सहभागी सबै कम्युनिस्ट पार्टीहरूले शब्दतः स्वीकार गरे पनि नगरे पनि अनि अर्कै नामकरण गरे पनि सारतः उनीहरूले व्यवहारमा अपनाउँदै आएको साझा विचार पनि हो। नेपालको कम्युनिस्ट आन्दोलनभित्र विद्यमान 'जडसूत्रवाद र विसर्जनवादको विरोध गर्ने र मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्ने' उद्देश्यले ल्याइएको 'जनताको बहुदलीय जनवाद' प्रारम्भमा कार्यक्रमका रूपमा प्रस्तुत भए पनि समयक्रममा त्यो स्वयम्मा नवीन व्याख्या वा भाष्यसहितको मार्क्सवादको नेपाली संस्करण बनेको छ। पाँचौँ महाधिवेशनमा औपचारिक कार्यक्रमिक प्रस्तावका रूपमा प्रस्तुत गर्नुभन्दा अगाडि मदन भण्डारीले लेखेर सार्वजनिक गर्नुभएको 'बहुदलीय जनवादबारे' नामक सानो पुस्तिकामा 'बहुदलीय जनवाद र नयाँ जनवादमा तात्त्विक भिन्नता छैन', 'राज्यसत्ताको सारतत्त्व वर्गीय चरित्रको सवाल हो र शासनतन्त्रका स्वरूपको सवाल हो', 'बुर्जुवा संसद्को सारतत्त्वको विरोध गर्नुपर्छ, स्वरूप पक्षलाई उपयोग गर्न सकिन्छ', 'कम्युनिस्ट पार्टीले जनताका मौलिक अधिकारहरू खोस्दैन', 'क्रान्तिकारी व्यवस्थामा पनि संविधानअनुरूपको राज्य र कानुनअनुरूपको शासन हुनुपर्दछ', 'वर्गहरू रहेसम्म वर्गीय राजनीति पनि भिन्न भिन्नै हुनु स्वाभाविकै हो', 'मार्क्सवादी सिद्धान्तमा शाश्वत महत्त्व भएका दुई विषयहरू', 'बहुदलीय जनवाद आमजनताको संयुक्त जनवादी अधिनायकत्व हो', 'वर्तमान व्यवस्था बहुदलीय जनवादी व्यवस्था होइन', 'बहुदलीय जनवादले बहुमत जनताको समर्थनबाट समाजवादमा सङ्क्रमण गर्ने कार्यविधि अपनाउने छ' शीर्षकहरूमा नेपालको कम्युनिस्ट आन्दोलनका इतिहासमा नवीन धारणा अगाडि सार्नुभएको थियो र सहयोद्धाहरूसँगको छलफल र विमर्शपश्चात् 'बहुदलीय जनवाद'का अगाडि 'जनताको' शब्द थपेर नेपाली क्रान्तिको कार्यक्रमका रूपमा 'जनताको बहुदलीय जनवाद' नामबाट महाधिवेशनमा प्रस्तुत गर्नुभएको थियो र त्यही रूपमा पारित पनि भएको थियो। यस कार्यक्रमलाई आधारभूत रूपमा जनताको जनवादी क्रान्ति सम्पन्न भएपछि लागू हुने कार्यक्रमका रूपमा प्रस्तुत गरिएको पाइन्छ।

महाधिवेशनमा प्रस्तुत भई पारित भएको उक्त दस्ताबेजमा 'जनताको बहुदलीय जनवाद'का थप विशेषताका रूपमा चौधओटा बुँदालाई प्रस्तुत गरिएको छ। ती विशेषता हुन्ः (१) संविधानको सर्वोच्चता, (२) बहुलवादी खुला समाज, (३) शक्ति पृथकीकरणको सिद्धान्त, (४) मानवअधिकारको रक्षा, (५) बहुदलीय प्रतिस्पर्धात्मक प्रणाली, (६) आवधिक निर्वाचन, (७) बहुमतको सरकार र अल्पमतको विपक्ष, (८) कानुनको शासन, (९) जनताको जनवादी व्यवस्थाको सुदृढीकरण, (१०) विदेशी पुँजी र प्रविधिको उपयोग, (११) क्षतिपूर्तिको सिद्धान्तको प्रयोग, (१२) राष्ट्रिय हितअनुकूलको विदेश नीति, (१३) नेतृत्व र अधिनायकत्व, (१४) जनताको बहुदलीय जनवाद।

उक्त चौध विशेषतामध्ये पहिलो विशेषताका रूपमा रहेको 'संविधानको सर्वोच्चता'अन्तर्गत देशको संविधान सर्वोपरि हुन्छ, कुनै पनि वर्ग, व्यक्ति, संस्था वा दल संविधानभन्दा माथि हुन सक्दैन, संविधान सबैका निम्ति अनुल्लङ्घनीय हुनुपर्दछ र समाजको निरन्तर प्रगतिको मार्गलाई संविधानले रोक्नु हुँदैन, खुला गर्न सक्नुपर्दछ भन्ने अभिप्राय प्रस्तुत छ। दोस्रो विशेषता 'बहुलवादी खुला समाज'अन्तर्गत प्रत्येक व्यक्तिलाई जनता र राष्ट्रका निम्ति सोच्ने, बोल्ने तथा आफ्ना अनुभूतिहरू अभिव्यक्त गर्ने स्वतन्त्रता हुनुपर्दछ, बाहिरी दुनियाँबाट अलग, बन्द

र एकोहोरो समाज हुनु हुँदैन भनिएको छ। तेस्रो विशेषता 'शक्ति पृथकीकरणको सिद्धान्त'अन्तर्गत राज्यको शक्ति कुनै निश्चित व्यक्तिका हातमा मात्र होइन, संस्थाका हातमा पनि अति केन्द्रीकरण हुनु हुँदैन र एउटै संस्थामा कार्यकारी, विधायिकी र न्यायिक अधिकार प्रयोग गर्ने केन्द्रीय शक्ति हुनु हुँदैन अर्थात् राज्यको शक्ति कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामा सन्तुलन हुने गरी बाँडफाँट हुनुपर्दछ भन्ने मान्यता पर्दछ। चौथो विशेषता 'मानवअधिकारको रक्षा'अन्तर्गत साँचो अर्थमा कम्युनिस्टहरू नै मानवअधिकारका लागि लड्ने दृढ योद्धा हुन् र हुन सक्छन्, मानवअधिकारको रक्षा कम्युनिस्ट आन्दोलनको महत्त्वपूर्ण तत्त्व हो र हुनुपर्दछ भन्ने मान्यता पर्दछ। पाँचौँ विशेषता 'बहुदलीय प्रतिस्पर्धात्मक प्रणाली'अन्तर्गत राज्य र त्यसका राजकीय निकायहरू सम्पूर्ण जनताको चासो र सरोकारका विषय भएकाले त्यसमा एउटा मात्र पार्टीको एकाधिकार हुनु हुँदैन, वर्गीय विविधता भएको समाजमा तदनुरूपका अनेकौँ राजनीतिक पार्टीहरू हुन सक्छन्, तिनलाई संविधानबमोजिम राजनीतिक प्रतिस्पर्धा गर्ने स्वतन्त्रता दिनुपर्दछ भन्ने मान्यता पर्दछ।

छैटौँ विशेषता 'आवधिक निर्वाचन'अन्तर्गत जनताले एकपटक गरेको निर्णय सधैँका लागि शाश्वत र मान्य हुन सक्दैन, जनतामा समयक्रममा सामाजिक–आर्थिक अवस्थामा आउने परिवर्तनसँगै आफ्ना प्रतिनिधि छान्ने रुचिमा परिवर्तन आउन सक्दछ भन्ने यथार्थलाई आत्मसात् गर्दै विचार, नीति र कार्यक्रमका आधारमा निश्चित अवधिमा निर्वाचन हुनुपर्दछ र जनताले आफ्नो मताधिकारको प्रयोग गर्दै स्वतन्त्र ढङ्गले जनप्रतिनिधि चयन गर्न पाउनुपर्दछ, एउटै नीति र कार्यक्रमभित्र व्यक्तिमात्र रोज्न पाउने व्यवस्था सारतत्त्वमा लोकतान्त्रिक हुन सक्दैन भन्ने मान्यता पर्दछ। सातौँ विशेषता 'बहुमतको सरकार र अल्पमतको विपक्ष'अन्तर्गत बहुदलीय राजनीतिक प्रणालीको मूल तत्त्व भनेकै सङ्गठित प्रतिस्पर्धा हो, यसको अभिप्राय भनेकै बहुमतले सरकार बनाउने र अल्पमतले विपक्षमा बस्ने संवैधानिक व्यवस्था हो र सरकारका विपक्षमा वैधानिक रूपमा काम गर्न पाउने प्रणाली लोकतान्त्रिक प्रणाली हो भन्ने मान्यता समाविष्ट छ। आठौँ विशेषता 'कानुनको शासन'अन्तर्गत कुनै पनि व्यक्तिमाथि कानुनअनुसार अधिकारप्राप्त निकायले औपचारिक निर्णयबाट मात्र दण्डित गर्न सकिने व्यवस्था पर्दछ अनि सरकार र शक्ति हातमा भएको कुनै पनि निकाय वा व्यक्तिले स्वेच्छाचारी ढङ्गले काम गर्न पाउनु हुँदैन, ती सबै काम प्रचलित कानुनअनुसार मात्र गर्नुपर्दछ भन्ने मान्यता समाविष्ट छ। नवौँ विशेषता 'जनताको जनवादी व्यवस्थाको सुदृढीकरण'अन्तर्गत जनताको जनवादी व्यवस्था अपेक्षाकृत लामो समयसम्म रहने सामाजिक व्यवस्था भएको हुनाले यसलाई चरणबद्ध रूपमा अगाडि बढाइने उल्लेख छ। जनताको जनवादी व्यवस्थालाई तीन चरणमा सुदृढ गर्न सकिने भन्दै यसका लागि प्रथम चरणमा पुरानो व्यवस्थाका शोषणका अवशेषहरू सबै क्षेत्रबाट अन्त्य गर्ने काममा केन्द्रित भएर लाग्ने, दोस्रो चरणमा नयाँ उत्पादन सम्बन्धका आधारमा समाजका सबै क्षेत्रमा भौतिक र सांस्कृतिक दुवै हिसाबले विकास गर्ने कुरामा केन्द्रित भएर लाग्ने र तेस्रो चरणमा समाजवादमा सङ्क्रमणका निम्ति केन्द्रित भएर भौतिक तथा सांस्कृतिक तयारी गर्ने स्पष्ट रूपमा उल्लेख गरिएको छ।

दसौँ विशेषता 'विदेशी पुँजी र प्रविधिको उपयोग'अन्तर्गत वैदेशिक पुँजी र प्रविधिका सवालमा नीतिगत रूपमा ढोका बन्द नगरिने बरू संविधान र ऐनकानुनको सीमाभित्र रही राष्ट्रिय हितलाई ख्याल राखेर वैदेशिक पुँजी र प्रविधिको लगानी, संरक्षण र उपयोग गरिने मान्यता प्रस्तुत छ। एघारौँ विशेषता 'क्षतिपूर्ति'अन्तर्गत नयाँ समाजको निर्माणमा सकारात्मक योगदान गर्न नचाहने र त्यसको विरोध र ध्वंसमा लाग्ने सामन्ती जमिनदारबाहेक अरूलाई जमिनको क्षतिपूर्ति दिइने र उक्त क्षतिपूर्तिलाई उद्योग, व्यापार व्यवसायतर्फ स्थानान्तरण गराउने नीति लिइने कुरा उल्लेख छ। बाह्रौँ विशेषता 'विदेशनीति'अन्तर्गत पञ्चशीलको सिद्धान्तअनुरूप वैदेशिक सम्बन्ध कायम गरिने र आफ्नै प्रत्यक्ष पहलबाट अन्तर्राष्ट्रिय समर्थन जुटाउने उल्लेख गर्दै क्रान्ति र निर्माणको ठोस व्यावहारिक विषयलाई बेवास्ता गरेर सैद्धान्तिक आग्रहबाट मात्र वैदेशिक नीति निरूपित नहुने मान्यता प्रस्तुत छ। तेह्रौँ विशेषता 'नेतृत्व र अधिनायकत्व'अन्तर्गत

सेवा, पहलकदमी र प्रतिस्पर्धाद्वारा नेतृत्व प्राप्त गर्ने एवं अधिनायकत्व शब्दको सट्टा आम रूपमा जनताको जनवादी राज्यसत्ता शब्दको प्रयोग गर्ने विषय उल्लिखित छ। चौधौँ विशेषता 'जनताको बहुदलीय जनवाद'अन्तर्गत जनताको बहुदलीय जनवादलाई परिभाषित गर्दै यसलाई नेपाली सन्दर्भको नयाँ जनवाद भनिएको छ र नयाँ जनवादी क्रान्तिको सारतत्त्व र यस कार्यक्रममा थप चौध विशेषतालाई व्यक्त गर्ने गरी जनताको बहुदलीय जनवाद नामकरण गरिएको कुरा उल्लेख छ।

जननेता मदन भण्डारीले तात्कालिक राष्ट्रिय/अन्तर्राष्ट्रिय राजनीतिक परिवेश र वस्तुसत्यलाई नजिकबाट नियाल्दै र आत्मसात् गर्दै जडसूत्रमा फँसेर अनि विसर्जन वा विघटनको मार्गमा लागेर दुवै कोणबाट नेपालको कम्युनिस्ट आन्दोलन नजोगिने, नेता त सिद्धिने नै भए, हजारौँ कार्यकर्ता र लाखौँ कम्युनिस्टप्रेमी जनता अनि सिङ्गो राष्ट्रलाई पनि धोका हुने ठहर गर्दै त्यस्तो अतिवादबाट बच्न र कम्युनिस्ट आन्दोलनलाई केही परिमार्जनसहित थप सशक्त बनाउन यो कार्यक्रम ल्याउनुभएको हो। उहाँले 'जनताको बहुदलीय जनवाद'सम्बन्धी दस्ताबेजमा उपर्युक्त चौध विशेषताको उल्लेख गर्नुभन्दा अगाडि नौओटा बुँदाभित्र नेपाली समाजको चरित्र र अन्तर्विरोधलाई केलाउनुभएको छ। त्यसपछि 'नेपाली क्रान्तिको वर्तमान कार्यक्रम' भनेर 'जनताको बहुदलीय जनवाद'का आधारभूत प्रस्थापनाहरूका विषयमा बाइसओटा बुँदामा विस्तृत व्याख्या गर्नुभएको छ।

ती बुँदाहरूमा उहाँले जनताको बहुदलीय जनवादको मार्गदर्शक सिद्धान्त वा दर्शन मार्क्सवाद–लेनिनवाद हो भन्दै वर्तमान युगको विकसित मार्क्सवाद औद्योगिक सर्वहारावर्गको मात्र होइन, किसानहरूको सामाजिक मुक्ति र राष्ट्रिय स्वाधीनताको मार्गदर्शक सिद्धान्त पनि हो भनेर स्पष्ट उल्लेख गर्नुभएको छ। उहाँले राष्ट्रिय–अन्तर्राष्ट्रिय परिस्थिति र क्रान्तिका शत्रु तथा मित्रहरूमा आएको परिवर्तनका आधारमा आफ्ना आधारभूत उद्देश्यहरूलाई ठोस रूपमा अगि सार्न पार्टीको विशिष्ट अथवा ठोस कार्यक्रममा परिवर्तन गर्नु आवश्यक हुन्छ भन्ने उल्लेख गर्दै राज्यव्यवस्था, शासनप्रणाली, आर्थिक अवस्था र त्यसअन्तर्गत कृषिक्षेत्र, उद्योगक्षेत्र, व्यापारक्षेत्र, ऊर्जा तथा जलस्रोत क्षेत्र, यातायात र सञ्चार क्षेत्र, पर्यटन क्षेत्र, स्थानीय र क्षेत्रीय विकास र विविध, संस्कृति तथा शिक्षा, जाति, धर्म, भाषा, स्वास्थ्य, महिला, सामाजिक सुधार, न्याय व्यवस्था, प्रशासन र कर्मचारी, प्रवासी नेपाली, विदेश सम्बन्ध, सेना तथा खेलकुदजस्ता शीर्षकहरूमा तत् तत् विषयमा विस्तृत व्याख्या गरिसकेपछि मात्र तिनको सारसूत्रका रूपमा उल्लिखित चौधओटा बुँदा प्रस्तुत गरेर तिनको सङ्क्षिप्त व्याख्या गर्नुभएको छ।

मदन भण्डारीले जवजका थप चौध विशेषताको बुँदागतरूपमा परिचयात्मक व्याख्या गरिसकेपछि वर्तमान क्रान्तिका शत्रु र मित्रहरू शीर्षकअन्तर्गत शत्रुशक्तिलाई पाँचओटा बुँदामा र मित्रशक्तिलाई छओटा बुँदामा तर्क र आधारसहित किटान गरेर देखाउनुभएको छ। त्यस्तै गरेर 'क्रान्तिको बाटो' शीर्षकअन्तर्गत नौओटा बुँदामा अबको क्रान्तिको बाटो के हुने भन्नेसम्बन्धमा विस्तृत व्याख्यासहित शान्तिपूर्ण सङ्घर्षको बाटोलाई अवलम्बन गर्नुपर्ने निष्कर्ष दिइएको छ। उक्त दस्ताबेजमा संयुक्त मोर्चाको अवधारणालाई चारओटा बुँदामा व्याख्या गरिएको छ भने वामपन्थी एकता र पार्टी एकीकरणको आवश्यकता र औचित्यलाई तीनओटा बुँदामा स्पष्ट पारिएको छ। 'रणनीति–कार्यनीति'को व्याख्या आठओटा बुँदामा गरिएको छ र यसमा जनताको जनवादी राज्यसत्ता स्थापना गर्ने सामग्रिक योजना पार्टीको राजनीतिक रणनीति हुने र सरकारमा गएर प्रगतिशील कार्यक्रम लागू गर्ने योजना पार्टीको कार्यनीति हुने उल्लेख गरिएको छ।

वास्तवमा मदन भण्डारीद्वारा प्रतिपादित 'जनताको बहुदलीय जनवाद' सामन्तवाद, दलाल र नोकरशाही पुँजीवाद तथा साम्राज्यवादलाई उन्मूलन गर्ने र जनताको जनवादी क्रान्तिको नेतृत्व गर्ने अभिभारा वहन गर्दै वर्गीय रूपमा सर्वहारा श्रमजीवीवर्ग र राजनीतिक रूपमा मार्क्सवाद–लेनिनवादको मार्गदर्शनमा चल्ने राजनीतिक पार्टीहरूका बिचमा मात्र होइन, तीबाहेकका अन्य पुँजीवादी र निम्नपुँजीवादी राजनीतिक शक्तिहरूसँगको गम्भीर प्रतिस्पर्धा र शान्तिपूर्ण सङ्घर्षका माध्यमबाट पनि नेतृत्व हातमा लिन सकिन्छ र अधिकतम प्रगतिशील

सुधारका काम गर्दै जनताकै विश्वासबाट समाजवादसम्म पुग्न सकिन्छ भन्ने विश्वास र मान्यतामा आधारित सिद्धान्त एवं कार्यक्रम दुवै हो। 'जनताको बहुदलीय जनवाद' मानवजातिले आजसम्म समाजपरिवर्तन र रूपान्तरणका सम्बन्धमा गरेका प्रयासहरू र ती प्रयासले प्राप्त गरेका राम्रा र सकारात्मक उपलब्धिहरू, तत्सम्बन्धी अनुभवहरू अनि ती अनुभवहरूका निष्कर्षको सार हो (शर्मा ओली, २०८०, पृ. ६)।

राष्ट्रिय र अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका तिता–मिठा अनुभवहरूबाट र वर्तमान विश्व एवं नेपाली समाजको आवश्यकताबोधबाटै यो सिद्धान्त जननेता मदन भण्डारीका अगुवाइमा मूर्तीकृत हुन सकेको हो। यसका व्याख्याताहरूका अनुसार मार्क्सवादको सृजनाका सैद्धान्तिक आधारहरूमा जसरी जर्मनेली शास्त्रीय दर्शन, फ्रान्सेली काल्पनिक समाजवाद र बेलायती राजनीतिक अर्थशास्त्रलाई तीनओटा स्रोत मानिन्छ, त्यस्तै गरी 'जनताको बहुदलीय जनवाद'को प्रवर्तन वा प्रतिपादनमा पनि (क) नेपाली कम्युनिस्ट आन्दोलनभित्रका आफ्नै अनुभव, (ख) अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनबाट प्राप्त अनुभव तथा (ग) मार्क्सवादी दर्शन र यसका सिद्धान्तले व्यावहारिक रूपमा स्थापित गरेका महत्त्वपूर्ण निष्कर्षहरूलाई तीनओटा स्रोत वा आधार मानेका छन् (पोखरेल, २०८०, पृ. ९–१७)।

त्यस्तै लेनिनले मार्क्सवादमा रहेका दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादलाई यसका तीन सङ्घटक तत्त्व भनेजस्तै 'जनताको बहुदलीय जनवादका पनि तीन विषय अर्थात् (क) कम्युनिस्ट आन्दोलनभित्र देखापरेका जडसूत्रवाद र विसर्जनवादको विरोध, (ख) मार्क्सवादको सृजनात्मक प्रयोग र विकास तथा (ग) अधिकतम समाजवाद र न्यूनतम बहुदलीय जनवादको कार्यक्रमको अवधारणालाई यस सिद्धान्तका तीन सङ्घटक मान्ने गरिएको छ। यो ठम्याइ अत्यन्त वस्तुपरक छ र त्यसैले सही पनि छ।

**'जनताको बहुदलीय जनवाद'को सांस्कृतिक दिशा**

संस्कृति मानवसभ्यताको विकासका क्रममा मानव गतिविधिसँगै जन्मेको र मानवका चिन्तन, विधिव्यवहार, आहारविहार, चालचलन, बोली, कला, कौशल आदिसँग सम्बन्धित मूर्त र अमूर्त दुवै पक्ष हो। यो मानवीय पहिचानको निर्धारक तत्व पनि हो। नेपाल प्रज्ञा–प्रतिष्ठानबाट २०७९ मा प्रकाशित 'प्रज्ञा नेपाली बृहत् शब्दकोश'ले संस्कृतिलाई चार वर्गमा राखेर परिभाषित गरेको छः (१) कला, साहित्य, इतिहास, भाषा, धर्म, दर्शन आदि विषयक्षेत्रको समष्टि नाम। (२) कुनै राष्ट्र वा जातिको सामाजिक जीवन, राजनीति, अर्थव्यवस्था आदिमा प्रतिविम्बित हुने र तिनका कलाकौशल, बौद्धिक विकास आदिमा प्रकट हुने सम्पूर्ण क्रियाकलापको परिष्कृत रूप। (३) कुनै वस्तुलाई परिमार्जन गरेर वा संस्कृत रूप दिएर चम्किलो, उज्यालो र निक्खर बनाउने काम, संस्कार, परिष्कार। (४) धेरै समयदेखि देशकालसापेक्ष भई आन्तरिक, वैचारिक तथा परम्परागत धारणाका रूपमा विकसित हुँदै आएको र आचारविचार, रहनसहन आदिका माध्यमले कुनै राष्ट्र, समाज, जाति आदिको स्वरूप खुट्टिने यावत् मान्यता, भावना, चिन्तन, मनन, भौतिक अभिव्यक्तिहरूसमेतको समूह वा साधन। प्रगति प्रकाशन, मस्कोबाट प्रकाशित 'दर्शनकोश' मा संस्कृतिलाई समस्त भौतिक तथा आत्मिक मूल्यहरूको योगका रूपमा परिभाषित गरिएको छ र यसलाई सामाजिक–ऐतिहासिक व्यवहारको प्रक्रियामा मनुष्यद्वारा निर्माण गरिएको वा गर्दै गरेको तथा समाजविकासका क्रममा हासिल ऐतिहासिक चरणका रूपमा व्याख्या गरिएको छ। संस्कृतिलाई सङ्कुचित अर्थमा भौतिक र आत्मिक गरी दुई वर्गमा राखेर हेर्ने गरिएको छ। भौतिक संस्कृतिअन्तर्गत भवन, कलकारखाना, औजार, हातहतियार, भेषभूषा, बाजागाजा, मठमन्दिर, पाटी, पौवा, देवल, ढुङ्गेधारा आदि पर्दछन् भने आत्मिक संस्कृतिअन्तर्गत विज्ञान, अमूर्त वा प्रदर्शनकारी कला, साहित्य, दर्शन, शिक्षा, चाडपर्व, रीतिरिबाज आदि पर्दछन्। भौतिक संस्कृतिलाई मूर्त संस्कृति र आत्मिक संस्कृतिलाई अमूर्त संस्कृति पनि भनिन्छ।

गोरख पाण्डेयका अनुसार संस्कृति मनुष्यको त्यस्तो सचेतन र सामूहिक क्रियाकलाप हो, जसले उसलाई प्रकृतिको अचेतन व्यवस्थामाथि सोद्देश्य नियन्त्रण कायम गर्ने क्षमता प्रदान गर्दछ अर्थात् संस्कृति श्रम र सृजनाका माध्यमबाट मानवजातिको निर्माण र विकासको प्रक्रिया हो (२०६४, पृ. १२)। यसरी हेर्दा संस्कृति मानिसले निर्माण गरेका र गरिरहेका सबै उत्पादन–श्रमका औजारदेखि लिएर घरायसी सामग्रीसम्म, रहनसहन, रीतिरिवाज, रहनसहनको शैली, विज्ञान र कला, धर्म र आस्तिकता अनि नास्तिकता, नैतिकता र दर्शनसम्म सबै हो (ज्ञवाली, २०८०, पृ. ५५)। मार्क्सवादका अनुसार संस्कृतिका निर्माता जनता हुन् र संस्कृतिको स्रोत मान्छे स्वयम् र ऊ बाँचिरहेको र क्रियाशील रहिरहेको भौतिक र सामाजिक परिवेश हो। संस्कृति मानवीय र सामाजिक उत्पादन भएकाले समाजजस्तै यो पनि वर्गीय हुन्छ। लामो समयसम्म सत्ताको नेतृत्व गरेका वर्गको प्रभाव र दबाब त्यहाँको संस्कृतिमा रहेको छ। त्यसैले कुनै पनि समाजमा सत्तावर्गीय संस्कृति वर्चस्वशाली संस्कृतिका रूपमा जरा गाडेर रहेको हुन्छ र त्यसका बाछिटाहरू कालान्तरसम्म समाजमा विद्यमान रहिरहन्छन्। पुरानो सामन्ती राज्यसत्ता परिवर्तन गरेर नयाँ लोकतान्त्रिक, गणतान्त्रिक या समाजवादी राज्यसत्ताको स्थापना गर्दा सांस्कृतिक सत्ता पुरानै रह्यो भने त्यसले परिवर्तित र नवस्थापित राज्यसत्तालाई सबल र सुदृढ हुन दिँदैन।

जननेता मदन भण्डारद्वारा प्रतिपादित ‘जनताको बहुदलीय जनवाद’को सिद्धान्त र कार्यक्रमका आधारमा नेकपा (एमाले)ले २०५१ सालको मध्यावधि निर्वाचनमा ठुलो पार्टीको हैसियतसहित चुनाव जितेर अल्पमतको नौ महिने सरकार बनाएको र लोककल्याणकारी कार्य गरेको हुनाले त्यसका सकारात्मक प्रभावहरू हालसम्म पनि समाजमा रहेका छन्। पछिल्ला अवधिमा गणतन्त्र नै आए पनि र एमाले, एमालेले अवलम्बन गरेको जबजकै नीतिअनुसार एक्काइसौँ शताब्दीको जनवाद नामबाट संसदीय राजनीतिमा आएको माओवादी र अन्य वामपन्थी दलहरू कुनै न कुनै रूपमा सत्तामा पुगे पनि नौ महिने सरकारको जस्तो उच्च प्रभाव छोड्न सफल छैनन्। नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले ‘समृद्ध नेपाल, सुखी नेपाली’ को नारा अगाडि सारेर विकास र समृद्धिको आशा जगाउने प्रयत्न गर्नुभयो भने भारतीय नाकाबन्दीका समयमा र त्यसपछि पनि राष्ट्रियताका पक्षमा दृढ अडान प्रदर्शन गरेर राष्ट्रिय स्वाभिमानलाई शिखरमा पुऱ्याउने कार्य गर्नुभयो। यद्यपि राष्ट्रिय–अन्तर्राष्ट्रिय परिवेशलाई अनुकूल बनाउन र नेपाली जनताको आवश्यकताको सही संबोधन हुन नसक्दा नेकपा एमालेले पटक पटक अवसर पाएर पनि जनताको बहुदलीय जनवादले मार्गदर्शन गरे अनुसार नेपाली समाजमा परिवर्तन हुन सकेन। समग्र कम्युनिष्ट आन्दोलन विकसित हुँदै जानुको सट्टा टुटफुट र विभाजनको शिकार भयो। आन्तरिक द्वन्द्वव्यवस्थान गर्ने कौशलको अभाव, शत्रुतापूर्ण अन्तर्विरोध, नेतृत्व तहमा पुगिसकेका व्यक्तिहरूमा व्याप्त पदीय चरम महत्त्वाकाङ्क्षा र भूराजनीतिक बाह्य प्रभाव आदिका कारण युवापुस्ताको निराश अनि आक्रोशयुक्त मनोविज्ञानको जगमा टेकेर २०८२ भदौ २३ र २४ का अकल्पनीय घटना नेपालमा घटेका/घटाइएका हुन् भन्ने कुरालाई कसैले पनि नकार्न सकिने अवस्था छैन। कुनै पनि राज्यप्रणालीलाई दिगो, टिकाउ र विश्वसनीय तुल्याउने साधन भनेकै सुशासन हो र सुशासनको आधारभूत सर्त सुसंस्कृति हो भन्ने वस्तुसत्यलाई आत्मसात् गर्न नसक्नु अनि तदनुरूपका नीति, कार्ययोजना र कार्यक्रम नल्याउनु हाम्रा लोकतान्त्रिक राजनीतिक/प्रशासनिक नेतृत्वका कमजोरी हुन्। त्यसैले हामीले हाम्रा परम्परागत संस्कृतिलाई कसरी हेर्ने र बहुदलीय जनवादअनुरूपको अनि लोकतन्त्र र गणतन्त्रअनुरूपको नयाँ संस्कृति के हुन सक्दछ र त्यसलाई कसरी आत्मसात् गर्ने भन्ने कुरामा गम्भीर ध्यान पुऱ्याउनुपर्ने देखिन्छ। परम्परागत संस्कृतिलाई हेर्ने र नयाँ संस्कृतिको निर्माणसहित त्यसलाई आत्मसात् गर्ने सन्दर्भमा देहायका विषयमा गम्भीर मनन हुन आवश्यक छः

(क) सर्वप्रथम हामीले आफ्ना परम्परागत संस्कृतिलाई द्वन्द्वात्मक कोणबाट हेर्नुपर्दछ अर्थात् तिनका सकारात्मक र नकारात्मक पक्षहरूलाई छुट्ट्याएर हेर्नुपर्दछ। परम्परागत हुँदैमा सबै खराब हुन्छन् वा सबै असल हुन्छन् भन्ने अतिवादी कोणबाट मुक्त हुनुपर्दछ। प्राग्–ऐतिहासिक

कालको अर्थात् वैज्ञानिक खोजअनुसार धेरै पुरानो मानिएको रामापिथेकसको बङ्गारो बुटवलको तिनाउ नदीकिनारमा भेटिनु, काठमाडौँ, दोलखा, दाङ, नवलपरासी आदि ठाउँहरूमा परापाषाणकालिक र नवपाषाणकालिक हातहतियार र औजारहरू पाइनुले वर्तमान नेपाल भूखण्ड मानवसभ्यताको आदिम थलो थियो भन्ने कुरातर्फ सङ्केत गर्दछ। त्यस्तै गरी तात्कालिक भारतवर्षअन्तर्गत उत्तरको कैलाश मानसरोवर, पश्चिमको सिन्धु नदी, दक्षिणको गङ्गा नदी र पूर्वको ब्रह्मपुत्र नदीसम्म फैलिएको हिमवत् खण्डको मूल केन्द्रस्थल अहिलेको नेपाल नै थियो भन्ने कुरा पनि विभिन्न ऐतिहासिक र पौराणिक तथ्यहरूले पुष्टि गर्दछन्।

यसै भूमिमा रहेका हिमालयका काख र शीतल नदी किनारमा बसेर हाम्रा प्राचीन ऋषिमुनिहरूले दीर्घ तपस्या वा साधना गरेका थिए र तिनै साधनाका बलमा संसारकै जेठो ग्रन्थ ऋग्वेदलगायत अन्य वेदहरू, ब्राह्मण ग्रन्थहरू, आरण्यकहरू र उपनिषद्हरू रचेका थिए भन्ने कुरा पनि वसिष्ठ, विश्वामित्र, पराशर, शक्ति, याज्ञवल्क्य, अष्टावक्र आदिका सन्दर्भहरूबाट सिद्ध भएकै छन्। त्यतिमात्र नभएर पौरस्त्य परम्पराका न्याय, वैशेषिक, साङ्ख्य, योग, वेदान्त, मीमांसाजस्ता आस्तिक मानिएका दर्शनका साथै चार्वाक र बौद्धजस्ता नास्तिक मानिएका दर्शनको उद्भव भूमि पनि यही थियो भन्ने कुरा अक्षपाद गौतम, कणाद, कपिल, पतञ्जलि, वादरायण र जैमिनि अनि सिद्धार्थ गौतमको जीवनीबाट थाहा भएकै कुरा हो। वेद, उपवेद र उपनिषद्हरू अनि शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिषजस्ता वेदाङ्गमा प्रस्तुत गम्भीर दार्शनिक, वैज्ञानिक, भाषिक र व्यावहारिक विचारहरूका साथै कपिल, पतञ्जलि, कणाद, जैमिनि र वादरायण र अक्षपाद गौतमका चिन्तनहरू आज पनि संसारभरि अध्ययनका विषय बनिरहेका छन्।

नेपालमा जन्मेका तर संसारकै विभूति र विश्वका तारा गौतम बुद्धको विश्वव्यापी प्रभाव र आकर्षण छ। यो हाम्रा लागि गौरवको विषय हो। प्राच्य वाङ्मय सम्पदाका रूपमा यिनलाई हेर्ने दृष्टिकोण स्पष्ट हुनुपर्छ। यिनमा मानवजातिलाई हित गर्ने र जीवनोपयोगी अनेकौँ विषय छन्, जसलाई ग्रहण गर्न सक्नुपर्दछ। विश्वशान्ति, मानवतावाद, सहअस्तित्व, भाइचारा, स्वतन्त्रता, समानता आदिसँग सम्बद्ध विचारहरूका साथै मानवीय स्वास्थ्य, खगोल विज्ञान, गीत–सङ्गीत, कला, साहित्य आदिसँग सम्बद्ध चिन्तनहरूसमेत ग्रहणीय छन् भन्ने बुझेर तिनलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा अध्ययन, चर्चा र विमर्शको विषय बनाउन र तिनका माध्यमबाट विदेशी विद्वान्/अध्येताहरूको ध्यान आकर्षण गर्न सक्नुपर्दछ।

(ख) संस्कृत र अन्य विभिन्न मातृभाषामा रहेका पुराण, स्मृति, जातक कथा आदिलाई आधार बनाएर तत् तत् जाति र समुदायले आफ्ना जातीय परम्पराअन्तर्गत देवकार्य, पितृकार्य, पूजा, व्रत, भजनकीर्तन आदि धार्मिक कार्य गर्दा वा चाडपर्व मनाउँदा त्यसलाई विरोध, निन्दा वा घृणाको विषय बनाउनु हुँदैन, वैयक्तिक स्वतन्त्रताका रूपमा सहज ढङ्गले लिनुपर्दछ। तर यस्ता कार्य गर्दा प्रचलित कानुनका विरुद्ध गएर जातीय, वर्गीय, लैङ्गिकलगायतका कुनै पनि विभेदकारी क्रियाकलाप गर्ने कुराको भने सशक्त विरोध गर्नुपर्दछ र त्यस किसिमका गतिविधि दोहोरिन नदिने गरी समाजमा तीनै तहका सरकार, स्थानीय सङ्घसंस्था, समुदाय र सचेत नागरिकहरूले समवेत रूपमा सांस्कृतिक जागरण अभियान सञ्चालन गर्नुपर्दछ।

(ग) हाम्रो समाजमा अझै पनि परम्परागत रूढिवादी प्रभावहरू विद्यमान छन्। संविधान, ऐनकानुन र नियमले कडा रूपमा निषेध गरे पनि जातीय/वर्णगत र लिङ्गगत विभेदहरूलाई पूर्णतः अन्त्य गर्न सकिएको छैन। मानवताको कलङ्कका रूपमा रहेका यस्ता विभेदहरूलाई जरैदेखि उन्मूलन गर्न कानुनमा भएका व्यवस्थालाई कडाइका साथ लागु गर्ने–गराउने कुरा त छँदै छ, सबै तहका सरकारहरू, स्थानीय राजनीतिक दलका समितिहरू, सङ्घसंस्थाहरू, समुदाय र सचेत नागरिकहरूले आ–आफ्ना तहबाट बृहत् सांस्कृतिक जागरण अभियान सञ्चालन गर्ने, सहभोज गर्ने अनि मनोवैज्ञानिक पद्धति अपनाउने र शास्त्रीय ग्रन्थहरूमा लेखिएका छुवाछुतविरोधी र मानवतावादी विचारले भरिपूर्ण उद्धरणसहितका उदाहरणहरूद्वारा अन्धविश्वासमा परेका व्यक्ति, परिवार र समुदायलाई सम्झाउने र नमान्नेलाई साँच्चिकै कानुनी कार्यवाही गर्ने पद्धति बसाल्नुपर्दछ।

(घ) हाम्रा प्राचीन वाङ्मय अर्थात् वेद, उपनिषद्, वेदाङ्ग, स्मृति, पुराण, नीतिशास्त्र, काव्य आदिमा रहेका मानवताका पक्षपोषक, प्रगतिशील, समानता, स्वतन्त्रता, भ्रातृता र सहअस्तित्व झल्काउने, मानवीय मानसिक र शारीरिक स्वास्थ्यलाई सबल बनाउने, सकारात्मक चिन्तनको विकास गराउने अनि लोकतन्त्र र गणतन्त्रको समर्थन गर्ने खालका सामग्रीको अनुसन्धान गराई तिनलाई प्रकाश गर्नुपर्दछ।

(ङ) हाम्रा प्राचीन मूर्त र अमूर्त संस्कृतिको संरक्षण गर्दै तिनलाई आन्तरिक र बाह्य पर्यटनसँग जोड्नुपर्दछ र आयआर्जनको महत्त्वपूर्ण स्रोतका रूपमा विकास गर्नुपर्दछ।

(च) हामी अहिले जनताको बहुदलीय जनवादको मार्गदर्शक सिद्धान्तलाई अवलम्बन गर्दै लोकतान्त्रिक गणतन्त्रसम्म आइपुगेका छौँ। राजनीतिक रूपमा राजतन्त्रबाट गणतन्त्रमा आइपुगे पनि हामीले बहुदलीय जनवादअनुरूप अथवा लोकतान्त्रिक गणतन्त्रअनुरूपको संस्कृति निर्माण गर्न सकेका छैनौँ। यही कारणले राजनीतिक परिवर्तन भए पनि हाम्रा चिन्तन, सोच र विधिव्यवहार बदलिन सकेनन्। हामीले राजतन्त्र फाले पनि राजाका पाउपोस, भुजा, ज्युनार, सवारी आदि भाषाप्रतिको मोह फाल्न सकेनौँ। सादा जीवन, उच्च विचारको कम्युनिस्ट आदर्शलाई बिर्सेर बिहे, व्रतबन्ध, जन्मोत्सव, वैवाहिक वर्षगाँठ आदिका नाममा करोडौँ खर्च गर्ने तर निम्नवर्गीय गरिब, असहाय र अनाथहरूका नाममा अलिकति पनि योगदान गर्न नसक्ने दुष्प्रवृत्तिको सिकार भयौँ। त्याग, उत्सर्ग र सेवाको भावना घट्दै गयो। जसरी पनि अर्थोपार्जन गर्ने र विलासी जीवन बाँच्ने कुसंस्कार हामीमा बढ्दै गयो।

आत्मपहिचान गर्ने प्रवृत्ति हरायो। हामीले आफ्ना चिन्तन, व्यवहार र क्रियाकलापहरूलाई सामन्त राजाकालीन शासकीय स्वरूपमा होइन, गणतन्त्रकालीन सेवकीय स्वरूपमा बदल्न सक्नुपर्दछ। राजनीतिक नेता, कार्यकर्ता, बुद्धिजीवी, कर्मचारी, शिक्षक आदिमा पेसागत निष्ठा, इमान, गुणस्तरीयता र अद्यावधिकता कायम गराइराख्ने संस्कृति आजको आवश्यकता हो। जुन विषय जननेता मदन भण्डारीको जीवनशैली र जवजले हामीलाई मार्गदर्शन गरेको छ।

(छ) लोकतन्त्र अर्थात् गणतन्त्रको महत्त्वपूर्ण पक्ष सुशासन हो। जनताको बहुदलीय जनवादले पनि कानुनी शासनको अवधारणाका माध्यमबाट सुशासनलाई महत्त्व दिन्छ। कानुनसम्मत रूपमा जनताको हित र अधिकारका पक्षमा उत्तरदायित्व, पारदर्शिता, निष्पक्षता, स्वच्छता र प्रभावकारितापूर्ण ढङ्गले प्रशासनिक सेवा प्रवाह गर्नु नै सुशासनको लक्षण हो। भ्रष्टता, अपारदर्शिता, शक्ति वा पहुँचका आधारमा वा आर्थिक प्रलोभनका आधारमा सेवामा विभेद भयो भने त्यस्तो प्रशासन सुशासन होइन, कुशासन हुन्छ। कर्मचारीतन्त्रमा नियमानुसार आफूलाई तोकिएका कार्य यथासमयमा गर्ने, अधिकारको प्रयोग आफ्नो व्यक्तिगत स्वार्थका लागि नभएर जनहितका लागि गर्ने, सेवाग्राहीप्रति मैत्रीपूर्ण व्यवहार गर्ने र आफू कार्यरत संस्था, राष्ट्र र जनताप्रति सदैव निष्ठावान् रहने संस्कृतिको विकास प्रशासनिकलगायतका निकायमा जति छिटो गर्न सकिन्छ, त्यति नै लोकतान्त्रिक गणतन्त्र सुदृढ, जनताका लागि विश्वसनीय, भरोसायोग्य र आफ्नो हितकारक संस्था साबित हुन सक्दछ।

(ज) हामी गणतान्त्रिक राज्यव्यवस्थामा आए पनि हाम्रा कतिपय सोच र विचारहरू पुरातन छन्, सामन्ती राजतन्त्रयुगीन छन् र अविवेकी छन्। जातीय विभेद र छुवाछुत एवं श्रमलाई अपमान गर्ने अपसंस्कृति हामीले अझै पनि छोडका छैनौँ। हाम्रा गाउँघर र सहरबजारमा कारखानामा काम गर्ने मजदुर, खेतपाखामा काम गर्ने किसान, हलो, जुवा, हँसिया, बन्चरो आदि औजार बनाउने लोहार, सुन बनाउने सुनार, लुगा सिउने दर्जी, जुत्ता सिउने सार्की, कपाल काट्ने नाईलगायतका शिल्पी समुदायलाई हेप्ने र उचित ज्याला वा पारिश्रमिक दिन तयार नहुने तर काम नगर्ने वर्गलाई सम्मान गर्ने हाम्रो अपसंस्कृति छ। यसै अपसंस्कृतिका कारणले आजको युवापुस्ता आफ्नो देशमा काम गर्दा अपहेलित हुनुपर्ने भयले समेत बिदेसिन लालायित बन्दै गएको छ। यस अपसंस्कृतिलाई जरैदेखि उखेलेर नफालेसम्म समाजको र सिङ्गो देशकै विकास असम्भव छ। श्रमिकवर्गको सम्मान गर्ने संस्कृति हामीले

निर्माण गर्नुपर्छ र त्यसलाई जीवनपद्धतिमा रूपान्तरण गर्नुपर्दछ ।

(झ) लोकतन्त्र र समाजवादको महत्त्वपूर्ण पक्ष सहकारीको विकास हो तर हामीकहाँ सहकारीकै अवधारणाको बदनाम हुने गरी यसलाई दुरुपयोग गरिएको छ। सामूहिक हित, आत्मनिर्भरता, लोकतान्त्रिक निर्णयप्रक्रिया र सामाजिक उत्तरदायित्वको सिद्धान्तको मार्गदर्शनका आधारमा हाम्रो जस्तो गरिबीले आक्रान्त मुलुकका जनताले ग्रामीण सामूहिक खेती, स्थानीय बजार व्यवस्था र अन्य सिपमूलक व्यवसाय गर्न र त्यसका लागि आवश्यक पर्ने स्रोत खोज्न अनि अर्जित रकमलाई उचित लाभांश र व्याज आउने गरी लगानी गर्न सहकारीले ठुलो भूमिका खेल्ने कुरा निर्विवाद छ । यसबाट जनतामा मिलेर काम गर्ने, परस्परमा लाभहानि वितरण गर्ने र साझा हितका विषयमा चिन्तन गर्ने, कुनै पनि किसिमको विभेद नगर्ने, शिक्षा, स्वास्थ्य, सिप, सामाजिक जागरण आदिमा टेवा पुग्ने गरी काम गर्ने र स्वावलम्बी बन्ने उत्प्रेरणा जागृत हुन्छ । स्थानीय तहका वडाहरूअन्तर्गत रहेका सबै नागरिकलाई जोडेर त्यहाँका सबै जग्गा सहकारीका माध्यमबाट एकीकरण गरी उनीहरूकै सहभागितामा माटोअनुरूपको खेती गर्ने र उत्पादनका लागि उचित प्रतिफल आउने गरी बजार सुनिश्चित गर्ने हो भने नेपालका कुनै पनि जग्गा बाँझा रहँदैनन् र युवाहरू बेरोजगार भएर विदेश धाउनु पनि पर्दैन । त्यसैले सहकारी संस्कृतिलाई उत्पादनसँग जोड्ने गरी प्रोत्साहन गर्नुपर्दछ ।

(ञ) नेपाल बहुभौगोलिक र बहुप्राकृतिकका साथै बहुजातीय, बहुसांस्कृतिक, बहुभाषिक र बहुधार्मिक देश हो । यो इन्द्रेणीझैँ विविधतामय छ र यस्तो विविधता नै नेपालको अनुपम सुन्दरता हो। कहिलेकाहीँ यिनै विविधतामय सुन्दरतामा आघात पुग्ने गरी पारस्परिक द्वेष, घृणा र दुर्भाव फैलाउने किसिमका गतिविधि हुने गरेका देखिन्छन्। यस्ता गतिविधि नहोउन् र हाम्रा पारस्परिक सम्बन्धहरूमा अलिकति पनि नकारात्मक प्रभाव नपरोस् भन्ने उद्देश्यले हामीले पारस्परिक सद्भाव, मैत्री र सहकारिता विकास गर्ने किसिमका गीत, कविता, नाटक, कथा, उपन्यास, निबन्ध आदि साहित्य सृजना गर्नुपर्छ र सशक्त चलचित्र निर्माण गरेर अनि सामाजिक अभियान चलाएर समेत समभावको संस्कृतिलाई प्रवर्धन गर्नुपर्दछ ।

(ट) नयाँ पुस्ताका बहुसङ्ख्यक व्यक्तिहरू र त्यसमा पनि विदेश बस्ने नेपालीहरूमा २०४६ सालको प्रजातान्त्रिक आन्दोलनको सफलतापछिका वर्षहरूमा सत्ताको बागडोर सम्हालेका राजनीतिक दल र तिनको नेतृत्वप्रति चरम आक्रोश, घृणाभाव र नकारात्मकता व्याप्त रहेको देखिन्छ। यसमा शासन सञ्चालनमा देखिएका कमीकमजोरी मात्र नभई सामाजिक सञ्जालको भूमिका पनि अधिक रहेको देखिन्छ । साढे तीन दशकको अवधिमा विभिन्न क्षेत्रमा भएका अभूतपूर्व उपलब्धिहरूलाई केही पनि नदेख्ने र देश शून्यमा गएको छ भनेर नकारात्मक प्रचारमात्र गर्ने यो प्रवृत्ति अत्यन्त घातक छ। यो एक किसिमको मनोरोगको अभिलक्षणसमेत हो। यसले पुराना पुस्ता वा अग्रज पुस्ताको वस्तुगत मूल्याङ्कन गर्दै उनीहरूले गरेका सकारात्मक योगदानप्रति सम्मान व्यक्त गर्ने असल संस्कृतिमाथि आघात पुऱ्याइरहेको छ । ठीक र बेठिक छुट्ट्याएर निर्णय गर्ने वा धारणा बनाउने सामर्थ्यमा ह्रास ल्याएको छ र हाम्रो समग्र सांस्कृतिक धरातल खलबल्याएको छ। यस गम्भीर विचलनबाट नवपुस्तालाई र त्यस वैचारिक दिशाहीनतातिर उन्मुख हुँदै गएको समाजलाई सही दिशातर्फ अभिमुख गराउने गरी सांस्कृतिक अभियान थाल्नुपर्छ अनि पुरानो पुस्ता पनि आफ्नो विगतको निर्मम समीक्षा गर्दै सचिन तयार हुनुपर्छ ।

**निष्कर्ष**

मदन भण्डारी भूगोलका दृष्टिले नेपालजस्तो सानो देशमा जन्मिनुभएका तर विचार, चिन्तन, आचरण, दूरगामी सोच र निर्णयक्षमताका दृष्टिले धेरै उच्च कोटिको र महान् नेता हुनुहुन्थ्यो। उहाँ अध्ययनशीलता, प्रखरता, उच्च बौद्धिकता, वस्तुपरक विश्लेषणात्मकता, सिर्जनात्मकता, नेतृत्वगत गतिशीलता, रणनीतिक दृढता र कार्यनीतिक लचकता, सरलता र सौजन्यका प्रतिमूर्ति हुनुहुन्थ्यो । उहाँ मार्क्सवादका व्याख्याता र पुनःसृजनाकार हुनुहुन्थ्यो। उहाँले प्रतिपादन गर्नुभएको ‘जनताको बहुदलीय जनवाद’ मार्क्सवादको नेपाली संस्करण हो ।

यो विश्व कम्युनिस्ट आन्दोलनलाई जडसूत्रवाद र विसर्जनवादको सङ्कटबाट सुरक्षित अवतरण गराउन उहाँले ल्याएको मध्यमपथ या मध्यममार्ग हो। यसै मध्यममार्गको प्रवर्तन र अवलम्बनले नेपालको कम्युनिस्ट आन्दोलन जोगिएको छ र यसको अवलम्बनकर्ता नेकपा (एमाले)कै वरिपरि कुनै न कुनै रूपमा अन्य सबै वाम घटकहरू घुमिरहेका छन्। कलिलो उमेरमै कालकवलित गराइनुभए पनि जननेता मदन भण्डारीको योगदान नेपालको कम्युनिस्ट आन्दोलनमा मात्र होइन, सिङ्गो लोकतान्त्रिक र गणतान्त्रिक आन्दोलनमा समेत विशिष्ट छ। संसारका नेताहरू कोही अध्ययनशील र विद्वान् त हुन्छन् तर प्रखर वक्ता हुँदैनन् वा सबै स्तरका जनतालाई मन्त्रमुग्ध र विस्मित पार्ने गरी भाषण गर्न जान्ने र सक्ने हुँदैनन्। कोही शारीरिक व्यक्तित्वले ठगिएका हुन्छन् र रोगी हुन्छन् त कोही निर्णयक्षमता र व्यवहारगत कुशलता नभएका हुन्छन्। कोही अन्य अग्रज, समकालीन र अनुज पुस्तासँग मिल्नै नसक्ने हुन्छन् त कोही घमन्ड र षड्यन्त्रका पोका हुन्छन्।

मदन भण्डारीमा नेतामा हुनुपर्ने सबै गुण थिए। उहाँ साँच्चिकै जननेता भन्न र मान्नलायक व्यक्तित्व हुनुहुन्थ्यो। उहाँले प्रतिपादन गर्नुभएको 'जनताको बहदलीय जनवाद'को राजनीतिक, वैचारिक र सांस्कृतिक दिशा पक्रेर वर्तमान सन्दर्भअनुरूप त्यसलाई अद्यावधिक गर्दै अगाडि बढ्न सक्नु आजको आवश्यकता हो।

---

*प्रा.डा. जगत् उपाध्याय कवि, निबन्धकार, समालोचक, दर्शनशास्त्री र भाषाविद् हुनुहुन्छ। उहाँ नेपाल प्रज्ञा–प्रतिष्ठानका पूर्वसदस्य–सचिव र नेपाल संस्कृत विश्वविद्यालयका पूर्वकुलसचिवसमेत हुनुहुन्छ।*

**सन्दर्भ सामग्री**

- उप्रेती, गङ्गाप्रसाद र अन्य (सम्पादक) (२०८०), **प्रज्ञा नेपाली बृहत् शब्दकोश** काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।
- उपाध्याय 'प्रेक्षित', जगत् (२०८०), 'नेपाली दर्शनको सौन्दर्य' **जबजको सौन्दर्य चिन्तन** (प्रधान सम्पा.आर.सी. न्यौपाने), काठमाडौँ : जनसांस्कृतिक महासङ्घ, नेपाल।
- ज्ञवाली, गाविन्द (२०७८), 'सांस्कृतिक क्षेत्रका सृजनात्मक प्रतिभा मदन भण्डारी' **मदन भण्डारी स्मृतिग्रन्थ** (दोस्रो भाग) (सम्पा. अनिल पौडेल). मोरङ : मदन भण्डारी स्मृति प्रतिष्ठान।
- ज्ञवाली, प्रदीप (२०८०), 'जनताको बहुदलीय जनवाद र राष्ट्रिय जनवादी संस्कृति' **जबजको सौन्दर्य चिन्तन** (प्रधान सम्पा.आर.सी. न्यौपाने), काठमाडौँ : जनसांस्कृतिक महासङ्घ, नेपाल।
- ज्ञवाली, युवराज (२०५३), 'जनताको बहुदलीय जनवादसम्बन्धमा उठेका केही प्रश्न र त्यसको वास्तविकता' **भेरी–सन्देश** (वर्ष १, अङ्क १) (सम्पा.जगत् उपाध्याय), काठमाडौँ : भेरी अञ्चल प्रगतिशील समाज।
- पाण्डेय, गोरख (२०६४), **समाज र संस्कृति** (अनु. निनु चापागाई), काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि.।
- पोखरेल, ईश्वर (२०८०), 'नेपालको कम्युनिस्ट आन्दोलन र जनताको बहुदलीय जनवाद' **जबजको सौन्दर्य चिन्तन** (प्रधान सम्पा.आर.सी. न्यौपाने), काठमाडौँ : जनसांस्कृतिक महासङ्घ, नेपाल।
- पौडेल, अनिल (सम्पादक)(२०७८), **मदन भण्डारी स्मृतिग्रन्थ** (दोस्रो भाग), मोरङः मदन भण्डारी स्मृति प्रतिष्ठान।
- भण्डारी, मदन (२०७८), **बहुदलीय जनवादबारे केही कुरा**, काठमाडौँ : मदन भण्डारी स्मृति प्रतिष्ठान।
- भण्डारी, मदन (२०४९), **नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद**, नेकपा (एमाले)को पाँचौँ महाधिवेशनमा प्रस्तुत दस्ताबेज।
- भुसाल, बेदुराम (२०६७), **मार्क्सवादी दर्शन**, काठमाडौँः भुसाल प्रकाशन।
- मैनाली, राधाकृष्ण (२०७८), 'किन आउनुभयो ?' **मदन भण्डारी स्मृतिग्रन्थ** (दोस्रो भाग) (सम्पा. अनिल पौडेल), मोरङ : मदन भण्डारी स्मृति प्रतिष्ठान।
- लामिछाने, तिलक (२०८१), 'मदन भण्डारीको साहित्यिक सौन्दर्य' **कलासाहित्यमा मदन भण्डारी** (प्रधान सम्पा. आर.सी. न्यौपाने), काठमाडौँः जनसांस्कृतिक महासङ्घ, नेपाल।
- शर्मा ओली, के.पी.(२०८०), 'जबजको मार्गदर्शनमा समाजवादतर्फको यात्रा' **जबजको सौन्दर्य चिन्तन** (प्रधान सम्पा.आर.सी. न्यौपाने), काठमाडौँः जनसांस्कृतिक महासङ्घ, नेपाल।
- (सन् १९८८). **दर्शनकोश** (हिन्दी अनुवाद), मस्कोः प्रगति प्रकाशन।



*'गाउँ गाउँबाट उठ, बस्ती बस्तीबाट उठ' शीर्षकको लोकप्रिय गीतको आधारमा एआईद्वारा सिर्जित तस्बिर।*

**संस्मरण**

# जनगीत, चेतना र परिवर्तनको यात्रा

**नेपालको वामपन्थी तथा लोकतान्त्रिक आन्दोलनमा प्रगतिशील गीत–सङ्गीतको ऐतिहासिक भूमिका र वर्तमान सन्दर्भ**



**– सोम राई**

आज समय बदलिएको छ। प्रविधि बदलिएको छ। सङ्गीतको स्वरूप बदलिएको छ। तर अन्याय, विभेद र असमानताको प्रश्न अझै बाँकी छन्। त्यसैले प्रगतिशील गीत–सङ्गीतको ऐतिहासिक भूमिका समाप्त भएको छैन। बरु नयाँ पुस्ताले त्यसलाई नयाँ भाषा, नयाँ लय र नयाँ सन्दर्भमा पुनर्जीवित गर्नुपर्ने आवश्यकता झन् बढेको छ।

वि.सं. २०१७ मा राजा महेन्द्रले निर्वाचित सरकार विघटन गरेर राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाएपछि नेपाल एउटा लामो निरङ्कुश कालखण्डमा प्रवेश गर्‍यो। 'निर्दलीय प्रजातन्त्र' भनिएको पञ्चायती व्यवस्था वास्तवमा राजतन्त्रको पूर्ण नियन्त्रणमा रहेको राजनीतिक संरचना थियो, जसले जनताको अभिव्यक्ति स्वतन्त्रतालाई मात्र होइन, विचार, चेतना र संस्कृतिलाई समेत नियन्त्रण गर्ने प्रयास गरेको थियो।

त्यो समय बोल्नु अपराध थियो, लेख्नु जोखिम थियो र सत्य बोल्नु विद्रोह थियो। पत्रपत्रिका, पुस्तक, पर्चा वा सार्वजनिक अभिव्यक्तिका सबै माध्यम राज्यको निगरानीमा थिए। राजनीतिक दलको नाम उच्चारण गर्नसमेत डर मान्नुपर्ने अवस्था थियो। त्यस बखतका सीमित साप्ताहिक पत्रिकाहरूमा राजनीतिक समाचार प्रकाशन गर्दा प्रतिबन्धित अर्थात् 'प्र. नेपाली कांग्रेस' वा 'प्र. नेपाल कम्युनिष्ट पार्टी' भनेर लेख्नुपर्ने समय थियो त्यो।

सार्वजनिक स्थलमा चार जना भेला भएर कुराकानी गर्दा समेत गुप्तचरले निगरानी गर्थे। गाउँको चिया पसलमा कसैले अन्यायको कुरा गर्यो भने 'राजनीति गर्यो' भनेर शंकाको दृष्टिले हेरिन्थ्यो। तर इतिहासले देखाएको एउटा सत्य के हो भने, जहाँ मानिसलाई बोल्न रोक लगाइन्छ, त्यहाँ गीत बोल्न थाल्छ। नेपालको प्रगतिशील गीत–सङ्गीतको इतिहास यही उकुसमुकुस विरुद्ध जन्मिएको सांस्कृतिक प्रतिरोधको इतिहास हो।

**पञ्चायती राष्ट्रवाद र सांस्कृतिक नियन्त्रण**

पञ्चायती व्यवस्थाले केवल राजनीति मात्र नियन्त्रण गरेन, उसले राष्ट्रको परिभाषालाई समेत आफ्नो अनुकूल ढाल्ने प्रयास गर्यो। राष्ट्र भनेको हिमाल, पहाड, तराई, गैँडा, हात्ती, डाँफे, मुनाल, लालीगुराँस र राजसंस्थाका प्रतीकहरूको समष्टि मात्र हो भन्ने भाष्य निर्माण गरियो। रेडियो नेपालमा प्रसारित 'राष्ट्रिय गीतहरू'मा राजा–रानी, भौगोलिक सौन्दर्य र प्रकृतिको स्तुति गरिन्थ्यो; तर किसानको भोक, मजदुरको पसिना, महिलामाथिको विभेद, दलितमाथिको अपमान वा युवाको बेरोजगारीजस्ता यथार्थका विषयहरू भने ओझेलमा पारिन्थे।

त्यो समयमा रेडियो नेपालमा प्रसारित हुने अधिकांश गीतहरू माया–प्रेममा केन्द्रित हुन्थे। तीमध्ये पनि विश्वासघात, धोका र वियोगबाट उत्पन्न नैराश्य बोकेका पलायनवादी गीतहरूको वर्चस्व देखिन्थ्यो। त्यसैगरी, लोकगीतका नाममा प्रस्तुत गरिने धेरै गीतहरूमा महिलामाथि गरिने व्यङ्ग्य, छेडछाड तथा पितृसत्तात्मक सोच हाबी हुन्थ्यो। यसरी राज्यले सांस्कृतिक क्षेत्रलाई समेत जनचेतनाबाट टाढा राख्ने प्रयास गरिरहेको थियो। तर यही अँध्यारो समयमै केही सचेत सर्जकहरूले गीत–सङ्गीतलाई चेतनाको दियो बाल्ने सशक्त माध्यमका रूपमा प्रयोग गर्न थाले।

यस्ता पलायनवादी गीतहरूको सट्टा 'सङ्घर्ष हो जीवन, जीवन सङ्घर्ष हो; जीवनदेखि थाकेर बस्छु नभन, जीवनदेखि हारेर मर्छु नभन...' र 'कार्यशील जिन्दगी, बगिरहने नदी हो...' जस्ता जीवनवादी गीतहरू गुञ्जिन थाले। यस्ता गीतहरूले जनतामा सकारात्मक सोचको विकास गर्दै निरन्तर सङ्घर्षमा अग्रसर हुन प्रेरित गरिरहे।

**सामाजिक–सांस्कृतिक चेतनाका प्रारम्भिक स्वरहरू**

नेपालमा प्रगतिशील सांस्कृतिक चेतनाको बीजारोपण पञ्चायत सुरु हुनुअघि नै भइसकेको थियो। राणाशासनविरुद्धको सङ्घर्षका क्रममा सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, लक्ष्मीप्रसाद देवकोटा, युद्धप्रसाद मिश्र, गोकुल जोशी, केवलपुरे किसान जस्ता सर्जकहरूले साहित्य र गीतमार्फत विद्रोही चेतनालाई अभिव्यक्ति दिएका थिए।

लक्ष्मीप्रसाद देवकोटाको 'सुनको दिन एक उदाउँछ रे, यस देश खुलिकन आउँछ रे...', गोपालप्रसाद रिमालको 'एक जुगमा एक दिन एकचोटि आउँछ' र रामचन्द्र भट्टराईको 'हाम्रो अदम्य क्रान्ति रोकेर रोकिँदैन' जस्ता सिर्जनाहरू केवल साहित्यिक रचना थिएनन्; ती परिवर्तनका उद्घोष थिए।

गोकुल जोशीले लेखेको 'नमार गरीबलाई, नजाऊ अङ्ग्रेजी पल्टनमा' जस्ता गीतले नेपाली युवालाई विदेशी शक्तिको स्वार्थका लागि होइन, आफ्नै देशमा अधिकार र न्यायका लागि सङ्घर्ष गर्न प्रेरित गरेको छ। यसैगरी, धर्मराज थापाको 'हरियो डाँडामाथि हलो जोत्ने साथी, हो हो माले हो हो...' जस्ता गीतमा श्रमप्रतिको सम्मान व्यक्त गरिएको पाइन्छ। यी सबै सिर्जनाले नेपाली साङ्गीतिक परम्परालाई जनजीवनतर्फ फर्काउने प्रारम्भिक प्रयास गरेका थिए।

**राल्फा: साङ्गीतिक विद्रोहको ऐतिहासिक मोड**

२०२० को दशकमा आएर नेपाली प्रगतिशील गीत–सङ्गीतले सङ्गठित स्वरूप ग्रहण गर्यो। यसको केन्द्रमा थियो- 'राल्फा'। रामेश, रायन, अरिम र मञ्जुल (सुरुमा गणेश रसिकसमेत) सम्मिलित राल्फा समूहले नेपाली सङ्गीतलाई पहिलोपटक प्रतिरोधको भाषामा अनुवाद गर्यो। राल्फा कुनै परम्परागत साङ्गीतिक समूह थिएन। त्यो सांस्कृतिक विद्रोह थियो। सुरुमा कुनै खास वैचारिक धारमा समाहित भइनसकेको भएता पनि राल्फालीहरू गीत, कविता, चित्रकला र विचारमार्फत समाजको जडता भत्काउन चाहन्थे।

'कोही त भने जहाजमा हरर, कोही त भने पसिना तरर, हाम्रो नेपालमा...', 'गाई त बाँध्यो ढुङ्ग्रोमा, मोही छैन– मोही छैन; गरिबको चमेली बोल्दिने कोही छैन...', 'सुतेकालाई उठाइदिन्छु, मरेकालाई ब्यूँझाइदिन्छु, आगोलाई सल्काइदिन्छु...' जस्ता विद्रोही गीतहरूका साथै 'कोसीछेउ उभेको सिमल जति नि बाँच्दिनँ म, त्यही सिमल काटी बनेको डुङ्गा जति नि बाँच्दिनँ म..' तथा 'हिउँले ताछीदिएको छ मेरो धुपी सल्लालाई, बरफले बाँधिदिएको छ मेरो कल्कले खोलीलाई...' जस्ता काव्यिक उचाइ भएका सिर्जनामार्फत राल्फाले प्रचलित गीत–सङ्गीतको धारमाथि सशक्त हस्तक्षेप गरेको थियो।



राल्फाली कलाकारहरू, दायाँबाट क्रमश: मञ्जुल, रामेश र अरिम।
तस्बिर स्रोत: डा. टीका भण्डारीको फेसबुक)

त्यतिबेला पश्चिमी संसारमा साङ्गीतिक समूह बिटल्स लगायत बब डाइलन, जोन बाइज, पिट सिगर, साइमन एन्ड गार्फुङ्केल जस्ता कलाकारहरूले युद्ध, साम्राज्यवाद र सामाजिक अन्यायविरुद्ध गीत गाइरहेका थिए। त्यसको प्रभाव राल्फाली कलाकारहरूमा पनि परेको थियो। तर राल्फाले पश्चिमी प्रभावको नक्कल मात्र गरेन; उसले नेपाली समाजको यथार्थसँग त्यसलाई जोड्यो। राल्फाको एउटा ऐतिहासिक योगदान के थियो भने उसले गीतलाई 'मनोरञ्जन'बाट 'सामाजिक हस्तक्षेप'मा रूपान्तरण गर्यो।

'हामीले गाउने गीत...' साङ्गीतिक चेतनाको घोषणापत्र

पूर्वी पहाडी जिल्लाहरूको साङ्गीतिक भ्रमणको सिलसिलामा रामेश र मञ्जुलद्वारा तेह्रथुमको आठराईमा गाइएको एउटा गीत नेपाली प्रगतिशील सङ्गीतको ऐतिहासिक मोड बन्यो—

'मैले गाउने गीत पहाडको हैन, हिमालको हैन...'

यो गीत पञ्चायती राष्ट्रवादको विरोध थियो। तर जनताले सुझाव दिए, 'म' होइन 'हामी' भनिनुपर्छ। गीत हिमालको होइन, मजदुर–किसानको हुनुपर्छ। त्यसपछि यो गीतको पुनर्लेखन भयो—

'हामीले गाउने गीत मजदुरहरूको, किसानहरूको, रगत सुकाइ काम गर्ने श्रमिकहरूको...'

यो केवल गीत संशोधन थिएन; यो नेपाली सांस्कृतिक आन्दोलनको वैचारिक पुनर्जन्म थियो।

**जनगीत : उत्पीडितहरूको आवाज**

प्रगतिशील गीत–सङ्गीतले नेपाली समाजका आवाजविहीन समुदायहरूलाई आवाज दियो। त्यतिबेलासम्म नेपाली गीत–सङ्गीतमा राजा–रानी, प्रकृति र व्यक्तिगत माया–पिरतीको विषय हावी थियो। तर जनगीतहरूले किसान, मजदुर, दलित, महिला, सुकुम्बासी, प्रवासी र श्रमिकलाई केन्द्रमा ल्याए।

'मानिस छूत अछूत हुन्छ म भन्दै भन्दिनँ, जाति र पाति छुट्याउने रितलाई म मान्दै मान्दिनँ' भन्ने गीतले जातीय विभेदमाथि प्रश्न गर्यो।

'आमा दिदी बहिनी हो, कति बस्छौ दासी भै' र 'छोरीको यो जुनीलाई हेला गरी हिंड्नेलाई' भन्ने गीतले महिलालाई विभेद र असमानताको विरुद्ध प्रतिरोधका लागि आह्वान गर्यो।

यी गीतहरू जनताको यथार्थ जीवनका जीवन्त दस्तावेज थिए।

**जनकलाकारहरू: भूमिगत वामपन्थी आन्दोलनको सांस्कृतिक सेना**

३० र ४० को दशकमा राजनीतिक दलहरू भूमिगत अवस्थामा थिए। सभा आयोजना गर्न, सङ्गठन विस्तार गर्न



*सङ्कल्प परिवारका प्रमुख कलाकारहरू । दायाँबाट क्रमश: रामेश, अरिम, जेबी टुहुरे र शम्भु राई ।*

*वा खुला रूपमा प्रचार–प्रसार गर्न लगभग असम्भव थियो । यस्तो परिस्थितिमा सांस्कृतिक कार्यक्रमहरू आन्दोलनका वैकल्पिक माध्यम बने । कलाकारहरू गाउँ–गाउँ पुगेर रातभरि गीतमार्फत जनचेतना फैलाउने कार्य गर्थे ।*

*गाउँका किसानले पहिलोपटक 'शोषण' शब्द गीतबाट सुने । विद्यार्थीहरूले 'अधिकार' गीतबाट सिके । महिलाहरूले आफूविरुद्ध भइरहेको हिंसा र विभेदका बारेमा गीतबाटै प्रस्ट बुझे । त्यो समय जनगीतहरू आन्दोलनका पर्चा थिए, तर सङ्गीतको भाषामा । अर्थात्, अघि–अघि कलाकारहरू चेतनाको गोरेटो खन्दै हिँड्थे, पछि–पछि राजनीतिक दलहरू त्यही बाटो हुँदै जनतासम्म पुग्थे र उनीहरूलाई सङ्गठित गर्दथे ।*

### *सङ्कल्प गीति कार्यक्रम: सांस्कृतिक विस्फोट*

*२०३६ सालको जनमतसङ्ग्रह घोषणापछि आएको सीमित खुलापनले प्रगतिशील सांगीतिक आन्दोलनलाई केही सहज वातावरण प्रदान गर्‍यो । यही परिवेशमा विराटनगरमा आयोजित 'सङ्कल्प गीति कार्यक्रम' नेपाली सांस्कृतिक इतिहासको एक ऐतिहासिक घटना बन्यो । रामेश, मञ्जुल, अरिम, जेबी टुहुरे र शम्भु राईका साङ्गीतिक प्रस्तुतिहरू हजारौँ दर्शकका लागि सांस्कृतिक जागरणको अनुपम अनुभव बने । त्यहाँ प्रस्तुत गीतहरू केवल सुन्ने सामग्री मात्र थिएनन्; ती सामूहिक चेतना र परिवर्तनका घोषणापत्रका रूपमा स्थापित भएका थिए ।*

त्यस कार्यक्रमको अडियो क्यासेट गाउँ–गाउँमा पुग्यो । त्यसपछि बिस्तारै चिया पसल, छात्रावास, खेतबारी, वनजङ्गल र मेलापात जताततै जनगीत गुञ्जिन थाले ।

### जनगीतको विस्तार

२०३६ सालमा विराटनगरमा आयोजित 'सङ्कल्प गीति कार्यक्रम'पछि रामेश, मञ्जुल र अरिमसँगै जेबी टुहुरे, शम्भु राई तथा लोचन भट्टराईलगायतका कलाकारहरू पनि 'सङ्कल्प परिवार'सँग आबद्ध भए । त्यसबेला विराटनगरमा रहनुभएका मदन भण्डारीको सान्निध्यमा सक्रिय रहेका कलाकार जेबी टुहुरेले जनगीतलाई जनजीवनसँग गहिरो रूपमा जोडिदिए । उनका गीतहरूमा गरिबीको पीडा, श्रमिकको थकान र परिवर्तनको आशा सशक्त रूपमा अभिव्यक्त हुन्थ्यो । *'आमा दिदी बहिनी हो, कति बस्छौ दासी भई, सुखको सधैँ प्यासी बनेर...'* जस्ता गीतहरू नेपाली महिला चेतनाका सांगीतिक दस्ताबेजका रूपमा स्थापित भए ।

त्यसैगरी शम्भु राईले जनगीतमा नेपाली लोकधुनको मिठास थपे । मञ्जुल र श्याम तमोटका विचार र कलाले सिँगारिएका शब्द रचना, शम्भु राईका लोकआधारित धुन तथा मर्मस्पर्शी मधुर स्वरले जनगीतलाई अझ लोकप्रिय, प्रभावशाली र जनप्रिय बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरे ।

त्यसपछि राजधानी काठमाडौँसहित देशका विभिन्न भागमा विभिन्न व्यक्ति तथा साङ्गीतिक समूहहरूले प्रगतिशील गीत–सङ्गीतको माध्यमबाट जनवादी सांस्कृतिक अभियान नै सञ्चालन गरे । यस अभियानमा सैयौँ कवि कलाकारहरूको योगदान रह्यो । विक्रम सुब्बा, रेख ब्लोन, लव प्रधान, माधव प्रधान, विजय सुब्बा,

चेतनारायण राई, प्रमोद हमाल, रामकृष्ण दुवाल, यम पयङ्गु, अर्जुन पाण्डे, अच्युत फुयाँल (आभास), सरु सुब्बा, सीमा पोखरेल, राजन राई, साम्दे शेर्पा, नारद हार्तम्छाली, राजु तुलाधार, प्रतिमा तुलाधार आदि यस आन्दोलनसँग जोडिएका केही प्रमुख नामहरू हुन्।



*'हाम्रो गीत हाम्रो आवाज' शीर्षकमा २०३९ सालमा त्रिवि अडिटोरियम हल, कीर्तिपुरमा भएको गीति कार्यक्रम। दायाँबाट क्रमश: चेतनारायण राई, विजय सुब्बा र अर्जुन पाण्डे। तस्बिर स्रोत: डा. विजय सुब्बाको फेसबुक)*

### विद्यार्थी आन्दोलन र जनगीत

२०३६ सालको विद्यार्थी आन्दोलनदेखि २०४६ को जनआन्दोलनसम्म जनगीत विद्यार्थी राजनीतिसँग गहिरो रूपमा जोडियो। विश्वविद्यालय, क्याम्पस र छात्रावासहरूमा जनगीतहरूले राजनीतिक चेतना फैलाए। गीतहरू आन्दोलनका मनोवैज्ञानिक अस्त्र बने। जेल जानुअघि विद्यार्थीहरूले गीत गाउँथे। लाठीचार्जपछि पनि गीत बज्थ्यो। श्रद्धाञ्जली सभामा पनि गीत गाइन्थ्यो। हरेक बैठक, गोष्ठी, सभा र समारोहहरूको एक अभिन्न अङ्गका रूपमा रहेको थियो, जनताका गीतहरू। यसरी गीत आन्दोलनको भावनात्मक ऊर्जा बन्यो।

२०३६ सालको विद्यार्थी आन्दोलनदेखि २०४६ को जनआन्दोलनसम्म जनगीत विद्यार्थी राजनीतिसँग गहिरो रूपमा जोडिए। विश्वविद्यालय, क्याम्पस र छात्रावासहरूमा जनगीतहरूले राजनीतिक चेतना फैलाउने महत्त्वपूर्ण भूमिका निर्वाह गरे। ती गीतहरू आन्दोलनका मनोवैज्ञानिक अस्त्रका रूपमा स्थापित भए। जेल जानुअघि विद्यार्थीहरू गीत गाउँथे, लाठीचार्जपछि पनि गीतहरू घन्किन्थे, र श्रद्धाञ्जली सभाहरूमा समेत जनगीत गाइन्थे। यसरी हरेक बैठक, गोष्ठी, गोष्ठी, सभा र समारोहहरूमा जनगीत एक अभिन्न हिस्सा बन्न पुगेका थिए। तसर्थ, जनगीत वामपन्थी तथा लोकतान्त्रिक आन्दोलनको लागि भावनात्मक ऊर्जा, सामूहिक साहस र चेतनाको सशक्त माध्यम बनेका थिए।

### लोकतान्त्रिक आन्दोलनमा निर्णायक भूमिका

२०४६ सालको ऐतिहासिक जनआन्दोलन केवल राजनीतिक नेतृत्वको कारण सफल भएको होइन। त्यसअघि तीन दशकसम्म जनताको चेतनामा सञ्चित असन्तोषले विस्फोटको रूप लिएको थियो। त्यो चेतना निर्माणमा जनगीतहरूको निर्णायक भूमिका रहेको थियो।

प्रगतिशील गीतहरूले मानिसलाई 'डर' बाट 'प्रतिरोध' तर्फ डोर्याए। 'गाउँ गाउँबाट उठ, बस्ती बस्तीबाट उठ..' 'हिँड मेरा भाइ हो, झम्पल बोकेर, हिँड मेरी दिदी हो कुटो बोकेर..' जस्ता गीतहरूले मानिसलाई मानसिक रूपमा परिवर्तनकारी सङ्घर्षका लागि तयार पारे। यस अर्थमा जनगीतहरू लोकतान्त्रिक आन्दोलनका सांस्कृतिक हतियार थिए।

### सीमितता र अन्तर्विरोध

यद्यपि जनगीति आन्दोलन पूर्ण थिएन। कतिपय गीतहरू अत्यधिक नारामुखी भए। कला र विचारबीचको सन्तुलन सधैँ कायम रहन सकेन। प्रेम, सौन्दर्य, यौनिकता र व्यक्तिगत संवेदनालाई 'बुर्जुवा' भनेर अस्वीकार गर्ने प्रवृत्ति पनि थियो। यस सम्बन्धमा मोदनाथ प्रश्रितले उठाएको प्रश्न महत्त्वपूर्ण छ- 'जनताको जीवन प्रेमबिना पूर्ण हुन सक्छ र ?'

जनगीतहरूले श्रम, सङ्घर्ष र वर्गीय चेतनाका विषयलाई सशक्त रूपमा समेटे तापनि युवा मनका स्वाभाविक प्रेमभाव र संवेदनालाई पर्याप्त स्थान दिन


*अडिटोरियम हल कीर्तिपुरमा भएको एक सांस्कृतिक कार्यक्रममा दायाँबाट टीका भण्डारी, चन्द्र भण्डारी र उदय श्रेष्ठ। तस्बिर स्रोत: डा टीका भण्डारीको फेसबुक)*

सकेनन्। यही कारण कतिपय जनगीतहरू कलात्मक तथा भावनात्मक दृष्टिले अपेक्षाकृत कमजोर देखिन पुगे।

**२०४६ पछि किन कमजोर भयो जनगीति आन्दोलन ?**

बहुदलीय व्यवस्था स्थापना भएपछि सांस्कृतिक आन्दोलनले नयाँ संकट भोग्न थाल्यो। राजनीतिक दलहरू सत्ता, चुनाव र सरकारको राजनीतिमा केन्द्रित भए। सांस्कृतिक आन्दोलनलाई तत्कालीन प्राथमिकताबाट हटाइयो। कलाकारहरू आन्दोलनका बेला आवश्यक भए, तर परिवर्तनपछि बेवास्ता गरिए। बजारमुखी सङ्गीत उद्योग विस्तार भयो। मनोरञ्जन, उपभोक्तावाद र तात्कालिक लोकप्रियताले साङ्गीतिक क्षेत्रलाई व्याप्त बनायो। कतिपय कलाकार 'व्यावसायिक' भए, कतिपय निराश भएर अलग्गिए। यसरी एउटा ऐतिहासिक सांस्कृतिक आन्दोलन क्रमशः शिथिल बन्दै गयो।

**आजको सन्दर्भमा जनगीतको आवश्यकता**

आज नेपालमा लोकतन्त्र छ, संविधान छ, चुनाव छ। तर सामाजिक न्याय अझै अधुरो छ। युवा विदेशिन बाध्य छन्। महिला हिंसा र कायम छ। दलितमाथि विभेद छ। भ्रष्टाचार संस्थागत छ। राजनीतिक निराशा गहिरिँदै गएको छ। यस अवस्थामा फेरि समाजलाई जीवनवादी, चेतनामूलक र मानवीय गीतहरूको आवश्यकता छ।

आजका गीतहरूले पनि प्रश्न उठाउनुपर्छ- किन युवा गाउँ छोड्न बाध्य भइरहेका छन्? किन लाखौँ नेपाली रोजगारीको खोजीमा विदेशिन विवश छन्? किन महिलाहरू अझै पनि हिंसा र विभेदका सिकार बनिरहेका छन्? किन राजनीति जनताका दैनन्दिन समस्याबाट टाढिँदै गएको छ? यदि गीतहरूले पुनः समाजको यथार्थ, पीडा र आकाङ्क्षालाई अभिव्यक्त गर्न थाले भने जनगीतको नयाँ अध्याय सुरु हुन सक्छ।

नेपालको वामपन्थी तथा लोकतान्त्रिक आन्दोलनको इतिहास जनसङ्गीतबिना अधुरो छ। प्रगतिशील गीत–सङ्गीतले नेपाली समाजलाई चेतना दियो, प्रश्न गर्न सिकायो, अन्यायविरुद्ध उभिन प्रेरित गर्‍यो। ती गीतहरूले जनतालाई पहिलोपटक यो अनुभूति गराए- देश केवल भूगोल होइन, जनता पनि हो। लोकतन्त्र केवल चुनाव होइन, चेतना पनि हो।

तर आज समय बदलिएको छ। प्रविधि बदलिएको छ। सङ्गीतको स्वरूप बदलिएको छ। तर अन्याय, विभेद र असमानताको प्रश्न अझै बाँकी छन्। त्यसैले प्रगतिशील गीत–सङ्गीतको ऐतिहासिक भूमिका समाप्त भएको छैन। बरु नयाँ पुस्ताले त्यसलाई नयाँ भाषा, नयाँ लय र नयाँ सन्दर्भमा पुनर्जीवित गर्नुपर्ने आवश्यकता झन् बढेको छ। किनकि इतिहासले बारम्बार प्रमाणित गरेको छ- जब समाज मौन हुन्छ, गीत बोल्न थाल्छ। जब सत्ता क्रूर हुन्छ, सङ्गीत प्रतिरोध बन्छ। र, जब जनता उठ्न तयार हुन्छन्, उनीहरूका अगाडि कुनै न कुनै गीत अवश्य गुञ्जिरहेको हुन्छ।

**जनवादी सांस्कृतिक रूपान्तरणमा जननेता मदन भण्डारी, नेकपा (माले) र एमाले**

नेपालमा विभिन्न गुट उपगुटमा छरिएका कम्युनिस्ट पार्टीहरूले आ-आफ्नो हैसियतअनुसारका जनवादी सांस्कृतिक अभियानहरू चलाउँदै आएको भएता पनि मूल रूपमा तीसको दशकको सुरुदेखि तत्कालीन 'अखिल नेपाल कम्युनिस्ट क्रान्तिकारी को-अर्डिनेसन केन्द्र (माले)' हुँदै २०३५ सालमा गठित तत्कालीन नेकपा (माले)ले

जनवादी सांस्कृतिक आन्दोलनलाई प्रभावकारी रूपमा सञ्चालन गरेको थियो। जसको निरन्तरता हालको नेकपा (एमाले)ले कुनै नै कुनै रूपमा हालसम्म जारी राखेको छ।

स्वयं एक जनसांस्कृतिककर्मीका रूपमा नेकपा (पुष्पलाल समूह)को जनवादी सांस्कृतिक मोर्चामार्फत राजनीतिक यात्रा प्रारम्भ गर्नुभएका जननेता मदन भण्डारीद्वारा प्रतिपादित 'जनताको बहुदलीय जनवाद (जबज)'लाई मार्गदर्शक सिद्धान्तका रूपमा अवलम्बन गरेको नेकपा (एमाले)ले प्रगतिशील सांस्कृतिक रूपान्तरणका लागि समाजमा वैज्ञानिक, लोकतान्त्रिक, मानवतावादी तथा राष्ट्रवादी चेतनाको विकास गर्न विशेष पहल गर्नुपर्दछ। सांस्कृतिक आन्दोलनलाई समाजको समग्र चेतना, मूल्य प्रणाली र जीवनशैलीको रूपान्तरणसँग जोड्न आवश्यक छ। अन्धविश्वास, रूढिवाद, जातीय विभेद, लैङ्गिक असमानता, छुवाछूत, हिंसा तथा उपभोक्तावादी विकृतिका विरुद्ध वैचारिक र सांस्कृतिक अभियान सञ्चालन गरिनुपर्छ।

नेकपा (एमाले)ले नेपालको बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विशेषतालाई सम्मान गर्दै राष्ट्रिय एकता, सहिष्णुता र सामाजिक सद्भावलाई सुदृढ बनाउने संस्कृति विकास गर्नुपर्छ। साथै, श्रमको सम्मान, नैतिकता, सामाजिक उत्तरदायित्व, देशभक्ति र सामूहिकताको मूल्यलाई प्रोत्साहन गर्ने नयाँ सांस्कृतिक चेतनाको निर्माणमा जोड दिनुपर्छ। आधुनिक विज्ञान–प्रविधिको उपयोग गर्दै सांस्कृतिक साम्राज्यवाद, विकृत मनोरञ्जन र मूल्यहीन उपभोक्तावादको प्रतिवाद गर्नुपर्छ।

यसका साथै साहित्य, कला, सञ्चारमाध्यम, शिक्षा तथा सामाजिक अभियानमार्फत जनमुखी, लोकतान्त्रिक र समाजवादउन्मुख संस्कृतिको विकास गर्दै 'समृद्ध नेपाल, सुखी नेपाली' राष्ट्रिय आकाङ्क्षालाई सांस्कृतिक आधार प्रदान गर्नु आजको प्रमुख आवश्यकता हो।

## जनवादी सांस्कृतिक आन्दोलनको पुनर्जीवन तथा पुनर्संगठन

जनवादी सांस्कृतिक आन्दोलनको मूल शक्ति केवल कलाकारको प्रस्तुति होइन, त्यसको वैचारिक प्रतिबद्धता, जनतासँगको आत्मीय सम्बन्ध र सामाजिक रूपान्तरणप्रतिको समर्पण हो। विगतमा जनताका कलाकारहरू आन्दोलनका सांस्कृतिक योद्धाका रूपमा गाउँ–गाउँ पुग्थे। उनीहरूका गीत, नाटक र प्रस्तुतिहरूले जनतामा आशा, उत्साह र परिवर्तनको चेतना जगाउँथे। त्यहाँ आर्थिक लाभभन्दा आन्दोलनप्रतिको आस्था, आदर्श र सामूहिक भावनाको प्रधानता हुने गर्दथ्यो।

वर्तमान समयमा सांस्कृतिक क्षेत्र पनि बजारवादी प्रभावबाट अछुतो रहन सकेको छैन। व्यावसायिक कलाकारहरूको भूमिका पूर्ण रूपमा अस्वीकार गर्न नसकिने भए पनि केवल पारिश्रमिकमा आधारित प्रस्तुतिले जनआन्दोलनको आत्मा र भावनात्मक ऊर्जा निर्माण गर्न सक्दैन। त्यसैले जनवादी सांस्कृतिक आन्दोलनलाई पुनर्जीवित गर्न नयाँ पुस्ताका प्रतिबद्ध सांस्कृतिक कर्मीहरूको निर्माण अत्यावश्यक छ।

यसका लागि राजनीतिक तथा सांस्कृतिक सङ्गठनहरूले वैचारिक प्रशिक्षण, सिर्जनात्मक कार्यशाला, स्थानीय सांस्कृतिक समूह निर्माण तथा जनजीवनसँग जोडिएका सिर्जनाको प्रवर्द्धन गर्नुपर्छ। जनवादी गीत-सङ्गीतलाई आधुनिक शैली, प्रविधि र नयाँ पुस्ताको सौन्दर्यबोधसँग जोड्दै पुनर्सृजन गर्न आवश्यक छ। साथै, सांस्कृतिक अभियानलाई केवल चुनावी अभियान वा औपचारिक कार्यक्रममा सीमित नराखी जनताको दुःख, श्रम, सङ्घर्ष र सपनासँग निरन्तर जोडिएको जीवन्त अभियानका रूपमा विकास गर्नुपर्दछ।

त्यसैगरी, समर्पित कलाकारहरूको सम्मान, संरक्षण र न्यूनतम जीवन–सुरक्षाको व्यवस्था गर्नु पनि आवश्यक छ। केवल 'स्वयंसेवा'को भावनामा टिकाएर दीर्घकालीन सांस्कृतिक आन्दोलन अघि बढ्न कठिन हुन्छ। त्यसैले आदर्श, सिर्जनात्मकता र सम्मानजनक सहयोग, यी तीनै पक्षबीच सन्तुलन कायम गर्दै जनवादी सांस्कृतिक आन्दोलनलाई पुनर्गठित गर्नु आजको आवश्यकता हो।

*भूमिगतकालमा जनवादी सांस्कृतिक आन्दोलनमा सहभागी सोम राई यस क्षेत्रको अध्ययन र अनुसन्धानमा सक्रिय हुनुहुन्छ। साथै उहाँ नेपालको ट्रेड युनियन आन्दोलनमा पनि सम्बद्ध हुनुहुन्थ्यो।*



अनुभूति

# मदन भण्डारीको नेतृत्वशैली र नेतृत्व विकास अवधारणा



– खगेन्द्र चुँडाल

मदन ज्यादै सादा जीवन, सोचाइ/विचार र गराई (व्यवहार)मा तादात्म्यता राख्न सक्ने. दृढ, मिलनसार, आत्मीय राजनेता भएर पनि सरस, सरल स्वभाव एवं शैलीका धनी हुनुहुन्थ्यो। उहाँसँग न कुनै डर, त्रास थियो, न कुनै लोभलालच थियो, न कुनै पारिवारिक एवं निजी स्वार्थ थियो। हरेक सवालका बारेमा यथार्थपरक, वस्तुवादी व्याख्या विश्लेषण गर्नुहुन्थ्यो।

### पृष्ठभूमि

२०३६ सालको आन्दोलनका क्रममा बीकम मुख्या र बीके देवकोटा (बालकृष्ण देवकोटा)मार्फत मदनसँग मेरो सम्पर्क भएको थियो। ०२५ सालमा भारतले नेपालका सुस्ता र महेशपुरमा अतिक्रमण गरेको विरोधमा भएको विद्यार्थी आन्दोलन, ०२६/०२७ सालमा गरिएको किसान आन्दोलन र झापामा भएका/गरिएका विभिन्न आन्दोलनले सबैतिर प्रभाव पार्‍यो, देशको कुनै भाग पनि अछुतो रहेन। यो आन्दोलनका क्रममा (अवस्था र उमेरअनुसार) सशक्त एवं सक्रिय रूपमा भूमिका निर्वाह गर्दै म राजनीतिमा सहभागी भएको थिएँ। पदम दाइ र म अघिल्लो पंक्तिमा थियौँ। पाठशालाको जीवनदेखि नै स्वतन्त्र विद्यार्थी युनियनको पदाधिकारीका हैसियतमा विद्यार्थी आन्दोलनमा सक्रिय सहभागी थिएँ।

मैले सिद्धान्त एवं दर्शनको कुरा त खासै बुझेको थिइनँ। तर सामन्त, पुँजीपति, शोषण, शोषक, सर्वहारा, गरिब, मजदुर, विस्तारवाद र साम्राज्यवादजस्ता केही परिभाषिक शब्दहरूका बारेमा केही ज्ञान थियो। हामीलाई चिनियाँ क्रान्ति एवं माओत्सेतुङका बारेमा, खास गरेर रातो किताब पठाइन्थ्यो। त्यस समयमा नेत्र घिमिरे, पुण्य शर्मा (निरौला), नारायण उप्रेती (प्रअ), ईश्वरी सङ्ग्रौला हामीलाई पढाउने शिक्षक थिए। पुण्य शर्मा झापा विद्रोहका क्रममा भारतबाट आउँदा काँकडभिट्टामा समातिए र मारिए भन्ने भनाइ पाइएको छ। ०२६/०२७ सालमा झापामा व्यापक रूपमा उठेको किसान आन्दोलन जमिन्दारी प्रथाको विरोधमा केन्द्रित थियो।

०३६ सालदेखि मदनको हत्या हुनुभन्दा तीन दिनअगाडिसम्म मदनसँग मेरो सम्पर्क–सम्बन्ध र उठबस थियो। त्यो १५–१६ वर्षको अवधिमा मदनको नेतृत्वमा

रहेर राजनीतिक, साङ्गठनिक र वैचारिक कामका दौरान धेरै शिक्षा लिएको छु। विभिन्न विषय एवं क्षेत्रसँग सम्बन्धित अनुभवहरू सँगालेको छु। सँगसँगै रहँदा–बस्दा कहिलेकाहीँ छलफलका क्रममा विवाद पनि भए। सार/रूपमा मैले मदन भण्डारीलाई एक सफल राजनेता, साँचो अर्थमा एक मात्र 'कमरेड' स्वयम् अभिभावकका रूपमा लिएको छु।

००६/००७ सालतिर सुरु भएको किसान आन्दोलन ०१५ सालतिर अगाडि बढ्दै जाँदा 'धुर बैठक' आन्दोलन र खमार आन्दोलनजस्ता चर्चित र महत्त्वपूर्ण स्वरूपमा विकसित भएको पाइन्छ। यस आन्दोलनले उत्तरार्द्धमा सशस्त्र विद्रोहको रूपसमेत लिएको पाइन्छ। यस आन्दोलनमा राजवंशी समुदायको सहभागिता एवं सक्रिय सलग्नता रहेको पाइन्छ। पुहाँतु राजवंशी यसका अगुवा नेता थिए। सबै आन्दोलनको नेतृत्व कम्युनिस्ट पार्टीले नै गरेको थियो। यी सबै ऐतिहासिक तथ्यले ०२८/०२९ सालको झापा विद्रोह शून्यबाट सुरु भएको होइन, यो माथि उल्लेख गरिएको सङ्घर्षको जगमा भएको हो भने अर्कोतर्फ यिनै सङ्घर्षको विकसित रूप ०२८/०२९ सालको झापा विद्रोह हो भन्ने स्पष्ट हुन्छ।

यो विद्रोहले नेकपा (माले)को विजारोपण गर्‍यो। अर्थात् नेकपा (माले)को आधार/जग यो विद्रोह हो। नेकपा (एमाले) को प्रमुख घटक नेकपा (माले) थियो। यसैको गर्भबाट एमालेको जन्म भएको हो भन्दा खासै फरक पर्दैन।

०२६/०२७ सालमा गरिएको किसान आन्दोलनमा युवा विद्यार्थीको सशक्त एवं सक्रिय सहभागिता थियो। आन्दोलनको समयमा म स्वविय उपसभापति थिएँ। यो आन्दोलन महँगीको विरोधका साथै जमिनमाथि किसानको हैसियत/हक कायम गरिनुपर्नेजस्ता मागबाट सुरु भएर धानबाली र खमार कब्जा गर्ने, लुट्ने तहसम्म विकसित भयो। हामी पढ्ने पाठशालाका प्रधानाध्यापक नारायण उप्रेतीको भनाइ थियो– अहिले धानबाली खमार कब्जा गरेर स्थायित्व दिन सकिन्न, त्यसकारण कानुनी प्रक्रिया र सङ्घर्ष दुवै क्षेत्रबाट कम्तीमा पनि मोहियानी हक कायम गर्ने र बाली बुझेको भर्पाइ जग्गाधनीले दिनुपर्ने माग पूरा गराउन आन्दोलन र दबाब सिर्जना गर्नुपर्छ। हामी (म, पदम दाइलगायत अन्य केही साथीहरू) यसको पक्षमा उभियौँ। नेत्र घिमिरे, पुण्य शर्मा र ईश्वरी सङ्ग्रौलाहरू यसको विपक्षमा उभिए। उनीहरूको भनाइमा नारायण उप्रेतीको सोचाइ सङ्घर्षविरोधी, समर्पणवादी, संशोधनवादी थियो। यसै किसान आन्दोलनको जगबाट सुरु भएको ०२८/०२९ सालको झापा विद्रोह अलि बढी अव्यवस्थित, सामूहिकभन्दा बढी व्यक्तिगत योजना एवं आग्रहका आधारमा सञ्चालित अराजक प्रकृतिको थियो। झापा किसान आन्दोलनमाथि सरकारी दमन तीव्र बन्यो। यसरी झापा आन्दोलनको एउटा शृङ्खला अन्त्य भयो भने अर्को शृङ्खला झापा विद्रोह (सशस्त्र सङ्घर्ष) सुरु भयो।

यो विद्रोहबाट म अलग त बसेँ, तर विद्यार्थी आन्दोलन एवं अनेरास्ववियुप्रतिको आस्थामा कुनै तलबितल भएन। अझ बीए पढ्दाको समयमा अध्ययन गर्ने र बुझ्ने क्रमलाई तुलनात्मक रूपमा अलि बढी नै व्यवस्थित तुल्याएँ। ०३६ सालको विद्यार्थी आन्दोलनमा मेरो सहभागिता रहनुको साथै नेतृत्वदायी भूमिका पनि रह्यो।

यिनै कारण र मेरो पृष्ठभूमिका कारणले ०३८ सालमा मदनसँग सुरुमै मेरो सोझो सम्पर्क गराइयो।

०३६ सालदेखि मदनको हत्या हुनुभन्दा तीन दिनअगाडिसम्म मदनसँग मेरो सम्पर्क, सम्बन्ध र उठबस थियो। यो १५–१६ वर्षको अवधिमा मदनको नेतृत्वमा रहेर राजनीतिक, साङ्गठनिक र वैचारिक कामको दौरान धेरै शिक्षा लिएको छु। विभिन्न विषय एवं क्षेत्रसँग सम्बन्धित अनुभवहरू सँगालेको छु। सँगसँगै बस्दा कहिले कहिले छलफलका क्रममा विवाद पनि भए। सार/रूपमा मैले मदन भण्डारीलाई एक सफल राजनेता, साँचो अर्थमा एकमात्र 'कमरेड' र स्वयम् अभिभावकका रूपमा लिएको छु।

अहिले आएर नेकपा (एमाले)को समीक्षा गर्दा कतै पार्टी र क्रान्ति भनेर केही निश्चित व्यक्ति र उनका परिवार र आफन्तका लागि जीवन नै स्वाहा त गरिएन भन्ने प्रश्नले सताइरहन्छ। हामीहरूले निर्माण गरेको र जनताबीच आदर्शका रूपमा स्थापित पार्टी र विचारको कसीमा खरो उत्रिएका भनिएका नेता–कार्यकर्ताको सोचाइ, व्यवहार, आचरण, शैली, सार र रूप यस्तै हुन्छ ? यस्तो होइन भने के कस्तो हुनुपर्छ ? यस्ता अनेक सवालले मन उद्विग्न

बनाइरहन्छ। तर, के गर्ने ? तत्कालै हामीसँग यसको विकल्प पनि छैन।

यिनै सवालहरूलाई मध्यनजर राखेर नेतृत्वको विकास र यसको महत्त्वबारेमा मदन भण्डारीका विचार उल्लेख गर्नु सान्दर्भिक एवं आवश्यक भएको छ। नेतृत्व वैचारिक एवं साङ्गठनिक रूपमा गलत भएमा पार्टी समाप्त हुनेमात्र होइन, जनता र राष्ट्रले ठूलो कुर्वानी गर्नुपर्ने हुन्छ।

**नेतृत्वबारे**

नेतृत्व भन्नाले कुनै अमुक व्यक्ति भनेर बुझ्ने अथवा नेतृत्व तहमा को छ, कसको पकड छ भन्ने आधारमा नेतृत्वको समर्थन वा विरोध गर्ने प्रचलन सुरु भएको धेरै भएको छैन। तर, यस कार्यशैलीले पार्टीलाई निकै आक्रान्त बनाएको छ। यसै लेखाजोखाका आधारमा कुन नेता र उसको कुन–कुन कार्यकर्ताले अकृत्य कर्म गर्न पाउने भन्ने अघोषित निर्णय गरेको पाइन्छ। यो नितान्त सामन्ती तरिका वा शैली हो। तर, नेतृत्व भनेको विचार, नीति, कार्यशैली हो। कम्युनिस्ट पार्टीमा नेतृत्वको नीति, विचार, कार्यशैली, सर्वहारा वर्गीय अथवा मार्क्सवाद–लेनिनवादबाट निर्देशित हुनुपर्छ।

नेतृत्वको सवालमा व्यक्ति, विचार, नीति र शैलीको सूत्रधार र संवाहक हो। गलत विचार शैलीको प्रसार गरियो भने यसले अकृत्य कर्म गर्न पाउने आधार दिन्छ र कालान्तरमा नेतृत्वसँगै पार्टी पनि विस्थापित हुन्छ। नेतृत्व कुनै जड बस्तु होइन। विचार नीतिका आधारमा स्थापित हुने हो। 'मान या नमान मै तेरा मेहमान' भन्ने शैली कति ठीक हुन्छ ? सर्वहारा श्रमजीवी वर्गको नेतृत्व मार्क्सवाद–लेनिनवादको मार्गदर्शनमा चल्ने पार्टी तथा यसका आधारमा निर्मित विचार, नीति तथा कार्यशैलीले मात्र गर्न सक्छ। यस विषयलाई केवल सैद्धान्तिक रूपमा पुस्तक वा दस्ताबेजमा उल्लेख गरेर मात्र हुँदैन। यसका लागि व्यवहार, कार्यशैली, तरिका सोहीअनुरूपको हुनुपर्छ। नेतृत्व भनेको कामको दौरान पहलकदमीद्वारा स्थापित हुन्छ। यो कसैलाई टीका लगाएर दिइने अथवा स्थापित गरिने विषय होइन। कम्युनिस्ट पार्टीको नेतृत्व र भूमिकालाई कुनै पनि प्रकारले कम गर्ने, नजरअन्दाज गर्ने वा होच्याउने प्रवृत्ति हानिकारक छ। कम्युनिस्ट पार्टी आफैं व्यापक जनताको बीचमा परिचित, प्रिय, सम्मानित र पत्यारिलो नेता हुन सक्छ र हुनुपर्छ।

नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी)को तात्कालिक कार्यनीति–२०४९, (पृष्ठ १५) अनुसार पनि कम्युनिस्ट पार्टीलाई स्थापित गराउने जनताबीचमा प्रिय र सम्मानित बनाउने भनेकै नेता र कार्यकर्ता हुन्। यसैकारण नेतृत्व र नेतृत्व विकासबारे छलफल गर्नुपर्छ, यसका मापदण्ड अर्थात् नीति तय गरिनुपर्छ। यदि नेतृत्वतहबाट सोहीअनुरूपरको आचरण भएन, व्यहार भएन भने कार्यकर्ता जनतामा निराशा छाउँछ र यो निराशाले पार्टी विस्थापित हुनेमात्र होइन, निराशा विद्रोहमा परिणत पनि हुन सक्छ।

**मदनसँग सम्पर्कको सुरु–सुरुतिर**

मदनसँग सम्पर्क भएको सुरुमा मैले नेकपा (माले) प्रति आफ्नो न समर्थन न विरोधको अवस्था अर्थात् उदासीन रहेको कुरा बताएँ। यसैक्रममा ०२८/०२९ सालको झापा विद्रोह ठीक नलागेको, शान्ति क्षेत्रको प्रस्तावप्रति आलोचनात्मक समर्थन ठीक नलागेको र यसको विरोध गर्नु उचित भएको आफ्ना विचार राखेँ। छलफलका दौरान मदनले झापा विद्रोह र शान्ति क्षेत्रको प्रस्तावबारे पार्टीमा छलफल चलिरहेको र तपाईंका विचारहरूको पनि प्रतिनिधित्व भएको छ भन्नुभयो। यसै प्रसङ्गमा उहाँले आफ्ना विचारहरू राख्दै 'पार्टी काममा लाग्नाले नै सफलता प्राप्त हुन्छ, एक्लो व्यक्तिको एक्लो विचारको कुनै अर्थ रहन्न' भन्दै पार्टीमा सङ्गठित भएर राजनीतिक, साङ्गठनिक र वैचारिक काममा जुट्न अलि बढी नै दबाब दिनुभयो। आन्दोलनका कारण अलि बढी नै 'एक्सपोज' भएका कारण तथा मदनसँगको सम्पर्कले नै औपचारिक रूपमा पार्टीमा संलग्न हुनुपर्ने अवस्थामा पुगेँ। मलाई ०३६ सालमा पार्टी सदस्यता दिइयो। उक्त अवसरमा प्रदीप नेपाल पनि उपस्थित हुनुहुन्थ्यो।

**नेतृत्व र यसको विकास**

मदनसँग एउटै कमिटी र मातहत कमिटीमा बसेर लामो समयसम्म राजनीतिक र साङ्गठनिक काम गर्दा नेतृत्व र नेतृत्व विकास एवं शैलीका बारेमा उहाँको दृष्टिकोण र अनुभव उल्लेख गर्नु आजको सन्दर्भमा सान्दर्भिक नै हुन्छ। व्यक्तिगत रूपमा मदनका बारेमा केही कुरा राख्न उपयुक्त नै हुन्छ।

मदन ज्यादै सादा जीवन, सोचाइ/विचार र गराई (व्यवहार)मा तादात्म्यता राख्न सक्ने. दृढ, मिलनसार, आत्मीय राजनेता भएर पनि सरस, सरल स्वभाव एवं शैलीका धनी हुनुहुन्थ्यो। उहाँसँग न कुनै डर, त्रास थियो, न कुनै लोभलालच थियो, न कुनै पारिवारिक एवं निजी स्वार्थ थियो। हरेक सवालका बारेमा यथार्थपरक, वस्तुवादी व्याख्या विश्लेषण गर्नुहुन्थ्यो। उहाँका भनाइ, गराइ र तर्कमा दृढता, साहस यसै देख्न सकिन्थ्यो। उहाँले 'हलीदाइ'को नामबाट लेखेको कृतिमा जुन दृढता, साहस, क्रान्तिप्रति दृढ विश्वास र लक्ष्यप्रति स्पष्टता छ, व्यवहारमा पनि त्यस्तै हुन्थ्यो। यिनै कारणले गर्दा युवावस्थामै नेपाली समाज र क्रान्तिको एक मूर्धन्य व्यक्तित्व एवं अपराजयी अतुलनीय कुशल राजनेता बन्न पुग्नुभयो। आफ्नो आलोचना सुन्न पनि सक्ने र तर्क र तथ्यका आधारमा आलोचना पुष्टि भए आफ्ना आलोचित विचारलाई छोडेर आलोचकको विचार वा सवाललाई आफ्नै विचारझैँ लिएर हिँड्न सक्ने आदर्श स्वभाव एवं विचार थियो मदन भण्डारीको।

(क) आलोचना/आत्मालोचनाले मानिसलाई सुधार्ने र कमजोरीबाट मुक्त हुन मद्दत पुऱ्याउँछ र पुऱ्याउनुपर्छ। आलोचना/आत्मालोचनाले नेतृत्वप्रतिको भरोसा बढेर जान्छ र नेतृत्व विकासमा यसले सकारात्मक सहयोग पुऱ्याउँछ भन्ने मदनको भनाइ रहन्थ्यो। नेतृत्व विकास एवं स्थापित गर्न यो पहिलो र निरन्तर सञ्चालन गर्नुपर्ने प्रक्रिया पनि हो भन्नुहुन्थ्यो मदन भण्डारी। उहाँ हरेक व्यक्तिको चेतनास्तर, क्षमता एवं जिम्मेवारीका आधारमा आलोचनाको पनि स्तर निर्धारण गर्न सकिन्छ भन्ने गर्नुहुन्थ्यो। यसमा प्रयोग गरिने शब्द, भाषा एवं अभिव्यक्तिको शैलीले आलोचनाको स्तर एवं तहको निर्धारण गर्दछ भन्नुहुन्थ्यो। यसकारण आलोचना सिर्जनात्मक र आत्मीय हुनुपर्छ। उहाँ नेतृत्व र नेतृत्व विकास दुई अभिन्न पक्ष हुन् भन्नुहुन्थ्यो। नेतृत्वले नेतृत्वको विकास नगरे भविष्यमा सङ्गठन र पार्टी चल्न सक्दैन भन्ने विचार राख्नुहुन्थ्यो।

(ख) हरेक कार्यकर्तालाई दिएको जिम्मेवारीप्रति जिम्मेवार बनाउनुपर्छ। त्यसका लागि पार्टी सङ्गठनप्रति प्रतिबद्ध बनाउँदै राजनीतिक र वैचारिक क्षमताको विकास गर्न हरतरहले मद्दत एवं सहयोग गर्नुपर्छ। नेतृत्व विकासका लागि यो दोस्रो प्रक्रिया हो। नेतृत्व विकासमा यसले थप बल पुऱ्याउँछ भन्नुहुन्थ्यो। यसै प्रसङ्गमा उहाँ माथिल्लो कमिटी वा नेताले ठाडो हस्तक्षेप गर्नु उचित हुन्न, उसलाई आफैँ समस्या हल गर्न मद्दत गर्नुपर्छ भन्नुहुन्थ्यो। तर, त्यसो गर्दा पार्टीको अनुशासन र मर्यादामा आँच आउन दिनुहुन्न भन्ने भनाइ थियो मदनको। यस प्रसङ्गसँग जोडिएको एउटा घटना उल्लेख गर्नु सान्दर्भिक हुन्छ।

०३७ सालमा नेकपा (माले)का तर्फबाट तत्कालीन नेकपा मनमोहन समूहसँग सम्पर्कको माध्यम म थिएँ। उक्त समूहका तर्फबाट भरतमोहन अधिकारी र कमल कोइराला हुनुहुन्थ्यो। उहाँहरू माथिल्लो स्तरको नेता सकेसम्म सीपी मैनालीसँग भेट गर्ने कुरा राख्ने गर्नुहुन्थ्यो। उहाँहरूसँग भएका सम्पूर्ण कुराहरू मदनलाई रिपोर्टिङ गर्दथेँ। एक दिन मदनले उहाँहरू (भरतमोहन र कमल कोइराला)सँग भेट्ने समय मिलाउन भन्नुभयो। मदन र म बेलुका भरतमोहनजीको घर गयौँ। उहाँहरूले तात्कालिक राजनीतिक अवस्था, नेकपा (माले)को धारणालगायत अनेक सवालमा छलफल चलाउनुभयो। अन्त्यमा मदनले मलाई देखाउँदै भन्नुभयो– 'हाम्रो पार्टीको आधिकारिक सम्पर्क गर्ने उहाँ नै हो र उहाँले जे भन्नुहुन्छ पार्टीको आधिकारिक धारणा हुन्छ।' त्यहाँबाट सेल्टर (आश्रयस्थल) आएपछि पार्टी सङ्गठन, वैचारिक र राजनीतिक सवालमा चर्चा गर्दै हरेक तहमा नेतृत्व स्थापित गर्नुपर्छ भन्नुभयो। त्यस रात अलि अबेरसम्मै बसेर विविध विषयमा चर्चा र बातचित भयो। भोलिपल्ट मदनको केही दिनका लागि बाहिर जाने कार्यक्रम भएकाले पनि होला, सायद अलि रातिसम्मै बसाइ भयो।

यसै बातचितका क्रममा मदनले भनेका कुरा थप उल्लेख गरौँ– माथिल्लो कमिटी वा नेताद्वारा नियुक्त नेतृत्व

स्थापित हुन सक्दैन। स्थानीय नेतृत्व स्थापित नभएमा सङ्गठन र सङ्घर्षले ठीक दिशा पनि समात्न सक्दैन। नेतृत्वको विकास तलदेखि माथिसम्म हुनुपर्छ। यसले गर्दा पार्टीलाई निरन्तर रूपमा दीर्घकालसम्म गतिशील बनाइराख्न सकिन्छ र पार्टी पनि स्थापित हुन्छ। आफूलाई जिम्मेवार बनाउन जिम्मेवारी पूरा गर्नुपर्छ। यसका लागि वैचारिक, राजनीतिक सवालमा सक्षम र सबल बनाउन इतिहास, दर्शन र अन्य राजनीतिक विषयको अध्ययन गर्नुपर्छ। यसका लागि तपाईंलाई सदैव मेरो सहयोग रहनेछ भन्नुभयो। मदनका यी भनाइ अति नै सान्दर्भिक, यथार्थ र वस्तुवादी छन्।

सङ्गठन सञ्चालन गर्न नेता एवं नेतृत्व र यसको विकासको महत्त्वपूर्ण भूमिका रहन्छ। मदनका व्यवहार भनाइअनुरूप नै हुन्थे। सक्रिय, इमान्दार, क्षमतावान् एवं सक्षम कार्यकर्ता पार्टीका मेरुदण्ड अर्थात् आधार हुन् भन्ने गर्नुहुन्थ्यो। कार्यकर्ता सदैव आमजनतासँग घुलमिल हुन सक्नुपर्छ, कार्यकर्ता र सङ्गठनमार्फत पार्टी जनतामाझ स्थापित हुन्छ र बाँच्न सक्छ भन्ने मदनको धारणा थियो। मदन आफँ ै पनि जनता र कार्यकर्ताबीच एकाकार भएर नै रहनुहुन्थ्यो। सङ्गठन निर्माणमा तल्लो तहसम्म आफैं पनि लाग्नुहुन्थ्यो। पछिल्लो अवस्थामा खास गरेर ०३८ को मध्यदेखि अलि बढी समय लेखपढ र पार्टीभित्रको वैचारिक सङ्घर्षमा लाग्नुपर्ने भएकाले होला– सङ्गठनको काममा कम समय दिनुभयो। उहाँ औपचारिक मात्र होइन, अनौपचारिक र रमाइलो गर्ने रसिक पनि हुनुहुन्थ्यो। यसका अतिरिक्त उहाँमा कहिलेकाहीँ कतै–कतै उदारता पनि देखिन्थ्यो। मैले मदनलाई विशाल हृदय भएका सौम्य, सहनशील व्यक्तिका रूपमा बुझेको छु।

(ग) हरेक तहका नेता अर्थात् नेतृत्वले समय र परिस्थितिअनुसार निर्णय लिन सक्नुपर्छ। उक्त निर्णय कार्यान्वयन गर्न सक्नुपर्छ। परिणाम र यथार्थ एवं वस्तुपरक तर्कका आधारमा मूल्याङ्कन गर्न सक्नुपर्छ। यो अर्को नेतृत्व विकास र उसको कसीको आधार हुन्छ, साथै यसले नेतृत्वको पारखीको पारख पनि गर्न सकिन्छ भन्नुहुन्थ्यो। तर यसो गर्दा सर्वथा जनता, राष्ट्र र पार्टीको ध्यान केन्द्रित हुनुपर्छ भन्ने गर्नुहुन्थ्यो। मदनको नेतृत्वमा रहेर राजनीतिक साङ्गठनिक काम गर्दा अनेक अनुभव सँगालेको छु। कमिटी गठन, विघटन र पुनःगठन गर्दाका बारेमा र सङ्घर्षका दौरान गरिएका निर्णयका बारेमा छलफलका क्रममा मदन सकारात्मक हुँदा काम गर्ने उत्साह र जाँगरमा बढोत्तरी भएको अनुभूति हुन्थ्यो। यसै सन्दर्भमा एउटा अनुभव उल्लेख गर्दा सान्दर्भिक नै होला।

०३७ सालको स्ववियु निर्वाचनभन्दा केहीअघि सायद मदन काठमाडौँ आउनुभएको थियो। उहाँ विराटनगर नपुग्दै स्ववियुका उम्मेदवार चयन गर्नुपर्ने भयो। विद्यार्थी फाँटको पनि जिम्मेवारी मेरो भएकाले यो निर्णय मेरो पहलमा गर्नुपर्ने भयो। महेन्द्र मोरङ क्याम्पस विराटनगरमा नेकपा (चौम) समर्थित अनेरास्ववियु (छैटौँ), नेकपा (मार्क्सवादी) समर्थित अनेरास्ववियु (तदर्थ समिति), नेकपा (माले) समर्थित अनेरास्ववियु (एकताको पाँचौँ) र नेविसङ्घ विधार्थी सङ्गठनहरू थिए। स्ववियु निर्वाचनमा प्रमुख रूपमा अनेरास्ववियु (एकताको पाँचौँ) र नेविसङ्घबीच कडा प्रतिस्पर्धा हुने अवस्था थियो। प्रगतिशील समूहका अलग–अलग समूह स्ववियु निर्वाचनमा उठेका कारण अनेरास्ववियु (एकताको पाँचौँ) र नेविसङ्घबीच प्रतिस्पर्धा हुने अवस्था भए पनि हारजितका बारेमा भन्न सक्ने अवस्था थिएन। प्रगतिशील समूह संयुक्त भएर उठेमा नेविसङ्घको पराजय निश्चित थियो। यदि अनेरास्ववियुको पराजय भएमा त्यसले विद्यार्थी तथा अन्य राजनीतिक क्षेत्रमा नकारात्मक प्रभाव पार्ने अवस्था थियो। त्यस समयमा नेविसङ्घ र कांग्रेसको गुण्डागर्दी चरम थियो। अनेरास्ववियु (पाँचौँ) पक्षधर र विद्यार्थीलाई घर जाँदा कांग्रेसको पकडमा रहेको स्थान बरगाछीमा गाडी रोकेर छानीछानी पिट्ने, टोल–टोलमा गएर धम्क्याउने, बजारमा एक्लैदोक्लै भेटेमा त्यहीँ पिट्ने– यस्तो थियो कांग्रेस र नेविसङ्घको संयुक्त गुण्डागर्दीको रूप। उता अनेरास्ववियु (छैटौँ) र अनेरास्ववियु (पाँचौँ) र अनेरास्ववियु (तदर्थ) अर्थात् मनमोहन समूहका विद्यार्थीहरू र अन्य मानिस मूकदर्शक थिए। अनेरास्ववियु (पाँचौँ) र नेकपा (माले)को विरोध र खण्डन गर्न र कांग्रेसको तारिफ गर्न चुक्दैनथे। अनेरास्ववियु (तदर्थ) र अनेरास्ववियु (छैटौँ)बीच मिलिभगत थियो। अर्कोतर्फ प्रशासनको निगरानी पनि

त्यत्तिकै थियो। यस्तो अवस्थामा अनेरास्ववियुको विजय अनिवार्य थियो। यस विजयले पूर्वका सबै क्याम्पसमा सकारात्मक प्रभाव पार्दथ्यो। प्रगतिशील पक्षका अन्य विद्यार्थी सङ्गठनहरूको जे–जस्तो अवस्था र व्यवहार भए पनि एउटा जिम्मेवार सङ्गठनका नाताले पनि यस्तो अवस्थामा अनेरास्ववियुको संयुक्त प्यानल नै चुनावमा खडा हुनु जरुरी थियो। यही अवस्थालाई ध्यानमा राखेर अनेरास्ववियु (एकताको पाँचौँ)ले सभापति र सचिवसहित बहुमत पद र बाँकी पद अन्य समूहलाई दिने गरी संयुक्त प्यानल तय गरियो। यो अवस्था सिर्जना गर्न अन्य समूहसँग निकै पापड पेल्नुपरेको थियो।

संयुक्त प्यानल तय गर्नुभन्दा केही अगाडि मदनको पत्र प्राप्त भयो। उक्त पत्रमा राजनीतिक साङ्गठनिक सवालका साथै स्ववियु निर्वाचनमा पार्टीले एक्लै चुनाव लड्ने तय गरेको र यसैअनुसार गर्नुपर्ने भन्ने निर्देशनसमेत थियो। मलाई यो निर्देशन वा निर्णय जे भए पनि विराटनगरको हकमा उचित एवं वस्तुवादी लागेन। संयुक्त प्यानल खडा गर्ने निधो गरियो। मदन विराटनगर पुग्दा उम्मेदवार चयन गर्ने समय बितिसकेको थियो। विराटनगर पुग्नेबित्तिकै मदनले मलाई बोलाउनुभयो। उहाँले सुरुमा पत्र प्राप्त भयो भनी सोधनी गर्नुभयो। प्राप्त भएको र वाचनसमेत गरेको बताएँ। निकै कड्केर उहाँले संयुक्त 'प्यानल' खडा गरेर निर्णय कार्यान्वयन भयो त? भनी प्रश्न गर्नुभयो। उत्तरमा मैले माथि उल्लेख गरिएको सम्पूर्ण अवस्था बताएँ र साथै गिरिजाप्रसाद कोइराला एक महिनादेखि यहीँ स्ववियुको निर्वाचनका लागि विराटनगरमा बसेका र जसरी भए पनि यो चुनाव जित्नुपर्छ भनेर लागेको सन्दर्भ समेत राखेँ। नेविसङ्घको सभापति उम्मेदवार विजयकुमार गच्छदार र उपसभापतिका उम्मेदवार हरिनारायण चौधरी कुनै विद्यार्थी नभएको र गुन्डागर्दीमा संलग्न भएको समेत बताएँ। यसपछि मदन स्ववियुबारे गरिएको निर्णयप्रति सहमत हुनुभयो। विजय गच्छदारका बारेमा मलाई भन्दा बढी उहाँलाई जानकारी रहेछ। यसपछि मदनले यसैअनुसार गर्न र सकेसम्म सुरक्षाको पनि व्यवस्था मिलाउनुपर्छ भन्नुभयो। यहाँ भन्न खोजेको के हो भने मदनमा वस्तुवादी एवं यथार्थपरक र स्वतन्त्रतापूर्वक निर्णय गर्ने सवालले नेतृत्व विकासमा सहयोग पुर्‍याउनुका साथै जिम्मेवारीसमेत बोध गराउँछ भन्ने विचार थियो।

चुनाव शान्त वातावरणमा सम्पन्न भयो। मतगणनाका क्रममा नेविसङ्घ पछि पर्दै गएपछि विजय गच्छदारको नेतृत्वमा आएका गुन्डाहरूले मतपेटिका कब्जा गरे। मतदान गरिएका सबै मतपत्र उठाएर गणकहरूको कन्चटमा पेस्तोल राखेर नेविसङ्घले आफ्नो विजय घोषणा गरायो। राति १ बजेतिर जुलुस निकाले। क्याम्पसको हाताभित्र नाचगान गरेर बसेका अनेरास्ववियु पक्षधर विद्यार्थीमाथि हमला गरे। नेविसङ्घको खुकुरी प्रहारबाट विद्यार्थी सख्त घाइते भए।

अघिल्लो स्ववियु अनेरास्ववियुको थियो। भोलिपल्ट बिहानैदेखि नेविसङ्घ स्ववियुको कार्यभार हस्तान्तरण गर्नुपर्ने माग लिएर आयो। यस्तो अवस्थामा स्ववियुको कार्यभार हस्तान्तरण गर्ने प्रश्नै थिएन। यस्तो अवस्थामा के गर्ने भन्नेबारेमा मदनसँग छलफल भयो। मतपत्र र मतपेटिकाको टुङ्गो लगाउनुपर्ने, मतगणनाको नतिजा लेखेको आधिकारिक कागजातका आधारमा प्रशासनले निर्वाचनको परिणाम सार्वजनिक गर्नुपर्ने र यी कुराको टुङ्गो नलागेसम्म स्ववियुको कार्यभार नबुझाउने, पुरानै स्ववियु कायम गर्ने भन्ने निर्णय गरियो। यसका लागि अन्य राजनीतिक दल र विद्यार्थी सङ्गठनसँग वार्ता गर्नेसमेत निधो गरियो। सबै प्रगतिशीलहरूको सहयोग एवं सकारात्मक भूमिका रह्यो। नेविसङ्घको निशाना अनेरास्ववियु (एकताको पाँचौँ) थियो, व्यक्तिगत रूपमा उनीहरूको प्रमुख निशाना म बनेको थिएँ। पछि स्ववियुको विवाद बढ्दै गयो। यही विवादका कारण ०३८ मंसिरमा क्याम्पसमा विजयकुमार गच्छदारको नेतृत्वमा आएका गैरविद्यार्थी गुण्डाहरूले आक्रमण गरे। विजय गच्छदारले मलाई निशाना बनाएर चलाएको पेस्तोल/रिवल्भरको गोली अचानक त्यहाँ पुग्नुभएका फणीन्द्र तिम्सिनाको छातीको देब्रेभागमा लाग्यो। फणीन्द्रले अमरत्व प्राप्त गर्नुभयो। गच्छदारलाई प्रहरीले पक्राउ गर्‍यो। नेविसङ्घले त्यसको विरोधमा देशव्यापी आन्दोलन गर्‍यो। प्रचार, पोस्टर टाँस्यो। भित्तेलेखन गर्‍यो।

(घ) मदन भण्डारी पार्टीका निर्णयहरू सोझै भन्नुहुन्नथ्यो। कमिटीका बैठकहरूमा र व्यक्तिगत भेटघाटमा छलफल गरेर सम्बन्धित विषयमा सबैको धारणा लिनुहुन्थ्यो। आफ्ना धारणा राखेपछि मात्र पार्टी निर्णय हो भन्नुहुन्थ्यो। यसप्रकारको तरिकाले पार्टी निर्णयमा आफ्नो समेत सहभागिता भएको अनुभूत हुन्थ्यो भने अर्कोतर्फ छलफलमा भाग लिन अध्ययन गर्नुपर्ने भावनाको विकास हुन्थ्यो। यस्तै पार्टी केन्द्रीय कमिटीमा राख्ने विषयहरूका बारेमा अग्रिम छलफल गर्नुहुन्थ्यो। यतिसम्म कि अमूक–अमूक विषयमा अध्ययन गरेर तयारीका साथ आउनसमेत भन्नुहुन्थ्यो। यसले पढ्नैपर्ने, अध्ययन गर्नैपर्ने भावनाको जबर्जस्त विकास हुन्छ भन्ने मदनको धारणा थियो। तर, यसो गर्दा केन्द्रीय कमिटीमा पेस हुने विषय भनेर चाहिँ भन्नुहुन्थ्यो। कहिले–काहीँ त तल्ला कमिटीसम्मका लागि भनेर कुनै खास विषयमा लिखित प्रतियोगिताको समेत आयोजन गर्नुहुन्थ्यो। यी सबै तरिका वा कामले नेतृत्व विकास गर्न थप योगदान पुऱ्याउनुका साथै नेतृत्वको परख गर्न सकिन्छ भन्ने धारणा थियो।

**निष्कर्ष**

मदन भण्डारी नेपालको राजनीतिक इतिहासकै शिखर पुरुष हुनुहुन्थ्यो। नेपालको कम्युनिस्ट आन्दोलनका सन्दर्भमा भन्ने हो भने मदन अहिलेसम्मकै नवीन विचारक चिन्तक हुनुहुन्छ। विश्वमै कम्युनिस्ट आन्दोलन रक्षात्मक अवस्थामा रहेको अवस्थामा पनि साहसका साथ नेपालमा उहाँकै नेतृत्वमा नेपालको कम्युनिस्ट आन्दोलनले गति लिएको थियो। उहाँ निस्वार्थ भावनाका साथ साहस, जनताको पक्षमा निर्धक्क र दृढताका साथ उभिन सक्ने एक अपराजयी राजनेता भएका कारणले मदनप्रति जनता र कार्यकर्ताको विश्वास, भरोसा एवं प्रेम थियो। यसै कारणले मदनले प्रतिपादन गर्नुभएको 'जनताको बहुदलीय जनवाद' महाधिवेशनद्वारा प्रचण्ड बहुमतले पारित भयो। अरू कसैले ल्याएको भए सायद यो पारित हुन सक्ने थिएन। उहाँमा सिर्जनात्मकता, हरेक सवालका बारेमा बिहङ्गम दृष्टि राख्न सक्ने पारदर्शिता एवं दूरदृष्टि थियो।

अहिले पनि नेताहरू छन् तर नेतृत्वको विकासको गुन्जायस रहेन। पार्टीमा राष्ट्र, जनता र पार्टीप्रतिको समर्पित इमान्दार दृढ महारथी/सारथिहरूको उपस्थिति एकसे एक बढ्कर हुनुपर्ने होइन र? यो अवस्थालाई सुधार्न सकिएन भने पार्टीभित्र उठिरहेको नेतृत्वको सङ्कट अझ बढेर जान सक्छ। यसले पार्टीलाई नै कमजोर पार्दै विघटन वा विसर्जनको सँघारमा पुऱ्याउन सक्छ, बेलैमा चैतन्य नपलाए। नेतृत्वको घनिष्ट सम्बन्ध विचार, सोचाइ र कार्यशैलीसँग हुन्छ। यति मात्र होइन, नेतृत्वको गुण अर्थात् सार र रूप पनि विचार सोचाइ र कार्यशैलीले नै निर्धारण गर्दछ। नेतृत्वको अकुशलता, आत्मकेन्द्रित कार्यशैली, विचार, अभिमानले नै आर्थिक अपारदर्शिता वा अनियमितता पार्टीभित्र गुटको उर्वरभूमिको काम गर्दछ। यसले भ्रष्टाचार र अनेक खालका सांस्कृतिक, वैचारिक र साङ्गठनिक विकृतिको जन्म दिन्छ। यस्ता खालका हर्कतले समग्र पार्टीलाई नै ओरालोतिर धकेल्छ।

नेपालको कम्युनिस्ट आन्दोलनको इतिहास हाम्रोसामु छ। मलाई लाग्छ– अहिले पार्टी नेतृत्व आत्मकेन्द्रित भएर तदर्थवादका आधारमा सञ्चालित छ। पार्टीभित्र छलफल, विचारको मन्थन आलोचना/आत्मालोचनाको गुन्जायस देखिँदैन। यसले पार्टीभित्र अघोषित रूपमा निरङ्कुशता बढाएको छ। आपसमा विश्वास, आत्मीयता र भरोसा समाप्तप्रायः भएको छ। जनवादी तरिका र शैलीलाई आदेशात्मक तरिका र शैलीले विस्थापित गरेको छ। पार्टीभित्र खुला एवं आत्मीयता ह्रास हुँदै गएको छ। आफूलाई रातो धागो बाँधिएको भीमसेन ठान्ने र सोहीअनुरूपको कार्य गर्ने शैली पनि त्यत्तिकै मौलाएको छ। यी सम्पूर्ण कार्य निजी स्वार्थ र सुविधा प्राप्तिका लागि गरिएका छन्। यी सम्पूर्ण समस्याको स्रोत/आधार नेतृत्व नै हो र यसको समाधान पनि नेतृत्वले आफैँ उदाहरण बनेर दिन सक्नुपर्छ।

---

*(लेखक चुँडाल पुराना कम्युनिस्ट नेता हुनुहुन्छ। उहाँले जननेता मदन भण्डारीको सामीप्यमा रहेर लामो समय काम गर्नुभएको छ। आजको सन्दर्भमा उपयुक्त लागेर यो आलेख नेकपा (एमाले)को मुखपत्र 'नवयुग' मासिक, वर्ष २३, अङ्क ७ बाट साभार गरिएको हो।)*



युवा मत

# मदन भण्डारीको राजनीतिक दृष्टिकोण: मौलिक जनसेवाको दर्शन



– जिना यादव

विद्यार्थी आन्दोलनबारे मदन भण्डारीको दृष्टिकोण पृथक् थियो । विद्यार्थी सङ्गठनहरू केवल शैक्षिक माग़मा सीमित नभई समाजका सचेत र ऊर्जावान् वर्गको प्रतिनिधित्व गर्दै जनअधिकार, लोकतान्त्रिक चेतना र सामाजिक परिवर्तनको अभियानमा सक्रिय हुनुपर्छ भन्ने उहाँको धारणा थियो ।

नेपालको राजनीतिक इतिहासमा केही यस्ता वैचारिक ताराहरू छन्, जो आफ्नो समयको मात्र होइन, भावी पुस्ताको राजनीतिक सोचलाई समेत दिशाबोध गराइरहेका हुन्छन्। जननेता मदन भण्डारी त्यस्ता वैचारिक व्यक्तित्वमध्ये एक हुनुहुन्छ। उहाँ केवल एक कम्युनिस्ट नेता मात्र होइन, नेपाली समाज, राजनीति र कम्युनिस्ट आन्दोलनलाई नयाँ वैचारिक दिशा दिने चिन्तक, सङ्गठक र दूरदर्शी नेतासमेत हुनुहुन्थ्यो। नेपालको राजनीतिक इतिहासमा उहाँको योगदानलाई केवल पार्टीगत तहको राजनीतिभित्र सीमित गरेर हेर्न सकिँदैन। उहाँले नेपाली यथार्थलाई बुझेर जनसामु पस्किएका राजनीतिक दृष्टिकोणलाई समेत नियालेर हेर्नु जरुरी छ, जुन आज पनि उत्तिकै सान्दर्भिक र प्रेरणादायी छन्।

मदन भण्डारीको राजनीतिलाई नियाल्दा उहाँको विचारमा मौलिकता, स्पष्टता र व्यावहारिकता पाइन्छ। उहाँको राजनीतिक चेतना निकै स्पष्ट प्रतीत हुन्छ। विदेशी सिद्धान्तहरूको अन्धानुकरण वा उल्था गर्नुभन्दा नेपाली समाजको वास्तविकता बुझेर राजनीतिक मार्ग तय गर्नुपर्ने कुरामा जोड दिने उहाँको स्वभावले पनि समकालीन नेताहरूभन्दा उहाँलाई विशिष्ट बनाएको छ।

मदन भण्डारीको एउटा अत्यन्त चर्चित भनाइ छ– ‘राजनीतिमा थकाइ भन्ने शब्दावली हुँदैन।’

यो भनाइ केवल उत्साह जगाउने वाक्यांश होइन, उहाँको सम्पूर्ण राजनीतिक जीवनको प्रतीक हो। उहाँका अनुसार राजनीति सङ्घर्षको निरन्तर यात्रा हो, जहाँ हार हुन्छ, जित हुन्छ, सफलता हुन्छ, असफलता हुन्छ, अनुकूलता–प्रतिकूलता सबै आउँछन्। तर, यी परिस्थितिहरूको आडमा राजनीतिक प्रतिबद्धतालाई कमजोर बन्न दिनु हुँदैन। राजनीति भनेको समाज परिवर्तनको निरन्तर अभियान हो र परिवर्तनको आगो बोकेको ज्वलन्त अभियानमा थकान, पलायन वा विसर्जनको स्थान कदापि हुनु हुँदैन। जुन हरेक नेतृत्वदायी भूमिकामा रहन चाहने युवाहरूका लागि यो सन्देश सान्दर्भिक छ। कुनै पनि क्षेत्रमा सफलता चुम्नका निम्ति निरन्तरता, धैर्य र प्रतिबद्धता आवश्यक हुन्छ भन्ने शिक्षा उहाँका हरेक भनाइमा प्रतीत हुन्छ।

मदन भण्डारी योग्यतामा आधारित राजनीतिका पक्षधर हुनुहुन्थ्यो। 'हामी योग्यता देखाएर पार्टी पोलिटिक्स गर्छौं' भन्ने उहाँको भनाइले राजनीतिमा व्यक्तिको क्षमता, योगदान र नेतृत्व कौशलताको महत्त्वमाथि प्रकाश पार्दछ। उहाँका अनुसार राजनीति केवल पद प्राप्त गर्ने माध्यम नभई, जनताको विश्वास जित्ने र समाजलाई सही दिशा दिने एउटा महत्त्वपूर्ण अभिभारा हो। योग्य नेतृत्वको अभावमा सङ्गठन र राज्य दुवै कमजोर हुने भएकाले राजनीतिमा योग्य, सक्षम र जिम्मेवार व्यक्तिहरू आउनुपर्छ भन्ने उहाँको मुख्य पक्ष थियो। उहाँ स्वयं पनि आफ्नो अध्ययन, वैचारिक स्पष्टता र सङ्गठनात्मक क्षमताका कारण जननेताका रूपमा स्थापित हुनुभएको थियो। उहाँको राजनीतिक दृष्टिकोणमा राजनीतिलाई जनताको सेवाका माध्यमका रूपमा प्रस्तुत गरिएको पाइन्छ। राजनीतिलाई सत्तामा पुग्ने भऱ्याङभन्दा बढी सामाजिक उत्तरदायित्वको क्षेत्र मानेको भेटिन्छ। राजनीतिक नेतृत्वकर्ताले जनताको आवश्यकता, समस्या र आकाङ्क्षालाई बुझ्नुपर्छ। त्यसैले उहाँ 'नेता'भन्दा 'सङ्गठक' शब्द प्रयोग गर्न रुचाउनु हुन्थ्यो। सच्चा सङ्गठकले आफ्नो भूगोल, समाज, संस्कृति र जनताको जीवनशैली राम्रोसँग बुझ्नुपर्छ। यदि कुनै क्षेत्रमा मानिसहरूको मुख्य पेसा कपडा बुन्ने हो भने त्यस क्षेत्रको नेतृत्वकर्ताले कम्तीमा त्यो पेसाका आधारभूत ज्ञान अर्थात् मर्मत गर्ने सीप राख्नुपर्छ। जनताको वास्तविक जीवनसँग जोडिएको नेतृत्वले मात्र राजनीतिलाई सेवाका रूपमा स्थापित गर्न सक्छ भन्ने उहाँको विश्वास थियो।

मदन भण्डारीको राजनीतिक सोचको अर्को महत्त्वपूर्ण पक्ष निर्णय र सङ्घर्षप्रतिको उहाँको दृष्टिकोण हो। कुनै पनि कार्यमा आधा मनले लाग्नु हुँदैन भन्ने उहाँको मान्यता थियो। एकपटक कुनै लक्ष्यतर्फ लाग्ने निधो गरेपछि त्यसलाई सफल बनाउन माटो खन्ने गरी लगाउनुपर्छ भन्ने उहाँको विचार थियो। यदि निर्णय सही रहेछ भने एक कदम अगाडि बढेर सफलता प्राप्त हुन्छ र गलत रहेछ भने त्यही एक कदमबाटै सिकाइ प्राप्त हुन्छ। दुवै अवस्थामा व्यक्ति अघि बढ्छ। कुनै पनि निर्णय गरेको कुरालाई कार्यान्वयन गर्ने बेलामा त्यसको फल के होला, परिणाम देला वा नदेला भनेर सोचेर समय खेर फाल्नुको सट्टा त्यसलाई सफल बनाउन लाग्नु पर्छ। कि त त्यसबाट सिकिन्छ कि त सफल भइन्छ। उहाँ यस्तो सन्देश दिएर पनि सबैलाई कदम अघि बढाउन प्रेरित गर्ने गर्नुहुन्थ्यो।

कम्युनिस्ट आन्दोलन र राजनीतिक सङ्घर्षको सन्दर्भमा मदन भण्डारीको दृष्टिकोण विशेष रूपमा पृथक् रहेको पाइन्छ। उहाँ परिस्थिति अनुकूल रणनीति तय गर्नुपर्ने पक्षमा हुनुहुन्थ्यो। बुलेट र ब्यालेटसम्बन्धी उहाँको धारणा अत्यन्त व्यावहारिक थियो। उहाँका अनुसार जुन परिवर्तन लोकतान्त्रिक प्रक्रिया, जनमतमार्फत बिना बन्दुक सम्भव हुन्छ, त्यसका लागि हिंसात्मक सङ्घर्षको आवश्यकता पर्दैन। बुलेटलाई उहाँले अन्तिम विकल्पका रूपमा मात्र हेर्नुभएको थियो। यसले उहाँको लोकतान्त्रिक सोच र राजनीतिक परिपक्वतालाई प्रतिविम्बित गर्दछ। यही सोचबाट उहाँले नेपाली कम्युनिस्ट आन्दोलनलाई हिंसात्मक क्रान्तिको परम्परागत अवधारणाभन्दा लोकतान्त्रिक प्रतिस्पर्धाको दिशामा अगाडि बढाउने प्रयास गर्नुभयो। नेपालको कम्युनिस्ट आन्दोलनबारे उहाँको अवधारणा मौलिक थियो। नेपाल अन्य देशहरूभन्दा पृथक् छ। नेपालको भौगोलिक बनावट, जातीय विविधता, सांस्कृतिक विशेषता, सामाजिक संरचना र राजनीतिक इतिहास अन्य देशहरूसँग मेल खाँदैन। त्यसैले यहाँको कम्युनिस्ट आन्दोलन पनि नेपाली यथार्थ अनुकूल हुनुपर्छ। विदेशी मोडेलको नक्कल गरेर नेपाली समाजको आवश्यकता पूरा गर्न सकिँदैन, हाम्रो परिस्थिति, हाम्रो भूगोल, हाम्रो आवश्यकता अन्य कम्युनिस्ट मुलुकहरूको भन्दा फरक छ। त्यसैले क्रान्तिको नाममा बन्दुक उठाउनु मात्र विकल्प नभई परिस्थितिसापेक्ष बाटो समाउनु पनि उचित हुन्छ भन्ने तर्क उहाँको थियो। यही सोचले पछि 'जनताको बहुदलीय जनवाद'को अवधारणालाई जन्म दियो।

जनताको बहुदलीय जनवाद मदन भण्डारीको सबैभन्दा महत्त्वपूर्ण वैचारिक योगदान मानिन्छ। उहाँले बहुदलीय प्रतिस्पर्धा, मानव अधिकार, अभिव्यक्ति स्वतन्त्रता, जनमतको सम्मान र लोकतान्त्रिक प्रक्रियालाई स्वीकार गर्दै समाजवादतर्फको यात्राको परिकल्पना गर्नुभयो। परम्परागत कम्युनिस्ट आन्दोलनले बहुदलीय व्यवस्थालाई शङ्काको दृष्टिले हेर्ने गरेको अवस्थामा मदन भण्डारीले बहुदलीय लोकतन्त्रलाई जनताको अधिकार र राजनीतिक सहभागिताको माध्यमका रूपमा व्याख्या गर्नुभयो।

यही कारणले मदन भण्डारीद्वारा प्रतिपादित जनताको बहुदलीय जनवाद नेपाली कम्युनिस्ट आन्दोलनको मौलिक सिद्धान्तका रूपमा स्थापित भएको छ। जुन आजको दिनमा पनि उत्तिकै सान्दर्भिक छ।

सङ्गठनभित्रको लोकतन्त्रप्रति पनि उहाँको विश्वास उत्तिकै बलियो थियो। उहाँका विभिन्न अन्तर्वार्ताहरूमा पार्टीभित्र मतभेद र अन्तरविरोध हुनु अस्वाभाविक होइन भन्ने धारणा व्यक्त भएको पाइन्छ। उहाँका अनुसार वैचारिक बहस र छलफलबाट नै सङ्गठन बलियो बन्छ। एकता भनेको विचारलाई दबाएर बनाइने कृत्रिम अवस्था होइन, बरू साझा उद्देश्य र लोकतान्त्रिक प्रक्रियाबाट निर्माण हुने सम्बन्धको रूप हो। आज राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्रको प्रश्न उठिरहेका बेला मदन भण्डारीको यो दृष्टिकोण अझ बढी सान्दर्भिक देखिन्छ।

राजसंस्था र सामन्तवादप्रतिको उहाँको दृष्टिकोण पनि गहन थियो। उहाँले समस्याको सतही रूपभन्दा मूल कारण पहिचान गर्ने प्रयास गर्नुभयो। उहाँका अनुसार नेपालको मुख्य समस्या राजा वा राजसंस्था मात्र थिएन, बरू त्यसको आधारमा टिकेको सामन्तवादी सोच र संरचना थियो। उहाँले स्पष्टताका साथ भन्नुभएको थियो– 'राजा हुनु वा राष्ट्रपति हुनु प्रमुख कुरा होइन। यदि सामन्तवादको नस्ल मौलायो भने जो भए पनि कुरा उही हुन्छ।' यस भनाइले शासन व्यवस्थाको नामभन्दा त्यसको चरित्र महत्त्वपूर्ण हुन्छ भन्ने सार दिन्छ। यदि शासन व्यवस्था जनमुखी, उत्तरदायी र लोकतान्त्रिक छैन भने केवल संस्थागत परिवर्तनले मात्र जनताको आकाङ्क्षा पूरा गर्न सक्दैन। यसै सन्दर्भमा उहाँको अर्को चर्चित भनाइ 'राजाको व्यक्तित्व राजाको पौरखले होइन, प्रजाको पौरखले निर्माण हुन्छ' विशेष अर्थपूर्ण छ। यसले जनतालाई नै राजनीतिक शक्तिको वास्तविक स्रोतका रूपमा स्थापित गर्छ। कुनै पनि शासकको शक्ति र प्रतिष्ठा अन्ततः जनताबाट प्राप्त हुन्छ भन्ने लोकतान्त्रिक मान्यतालाई यसले स्पष्ट रूपमा अभिव्यक्त गर्दछ। त्यसैगरी लोकतन्त्रप्रति उहाँको प्रतिबद्धता पनि स्पष्ट थियो। 'निरङ्कुशतावादी, प्रतिगामी र पुनरुत्थानवादी तत्त्वहरू नै प्रजातन्त्रका शत्रु हुन्' भन्ने उहाँको अभिव्यक्तिले लोकतान्त्रिक मूल्य र मान्यताप्रतिको उहाँको अडान देखाउँछ। लोकतन्त्र केवल निर्वाचनको प्रक्रिया होइन, बरू नागरिक अधिकार, स्वतन्त्रता, सहभागिता र उत्तरदायित्वको समग्र प्रणाली हो भन्ने उहाँको बुझाइ थियो।

विद्यार्थी आन्दोलनबारे मदन भण्डारीको दृष्टिकोण पृथक् थियो। विद्यार्थी सङ्गठनहरू केवल शैक्षिक मागमा सीमित नभई समाजका सचेत र ऊर्जावान् वर्गको प्रतिनिधित्व गर्दै जनअधिकार, लोकतान्त्रिक चेतना र सामाजिक परिवर्तनको अभियानमा सक्रिय हुनुपर्छ भन्ने उहाँको धारणा थियो। विद्यार्थी आन्दोलनलाई उहाँले जनचेतना अभिवृद्धिको महत्त्वपूर्ण माध्यमका रूपमा व्याख्या गर्नुभएको थियो।

मदन भण्डारीको अर्को विशेषता उहाँको वाक–शैलीको तीक्ष्णता थियो। जटिल राजनीतिक विषय र जनताका सवालहरूलाई सरल र प्रभावकारी भाषामा प्रस्तुत गर्ने क्षमता उहाँमा थियो। उहाँका भाषणहरूमा वैचारिक गहिराइ र जनभाषाको सहजता दुवै पाइन्थ्यो। यही कारणले उहाँका विचारहरू केवल राजनीतिक वृत्तमा सीमित रहेनन्, आमनागरिकको चेतनामा समेत गहिरो प्रभाव पार्न सफल भए। आज मदन भण्डारी भौतिक रूपमा हामीबीच हुनुहुन्न। तर उहाँका विचार, मूल्य र राजनीतिक दृष्टिकोण नेपाली राजनीतिमा अझै जीवित छन्। राजनीतिलाई सेवा, नेतृत्वलाई जिम्मेवारी, लोकतन्त्रलाई मूल्य र जनतालाई परिवर्तनको केन्द्र मान्ने उहाँको दृष्टिकोण आज पनि उत्तिकै सान्दर्भिक छ। वर्तमान राजनीतिक परिस्थितिमा उहाँको विचारलाई पुनः स्मरण गर्नु केवल इतिहासको चर्चा मात्र होइन, भविष्यका लागि मार्गदर्शन खोज्नु पनि हो।

त्यसैले मदन भण्डारीलाई केवल एक राजनीतिक नेता होइन, नेपाली राजनीतिलाई मौलिक चेतना र नयाँ दिशा दिने युगद्रष्टा चिन्तकका रूपमा सम्झनु उपयुक्त हुन्छ। उहाँको राजनीतिक दृष्टिकोणले आज पनि नेपाली समाजलाई सोच्न, बहस गर्न र सही दिशामा अघि बढ्न प्रेरित गरिरहेको छ।

---

*नेपाल ल क्याम्पसमा कानुन विषय अध्ययनरत जिना यादव संवैधानिक कानुन, सार्वजनिक नीति, सामाजिक न्याय तथा मानवअधिकारका विषयमा रुचि राख्ने युवा विद्यार्थी हुनुहुन्छ। उहाँ कानुनी अनुसन्धान, लेखन तथा युवा सहभागितामार्फत सुशासन, अधिकार र सामुदायिक विकासका क्षेत्रमा सकारात्मक योगदान पुऱ्याउन सक्रिय हुनुहुन्छ।*



युवा मत

# मदन भण्डारी– नयाँ पुस्ताका लागि प्रेरणाका स्रोत



– अभिलाल विश्वकर्मा

*युवाहरूका लागि मदन भण्डारीको परिचय भनेको सिद्धान्त र व्यवहारबीचको सम्बन्धलाई स्पष्ट रूपमा प्रस्तुत गर्ने र त्यसलाई आफ्नो जीवनमा पनि आत्मसात् गर्ने एक आदर्श नेता हो । उहाँले राजनीतिक सिद्धान्तलाई केवल पुस्तकका पानामा सीमित राख्नुभएन । बरू त्यसलाई जनजीवनसँग जोडेर व्याख्या गर्नुभयो । यही कारणले उहाँका विचारहरू आमनागरिक र विशेष गरी युवा पुस्तामाझ लोकप्रिय बने ।*

नेपालको आधुनिक राजनीतिक इतिहासमा मदन भण्डारी एक प्रभावशाली राजनीतिक नेता, दूरदर्शी चिन्तक र वैचारिक अभियन्ताका रूपमा स्थापित हुनुहुन्छ। आजको युवा पुस्ताले उहाँलाई केवल एक राजनीतिक व्यक्तित्वका रूपमा मात्र होइन, लोकतान्त्रिक मूल्य, राष्ट्रिय स्वाभिमान र जनमुखी राजनीतिक विचारधाराका प्रवर्तकका रूपमा पनि सम्झन्छ । उहाँका विचार, लेखन र राजनीतिक योगदानले नेपाली राजनीतिमा गहिरो प्रभाव पारेको छ ।

म मदन भण्डारीको निधनभन्दा पछि जन्मिएको एक युवा विद्यार्थीका रूपमा उहाँलाई जति बुझ्छु, उति गहन लाग्छ। उहाँप्रतिको श्रद्धा अझ बढेर आउँछ। समकालीन नेताहरूका तुलनामा उहाँमा अद्भुत क्षमता, बहुआयामिक व्यक्तित्व र इमान्दार नेतृत्व पाउँछु। दस्ताबेजहरूको अध्ययन गर्दा मदन भण्डारीले तत्कालीन राजनीतिक सङ्क्रमणकाल, वैचारिक पुनर्संरचना तथा सामाजिक–सांस्कृतिक रूपान्तरणको गहन विश्लेषण गर्नुभएको पाइन्छ । उहाँले नेपाली समाजको मनोविज्ञान, राज्यको चरित्र, लोकतन्त्रको विकास र जनआन्दोलनका उपलब्धिहरूलाई गम्भीरतापूर्वक अध्ययन गरी आफ्ना विचार प्रस्तुत गर्नुभएको छ ।

युवाहरूका लागि मदन भण्डारीको परिचय भनेको सिद्धान्त र व्यवहारबीचको सम्बन्धलाई स्पष्ट रूपमा प्रस्तुत गर्ने र त्यसलाई आफ्नो जीवनमा पनि आत्मसात् गर्ने एक आदर्श नेता हो । उहाँले राजनीतिक सिद्धान्तलाई केवल पुस्तकका पानामा सीमित राख्नुभएन। बरू

त्यसलाई जनजीवनसँग जोडेर व्याख्या गर्नुभयो। यही कारणले उहाँका विचारहरू आमनागरिक र विशेष गरी युवा पुस्तामाझ लोकप्रिय बने।

परम्परागत राजनीतिक सोचभन्दा फरक दृष्टिकोण प्रस्तुत गर्दै उहाँले बहुदलीय जनवादको अवधारणा विकास गर्नुभयो। बहुदलीय जनवादले लोकतन्त्र, प्रतिस्पर्धा, जनसहभागिता र सामाजिक न्यायलाई एकसाथ अघि बढाउने मार्ग देखाएको छ। यो नेपाली कम्युनिस्ट आन्दोलनमा मात्र होइन, समग्र नेपाली राजनीतिमा एक महत्त्वपूर्ण वैचारिक योगदानका रूपमा स्थापित भएको छ।

मदन भण्डारीले राज्यको संरचना, लोकतन्त्र र जनताको भूमिकालाई विशेष महत्त्व दिनुभएको छ। उहाँको विश्वास थियो कि जनताको सहभागिताबिना लोकतन्त्र सुदृढ हुन सक्दैन। लोकतन्त्र जनताका लागि, जनताद्वारा र जनताको हितमा सञ्चालन हुनुपर्छ भन्ने मान्यता उहाँमा थियो। उहाँले यसलाई विचारका रूपमा मात्र अघि बढाउनु भएन, व्यवहारमा पनि आत्मसात् गर्नुभयो। उहाँले अघि सारेका नीति, कार्यक्रम र उहाँले गर्ने हरेक निर्णयमा यो स्पष्ट रूपमा झल्किएको छ। उहाँ जनमतको सम्मान र जनसहभागितामा आधारित शासन व्यवस्थाका पक्षधर हुनुहुन्थ्यो।

एक दार्शनिक चिन्तकका रूपमा उहाँले समाज, विचार र इतिहासलाई एकीकृत दृष्टिकोणबाट हेर्ने प्रयास गर्नुभएको छ। उहाँका विचारहरू केवल राजनीतिक विषयमा सीमित थिएनन्। ती सामाजिक परिवर्तन, राष्ट्रिय एकता, सांस्कृतिक चेतना र नागरिक उत्तरदायित्वसँग पनि जोडिएका थिए। त्यसैले उहाँले व्यक्त गरेका विषयहरू राजनीतिक दस्तावेज मात्र नभई समाजलाई दिशा दिने वैचारिक मार्गदर्शनका रूपमा पनि महत्त्वपूर्ण छन्।

विदेश नीतिका सन्दर्भमा उहाँले असंलग्नता र पञ्चशीलका सिद्धान्तलाई नेपालको राष्ट्रिय हितअनुकूल प्रयोग गर्ने मान्यता अघि सार्नुभएको छ। अन्तर्राष्ट्रिय सम्बन्धमा राष्ट्रिय स्वाभिमान, स्वतन्त्रता र सन्तुलित कूटनीतिक सम्बन्ध कायम राख्नुपर्ने उहाँको धारणा थियो। साना राष्ट्रहरूले आफ्नो स्वतन्त्र अस्तित्व र राष्ट्रिय हितलाई केन्द्रमा राखेर विदेश नीति सञ्चालन गर्नुपर्छ भन्ने उहाँको दृष्टिकोण आज पनि उत्तिकै सान्दर्भिक देखिन्छ।

युवाको दृष्टिमा मदन भण्डारीको अर्को महत्त्वपूर्ण पक्ष भनेको युवा शक्तिप्रतिको उहाँको विश्वास हो। उहाँले युवालाई परिवर्तनको संवाहक, राष्ट्र निर्माणको आधार र लोकतन्त्रको रक्षकका रूपमा हेर्नुभएको पाइन्छ। समाजमा सकारात्मक परिवर्तन ल्याउन शिक्षित, सचेत र जिम्मेवार युवाको भूमिका अपरिहार्य हुने उहाँको विश्वास थियो।

नेपालको लोकतान्त्रिक आन्दोलन, जनआन्दोलन र समावेशी राजनीतिक संवादका हरेक क्षेत्रमा मदन भण्डारीको योगदान अविस्मरणीय छ। उहाँले स्थापित गरेका मूल्य, विचार र राजनीतिक संस्कारले आजको लोकतान्त्रिक नेपाल निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। धर्मनिरपेक्षता, लोकतान्त्रिक अभ्यास, जनसहभागिता र राष्ट्रिय एकताको पक्षमा उहाँका विचारहरू अझै पनि उत्तिकै प्रासङ्गिक छन्।

अतः युवाका नजरमा जननेता मदन भण्डारी केवल एक राजनीतिक नेता होइन। उहाँ विचार, साहस, लोकतन्त्र र जनताको शक्तिमाथि विश्वास गर्ने दूरदर्शी व्यक्तित्व हो। उहाँका विचारहरूले वर्तमान र भविष्यका पुस्तालाई लोकतान्त्रिक मूल्य, सामाजिक उत्तरदायित्व र राष्ट्रप्रतिको समर्पणको बाटोमा अघि बढ्न प्रेरित गरिरहने छन्। उहाँ आफ्ना समवयी वा समकालीन राजनीतिक वृत्तमा मात्र होइन, नयाँ पुस्ताका लागि पनि प्रेरणाको स्रोत हुनुहुन्छ।

---

*नेसनल ल कलेजमा कानुन विषयमा अध्ययनरत अभिलाल विश्वकर्मा विद्यार्थी कल्याण परिषद्का अध्यक्ष एवं मदन भण्डारी स्टुडेन्ट आइडियोलोजी फोरमका सह-संयोजक हुनुहुन्छ।*



## जिन्दगीको युद्ध मैदानमा
**– मदन भण्डारी**

जिन्दगीको युद्ध मैदानमा
जब सक्रिय मन–मस्तिष्कले भाग लिन्छन्
चाहे तिनीहरू अँध्यारो कोठामा बसेका हुन्
बार–पर्खालहरूले घेरिएका हुन्
या मैदानमा गोला बारुदसँग
लुकामारी खेलिरहेका हुन्
तिनीहरूले
लक्ष्यबिन्दुको अवरोधलाई कुल्चिछाड्छन्
प्रतिगामी र यथास्थितिवादी अवरोध भाँचिछाड्छन्
छलकपटरहित, निडर
र, नियत नबाङ्गिएकाहरू
अनिवार्य रूपमा
विजयको शिखरमा पुगिछाड्छन्।



## भोलि फेरि दन्किँदै उठ्नेछौँ
**– नेत्रलाल 'अभागी'**

हिजो दन्किरहेको
जनसङ्घर्षका ज्वालाहरूमाथि
पानी खन्याएको नठान,
आगो सबै बुतिसक्यो भनेर
आज पनि हामी
खरानी भित्र
भर्भराउँदो आगो भएर बसेका छौँ
देखौला
भोलि फेरि हामी अझै ठूला
ज्वालाहरू बनेर
दन्किँदै उठ्नेछौँ।

